# DIRECTORATE OF DISTANCE EDUCATION

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS – NEPALI

## SEMESTER-1

# भारतेली नेपाली कविता

## NEP (DE)-C-105

# BLOCK – 2

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U., Dist-Darjeeling,

West Bengal, Pin-734013,

India.

Phone: (O) +91 0353-2776331/2699008

Fax: (0353) 2776313, 2699001

Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in

Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted, in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages.

This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self-Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# भारतेली नेपाली कविता

## BLOCK-1

एकाइ – १, भारतेली नेपाली कविताको पृष्ठभूमि अनि ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमि ।

एकाइ – 2, भारतेली नेपाली कविताका चरणगत प्रवृत्तिहरू ।

एकाइ – 3, सवाई र लहरी काव्य - कृतिहरूको विशेष अध्ययन र मूल्याङ्कन।

एकाइ – 4, भारतेली नेपाली कविताका संरचना र शैली ।

एकाइ – ५, भारतेली नेपाली कविताका नैतिक मूल्य र सुधारवादी प्रवृत्ति ।

एकाइ – ६, स्वच्छन्दतावाद र भारतेली नेपाली कविता ।

एकाइ – ७, भारतेली नेपाली कवितामा पाइने जातीय अस्मिताका स्वर ।

## BLOCK-2

एकाइ – ८, देशप्रेम र मानवतावादी दृष्टिका आलोकमा भारतेली नेपाली कविता ........................................ 8

एकाइ – ९, भारतेली नेपाली कवितामा समाजवादी यथार्थवाद.................... 50

एकाइ – 10, लोक - सांस्कृतिक सन्दर्भ र भारतेली नेपाली कविता अनि भारतेली नेपाली कवितामा प्रयोगवादी वैशिष्ठय ........................................ 89

एकाइ – 11, तेस्रो आयमेली मान्यता तथा भारतेली नेपाली कवितामा त्यसको प्रयोग र प्रभाव........................................ 131

एकाइ – 12, पर्यावरण चेतना र भारतेली नेपाली कविता ........................ 171

एकाइ – 13, भारतेली नेपाली कवितामा प्रतीक, बिम्ब र मिथकको प्रयोग 214

एकाइ – 14. क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा र वैश्वीकरणको सन्दर्भमा भारतेली नेपाली कविता........................................ 256

# BLOCK-2: भारतेली नेपाली कविता

यस **भारतेली नेपाली कविता**अन्तर्गत रहेको यस प्रभाग - 2 लाई हामी यसरी अध्ययन गर्न सक्छौं –

**एकाइ – ८, देशप्रेम र मानवतावादी दृष्टिका आलोकमा भारतेली नेपाली कविता ।** : यस एकाइमा देशप्रेम र मानवतावादी दृष्टिले भारतेली नेपाली कविताको विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ देशप्रेम, राष्ट्रप्रेम आदिको परिचय दिएर यसैको आधारमा भारतेली नेपाली कविताका विस्तृतरूपमा अध्ययन गरिने छ । यसअतिरिक्त मानवतावादको अर्थ र परिचयलाई पनि अध्ययन गर्दै मानवतावादी प्रवृत्तिमूलक भारतेली नेपाली कविताको सम्यकरूपमा विश्लेषण गरिने छ ।

**एकाइ – ९, भारतेली नेपाली कवितामा समाजवादी यथार्थवाद ।** : यस एकाइमा समाजवादी यथार्थवादको परिप्रेक्ष्यमा भारतेली नेपाली कविताको विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ समाजवादी यथार्थवादको परिचय दिंदै यसैको मूल आधारमा समाजवादी यथार्थवादमा लेखिएको भारतेली नेपाली कविताको अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ ।

**एकाइ – 10, लोक - सांस्कृतिक सन्दर्भ र भारतेली नेपाली कविता अनि भारतेली नेपाली कवितामा प्रयोगवादी वैशिष्ठय ।**

यस एकाइलाई दुईवटा उपभाग **लोक - सांस्कृतिक सन्दर्भ र भारतेली नेपाली कविता** अनि **भारतेली नेपाली कवितामा प्रयोगवादी वैशिष्ठय** - मा विभक्त गरी अद्ययन गरिने छ । पहिलो उपभागमा लोक – संस्कृतिको परिचय दिंदै भारतेली नेपाली कवितामा पाइने लोक – संस्कृतिको विस्तृतरूपमा अध्ययन गरिने छ । दोस्रो उपभागमा प्रयोगवादको अर्थ, परिभाषा र परिचय दिंदै प्रयोगवादीमूलक भारतेली नेपाली कविताको व्यापक अध्ययन यस एकाइमा गरिने छ ।

**एकाइ – 11, तेस्रो आयमेली मान्यता तथा भारतेली नेपाली कवितामा त्यसको प्रयोग र  प्रभाव ।** : यस एकाइमा तेस्रो आयामबारे चर्चा गर्दै भारतेली नेपाली कवितामा यस आयामको के – कस्तो प्रयोग र प्रभाव परेको छ ? यसबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ भारतेली नेपाली कवितामा तेस्रो आयाम, आयामेली कविता, आयामेली आन्दोलन आदि कुरोलाई मुख्य आधार गरी भारतेली नेपाली कविताको अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ

**एकाइ – 12, पर्यावरण चेतना र भारतेली नेपाली कविता ।** : यस एकाइमा पर्यावरण चेतनाबारे लेखिएको भारतेली नेपाली कविताका सम्यक अध्ययन गरिने छ । यस अध्ययन गनार्थ पर्यावरणको अर्थ, परिचय पनि दिंदै भारतेली नेपाली कवितामा प्रयुक्त पर्यावरण चेतनाको अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ ।

**एकाइ – 13, भारतेली नेपाली कवितामा प्रतीक, बिम्ब र मिथकको प्रयोग ।** यस एकाइमा प्रतीक, बिम्ब र मिथकको प्रयोग गरी लेकिएको भारतेली नेपाली कविताको सम्यक रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ प्रतीक, बिम्ब र मिथकको अर्थ, परिचय पनि दिंदै प्रतीकमूलक, बिम्बप्रधान र मिथकीय भारतेली नेपाली कविताको अध्ययन यस एकाइमा गरिने छ ।

**एकाइ – 14, क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा र वैश्वीकरणको सन्दर्भमा भारतेली नेपाली कविता ।** : यस एकाइ अन्य एकाइहरू भन्दा मौलिक र नयाँ विषययुक्त भएको हुनाले भारतेली नेपाली कविताको अध्ययन क्षेत्रीय, राष्ट्रीय मूलधारा र वैश्वीकरणको सन्द्रभमा गरिने सक्दो प्रयत्न गरिने छ । यस अध्ययन गनार्थ क्षेत्रीय, राष्ट्रीय र वैश्वीकरणको परियल दिंदै ती विषयहरूका आधारमा भारतेली नेपाली कविताको यस एकाइमा अध्ययन – विश्लेषण गरिने छ ।

# एकाइ – ८, देशप्रेम र मानवतावादी दृष्टिका आलोकमा भारतेली नेपाली कविता

## संरचना

8.0 उद्देश्य

8.1 परिचय

8.2 राष्ट्र, राष्ट्रवादको अर्थ र परिभाषा

8.3 भारतेली नेपाली कवितामा देशप्रेम

8.4 मानवतावादको अर्थ र परिभाषा

8.5 भारतेली नेपाली कवितामा मानवतावाद

8.6 उपसंहार

8.7 सार

8.8 अनुशीलनी

8.9 अतिरिक्त अध्ययन

8.10 मुल्यबृद्धिका निम्ति उत्तर

## 8.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- राष्ट्र, राष्ट्रीयता, राष्ट्रबादको परिचय
- देशप्रेम र राष्ट्रवादमाझ भिन्नता

- मानवतावादको परिचय
- मानवतावादका संघटक तत्त्वहरू
- देशप्रेममूलक भारतेली नेपाली कविता
- मानवतावादी प्रवृत्तिमूलक भारतेली नेपाली कविता

## 8.1 परिचय

देशलाई अङ्ग्रेजीमा **नेशन** भनिन्छ । यो ल्याटिन भाषाको 'नेसियो' शब्द र अङ्ग्रेजीको 'नेसन' शब्दबाट व्युत्पन्न भएको हो । यसलाई नेपालीमा **राष्ट्र** भनिन्छ । व्यत्पतिअनुसार राष्ट्र र राष्ट्रियता दुवै शब्दको उत्पत्ति पनि ल्याटिन भाषाको नेसियो शब्दबाटै भएको हो । यसको अर्थ जन्म अथवा प्रजाति हुन्छ । यही राष्ट्र वा नेशनलाई भक्ति, प्रेम, अनुराग, स्नेह, माया आदिको भावना दर्शाउनुलाई देशप्रेम मानिन्छ ।

**अक्सफोर्ड अङ्ग्रेजी शब्दकोश**ले वंशाक्रममा मिश्रित मानिसको इतिहास, भाषा, परम्परा आदिको विस्तृत समष्टिलाई नेशन वा देश तथा राष्ट्र मानेको छ । देश वा राष्ट्रले एउटा निर्दिष्ट क्षेत्र वा भूमिलाई बुझाउँछ । यस कोशले 'न्यासनालिटी' शब्दको व्याख्या निम्नप्रकार गरेको छ । ती हुन्

(क) राष्ट्रिय गुण, धर्म तथा लक्षण ।

(ख) राष्ट्रीय भावना जागृत हुनु, एउटा देश वा राष्ट्रप्रति आसक्त हुनु ।

(ग) राष्ट्रवादको भावना, निर्दिष्ट राष्ट्रप्रति व्यक्ति समाहित हुनु ।

(घ) राष्ट्र, राष्ट्रीय स्वतनत्रता ।

(ङ) राष्ट्रको एकताप्रति व्.क्तिमा दह्रो आस्था हुनु तथा

(च) जनता राष्ट्रप्रति लीन हुनु आदि ।

Notes

उपर्युक्त शब्दकोशले प्रदान गरेको देश वा राष्ट्रको अर्थअनुसार सम भाषा - भाषी भएको जनसमूह नै देश वा राष्ट्र हो । राष्ट्रियताले आफ्नो राष्ट्रप्रति प्रेम, देशभक्ति तथा कुनै राष्ट्रको नागरिक हुनुको भावलाई बुझाउँछ भने राष्ट्रवादले राष्ट्रीय एकता, सम्पन्नता आदिको हितलाई सर्वोपरी मान्ने व्यक्तिको भावलाई बुझाउँछ । जेम्स बर्गेसले जातीय एकताको सूत्रमा बाँधिएको भौगोलिक प्रदेशमा निवास गर्ने जनतालाई देश भनेका छन् । उनको विचारमा जनता नै देश हो, राष्ट्र हो । एस. गार्नरको भनाइअनुसार राष्ट्र भनेको मानसिक जीवन तथा अभिव्यक्तिका एकताप्रति पूर्ण सचेत रहने सामस्कृतिक समानताको एउटा सामाजिक समूह हो ।

रैज्ये म्योरले राष्ट्रलाई एकआपसमा अनेर प्रकारका समानताहरूमा बाँधिएको - जनसमूह मानेका छन् । गिलक्राइस्टले भने राष्ट्रलाई आध्यात्मिक भावनासित जोड्दै एउटै मूल वंशका सदस्य, एउटै धर्म पालन गर्ने, एउटै भाशा बोल्ने, एउटै भूखण्डमा बस्ने, एउटै परम्परा समान भएको जनसमुदायलाई राष्ट्र मानेका छन् । विद्वान् लास्कीअनुसार एकताका भावनासित समाहित हुने तन्तु राष्ट्रियता हो । आर. मिनोगुको विचारअनुसार ऐतिहासिक आधारमा राज्यको सीमाङ्कन तय गर्नु अनि तिनीहरूलाई जीवन शैलीको परिप्रेक्ष्यमा राष्ट्रमा सम्मिलित गर्नु नै राष्ट्रको अर्थ हो । उनको मतअनुसार राष्ट्र वा देश भनेको एउटा सीमाबद्ध क्षेत्र अनि राष्ट्रियता भनेको त्यस सीमाबद्ध क्षेत्रभित्र सम्मिलित मानवमा उत्पन्न भावना हो । यही राष्ट्र, नेशन वा देशलाई माया, स्नेह, प्रेम, भक्तिको भावना, अनुराग आदि दर्शाउनु नै देशप्रेम मानिन्छ ।

राष्ट्रप्रेम तथा राष्ट्रवाद झैं मानवतावाद मान्छे - मान्छे बीचको सम्बन्ध, माया, प्रेम, स्नेह, भातृत्वको नाता हो, मान्छेले मान्छेलाई मान्छे जस्तै पुज्ने

भावना हो । यस वादद्वार मानवमा एका – अर्को प्रति प्रेम र स्नेहको भावना मात्र उत्पन्न नभएर जीवनप्रतिको मूल्य र महत्वको पनि आभास मानिसमा हुँदछ । तेरो र मेरो भन्ने घिनलाग्दो भेदभावपूर्ण व्यवहार, आचरण अनि गरीव र दीन – हीनप्रति माया पनि यही वादका कारण मानवमा जाग्रह हुँदछ । मानिस – मानिस बीचको माया, प्रेम, स्नेह, भातृत्व र बसुधैव कुटुम्बकमको मन्त्र लिएर त्यसलाई साहित्यमा अभिव्यक्ति गर्नु नै मानवतावाद हो । साहित्यमा यसलाई स्वच्छन्दतावादी कविता लेखनको एउटा प्रमुख तत्त्व वा घटक मानिन्छ ।

## 8.2 राष्ट्, राष्ट्रवादको अर्थ र परिभाषा

अङ्ग्रेजीको 'नेसन' शब्दलाई देश र राष्ट्रको अर्थमा समान रूपले प्रयोग नेपालीमा गरिन्छ । बङ्गलामा भने नेसनलाई 'जाति' अनि राष्ट्रलाई 'स्टेट' - को अर्थमा बुझिन्छ । राजनीति विज्ञानअनुसार देशले अङ्ग्रेजीको 'नेसन' शब्दलाई अनि राष्ट्रियताले 'न्यासनालिटी' - लाई बुझाउँछ । यस परिभाषाअनुसार भारतीय नेपालीको राष्ट्रियता 'भारतीय' भन्ने स्पष्ट हुन्छ । यो केवल देशसँग मात्र सम्बन्धित हुन्छ ।

कहिले कहिले राष्ट्रियताको आधारमा पनि 'जातीयता' शब्द प्रयोग हुनछ । तथापि राष्ट्रियता र जातीयता एउटै कुरो होइनन् । भारतीय नेपालीको सन्दर्भमा राष्ट्रियता भारतीय अनि जातीयता नेपाली बुझिन्छ । संयुक्त राष्ट्र अमेरिकामा संसारभरिबाट बसोवास गर्न आएका स्थायी वासिन्दालाई अमेरिकी अनि नेपाल देशभित्र बस्ने मेटे, भोजपुरी, मैथिली, सतार, राजवंशी आदिलाई नेपाली भनिन्छ । यो जातीयताको दृष्टिमा नभएर राष्ट्रियताको दृष्टिमा

भनिएको हो । अतः नेपाली भारतमा जातीयता बोधक शब्द अनि नेपालमा राष्ट्रियता बोधक शब्द हो ।

**राष्ट्र** भन्नाले मानव जातिको संस्कृति, जातीय पृष्ठभूमि, धर्म, इतिहास, भाषा, आर्थिक स्थिति तथा समुदाय आदिलाई, **राष्ट्रीयता** भन्नाले कुनै समुदायको राष्ट्रप्रतिको प्रेम, आस्था, भावना, प्रान्तीय लक्षण **राष्ट्रवाद** भन्नाले राष्ट्रलाई उन्नतिशील र सर्वोपरि ठान्ने एउटा अवधारणा बुझिन्छ । परवर्तीकालमा राष्ट्रले एउटै राज्यलाई मात्र बुझाउँथ्यो । त्यो समय राष्ट्रवाद युद्धदोस्रो , विश्वयुद्धपछिका सर्वहारा वर्ग तथा प्रभुसत्ता राज्यहरूका समुदायसित सम्बद्ध थियो । **इन्साइक्लोपेडिया अफ सोस्योलोजी**मा 'राष्ट्र' - लाई भाषा ,धर्म , संस्कृति आदिको अधारमाआफ्नो परिचय मानिसहरूसित आदान - प्रदान गर्नु अनि राजनैतिक परिवर्तन तथा त्यस परिवर्तनको अधीनमा रही आफूलाई निश्चित राष्ट्रको घोषणा गर्नु भनी जातीय समूह मानिएको छ । मार्क्सवादी धारणाअनुसार 'राष्ट्र' मानवको एउटा निश्चित समुदाय हो । यस धारणाअनुसार राष्ट्र भन्नाले क्षणिक गठबन्धन नभएको एउटा स्थिर समुदायलाई बुझिन्छ ।

रैज्ये म्योरले राष्ट्रलाई एकआपसमा अनेर प्रकारका समानताहरूमा बाँधिएको - जनसमूह मानेका छन् । गिलक्राइस्टले भने राष्ट्रलाई आध्यात्मिक भावनासित जोड्दै एउटै मूल वंशका सदस्य, एउटै धर्म पालन गर्ने समुदाय, एउटै भाषा बोल्ने जाति, एउटै भूखण्डमा बस्ने मानिस तथा परम्परा समान भएको जनसमुदाय मानेका छन् । लास्कीअनुसार एकताका भावनासित समाहित हुने तन्तु राष्ट्रियता हो । आर. मिनोगुअनुसार ऐतिहासिक आधारमा राष्ट्रियता प्राचीन युरोपियनहरूको आदर्श, जीवन शैली, राज्यको सीमाङ्कन तय गर्नु

अनि तिनीहरूलाई राष्ट्रमा सम्मिलित गर्नु थियो । उनको मतअनुसार राष्ट्र वा देश भनेको एउटा सीमाबद्ध क्षेत्र अनि राष्ट्रियता भनेको त्यस सीमाबद्ध क्षेत्रभित्र सम्मिलित मानवमा उत्पन्न भावना हो । श्रवण कुमार सिंहले राष्ट्रलाई राजनैतिक स्थिति, राष्ट्रीयतालाई जनसमुह र राष्ट्रबादलाई एउटा भावना मानेका छन् । उनको विचारअनुसार जुन जनसमूहमा जातीय, सांस्कृति तथा धार्मिक एकताको आत्मियाता पाइन्छ, त्यसैलाई राष्ट्रीयता भनिन्छ ।

राष्ट्र र राष्ट्रियताभन्दा राष्ट्रवाद भिन्नै एक अवधारणा हो । यो राष्ट्रिय भावनासित सम्बन्धित हुन्छ। राष्ट्रवाद भावनात्मक शक्ति पनि भएकाले यसलाई स्वदेशभक्ति र स्वदेश अनुरागभन्दा पनि भिन्नै तत्त्व मान्न सकिन्छ । **इन्साइक्लोपेडिया अफ सोस्योलोजी**मा राष्ट्रवादलाई सामाजिक युद्ध तथा राजनैतिक क्रियाकलापको परिवर्तन र विचार धारामाथि निर्भर रहने वस्तु ठानिएको छ । अङ्ग्रेजी विद्वान् ब्रासले राष्ट्रवाद एक प्रकारको सामूहिक भावना भएकाले यसमा विभिन्न प्रकारको एकता तथा समानता हुन्छ भनेका छन् ।

## 8.3 भारतेली नेपाली कवितामा देशप्रेम

कुनै पनि मानवमा आफ्नो देश र राष्ट्रप्रति माया, श्रद्धा र प्रेमको भावना उत्पन्न हुनु नै देशप्रेम हो । एशिया महादेश अन्तर्ग पर्ने भारत देश बहुदेवबाद, बहुजातीय, बहुधर्म र बहुभाषा भएको देश हो । यहाँ पुस्तौँदेखि विभिन्न धर्म, संस्कृतिलाई पालन गर्ने विभिन्न भाषा बोल्ने विभिन्न जातिहरू बस्ने गर्छन् , जो एउटा नेपाली जाति पनि हो । हाम्रो देश भारत एशिया महादेश अन्तर्ग पर्ने बहुदेवलाद, बहुजातीय, बहुधर्म र बहुभाषा भएको

Notes

देश हो । यहाँ पुस्तौंदेखि विभिन्न धर्म, संस्कृतिलाई पालन गर्ने विभिन्न भाषा बोल्ने विभिन्न जातिहरू बस्ने गर्छन् , जो एउटा नेपाली जाति पनि हो । भारत देशको राष्ट्रीय तिरङ्गा झण्डा, **जन – गण – मन** राष्ट्रीय प्रार्थना, **बन्देमातारम** राष्ट्रीय गीत र **जय जवान ! जय किषान** देशको नाराप्रति हामी सबै भारतीयहरूलाई माया छ, गर्व छ । यसैले हामी सबै भारतीयहरूमा - " म मेरो देशलाई सदैव माया गर्छु, श्रद्धा गर्छु र पुजा पनि । म भित्र देशप्रति प्रेम र देशप्रति भक्ति सदैव बचाएर राख्नेछु " भन्ने भावना छ । यसैलाई नै **देशप्रेम** भनिन्छ । यही देशप्रेममा आबद्ध भएर भारतेली नेपाली कविहरूले धेरै कविताहरूका सृजना गरेका पाउँछौ । आफ्नो देशलाई अन्य देश र जाति भन्दा उच्च देखाउँने, दुश्मन र शत्रदेखि बचाउँने, प्राण भन्दा धेरै माया गर्ने प्रवृत्तिका कविताहरू भारतेली नेपाली कविहरूले रचेका छन् । यस्ता कविताहरूलाई देशप्रेम, राष्ट्रप्रेम तथा राष्ट्रीय भावनाले ओतप्रोत कविता भनिन्छ । यसरी देशप्रेम, राष्ट्रप्रेम तथा राष्ट्रीय भावनाले ओतप्रोत भएका आफ्ना कविताहरू लेख्ने भारतेली नेपाली कविहरूमा अगमसिंह गिरी, लक्खीदेवी सुन्दास, पुष्पलाल उपाध्याय, जस योञ्जन 'प्यासी', विकास गोतामे, इन्द्रबहादुर गुरूङ, के. बी. नेपाली, नरेशचन्द्र खाती, नोर्जाङ स्याङदेन, भविलाल लामिछाने, वीणा हाङखिम, शान्ति थापा, हरेन आले, रचना राई 'अनाकार' आदि प्रमुख छन् ।

भारतेली नेपाली कविहरूमा कवि अगमसिंह गिरीलाई एक जातीय कविको रूपमा चिनिन्छ । भारतेली नेपाली कविता साहित्यमा रून्चे कविको नामले पनि परिचित कवि गिरीका प्रायः कविताहरूमा जातीय अस्मिताको स्वर टडकारो रूपमा मुखरित भएको पाइन्छ । उनको **आत्मव्यथा** (सन् १९५९),

**जीवन – गीत** (सन् १९६६), **जलेको प्रतिबिम्ब : रोएको प्रतिध्वनि** (सन् १९७८) आदि कविता सङ्गरह अनि **याद** (सन् १९५५), **आँशु** (सन् १९६६, **युद्ध र योद्धा** (सन् १९७1) आदि खण्डकाव्य प्रकाशित छन् । उपर्युक्त कविता – काव्यहरू मध्ये कवि गिरीको **मेरो बचाइको एक दिन, गान्धीजीको अट्ठासीवाँ जन्म दिवसमा** आदि कविता र **युद्ध र योद्धा** खण्डकाव्य देशप्रेम, राष्ट्रप्रेम तथा राष्ट्रीय भावनाले ओतप्रोत भएका कृतिहरू मान्न सकिन्छ ।

गध्य शैलीलाई मूलरूपमा अफ्नाएर कविता लेख्ने कवि अगमसिंह गिरीको कविता र काव्यहरूमा विशेषगरी स्वाच्छन्द भाव, प्रकृत्ति चित्रण, अवहेलित, लाञ्छित र पीडित नेपाली समाज र जातिको माया सँगसँगै देशप्रेमको भावना पनि त्यत्तिकै रूपमा अभिव्यक्त पाइन्छ । कवि गिरीको **मेरो बचाइको एक दिन** कवितामा एकै दिन भए पनि आफ्नो जाति, समाज र देशको निम्ति नोकर, दासी र शोषित भएर होइन सिर ठाडो र स्वभिमामी भएर जीउने प्रण गरेका छन् । यसैले कवि गिरी प्रस्तुत कवितामा यसो भन्छन् –

***मलाई बाँच्न यहाँ***
***एउटै दिन भए पुग्छ ।***
***मेरा एउटै – एउटै दिन***
***सकारात्मक सपना बोकेर आऊन ।***

यसरी आफ्नो देश र जातिको निम्ति केवल एउटा सुखमय र उन्नतशिल दिन चाहने कवि गिरीले आफ्नै देश भारतमा नेपालीहरूमाथि शोषण र अत्यचार भएको पनि देखेका छन् । प्रथम र दोस्रो विश्वयुद्ध साथै भारत देश स्वधिन बनाउनका निम्ति नेपाली गोर्खाहरूले आफ्नो ज्यानको बाझी लाएका थिए । कति मरे, कति धाइते भए । त्यसको लेखाजोखा छैन । तर देशको

निम्ति बहादुरी कमाउने हामी भारतेली नेपालीहरूको जीवन आफ्नै देश भारतमा पशुतुल्य बनिसकेको छ । सोझा, सिधा, निमुखा र बहादुर सम्झेर हामीलाई अरूले निर्बल र लङ्गडा बनाउँदैछन् । हामी बस्ने गाउँ – घर, कमान – बस्तीमा जता-ततै शोषण, अत्यचार र अन्याय भइरहेको छ । हत्य, लुट र बलात्कार दिन – दिनै बडदैछ । तर सुन्ने कसले ?, भन्ने कसलाई ? केवल ह्रदयभरी व्यथाको घाउ बोकेर अस्तित्वहीन र चिन्हारीहीन जीवन बिताउँन हामी भारतीय नेपाली आफ्नै देश भारतमा विवश छौं । यसैले प्रस्तुत **मोहब्बत – गल्ली** कवितामा कवि गिरी भन्छन् -

***मुखमा हाँसो छैन जुटेको मनको मौन पुकार***

***द्रवित आत्मा नेपालीको गर्छ यहाँ चित्कार***

***यही छ जर्जर नेपालीको पशुवत जीवन हेर***

***शोषितहरूको करूण कथा छ मोहब्बत – गल्ली नेर ।***

कवि अगमसिंह गिरीको **युद्ध र योद्धा** खण्डकाव्यमा देशप्रेमको भावना अझ टडकारो रूपमा मुखतिर भएका पाउँछौं । गध्य शैलीको प्रयोग गरी लेखिएको यस खण्डकाव्यमा अन्य देश र अरूको निम्ति वेअर्थ र वेमुल्यको युद्ध लड्ने नेपालीहरूलाई आफ्नै देश र जातिको विकास र उन्नतिको लागी युद्ध लड्ने आग्रह गरेका छन् । यसैले कवि गिरी प्रस्तुतु **युद्ध र योद्धा** खण्डकाव्यमा यसो भन्छन् –

***बेमुल्यको युद्ध लड्नु भन्दा***

***मूल्यको युद्ध लडनु छ ।***

***हे वीर तिम्रो बलिदान तिम्रै देशलाई चाहिएको छ***

*तिम्रो उत्सर्ग तिमीलागी सुहाएको छ ।*

*हाम्रो अस्तित्वको युद्ध अब*

*हिँडिदेऊ बोकेर छाती – छातीमा ।*

भारतेली नेपील साहित्यकी सशक्त नारी हस्ताक्षर कवयत्री लक्खीदेवी सुन्दास एक देशप्रेमी र राष्ट्रीय प्रेमी कवि हुन् । **भारतीय नेपाली साहित्यको विकासमा दार्जिलिङ्को नेपाली कविताको योगदान** शोध शीर्षकमा त्रिभुवन विश्वविद्यालयबाट उनको विद्यावारिधि गरेकी डा. लक्खीदेवी सुन्दासको जन्म २७ मार्च १९34 मा कलकत्ताको नेपाली परिवारमा भएको थियो । आमा धनमाया सेवा र पिता चन्द्रबहादुर सेवाको सुपुत्रीका रूपमा उनी सात महिनामै जन्मिएकी थिइन्। उनको न्वारन उडिया पुरोहितबाट भएकाले उनको नाम बंगाली भाषामा रहन गयो। जस अन्तर्गत लक्खीदेवीको अर्थ बंगाली भाषामा लक्ष्मीदेवी हुन आउँछ। उनका बाबु जागिरे रहेकोले बाबुको जागिरको सरुवासँगै लक्खीदेवी कलकत्ताबाट दार्जिलिङ आइपुगिन् भने सरुवाकै कारण केही अन्तरालपछि पुनः कलकत्ता फर्किने अवस्था बन्यो। त्यतिवेला कलकत्तामा धैरै नेपाली चेलीले मुसलमानसँग बिहे गरेकोप्रति धैरै अभिभावक चिन्तित थिए। उही चिन्ताको भूतले तर्सिएका लक्खीका बाबुले उनलाई दार्जिलिङमै फर्काएर पठन -पाठनको बन्दोबस्त गरे। दार्जिलिङ आएपछि उनको ध्यान नेपाली भाषा र साहित्यतर्फ आकृष्ट भएको बुझिन्छ । महिलाहरु कमै शिक्षित हुने गरेको समयमा दर्शनशास्त्र र नेपालीमा स्नातकोत्तर र त्यसपछि विद्यावारिधि समेत गरेकी सुन्दासले लामो समयसम्म दार्जिलिङस्थित कलेजमा प्राध्यापन गरेकी थिइन् । साहित्यिक पत्रिका तथा संगठनहरुमा सकृय रहेर नेपाली भाषी साहित्यकारहरुबीच सेतु

बनाउनमा योगदान दिएकी सुन्दासले कथा, कविता, नियात्रा, निबन्ध लगायत विभिन्न विधामा कलम चलाएकी छन् ।

नभन्दै कवयत्री सुन्दासको **सम्भावित अर्थ समर्पित एकान्त** कविता सङ्गरह, **आहत अनुभूत** (सन् १९९८), **खै रिपोर्ट आएन** र **तेस्रो घर** कथा कृति, **समय र समीक्षण** (सन् 200८) समालोचना लेखिन । आफ्ना कृतिहरूमा यौनलाई विभिन्न बिम्बको प्रयोगद्वारा मान्छेको जीवनभन्दा उच्चतम तत्व हो कि भने जस्तो गरी व्याख्या विश्लेषण गर्नने कवयत्री सुन्दासले जीवनभन्दा अनौठो र अलग कुरा सेक्स हुन नसक्ने अभिव्यक्ति कविताहरूमार्फत दिएकी छन्। त्यस्तै उनका कवितामा जुझारुपन र राष्ट्रवादी छवि स्पष्ट झल्किने गरेको समीक्षा विभिन्न लेखकले गरेका छन्। साहित्य केवल लेख्नका लागि मात्र नभएर अध्ययन र दृष्टिकोणको स्पष्ट दर्पण बन्नुपर्छ भन्ने उनको तर्क थियो।

कवयत्री लक्खीदेवी सुन्दासको सन् 2000 मा प्रकाशित सम्भावित अर्थ, समर्पित एकान्त कविता सङ्ग्रहमा जम्मा ३५ वटा कविता सङ्ग्रहित छन्। यसै कविता सङ्ग्रहमा सङ्ग्रहित उत्सर्ग, जन्मभूमि, वीरहरूको यो देश, नमो हे देवी आदि कविताहरूमा देशप्रेम र राष्ट्रीय भावना आधिक्य रूपमा मुखरित भएको पाइन्छ । कवयत्री सुन्दास **उत्सर्ग** कवितामा देशका तमाम वीरहरूलाई देशभक्तिको पाठ सिकाउँदै यसो भन्छिन् –

***मृत्यु पछि पनि बन्छौं शहीद***
***उपाधि तक्मा सम्मान - पत्र पनि***
***पाउँछौ वीरत्वको अमेट् छाप***
***तिमी देशका कर्मठ वीर***
***देश वीर, त्यागका प्रतिमूर्ति***

*चाहिएन कोही, जहान आफ्ना*

*वसुधैव कुटुम्बकम्*

*रगत पसिना एक गराई*

*देश गौरव तिमी बन*

*उत्सर्ग गर, उत्सर्ग गर ।*

यसरी आफ्नो रगत र पसिना एक गराई देशको उन्नति, प्रगति र विसाकका निम्ति उत्सर्ग – वलिदान गर्दै जानु प्रेरमा दिने कवयत्री लक्खीदेवी सुन्दासले **वीरहरूको यो देश** कवितामा देशप्रेम र त्यागको भावनाले राष्ट्र नै उज्यालिने ठानेकी छन् । हाम्रो देश भारतमा महान त्रृषिमुनिहरूले चिन्तन सिकाएर, बुद्धले मानव प्रेम बाडेर, वीरहरूले प्राण दिएर देशप्रेमको मर्म बुझाएको सम्झदै उक्त कवितामा यसो भन्छन् –

*उठ्यो जाग्यो सर्वत्र भारत,*

*बाल, वृद्ध बने सब एक,*

*स्वाधीनताको रक्षा गर्न,*

*तुमुल भेरी गर्जी उठयो ।*

*बचाँऊ, बचाओं, देश हाम्रो,*

*एउटै नारा बुलन्द भयो ।*

भारतेली नेपाली कवितामा पूर्वाञ्चलबाट पनि धैरै कविहरूले देशप्रेम र देशभक्तिले ओतप्रोत भएका कविताहरू लेखेका छन् । यस्ता कविहरूमा एक हुन् कवि पुष्पलाल उपाध्याय । सन् १९०६ मा असमको लखिमपुरमा जन्मिएका कवि उपाध्यायको सन् १९६4 मा **पुष्पाञ्जली** र सन् १९८७ मा **उषा – मञ्जरी** कविता सङ्ग्रह प्रकाशित छन् । यी दुवैवटा कविता सङ्ग्रहित

Notes

कविताहरूमा जातीय जागरणको स्वर, समाज – सुधार, प्रकृति चित्रण, जनचेतना, क्रान्तिकारी चेतनाका साथै देशप्रेम र राष्ट्रप्रेमको भावना पाइन्छ ।

कवि पुष्पलाल उपाध्यायका 'देश महिमा', 'वीरहरू', 'युग सन्देश' आदि कविताहरू देशप्रेमले भरिएका छन् । मूलत: आफ्ना समकालीन भारतेली नेपाली कविहरूले गध्य कविता लेखिरहेको समय आफु चाहिँ छन्दमा नै सरल, सहज शैलीमा कविता लेखेर साहित्यको जगेरा गर्न रूचाउने कवि उपाध्यायको **देश महिमा** कवितामा भारतभूमिलाई अन्य देश भन्दा सम्पन्न र समृद्धिपूर्ण रहेको मानेका छन् । उनी प्रस्तुत कवितामा भारत देशको गुणगान गाउँदै यसो भन्छन् –

***नाना साधन शक्तिका किरणले यो देश आलोकित ।***

***यो हो सात्विक साधना सुपथको सत्संग सत्याश्रय ।।***

***खारी मानव कर्म शक्ति प्रतिभा चंकेर ज्योतिर्मय ।***

***पारी पूर्ण प्रकाश शान्ति पदमा पुग्दछन् महामानव ।।***

कविले उक्त कवितामा भारत देश विभिन्न जाति, धर्म, भाषा, रीति – थीति, संस्कृति, कला, साहित्य आदिले भरिए तापनि यो एकताको फूलबारी भएको आदर्श देश रहेको मानेका छन् । यहाँ ज्ञानी, वीर, सुधी, प्रवीण, प्रतिभाशाली आदि सन्तानहरूले सेवा, सत्य, दया, त्याग त तपको मन्त्रद्वारा देश नै महिमामण्डीत भएको आभास गरेका छन् ।

भारतीय नेपाली कविता साहित्यमा देशभक्ति र देशप्रेमको भावना राखी विशेष कविता लेख्ने अर्को कवि जस योञ्जन 'प्यासी' हुन् । उनी जीवनका

आवश्यकता, युगका आग्रह र अभावका बीचस्थित आजको मानिसका कर्तव्यलाई पाठकको ध्यान आकर्षित गर्ने कवि हुन् । कवि 'प्यासी' - को **एउटा देशको खोजमा** (सन् १९८५), **शान्ति – सन्देह** (सन् 2002) आदि कविता सङ्ग्रह प्रकाशित छन् । उपर्युक्त कविता कृतिहरू मध्ये उनको पहिलो कविता सङ्ग्रह **एउटा देशको खोजमा**मा सङ्ग्रहित केही कविताहरूमा देशप्रेमको भावना ज्यादा मुखरित भएको पाइन्छ । प्रस्तुत कविता कृतिमा जम्मा बत्तीस (32) वटा कविताहरू सङ्ग्रहित छन् । उनका विचारमा भारतीय नेपालीहरू आफ्नै देशमा आफै निर्वासित, निष्कासित र शोषित भएर बाँचिरहेका छन् । यसैले कवि **एउटा देशको खोजमा** शीर्षक कवितामा आजसम्म कसैले खोज्न नसकेको एउटा नयाँ देश र नयाँ बिहानीको खोजीमा यसरी भौँतारिएका छन् -

*आफैबाट निर्वासित भए पनि मलाई विश्वास छ*

*एउटा नयाँ देश पाउनुको*

*मलाई सधैँ एउटा आभास छ*

*नयाँ बिहानी हेर्नुको ।*

कवि 'प्यासी' - ले भारतमा नेपाली जातिको सर्वाङ्गीण विकास, उन्नति र निर्माणका निम्ति देशले भने जस्तो कार्य नगरिदिएकोमा गुनासो पनि पोखेका छन् । तर देश भनेको आफ्नो जन्मभूमि हो , आमा हो । आमालाई कसैले पनि अवहेलना गर्न सक्दैन । यसर्थ जस्तै सन्नाटा, उजाडता, विवशता भए पनि भारतमा भारतेली नेपालीहरू खुसीसाथ नै बाँचीरहेको यथार्थको वर्णन **कृष्णभित्र कंश** कवितामा यसरी गर्छन् –

Notes

*आज यहाँ*

*वाध्यता छ*

*तर पनि आनन्द छ*

*छैन मानव र मानवता*

*यधपि सबैमा सच्चिदानन्द छ ।*

भारतेली नेपाली कवितामा कवि विकास गोतामेका कविताहरूमा पनि देशप्रेमको भावना आधिक्य रूपमा मुखरित भएका पाउँछौं । हुन त एक क्रान्तिकारी र विद्रोह कविको रूपमा परिचित कवि गोतामे प्रगतीवादी काव्यधाराका कवि हुन् । उनका कविताहरूमा प्राय: प्रगतीवादी विचारका र जातीय अस्मिताको स्वर विशेष रूपमा धन्किएको पाइन्छ । सन् १९५2 मा दार्जिलिङको मङ्पु लाब्धामा जन्मिएको कवि गोतामेको पुरा नाम वीरवहादुर गोरामे हो । साहित्यमा विकास गोतामेको नामले परिचित कवि गोतामेको हालसम्म **अनास्था पहाडका गीतहरू** (सन् १९८0), **लड वीरबहादुर ! तिमी लड !** (सन् १९८८), **रगतका रेखाहरू** (सन् १९८९) आदि कविता सङ्ग्रह प्रकाशित छन् । विशेषत: समाजका पुँजीपतिहरूसित लड्ने र शोषित – पीडितवर्गलाई जगाउने प्रवृत्तिका कविता सिर्जना गर्ने कवि गोतामेले आफ्ना कविताहरूमा आफ्नो स्थिति र अवस्थाप्रति शोषितहरूलाई सचेत गराउँदै क्रान्तिको मार्ग देखाउन चाहेका छन् । यसरी आफ्ना कविताहरूमा एक प्रगतीवादी र क्रान्तिकारी कविको रूपमा परिचित भए तापनि उनले आफू जन्मेको, हुर्केको, बसेको भारतभूमि, समाज र राष्ट्रलाई कवितामा अगाध स्नेह पनि गरेका छन्

। यसको प्रमाण उनको **मेरो आमा ! मेरो देश** कविताका यस पङ्क्तिबाट स्पष्ट हुन्छ –

*मैले यो देशलाई कति माया गरिराखेको छु भने*
*म कुटे – कोदालोमा यो देश देख्छु*
*छातीमा हात राख्छु – धुकधुकीमा देश भेट्छु*
*निधारमा हात राख्छु – भाग्यमा म यै देश भेट्छु ।*
*यसैले मेरो देश*
*मैले तिमीलाई मेरी आमालाई भन्दा पनि अलि बेसी माया गरिराखेको छु ।*

कवि गोतामेले आफ्नो जन्मभूमि भारतलाई यति औधी माया गरेका छन् की आफुलाई कुटे, मारे पनि, घाँटी निमोठे पनि, अस्तित्व हरण गरे पनि, लाञ्छना – तिरस्कार दिए पनि कदापी आमा भन्न छाड्ने छुईन भनी प्रण पनि गरेका छन् । सायद यसैलाई भनिन्छ होला साँचो देशप्रेम र देशभक्ति । यसरी नै पूर्वाञ्चलका कवि के. बी. नेपालीलाई एक साँचो देशप्रेमी कवि मानिन्छ । आफ्ना कविताहरूमा देशप्रतिको माया र स्नेहलाई दर्शाएर उनले कविताका घडेरी निर्माण गरेका पाउँछौं । सन् १९३९ मा असमको डिगबोईमा जन्मिएका कवि नेपालीको सन् सन् १९६६ मा **विरही**, सन् १९७१ **भत्केको घर**, सन् १९७३ मा **नव अश्रु** खण्डकाव्य, सन् १९८३ मा **अनुराग** गीति सङ्ग्रह प्रकाशित छन् । यस अतिरिक्त **मेरो घर मेरो संसार**, **समर्पण** आदि उपन्यास र **कल्पना** कथा सङ्ग्रह पनि उनले लेखेका छन् । वर्तमान मानव संसारको यथार्थको वर्णन, मानवता प्रेम र जीवनवोधका कुराहरूलाई

Notes

अङ्गिकार गरी कविता लेख्ने कवि नेपालीका **सेवा**, **प्लेटफार्म : एक सन्देश** आदि कविताहरूमा देशप्रेमको भावना औधीरूपमा मुखरित भएको पाइन्छ । हामी आफ्नो देशमा एकताको सूत्रमा सदैव वाधिएर वस्नुसक्नु पर्छ । नत्र दुश्मन र असामाजिक तत्वहरूले देशलाई खण्डित मात्र होइन, ध्वस्त पनि पार्दछ । व्यर्थको राजनैतिक दाउपेज, सत्ता, हडताल आदिले देशलाई खोरण्डो पार्छ । यस तथ्यलाई कवि के. बी. नेपालीले आफ्नो **प्लेटफार्म : एक सन्देश** कवितामा यलरी व्यक्त गरेका छन् –

***एकै प्रसव वेदनाको सन्तान भएर***
***ऐक्यताको सूत्रमा एकताल ल्याएर***
***देश सजाऊ, फूल फलाऊ***
***देश सबैको साझा हो ।***
***न तेरो, न मेरो***
***देश सबैको साझा हो ।***

भारतेली नेपाली कवितामा आयामेली कविको रूपमा परिचित कवि नरेशचन्द्र खातीका कतिपय कविताहरू देशप्रेमले ओतप्रोत भएका छन् । सन् १९५4 मा दार्जिलिङको चोकबजारमा जन्मिएका कवि खाती आधुनिककालीन भारतेली नेपाली कवितामा प्रयोगवादी धारामा उदाएका कवि हुन् । उनको सन् १९७८ मा **हस्ताक्षर**, सन् १९८4 मा **परेली परेलीमा भिजेर**, सन् 2001 मा **लीली – रेखाहरूमा** आदि कविता – कृति प्रकाशित छन् । विशषत : युगीन विवशता र सन्त्रासलाई आफ्ना आयामिक र लीलावादी कविताहरूका माध्यम प्रष्ट्याउन चाहदै कवि खातीले वर्तामान पीडीको ढुकढुकी छाम्न पनि चाहेका छन् । तर जे नै भए पनि, जस्तै हुरी – बतास चले पनि हामी भारतेली नेपालीका

हृदयमा देश अनुराग सदैव जीवित छन् भन्ने सत्यतालाई कविले **कसले भन्छ म मरे !** कवितामा यसरी चरितार्थ गरेका छन् –

*मेरो मृत्यु यो देशको आकाश र धरतीलाई साक्षी राख्दै*
*यही माटोमा रगत भएको छ*
*त्यो फल्छ एक दिन मेरो छोरा भएर*
*त्यो फुल्छ एक दिन मेरी छोरी भएर ।*

आफ्नो मृत्युमा पनि देश नै देख्ने कवि खाती साँच्चै एक सच्चा देशभक्ति कवि हुन् भनेर हामी भन्न सक्छौं । यतिमात्र होइन मानिसलाई छानो, खम्बा, इटा, बलुवा र भित्ता भएर मात्र घर बनिन्दैन, यसको निम्ति पहिला देशकै एक मुठ्ठी माटोको आवश्यक्ता पर्दछ भन्ने सत्यतालाई पनि कविले आफ्ना कविताहरूमा दर्शाएका छन् । मानिस केवल सुट, टाई, बुटले मात्र परिचित बन्दैनन् , जाति, भाषा र धर्मले मात्र संस्कृति बनिन्दैनन् । यसको निम्ति सर्वप्रथम देशको आस्था चाहिन्छ । यसैले कवि नरेशचन्द्र खाती **म जन्मिएको माटोमा** कवितामा यसो भन्छन् –

*एक चोइटा बादल*
*एक चोइटा आकाश र धरती*
*रूँगेर मात्र मेरो संसार भरिन्दैन*
*मेरो संसार भरिनलाई मेरो देशको चोखो परिवेश चाहिन्छ ।*

दार्जिलिङका समकालीन कविको रूपमा परिचित कवि नोर्जाङ स्याङदेन एक उधमी भारतेली नेपाली स्रष्टा हुन् । सन् १९५2 मा दार्जिलिङमा जन्मिएर वर्तमानमा पनि लगातार साहित्यमा कलम चलाईरहने कवि स्याङदेनको सन्

१९८1 मा **कविता जस्तै कविताहरू**, सन् १९८4 मा **मूर्च्छना**, सन् 2001 मा **राग – रन्थरूमा** आदि कविता सङग्रह प्रकाशित छन् । उनका कविताहरूमा भारतेली नेपालीहरूका जीवनको यथार्थिक वर्णन साथै देशप्रतिको श्रद्धा र प्रेम पाइन्छ । कवि स्याङदेनको **एउटा राष्ट्र बोकेको सानो गाउँ**, **सावित्री अनि इन्द्रेणी थापाको सम्झनामा** आदि कविताहरूमा देशप्रेमको भावना धेरै रूपमा मुखरित भएको पाइन्छ ।

बन्दे मातारम् र जन जण मन जस्ता राष्ट्रीय गीतलाई सदैव आफ्नो ह्रदयमा बाँचिरहने कवि नोर्जाङ स्याङदेन शरीरले एक हात ढुडे छन् । तर त्यही ढुडे हातवाट कोरिएका देशभक्ति कलमहरूले देशको अगाध माया र ममतालाई संधै उच्चा राखेका पनि छन् । कवि आफ्नो घरको कोठामा संधै पहेलो रङ्गले जय हिन्द, मेरा भारत महान भनेर लेख्छन् भने घरको भित्ता – भित्तामा गान्धी, नेहरू आदि महान नेताहरूका तस्वीरहरू टाङ्न चाहन्छन् । यस कुरोको प्रमाण उनको **एउटा राष्ट्र बोकेको सानो गाउँ** कविताको यस पङ्क्तिबाट हुन्छ –

***उसले आफ्नो घरको कोठामा***
***जय हिन्द भनेर लेखेको छ, पहेलो रङ्ग चोबेर ब्रिसले ।***
***त्यस मुन्तिर मेरो भारत महान भनेर लेखेको छ***
***रातो रङ्ग दिएर आफ्नै हातले ।***
***भित्तामा एकापट्टि चौडादार राष्ट्रीय झण्डा टाँगेको छ ।***
***गान्धी, नेहरू आदि महान नेताहरूको तस्वीरमुनि***
***उसले आफ्नो तस्वीर पनि राखेको छ ।***

प्रस्तुत कविता कवि स्याङदेनले सन् १९९८ मा हैदरावादमा आयजित **सर्व भाषा कवि सम्मेलन**मा पठन गरेको कविता हो , जो देशप्रेमको

भावनालाई आत्मसाथ गरेर लेखिएको उत्कृष्ट कविता मान्न सकिन्छ । यसरी नै भारत देशको स्वाधिनता आन्दोलनमा शहीद हुने नेपाली वीर चेलीहरू सावित्री देवी, इन्द्रेणी थापा, मिकमित लेप्चा आदिको उत्सर्ग र त्यागको कथा पनि कवि स्याङदेनले आफ्ना कविताहरूमा पोखेका छन् । आफ्नै प्राण र रगतको सिन्दुर लाएर यी वीरङ्गणा नेपाली चेलीहरू भारत माताको कोखमा हासी – हासी सदैवको निम्ति निदाएको बताएका छन् । कवि प्रस्तुत **सावित्री अनि इन्द्रेणी थापाको सम्झनामा** कवितामा भारतेली नेपाली चेलीहरूका वलिदानको कथा यसरी भन्छन् –

***बन्दे मातरमको गर्जन ध्वनि, बालकानमा घन्के पछि***
***न्यानो काक त्यो छाडी माईको***
***भारतमाताको उ क्रन्दन बन्यो***
***कलिलो जीवनलाई फूल बनाई***
***देशको वेदीमा उ अर्पण भयो ।***

पूर्वाञ्चलका कवि भविलाल लामिछानेका कविताहरूमा पनि देशप्रेम, राष्ट्रीय प्रेम र देश भावना यत्रतत्र छरिएका पाउँछौं । उनको **अनागत** (सन् १९८४), **शब्द हुन् यी मेरा** (सन् १९९६), **असमाप्त पाइलाहरू** (सन् 2001), **शीर्षक हीन** (सन् 2003) आदि कविता सङ्ग्रहमा सङ्ग्रहित कतिपय कविताहरू देशप्रेमले भरिएका छन् । कवि लामिछाने आफ्ना कविताहरूमा केवस भारत देशकै इतिहास बनेर बाच्न चाहन्छन् । हिमालदेखि रामेश्वरसम्म र दार्जिलिङदेखि कन्याकुमारीसम्म सदैव वेदमन्त्र उच्चारित हुने, राम, कृष्ण र बुद्धको बास भएको यो पवित्र देश भारतमा आफु जन्मिन पाएकोमा कविलाई धेरै धन्य लागेको छ, आफैलाई भाग्यमानी ठानेको छ । यसैले जीवनको अन्तिम

क्षणमा पनि भारत देशकै माटोमा सुत्न पाउ भन्ने अभिलाशा साच्दै **मेरो देश** कवितामा देशप्रेम यसरी व्यक्त गर्छन् –

*जुन माटोमा खेले, हुर्के*
*त्यही माटोमा सुत्न पाउँ*
*एउटा गहिरो नीद*
*देशकै लागि, देशकै माटोमा*
*सयपल्ट जन्मी, सयपल्ट मर्न पाउँ*
*मेरो देश, म तिमी बित्रै बाँच्न पाउँ ।*

सन् १९५2 मा दार्जिलिङको तकभर चियाकमानमा जन्मिएकी वीणा हाङखिम भारतेली नेपली कविता साहित्यका एक सिद्धहस्त नारी लेखिका हुन् । उनको पूरा नाम वीणा बाङखिम सुब्बा हो । कवयत्री हाङखिमको सन् 2004 मा **भावानुभाव**, सन् 200८ मा **अन्तर समयान्तर** आदि कविता सङ्ग्रह प्रकाशित छन् । भाइचन्द्र प्रधान स्मृति पुरस्कार र स्रष्टा पुरस्कार पाइसकेकी कवयत्री हाङखिमको कविताहरूमा वर्तमान मानव जीवनको साँचो चित्र प्रकटिकरण भएको पाइन्छ ।

कवयत्री हाङखिमले त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक सङ्काय विभागबाट नेपालीमा विद्यावरिधि उपाधि पनि हासिल गरेकी हुन् । उनको कविताहरूमा नारीको स्वच्छन्द, स्वप्निल र ममतामयी भावनाका अतिरिक्त देशप्रेमको भावना विशेष मुखरित भएको पाइन्छ । उनी आफ्ना कविताहरूमा चैतको टन्टलापुर घाममा पनि शीतल बनेर, हिउदाको ठिहीमा पनि न्याने बनेर, मरूभूमिमा पनि ओएशिस बनेर आफ्नो देश भारतको संरक्षण र विकास गर्न चाहान्छन् । यसैले **मेरी आमा** कवितामा कवि हाङखिम यसो भन्छिन् –

*त्यो धरती*

*जहाँ मैले प्रथम पाइला टेके*

*माने त्यसैलाई मैले शब्दातीत स्वर्ग मेरो*

*त्यही मेरो जीवन गीत ।*

दार्जिलिङ्का अर्का कवि हरेन आले वर्तमानमा पनि निरन्तर कलम चलाई रहने उदयमान स्रष्टा हुन् । सन् १९42 मा जन्मिएका कवि आलेका कविताहरूमा विसङ्गती, वितृष्णा, जीवन बचाईको अभिव्यक्ति मात्र नझल्किएर जातिप्रेम र देशप्रेमको भावना पनि त्यत्तिकै रूपमा छचल्किएको पाइन्छ । उनको सन् १९७७ मा **बैंसहरू**, सन् १९९७ मा **अजम्बरी सबै र ह्रदयको फूल** आदि कविता सङ्ग्रह प्रकाशित छन् ।

विशेषगरी कवि आले देश रक्षा र सुरक्षाका निम्ति हामी भारतीयहरूले नहिचकिचाई प्राणको आहुती दिन सक्नुपर्छ बनी कवितामा बताएका छन् । गंगा, ब्रह्मपुत्र, सिन्धु आदि पवित्र नदी बग्ने हाम्रो देशलाई कसैले अपवित्र पार्न दिनु हुँदैन । जहाँ गएर टेके पनि हाम्रो पाइतालाहरूले शस्य श्यामल हाम्रै देशको धरतीलाई छोएको हुनुपर्छ । यसर्थ सबै भारतेलीहरूलाई देश निर्माणको निम्ति अधि आउने आग्रह गर्दै **निर्माणको गीत** कवितामा यसो भन्छन् –

***तिमी हामी हजारौंमा बलि हुन सक्नुपर्छ यो देशको निम्ति***

***एउटा माटो, एउटा अस्तित्व एउटा स्थापनाको निम्ति***

***गंगा, ब्रह्मपुत्र र सिन्धु बग्ने देशका हामी***

***आऊ सिञ्चन गरौं फेरि यो देशलाई एकपल्ट***

***कर्महरूले समूह उत्सर्ग***

*जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ।*

चुडान्तमा भन्नुपर्दा भारतेली नेपाली कविहरूले आ – आफ्ना कविहरूमा देशप्रेम, देशभक्ति, राष्ट्रीय प्रेम र राष्ट्रीय भावनालाई उजागार दर्गै भारत देश तथा जननी जन्मभूनिप्रति अगाध माया र स्नेह दर्शाएका छन् भन्न सकिन्छ ।

## 8.4 मानवतावाद अर्थ र परिभाषा

मानवतावाद भन्नाले मानिस – मानिस बीचको माया, प्रेम, स्नेह, भातृत्व र बसुधैव कुटुम्बकमको मन्त्र आदिलाई बुझिन्छ । मानवतावादका कारण मानवमा एका – अर्का प्रति प्रेम र स्नेहको भावना मात्र उत्पन्न नभएर जीवनप्रतिको मूल्य र महत्वको पनि ज्ञान मानिसमा हुँदछ । तेरो र मेरो भन्ने भेदभावपूर्ण सोच र गरीव र दीन – हीनप्रति माया पनि यही वादका कारण मानवमा जाग्रह हुँदछ । मानिस – मानिस बीचको माया, प्रेम, स्नेह, भातृत्व र बसुधैव कुटुम्बकमको मन्त्र लिएर त्यसलाई साहित्यमा अभिव्यक्ति गर्नु नै मानवतावाद हो । साहित्यमा यसलाई स्वच्छन्दतावादी कविता लेखनको एउटा प्रमुख तत्त्व वा घटक मानिन्छ ।

मूलरूपमा मानव सेवा नै इश्वरको सेवा हो भन्ने मान्यता मानवतावादी दर्शन हो । यस संसारको सबैभन्दा ठूलो धर्म नै मानवको सेवा हो मानिसले सानो – ठूलो, धनी – गरीव, तेरो – मेरो भन्ने भावनालाई भूलेर भातृत्वको भावना दर्शाउन सक्नुपर्छ । यस प्रवृत्तिका साहित्यमा राजनीनिक परिवर्तनको अपेक्षा राख्दै यथास्थितिवादी चिन्तनका विरुद्ध नयाँ संसार, आदर्श देश, सौहार्दपूर्ण वातावरणको स्तापना, मैत्रिक सम्बन्ध आदिलाई आत्मसात गरिएको हुन्छ । मानवतावादी साहित्य व्यक्ति केन्द्रीत नरहेर सर्वकेन्द्रीत र आत्मपरकतामा

रहेको हुन्छ । यस वादका साहित्यमामा विसङ्गत जीवन, निस्सार एवं शून्य अभिव्यक्ति, बैवास्ता र दुर्बोध्य विचार, बैमनुष्यता र स्वार्थपन जस्ता कुराहरूको घोर विरोध पनि पाइन्छ ।

मानवतावादले मानव जातिलाई एकताको सूत्रमा जोडदछ । यसवादले एकातिर हाम्रा सिर्जना र कल्पनाको शक्तिमा अभिवृद्धि ल्याउँछ भने, अर्कातिर हामीलाई बढी भन्दा बढी संवेदनशील, कल्पनाशील र सिर्जनशील पनि बनाउँदछ। पश्चिममा ग्रीक दार्शनिकहरू मानवतावादले ओतप्रोत भए जस्तै भारतमा पनि स्वामी विवेकानन्द र सन्त कवीर उच्च कोटीका मानवतावादी थिए। जर्मन लेखक गोथेले मानवले एउटा व्यक्तित्व मात्र नबोकी सबै सम्भावनाले समाहित मानवतालाई धारण गरेको हुन्छ भनेका छन्। त्यसैगरी मार्क्सले अधिकतम सीमासम्म मानवको व्यक्तित्वको विकासमा जोड दिएका छन् , ताकि समाजमा मेलमिलाप र ब्रह्माण्डवादको भावनालाई जगेर्ना गर्न सकियोस्। सबैजसो दार्शनिकले मानवको पूर्णताको विकासको सम्भावनालाई स्विकारेका छन्। कार्ल मार्क्सले त मानिसको भविष्य मानवकै हातमा निर्भर छ भनेका छन्। उनीहरू कुनै पनि कुराको मूल्यांकन कुनै साँघुरो धार्मिक अथवा अन्य कट्टरतावादको परिप्रेक्ष्यबाट गर्दैनन्।

मानवतावादले धार्मिक कट्टरतावाद, अन्ध राष्ट्रवाद, जड सूत्रवाद र भ्रष्ट राजनीतिक पद्धतिको विरुद्धमा संघर्ष गर्ने शक्ति मानवलाई प्रदान गर्दछ। तर आज यस संसारबाट मानवता र मानवतावादको मृत्यु हुन लागेको अनुभव गर्न सकिन्छ । कारण आज संसारमा खतरा बढिरहेको छ, असंवेदनशीलता, लोभ, शक्तिको पूजा, अनुदारवादी प्रवृत्ति र अतार्किताको वृद्धि पनि भइरहेको छ। गत महिना न्युजील्यान्डको क्राइस्टचर्चमा दुइटा मस्जिदमा एउटा

सनकीले गोली प्रहार गरी कैयौँ मानिसलाई मार्नु त्यसैको पछिल्लो दृष्टान्त हो।

विशेषत: साहित्यमा मानवतावादको स्थान र भूमिका अपरिहार्य ठहर्दछ । यसले साहित्यका माध्यम पाएर मानव – मानवबीच भातृत्वको सम्बन्ध मात्र स्थापित नगरेर जातीय सर्वोच्चता र धार्मिक उन्माद विरुद्ध आवाज पनि उठाउँदछ । मानवतावादी साहित्यकारहरू मानवको वास्तविक यथार्थसँग चिन्तित हुन्छन् साथै सिद्धान्त, आदर्श र व्यवहारबीच रहेको अन्तरप्रति आलोचनात्मक हुन्छन्।

## 8.5 भारतेली नेपाली कवितामा मानवतावाद

मानवतावाद भन्नाले मानिस – मानिस बीचको माया, स्नेह, प्रेम, भातृत्व र बसुधैव कुटुम्बकमको मन्त्र आदिलाई बुझिन्छ । साहित्यमा यसलाई स्वच्छन्दतावादी कविता लेखनको एउटा प्रमुख तत्त्व वा घटक मानिन्छ । मानवतावादका कारण मानवमा एका – अर्का प्रति प्रेम र स्नेहको भावना मात्र उत्पन्न नभएर जीवनप्रतिको मूल्य र महत्वको पनि ज्ञान मानिसमा हुँदछ । तेरो र मेरो भन्ने भेदभावपूर्ण सोच र गरीव र दीन – हीनप्रति माया पनि यही वादका कारण मानवमा जाग्रह हुँदछ ।

मानिस – मानिस बीचको माया, प्रेम, स्नेह, भातृत्व र बसुधैव कुटुम्बकमको मन्त्र लिएर भारतेली नेपाली कविहरूले मानवतावादी प्रवृत्तिका धेरै कविताहरूका सृजना गरेका छन् । यस्ता नेपाली कविमा सर्वप्रथम महाकवि लक्ष्मीप्रसाद देवकोटाको नाम पहिलो पङ्क्तिमा आउँदछ । महाकवी लक्ष्मीप्रसाद देवकोटाको **भिखारी** कविता सङ्ग्रह, **प्रमिथस** खण्डकाव्य आदिमा

यो प्रवृत्ति आधिक्य रूपमा मुखरित भएको छ । वि. सं. 2010 मा प्रकाशित **भिखारी** कविता सङ्ग्रहमा सङ्ग्रहित **यात्री** कविता मानवतावादलाई मूख्य आधार गरेर लेखिएको प्रस्तुत कवितामा जम्मा ४६ पङ्क्ति छन् ।

प्रस्तुत कवितामा कविले मानिसलाई एउटा यात्री ठानेका छन् । मानव जीवनको यात्रामा हामीले विभिन्न सुख – सुविधा उपभोग गरे तापनि अन्त्यमा शुन्य हात यस संसारवाट जानु पर्छ भन्ने शुन्यवादी विचार प्रस्तुत कवितामा कविले पोखेका छन् । हामीले जुनै मन्दिरमा पुजा गरेर जस्तै सामग्री लगे पनि साथमा केही लाने होइन भनि विचार व्यक्त गरेका छन् । हामी मान्छेले लोभ र स्वर्थमा परेर आफु जस्तै समान मान्छेको काँध चडी रहेका छौ, धमण्डले मक्ख भएर हामी आफ्नै जीवनका पतनको बाटो खनीरहेका छौं । मान्छेले इश्वरको खोजीमा भौतारे पनि वास्तवमा आफ्नै शरीरमा नै इश्वरको वास रहेको छ भन्ने कविको आशय छ । हाम्रो शरीर नै इश्वरको सुन्दर मन्दिर भएकोले यसमा जगदीश्वरको वास हुन्छ भन्ने कविको भनाई **यात्री** कवितामा पाइन्छ । यसर्थ हामी मानिसले यस संसारमा असल कर्म गरे इश्वरले हात चुम्दछ । मूलत : मानवतावादी विचारलाई आत्मसाथ गर्दै कवि देवकोटाले **यात्री** कवितामा गरीव, दीन, दु:खीहरूको सेवा गरे इश्वर बोल्दछ भनेका छन् । तर हाम्रो नाङ्गो आँखाले इश्वरलाई नदेखिने हुनाले मानिल इश्वरको खोजीमा यात्री भइ नयाँ, विरानो देशमा भौतारी रहेका छन् । यसर्थ पीडित, लाञ्छित, दु:खीहरूको चहराईरहेको घाउँमा मह्लम लगाए, त्यो नै जीवनको साँचो यात्राको फल हुन्छ भनि किवले भन्न चाहेका छन् । अत: दीन. दु:खीको सहयोग गरे उनीहरूको शरीरमा इश्वरको दिव्य मुहार हाँसेको हामीले पाउँने छौ भनी कवि देवकोटाले प्रस्तुत **यात्री** कवितामा भन्न चाहेका छन् । मूलरूपमा यस कवितामा मानव सेवा नै इश्वरको सेवा हो भन्ने

मानवतावादी दर्शन पाइन्छ । यस कवितामा कवि दोवकोटा मानवतावादी दृष्टि फ्याक्दै यसो भन्छन् –

*सडक किनारा गाउँछ ईश्वर, चराहरूको तानामा*
*बोल्दछ ईश्वर मानिसहरूको, पीजा – दुःखको गानामा*
*दर्शन किन्तु कहीं दिँदैन, चर्म – चक्षुले कानामा*
*कुन मन्दिरमा जान्छौ यात्री, कुन नवदेश बिरानामा ।*

भारतेली नेपाली कविहरूका कविताहरूमा मानवतावाद प्रमुख रूपमा नरहेर कविताका विषय पनि बनेका छन् । यस संसारको सबैभन्दा ठूलो धर्म नै मानवको सेवा हो भन्ने भावना भारतेली नेपाली कविताहरूमा रहेका पाउँछौ । सानो – ठूलो, धनी – गरीव, तेरो – मेरो भन्ने भावनालाई भूलेर भातृत्वको भावना दर्शाउन भारतेली नेपाली कविहरू आफ्ना मानवतावादी कविताहरूमा पछि हटेका छैनन् । यही मानवताको भावना बिर्सिए हामी नेपालीहरूका जीवन दु:ख र नैराश्यताले भरिन्छ भन्ने कुराको उद्घाटन भारतेली नेपाली मानवतावादी कविताहरूमा विशेष रूपले भएका पाउँछौ । भारतका यस्ता नेपाली कवि र उनीहरूका कविता – कृतिहरूमा अगमसिंह गिरीको सन् १९६६ मा प्रकाशित **जीवन – गीत** कविता सङ्ग्रह, हरिभक्त कटुवालको सन् १९५९ मा प्रकाशित **सम्झना** कविता सङ्ग्रह र सन् १९६४ मा प्रकाशित **सुधा** खण्डकाव्य, मनप्रसाद सुब्बाको सन् 2001 मा प्रकाशित **त्रृतु क्यानभसका रेखाहरू**, उदय ठाकुरको सन् 2003 मा प्रकाशित **भीरमा गुराँस** आदि कविता कृतिहरूमा स्वच्छन्दतावादी प्रवृत्तिसँगै मानवतावादी भावना धेरै रूपमा सगबगाएको पाइन्छन् ।

भारतेली नेपाली कविताको आधुनिक चरणमा मानवतावादी प्रवृत्ति भएका कविता लेखन सर्वप्रथम भित्रिएको मानिन्छ । विश्व बन्धुत्व, स्वच्छन्द अभिव्यक्ति, ह्रदयग्राहिता ,काल्पनिकता, भावुकता, प्रकृतिप्रेम, सौन्दर्यप्रति विशेष आकर्षण, कृत्रिमताबाट मुक्ति भएर यस चरणमा भारतेली नेपाली कविहरूले आफ्नो कविताको धडेरी निर्माण गरेका छन् । यसलाई मानवतावादी कविता लेखनको प्रष्ट पोशक मान्न सकिन्छ । भारतेली नेपाली कवितामा मानवतावादी प्रवृत्तिलाई अङ्गाले आफ्नो कविता सृजना गर्ने कविहरूमा अगमसिंह गिरी, ओकिठयामा ग्वाइन, रामकृष्ण शर्मा, नरेन्द्रप्रसाद कुमाई, सानुमति राई, लक्खीदेवी सुन्दास, तुलसीराम शर्मा कश्यप, विधापति दाहाल, तुलसीबहादुर छेत्री, पदमसिंब सुब्बा, पवन कुमार चामलिङ, चक्रपाणि भट्टाराई आदि उल्लेखनीय छन् ।

कवि अगमसिंह गिरीको सन् १९५९ मा **आत्मव्यथा**, सन् १९६६ मा **जीवन – गीत**, सन् १९७८ मा **जलेको प्रतिबिम्ब : रोएको प्रतिध्वनि** आदि कविता सङ्ग्रह ; सन् १९५५ मा **याद**, सन् १९६६ मा **आँसु**, सन् १९७1 मा **युद्ध र योद्धा** आदि खण्डकाव्य प्रकाशित छन् । सन् 1९40 को दशकदेखि आफ्नो साहित्यिक जीवन सुरू गरेका कवि तुलसीबहादुर छेत्रीलाई नेपाली साहित्यमा तुलसी 'अपतन' भनी चिनिन्छ । उनको पहिलो कविता सन् 1९42 मा **उदय** पत्रिकामा प्रकाशित भएको थियो । उनको हालसम्म चारवटा कविता सङ्ग्रह **बापु – बन्दना** (सन् 1९43), **सङ्कल्प** (सन् 1९54), **के होला ?** (सन् १९५९) र **नहेर आज मलाई** (सन् 1९७६) ; दुईवटा खण्डकाव्य **कर्ण - कुन्ती** (सन् 1९८८), **बुद्धि – बङ्गारो** (सन् 1९९3); तीनवटा एकाङ्की नाटक **कमल** (सन्

१९५३), **जमाना बदलियो** (सन् १९५४), **विजय** (सन् १९५५) आदि कृतिहरू प्रकाशित छन् ।

आधुनिक भारतेली नेपाली कविताको विकासमा यस मानवतावादी कविताको महत्वपूर्ण योगदान रहेको छ । आधुनिक नेपाली कवितामा मानवतावादी कविता लेखनको थालनी माहकवि लक्ष्मीप्रसाद देवकोटाबाट भएको पाइए तापनि भारतेली नेपाली कवितामा कवि आगमसिंह गिरी, ओकिउयामा ग्वाइन आदि प्रभृत्ति कविहरूबाट भएको मानिन्छ । मूलत: मानवतावादी भावनाले ओतप्रोत भारतेली नेपाली कवितामा मानिस – मानिस वीचको माया, एका – अर्काप्रति श्रद्धा, भक्ति, भातृत्व, स्नेह, प्रेम र बसुधैव कुटुम्बकमको र बसुधैव कुटुम्बकमको मन्त्र, जीवनप्रतिको मूल्य र महत्वको पनि ज्ञान आदि झल्किएको पाइन्छ । तेरो र मेरो भन्ने भेदभावपूर्ण सोचको अन्त र गरीव र दीन – हीनप्रति माया जस्ता कुराहरु पनि यस वादका कविताहरूमा आधिक्य पाइन्छन् । यसमा विश्व बन्दुत्वको भावनाका साथै समानता, स्वतन्त्रता र भातृत्वको चर्को स्वर पनि सुसेलिएको सुनिन्छ ।

मानवतावादी नेपाली कविताले सामाजिक, राजनीतिक, सांस्कृतिक तथा आर्थिक सन्दर्भलाई पनि समेटेको छ । यसमा राजनीनिक परिवर्तनको अपेक्षा राख्दै यथास्थितिवादी चिन्तनका विरुद्ध नयाँ संसार, आदर्श देश, सौहार्दपूर्ण वातावरणको स्तापना, मैत्रिक सम्बन्ध आदिलाई यस वादको नेपाली कविताले आत्मसात गरेको छ । मानवतावादी कविता व्यक्ति केन्द्रीत नरहेर सर्वकेन्द्रीत र आत्मपरकतामा रहेको हुन्छ । यस वादका कविताहरुमा विसङ्गत जीवन, निस्सार एवं शून्य अभिव्यक्ति, बैवास्ता र दुर्बोध्य विचार, बैमनुष्यता र स्वार्थपन जस्ता कुराहरूको घोर विरोध पनि पाइन्छ । यसर्थ कवि बालकृष्ण

समले आफ्नो कवितामा मानिसको स्वार्थप्रति व्यङ्ग्य गर्दै यसो भनेका छन्

-

*मै खाउँ, मै लगाउँ, सुख सयल मौज मै गरून*

*मै नाचु, मै हाँसु*

*मरून अरू दुर्बलहरू ।*

भारतेली नेपाली कवितामा मानवतावादी प्रवृत्तिमा कविता लेख्ने अर्को कवि हुन् - कवि हरिभक्त कटुवाल । उनले आफ्ना कविताहरूमा विशेष भारतका नेपाली जाति र समाजलाई मानवताको पाठ पढाउन चाहेका छन् । कवि **आकाशका तारा के तारा** कवितामा भन्छन् –

*विवेक – ज्योतिले विश्व सिंगार्दै*
*अन्धो पृथ्वी – अन्धा हामी*
*हाम्रा लागि घरको दूध पानी सरी छ*
*रामे, चामे, हर्के, बीरे झटारा छन् ।*

भारतेली नेपाली कवि के. बी. नेपालीका कविताको मूल तन्तु भनेको नै मानवतावाद हो । अनलाई भारतको देवकोटा भने पनि हुन्छ । महाकवि लक्ष्मीप्रसाद देवकोटा झैं नका कविताहरूमा मानवताको भावना धेरै रूपमा मुखरित भएका पाउँछौं । उनको दुइवटा कविता सङ्ग्रह **विरही** (सन् १९६६) र **भत्केको घर** (सन् १९७१) अनि एउटा खण्डकाव्य **नव अश्रु** प्रकाशित छन् । वर्तमान मानव संसारको यथार्थको वर्णन, मानवता प्रेम र जीवनवोधका कुराहरूलाई अङ्गिकार गरी कविता लेख्ने कवि नेपालीका **सेवा**, **ईसा : एक अभिलाषा, प्लेटफार्म : एक सन्देश** आदि कविताहरूमा मानवतावादको भावना

Notes

औधीरूपमा मुखरित भएको पाइन्छ । उनले विशेष आफ्ना कविताहरूमा वर्तमान मानिसहरूमाझ एक – अर्कासित मनोमालिन्य, रूखोपन, बैमनुश्यता, अकर्मन्यता छाएको देख्दा कवि स्वयं दुः खी पनि भएका छन् । व्यर्थै आफुलाई र आफुभित्रको मान्छेलाई मारेर आज मानिस निष्ठुर र दया – माया बिहिन बनेको छ । यसर्थ **सेवा** कवितामा कवि नेपाली यसो भन्छन् –

***सेवा नै ठूलो अवदान देख्छु***

***यसैले परजन, निर्धन गरीवहरूको सेवा गर्नु नै***

***ईश्वरको सेवा गर्नु हो ।***

***यसैले यस धरामा म***

***परजन कौ सेवामा वृक्ष भै उभिएको छु ।***

कवि नेपालीले आज देशमा आफ्नै भाई – भाई मारा – मार, काटा – काट भइरहेको सम्झेका पनि छन् । मानवता भन्ने कुरोलाई भुलेर मानिस माकुरो स्वमं आफ्नो जालमा फसे झैं फसिरहेका छन् । यसर्थ सबैले रीस, द्वेष आदिलाई भुलेर सुन्दर बधैचा जस्तो यस संसारमा ह्रदयमा प्यार र मानवता भर्न सक्नुपर्छ भनी कवि नेपालीले आफ्ना कविताहरूमा बताएका छन् । यसैले **प्लेटफार्म : एक सन्देश** कवितामा कवि भारतेलीहरूलाई मानवताको पाठ यसरी सिकाउ छन् –

***अहिंसा परमोधर्म अनुश्रण गरे झैं***

***परमोधर्म प्रेरित भएर***

***मानवताको नातामा***

***मानवतालाई अङ्गालेर***

*भेद वर्ग – वर्गको तोडेर ।*

भारतेली कवि कर्ण थामी आधुनिक कालमा उदाएका एक उज्जवल नक्षत्र हुन् । 1 मार्च 1९42 मा दार्जिलिङमा जन्मिएका कवि थामीको सन् १९९५ मा **धूप जलिरहेछ** कविता सङ्ग्रह प्रकाशित छन् । यस अतिरिक्त सन् 1९८1 मा **सुकान्तका कविताहरू** (अनुवाद) र दुईवटा कथा सङ्ग्रह **अनि बादल यसरी फाटिन्छ** (सन् 1९८4), **मुक्त माटोको खोजीमा** (सन् १९९७) आदि प्रकाशित छन् ।

**उदय, गोर्खा सेवक, साथी, साहित्य स्रोत, दियालो** आदि पत्र – पत्रिकाहरूमा आफ्ना कविता, कथा प्रकाशित गरिरहने कवि कर्ण थामी भारतेली नेपाली साहित्यका साँच्चै महाभारतका कर्ण हुन् । उनको कविताहरूमा कर्तव्यपरायण र आदर्शताको भाव विशेषरूपमा अभिव्यक्तिएको पाइन्छ भने शोषक, अत्याचारी र अन्यायीहरू विरूद्द आक्रोश पनि व्यक्त भएको पाइन्छ । तर यी सबै भएर पनि हामी मानवले मनुष्यत्व र मानवतालाई कहिले पनि भूल्नु हुँदैन भन्ने मानवतावादी विचार कवि थामीका कविताको मेरूदण्ड बनेका छन् । उनी तिमी **उज्यालो पार्दै आऊ** कवितामा मानवतावादी विचार यसरी फ्याक्छन् –

*प्रेम र मानवता फैलाउन*

*यहाँ, वहाँ र त्यहाँका*

*अझै कुना – काप्चातिर रहेका*

*यी सबै सबै अँध्यारो हटाउन*

*तिमी उज्यालो पार्दै आऊ ।*

Notes

मुख्य गरेर मानवतावादी कवितामा स्व:को भावना, मानवीय दृष्टि, आदर्शवादिताप्रति चासो, आत्मिक प्रेम सम्बन्धको समर्थन, व्यक्ति भावनाको विरोध, असभ्य र असंस्कृत सोचको खण्डन, लोकभाषा तथा लोक साहित्यप्रति विशेष आग्रह साथै आत्मा – परमात्मा, दैवी प्रेरणा, अवचेतन मनप्रति असीम आस्था जस्ता कुरीहरू रहेका हुन्छन् । यही कुराहरूलाई टपक्क टिपेर भारतेली नेपाली कविहरूले खुबै कलात्मकताको साथ मानवतावादी कविताको धडेरी निर्माण गरेका छन् भन्न सकिन्छ ।

## 8.6 उपसंहार

अङ्ग्रेजीको 'नेसन' शब्दलाई देश र राष्ट्रको अर्थमा समान रूपले प्रयोग नेपालीमा गरिन्छ । बङ्गलामा भने नेसनलाई 'जाति' अनि राष्ट्रलाई 'स्टेट' - को अर्थमा बुझिन्छ । राजनीति विज्ञानअनुसार देशले अङ्ग्रेजीको 'नेसन' शब्दलाई अनि राष्ट्रियताले 'न्यासनालिटी' - लाई बुझाउँछ । यस परिभाषाअनुसार भारतीय नेपालीको राष्ट्रियता 'भारतीय' भन्ने स्पष्ट हुन्छ । यो केवल देशसँग मात्र सम्बन्धित हुन्छ ।

व्यत्पतिअनुसार राष्ट्र र राष्ट्रियता दुवै शब्दको उत्पत्ति पनि ल्याटिन भाषाको नेसियो शब्दबाटै भएको हो । यसको अर्थ जन्म अथवा प्रजाति हुन्छ । यही राष्ट्र वा नेशनलाई भक्ति, प्रेम, अनुराग, स्नेह, माया आदिको भावना दर्शाउनुलाई देशप्रेम मानिन्छ । देश वा राष्ट्रको अर्थअनुसार सम भाषा - भाषी भएको जनसमूह नै देश वा राष्ट्र हो । राष्ट्रियताले आफ्नो राष्ट्रप्रति प्रेम, देशभक्ति तथा कुनै राष्ट्रको नागरिक हुनुको भावलाई बुझाउँछ भने राष्ट्रवादले राष्ट्रीय एकता, सम्पन्नता आदिको हितलाई सर्वोपरी मान्ने व्यक्तिको भावलाई

बुझाउँछ । अतः जातीय एकताको सूत्रमा बाँधिएको भौगोलिक प्रदेशमा निवास गर्ने जनतालाई देश मान्ने हो भने जनता नै देश हो, राष्ट्र हो । यसैले राष्ट्र भनेको मानसिक जीवन तथा अभिव्यक्तिका एकताप्रति पूर्ण सचेत रहने सामस्कृतिक समानताको एउटा सामाजिक समूह हो ।

मानवतावाद मान्छे – मान्छे बीचको सम्बन्ध, प्रेम, माया, स्नेह साथै मान्छेले मान्छेलाई मान्छे जस्तै पुज्ने भातृत्वको भावना हो । यस वादद्वार मानवमा एका – अर्का प्रति प्रेम र स्नेहको भावना मात्र उत्पन्न नभएर जीवनप्रतिको मूल्य र महत्वको पनि आभास मानिसमा हुँदछ । तेरो र मेरो भन्ने घिनलाग्दो भेदभावपूर्ण व्यवहार – आटरणको अन्त अनि गरीव, दीन – हीनप्रतिको माया पनि यही वादका कारण मानवमा जाग्रह हुँदछ । मानिस – मानिस बीचको माया, प्रेम, स्नेह, भातृत्व र बसुधैव कुटुम्बकमको मन्त्र लिएर त्यलाई साहित्यमा अभिव्यक्ति गर्नु नै मानवतावाद हो ।

देशप्रति प्रेम र देशप्रति भक्ति सदैव बचाएर राख्ने मुलमनत्रलाई आत्मासाथ गरेर भारतेली नेपाली कविहरूले धैरै कविताहरूका सृजना गरेका पाउँछौ । आफ्नो देशलाई अन्य देश र जाति भन्दा उच्च देखाउँने, दुश्मन र शत्रदेखि बचाउँने, प्राण भन्दा धैरै माया गर्ने प्रवृत्तिका कविताहरू भारतेली नेपाली कविहरूले रचेका छन् । यस्ता कविताहरूलाई देशप्रेम, राष्ट्रप्रेम तथा राष्ट्रीय भावनाले ओतप्रोत कविता भनिन्छ । यसरी देशप्रेम, राष्ट्रप्रेम तथा राष्ट्रीय भावनाले ओतप्रोत भएका आफ्ना कविताहरू लेख्ने भारतेली नेपाली कविहरूमा अगमसिंह गिरी, लक्खीदेवी सुन्दास, पुष्पलाल उपाध्याय, जस योञ्जन 'प्यासी', विकास गोतामे, इन्द्रबहादुर गुरूङ, के. बी. नेपाली, नरेशचन्द्र खाती, नोर्जाङ स्याङदेन, भविलाल लामिछाने, वीणा हाङखिम, शान्ति थापा, हरेन

Notes

आले, रचना राई 'अनाकार' आदि प्रमुख छन् । भारतेली नेपाली कविहरूले आ – आफ्ना कविहरूमा देशप्रेम, देशभक्ति, राष्ट्रीय प्रेम र राष्ट्रीय भावनालाई उजागार दर्गै भारत देश तथा जननी जन्मभूनिप्रति अगाध माया र स्नेह दर्शाएका छन् भन्न सकिन्छ ।

भारतेली नेपाली कविताको आधुनिक चरणमा मानवतावादी प्रवृत्ति भएका कविता लेखन सर्वप्रथम भित्रिएको मानिन्छ । यो स्वच्छन्दतावादी कविता लेखनमा भित्रिएको नोलो प्रवृत्ति हो । विश्व बन्धुत्व, स्वच्छन्द अभिव्यक्ति, हृदयग्राहिता, काल्पनिकता, भावुकता, प्रकृतिप्रेम, सौन्दर्यप्रति विशेष आकर्षण, कृत्रिमताबाट मुक्ति भएर यस चरणमा भारतेली नेपाली कविहरूले आफ्नो कविताको धडेरी निर्माण गरेका छन् । यसलाई मानवतावादी कविता लेखनको प्रष्ट पोशक मान्न सकिन्छ । भारतेली नेपाली कवितामा मानवतावादी प्रवृत्तिलाई अङ्गाले आफ्नो कविता सृजना गर्ने कविहरूमा अगमसिंह गिरी, रामकृष्ण शर्मा, ओकिउयामा ग्वाइन, सानुमति राई, लक्खीदेवी सुन्दास, नरेन्द्रप्रसाद कुमाई, पुष्पलाल उपाध्याय, गोविन्द शर्मा गोतम, विधापति दाहाल, तुलसीबहादुर छेत्री, पदमसिंह सुब्बा, तुलसीराम शर्मा 'कश्यप', चक्रपाणि भट्टराई, भवानी धिमिरे, के. बी. नेपाली आदि उल्लेखनीय छन् ।

## 8.7 सार

यस प्रखण्डमा **देशप्रेम र मानवतावादी दृष्टिको आलोकमा भारतेली नेपाली कविता**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ल्याटिन भाषाको ‘नेसियो’ शब्द र अङ्ग्रेजीको ‘नेसन’ शब्दबाट व्युत्पन्न भएको **राष्ट्र**को अर्थ जन्म अथवा प्रजाति हुन्छ । यही राष्ट्र

वा नेशनलाई भक्ति, प्रेम, अनुराग, स्नेह, माया आदिको भावना दर्शाउनुलाई देशप्रेम मानिन्छ ।

- ❖ बङ्गलामा भने नेसनलाई 'जाति' अनि राष्ट्रलाई 'स्टेट' - को अर्थमा बुझिन्छ । राजनीति विज्ञानअनुसार देशले अङ्ग्रेजीको 'नेसन' शब्दलाई अनि राष्ट्रियताले 'न्यासनालिटी' - लाई बुझाउँछ । यस परिभाषाअनुसार भारतीय नेपालीको राष्ट्रियता 'भारतीय' भन्ने स्पष्ट हुन्छ । यो केवल देशसँग मात्र सम्बन्धित हुन्छ ।
- ❖ देश वा राष्ट्रको अर्थअनुसार सम भाषा - भाषी भएको जनसमूह नै देश वा राष्ट्र हो । राष्ट्रियताले आफ्नो राष्ट्रप्रति प्रेम, देशभक्ति तथा कुनै राष्ट्रको नागरिक हुनुको भावलाई बुझाउँछ भने राष्ट्रवादले राष्ट्रीय एकता, सम्पन्नता आदिको हितलाई सर्वोपरी मान्ने व्यक्तिको भावलाई बुझाउँछ ।
- ❖ जातीय एकताको सूत्रमा बाँधिएको भौगोलिक प्रदेशमा निवास गर्ने जनतालाई देश मान्ने हो भने जनता नै देश हो, राष्ट्र हो । यसैले राष्ट्र भनेको मानसिक जीवन तथा अभिव्यक्तिका एकताप्रति पूर्ण सचेत रहने सामस्कृतिक समानताको एउटा सामाजिक समूह हो ।
- ❖ मानवतावाद मान्छे – मान्छे बीचको भातृत्वको नाता, सम्बन्ध, स्नेह, प्रेम, माया साथै मान्छेले मान्छेलाई मानिस जस्तै पुज्नै भावना हो । यस वादद्वार मानवमा एका – अर्का प्रति प्रेम र स्नेहको भावना मात्र उत्पन्न नभएर जीवनप्रतिको मूल्य र महत्वको पनि आभास मानिसमा हुँदछ ।
- ❖ तेरो र मेरो भन्ने घिनलाग्दो भेदभावपूर्ण व्यवहार – आचरणको अन्त अनि गरीव र दीन – हीनप्रतिको माया पनि मानवतावादका कारण

मानवमा जाग्रह हुँदछ । मानिस – मानिस बीचको माया, प्रेम, स्नेह, भातृत्व र वसुधैव कुटुम्बकमको मन्त्र लिएर त्यसलाई साहित्यमा अभिव्यक्ति गर्नु नै मानवतावाद हो ।

- ❖ देशप्रति प्रेम र देशप्रति भक्ति सदैव बचाएर राख्ने मुलमनत्रलाई आत्मासाथ गरेर भारतेली नेपाली कविहरूले धेरै कविताहरूका सृजना गरेका पाउँछौ । आफ्नो देशलाई अन्य देश र जाति भन्दा उच्च देखाउँने, दुश्मन र शत्रदेखि बचाउँने, प्राण भन्दा धेरै माया गर्ने प्रवृत्तिका कविताहरू भारतेली नेपाली कविहरूले रचेका छन् ।
- ❖ देशको मया र देशप्रति समर्पण गरी लेखिएका कविताहरूलाई देशप्रेम, राष्ट्रप्रेम तथा राष्ट्रीय भावनाले ओतप्रोत कविता भनिन्छ ।
- ❖ देशप्रेम, राष्ट्रप्रेम तथा राष्ट्रीय भावनाले ओतप्रोत भएका आफ्ना कविताहरू लेख्ने भारतेली नेपाली कविहरूमा अगमसिंह गिरी, लक्खीदेवी सुन्दास, पुष्पलाल उपाध्याय, जस योञ्जन 'प्यासी', विकास गोतामे, इन्द्रबहादुर गुरूङ, के. बी. नेपाली, नरेशचन्द्र खाती, नोर्जाङ स्याङदेन, भविलाल लामिछाने, वीणा हाङखिम, शान्ति थापा, हरेन आले, रचना राई 'अनाकार' आदि प्रमुख छन् ।
- ❖ भारतेली नेपाली कविहरूले आ – आफ्ना कविहरूमा देशप्रेम, देशभक्ति, राष्ट्रीय प्रेम र राष्ट्रीय भावनालाई उजागार दर्गै भारत देश तथा जननी जन्मभूनिप्रति अगाध माया र स्नेह दर्शाएका छन् भन्न सकिन्छ ।
- ❖ भारतेली नेपाली कविताको आधुनिक चरणमा मानवतावादी प्रवृत्ति भएका कविता लेखन सर्वप्रथम भित्रिएको हो । यो स्वच्छन्दतावादी कविता लेखनमा भित्रिएको नोलो प्रवृत्ति पनि हो ।

- ❖ विश्व बन्धुत्व, स्वच्छन्द अभिव्यक्ति, हृदयग्राहिता, काल्पनिकता, भावुकता, प्रकृतिप्रेम, सौन्दर्यप्रति विशेष आकर्षण, कृत्रिमताबाट मुक्ति भएर यस चरणमा भारतेली नेपाली कविहरूले आफ्नो कविताको धडेरी निर्माण गरेका छन् । यसलाई मानवतावादी कविता लेखनको प्रष्ट पोशक मान्न सकिन्छ ।

- ❖ मानवतावादले धार्मिक कट्टरतावाद, अन्ध राष्ट्रवाद, जड सूत्रवाद र भ्रष्ट राजनीतिक पद्धतिको विरुद्धमा संघर्ष गर्ने शक्ति मानवलाई प्रदान गर्दछ।

- ❖ भारतेली नेपाली कवितामा मानवतावादी प्रवृत्तिलाई अङ्गाले आफ्नो कविता सृजना गर्ने कविहरूमा अगमसिंह गिरी, रामकृष्ण शर्मा, ओकिउयामा ग्वाइन, सानुमति राई, लक्खीदेवी सुन्दास, नरेन्द्रप्रसाद कुमाई, पुष्पलाल उपाध्याय, गोविन्द शर्मा गोतम, विधापति दाहाल, तुलसीबहादुर छेत्री, पदमसिंह सुब्बा, तुलसीराम शर्मा 'कश्यप', चक्रपाणि भट्टराई, भवानी धिमिरे, के. बी. नेपाली आदि उल्लेखनीय छन् ।

यस प्रखण्डको अध्ययनले देशप्रेम र मानवतावादी दृष्टिका आलोकमा भारतेली नेपाली कविताबारे बुनियाँदी जानकारी प्राप्त भयो । मूलरूपमा देशप्रेम र मानवताको भावना रहेको भारतेली नेपाली कविताहरूको अध्ययन गर्दै भारतबाट लेखिएका वा प्रकाशित भएका यस प्रवृत्तिका नेपाली कविताका विभिद प्रवृत्ति, महत्व र विशेषता सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो।

## ८.८ अनुशीलनी

1 . जातीय अस्मिताको परिभाषा केलाउँदै नेपाली साहित्यमा यस प्रवृत्ति लेखनको सर्वेक्षण गर्नुहोस् ।

2 . भारतेली नेपाली कवितामा जातीय अस्मिताका स्वर भएको साहित्यको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

3. भारतेली नेपाली जातीय अस्मितामूलक साहित्यको महत्त्व र मूल्यलाई चिनाउँनुहोस् ।

4. नेपाली जातीय अस्मिता र चेतनामूलक साहित्यको मुख्य – मुख्य विशेषताहरूबारे विश्लेषण गर्नुहोस् ।

५. नेपाली जातीय अस्मिता र राष्ट्रीय चेतना रहेका कविताको साम्य र बैषम्यबारे विवेचना गर्नुहोस् ।

६. दार्जिलिङ र पूर्वाञ्चलवाट प्रकाशित जातीय अस्मिताप्रधान काव्य – कृतिहरूको अध्ययन गर्नुहोस् ।

७. हिन्दी साहित्य र नेपाली साहित्यका जातीय अस्मिताप्रधान कविताहरूमाथि तुलना गर्नुहोस् ।

८. हिन्दी साहित्य र नेपाली साहित्यका राष्ट्रीय भावनाप्रधान कविताहरूका तुलना गर्नुहोस् ।

९. नेपाली जातीय अस्मितामूलक कविताका पृष्ठभूमिबारे एउटा गतिलो लेख तयार पार्नुहोस् ।

10. भारतेली नेपाली नैतिक जातीय अस्मितामूलक कविताहरूका विकासमा पत्र – पत्रिकाको के कस्तो भुमिका रहेको छ ? विवेचना गर्नुहोस् ।

11. नेपाली जातीय अस्मिता तथा चेतनामूलक कविताहरूका विकासक्रमबारे व्याख्या गर्नुहोस् ।

12. भारतेली नेपाली जातीय अस्मिता, अस्तित्व र चेतनामूलक कविताको वैशिष्ठबारे लेख लेख्नुहोस् ।

## 8.9 अतिरिक्त अध्ययन


१. रिसाल, राममणी – **नेपाली काव्य र कवि** ।

२. सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।

३. श्रेष्ठ, रमेश – **नेपाली कविताको प्रवृत्ति** ।

४. प्रधान, कुमार – **पहिलो पहर** ।

५. शर्मा, तारानाथ – **नेपाली साहित्यको इतिहास** ।

६. प्रधान, कुमार – **अगमसिंह गिरीको कवितामा जातीय भावना** ।

७. जिम्बा, टेकध्वज आशा – **आधुनिक भारतीय कविता संचयन** ।

८. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास** ।

९. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्दान्त र नेपाली कविताको इतिहास**।

१०. नामदुङ, जीवन - **अगमसिंह गिरीका कविताको अध्ययन र आधार** ।

११. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

१२. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

१३. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति ।**

१४. उपाध्याय, केशवप्रसाद - **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति ।**

१५. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि ।**

१६. आले, हरेन – **नव आधुनिक नेपाली कविता ।**

१७. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता ।**

१८. उप्रेती, सञ्जीव -– **सिद्धान्तका कुरा ।**

यस अतिरिक्त देशप्रेम र मानवतावाद सम्बन्धि कविताबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रकाहरूको पनि अध्ययन ।

## 8.10 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

१. देश र राष्ट्रमा भेद ।

...................................................................................

...................................................................................

...................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ८.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. राष्ट्रीयता र राष्ट्रवादमा विभेद ।

...................................................................................

...................................................................................

...................................................................................

Notes

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ८.3 को राष्ट्र, राष्ट्रबादको अर्त र परिभाषामा उत्तर खोज्न सक्नेछन् )**

३. मानवता र मानवतावादमा पार्थक्य ।

......................................................................................

......................................................................................

......................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ८.५ को मानवतावादको अर्थ र परिभाषामा उत्तर खोज्न सक्नेछन् )**

४. देशप्रेममूलक र मानवतावादी नेपाली कविताका भाषा – शैली ।

......................................................................................

......................................................................................

......................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ८.4 र ८.६ को भारतेली नेपाली कवितामा देशप्रेम र मानवतावादमा उत्तर खोज्न सक्नेछन् )**

५. भारतेली नेपाली साहित्यको विकासमा देशप्रेम र मानवतावादी कविताको योगदान ।

......................................................................................

......................................................................................

......................................................................................

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ८.4 र ८.६ को भारतेली नेपाली कवितामा देशप्रेम र मानवतावादमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – ९, भारतेली नेपाली कवितामा समाजवादी यथार्थवाद

## संरचना

9.0 उद्देश्य

९.1 परिचय

9.2 समाजवादी यथार्थवादको अर्थ र परिभाषा

9.3 भारतेली नेपाली कवितामा समाजवादी यथार्थवाद

9.4 उपसंहार

9.5 सार

9.6 अनुशीलनी

9.7 अतिरिक्त अध्ययन

9.8 मुल्यबृद्धिको निम्ति उत्तर

## 9.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- समाजवादी यथार्थवादको अर्थ र परिभाषा
- समाजवादी यथार्थवादको परिचय
- समाजवाद र यथार्थवादमाझ भिन्नता
- समाजवादी यशार्थवादी भारतेली नेपाली कविका परिचय

- समावादी यथार्थवादका तत्त्वहरू
- समाजवादी यथार्थवादीमूलक भारतेली नेपाली कविता

## 9.1 परिचय

साधरण अर्थमा **समाजवादी यथार्थवाद** भनेको एउटा साहित्यिक सिद्धान्त हो । स्वच्छन्दतावाद, आदर्शवाद, प्रगतिवाद, मनोविश्लेषणवाद, आलोचनात्मक यथार्थवाद, अतियथार्थवाद आदि साहत्यका विभिद सिद्धान्तहरू हुन् भने समाजवादी यथार्थवाद पनि एक साहित्यिक सिद्धान्त नै हो । यसैभित्र साहित्य सिर्जनात्मक विधि पनि आउँने गर्दछ । हुन त सिद्धान्त र विधि फरक कुरा हो ।

'समाज' र 'यथार्थ' दुई शब्दको योगले बनिएको समाजवादी यथार्थवादमा दुव्दवात्मक तथा ऐतिहासिक भौतिकवाद, वर्गसङ्घर्ष, क्रान्तिमा बल प्रयोगको भूमिका, सर्वहारा वर्गको अधिनायकत्व आदि मुल धटकको रूपमा रहेको हुन्छ । दर्शन, राजनीति, विचारधारा, कला साहित्यका क्षेत्र र चिन्तनका फाँटमा समाजवादी यथार्थवादीहरू क्रियाशील रहेका छन् । समाजवादी यथार्थवाद समाजवादी क्रान्ति, सामाजवादी समाज, समाजवादी संस्कृतिसँग सम्बन्धित हुन्छ । यो यथार्थवाद मुलरूपमा माक्र्सवादी अवधारणासँग सम्बन्धित रहेको छ । आजको सन्दर्भमा समाजवादी यथार्थवादलाई सबैभन्दा विकसित र वैज्ञानिक साहित्यिक अवधारणा मानिन्छ । सोभियत रुसमा १९२0 देखि ८0 सम्म समाजवादी यथार्थवादमा आधारित साहित्यहरु लेखिए । समाजवादी यथार्थवादको विकासमा आलोचनात्मक यथार्थवादको ठूलो भूमिका रहेको छ।

साहित्य सिर्जनाका सन्दर्भमा विभिन्न पदावली प्रयोग गरिएको हुनाले नेपाली साहित्यमा यसबारे अनेक भ्रमहरु पनि छन् । विशेषत: प्रगतिवाद समग्र माक्र्सवादी साहित्य सिद्धान्त हो । साहित्य सम्बन्धी समग्र सिद्धान्त नै प्रगतिवाद हो । तर समाजवादी यथार्थवादलाई यस अर्थमा अर्थाउन मिल्दैन । यो माक्र्सवादी साहित्यभित्रको महत्वपूर्ण एउटा अवधारणा हो । यो समग्र माक्र्सवादसम्बन्धी साहित्य सिद्धान्त चाहिँ होइन । समाजवादी यथार्थवादलाई समाजवादी कुराको साँचो प्रतिबिम्बन मात्र मान्न सकिन्न । यसभित्र समाजका यावत् साँचो, सत्य तथ्यका अतिरिक्त ज्ञान मीमांसा, मूल्य मीमांसा समेत आउने हुनाले समाजवादी यथार्थवादलाई प्रगतिवाद र माक्र्सवादीको समकक्ष मान्नु उचित देखिन्छ ।

समाजवादी यथार्थवादले समाज र जीवन जगत्को वस्तुनिष्ठ एवम् कलात्मक प्रतिबिम्बनमा जोड दिनुका साथै समाज विकासका हरेक मोडमा देखिने व्यवधान अनि अन्तर्विरोध र त्यसबाट उत्पन्न परिस्थितिको ठोस व्याख्या एवम् विश्लेषण गर्दछ । यसका साथै समाजवादी यथार्थवादले समाजको ऐतिहासिक विकासका विभिन्न चरणको ठोस व्याख्या गर्दै भविष्यप्रति आशावादी दृष्टिकोण प्रस्तुत मात्र गर्दैन अपितु भविष्य प्राप्तिका लागि उत्प्रेरित समेत गर्दछ । समाजवादी यथार्थवादले कला साहित्य सम्बन्धी सौन्दर्यात्मक, ज्ञानात्मक तथा विचारधारात्मक पक्षको सम्यक् विवेचन गर्दै यी तिन वटा पक्ष भन्नु नै कलाका कार्य हुन् भन्ने वस्तुनिष्ठ धारणा प्रस्तुत गर्दै आएको छ ।

## 9.2 समाजवादी यथार्थवादको अर्थ र परिभाषा

'समाज' र 'यथार्थ' दुई शब्दको योगले बनिएको समाजवादी यथार्थवादको अर्थ र परिभाषामा विभिदता पाइन्छ । माक्र्सवादका आधारभूत मान्यताका रूपमा स्थापित यस वादमा दुव्दवात्मक तथा ऐतिहासिक भौतिकवाद, वर्गसङ्घर्ष, क्रान्तिमा बल प्रयोगको भूमिका, सर्वहारा वर्गको अधिनायकत्व आदि मुल धटकको रूपमा रहेको हुन्छ । दर्शन, राजनीति, विचारधारा, कला साहित्यका क्षेत्र र चिन्तनका फाँटमा समाजवादी यथार्थवादीहरू क्रियाशील रहेका छन् । सर्वहारा वर्गको प्रतिनिधि क्रान्तिकारी शक्ति हो । यसै मूलभूत मान्यता तथा विचारधारालाई स्वीकार गर्दै पुँजीवादी संसदवादी सामाजिक सत्ता र व्यवस्था निर्माणका निम्ति अग्रसर भएका छन् । सर्वहारावर्गको उद्देश्य विपरीत दलाल पुँजीवादी तत्वको हितकारी भई क्रान्तिकारी वर्गको विरोध गर्नु तिनको विशेषता रहको छ ।

समाजवादी यथार्थवादले गैरसर्वहारा वर्ग विशेषको रुचि, सौन्दर्य र वृत्ति र आनन्दको प्राप्तिका निम्ति क्रान्तिकर्मी आदर्शलाई परित्याग गर्दछ । तिनका चिन्तनमा सर्वहारा वर्गको आर्दश र बुर्जुवा वर्गको आदर्शलाई घोलमाल गरी आफुलाई असल बनाउने चाहको सङ्केत गरिएको पाइन्छ । नयाँ जनवादी क्रान्ति र त्यसको स्वरूपको विरोध गर्नु र बुर्जुवा समाजवादीहरूसँग सन्निकट रहनु तिनको वैशिष्ट्य हुन पुगेको छ । क्रान्तिकारी र संशोधनवादीका बिच झिनो विभाजक रेखा रहेको हुनाले क्रान्तिकारी र संशोधनवादीलाई छुट्याउनु गाह्रो हुन्छ । तापनि वैचारिक एवम् वर्गीय अवस्थिति र तिनका संसदीय बुर्जुवा आत्मिक तथा भौतिक क्रियाकलापबाट नै संशोधनवादीहरूको पहिचान गर्न सकिन्छ । वर्गीय सङ्धर्ष, सर्वहारा तथा उत्पीडित, भूमि उच्छेद, देश निकाला, बहिष्कार आदि नै समाजवादी यथार्थवादको उद्भवका कारणहरू हुन्

। आजको वैज्ञानिक र विकसित देशमा वर्गसङ्घर्षलाई वर्गसमन्वयमा फेर्नु र मुक्ति र मुक्तिकामी विचारलाई छोड्नु अनि क्रान्तिकारी भूमिका परित्याग गरी सर्वहारा वर्गको अधिनायकत्व सम्बन्धी प्रतिमान त्याग्नु संशोधनवादीहरूको चिन्तन र विचारधाराको सारवस्तु मानिन्छ । वर्गसङ्घर्ष र सर्वहारा वर्गको अधिनायकत्व प्रश्नलाई गौण बनाउनु भनेको समाजमा रहेका असमानता, विभेद र वैषम्यलाई नदेख्नु हो । यसलाई बडाव दिनु पनि हो । मूलरूपमा सर्वहारा र क्रान्ति सम्बन्धी विचारधारात्मक अग्रगामी गतिलाई निस्तेज पार्दै अन्ततः प्रतिक्रियावादमा पतन भई क्रान्ति र परिवर्तनलाई धोका दिने काम गर्नु हो । यसर्थ समाजवादी यथार्थवादले समकालीन युगमा मालेमावादबाट दार्शिनिक वैचारिक र राजनीतिक विचलनको धोर विरोध गर्दछ ।

समाजवादी यथार्थवाद मूलतः पुरातन, यथास्थितिवादी, आदर्शवादी एवम् पुँजीवादी साहित्यिक मान्यताका प्रतिध्रुवमा स्थापित वैज्ञानिक विधिमा आधारित उन्नत साहित्यिक मान्यता हो जसले समाज विकासको आधारभूत प्रक्रियाका रुपमा वर्ग सङ्घर्षमा जोड दिन्छ । वर्गीय संरचनायुक्त समाजमा वर्ग सङ्घर्ष अपरिहार्य हुने हुँदा कला साहित्यमा पनि वर्ग सङ्घर्षको कलात्मक प्रतिबिम्बन सम्बन्धी व्याख्या समाजवादी यथार्थवादले गर्दछ । विशेषगरी संशोधनवाद समाजावादी यथार्थवादी साहित्य कला विरुद्ध उभिएको पाइन्छ । यसले क्रान्तिमा बलपूर्वक सत्ता हत्याउने कार्यको निषेध गर्दछ । यो क्रान्तिकारी उदात्त आदर्शबाट च्यूत हुन्छ । महान् नायक, वस्तु र परिवेशको विरुद्ध छ । यसर्थ समाजवादी यथार्थवादले वर्गसङ्घर्ष र सर्वहारा वर्गको अधिनायकत्वलाई मान्दैन । यसले संसदवाद, वर्ग समन्वयवाद तथा प्रतिक्रियावादलाई पनि स्वीकार गर्दछ । यसले सर्वहारा तथा उत्पीडित वर्गको

महान् र उदात्त आदर्श चरित्र र प्रवृत्तिको पुनरुत्पादन भन्दा त्यसको विरूपीकरण गरी प्रस्तुत गर्दछ । यस अतिरिक्त उत्सर्ग तथा बलिदानपूर्ण सौन्दर्यात्मक अन्तर्वस्तुको निषेध र जनवादी क्रान्तिको विरोध गर्छ । अत : समाजवादी यथार्थवादले यथार्थको क्रान्तिकारी विकासमा भन्दा त्यसको स्थिरतामा जोड दिई शोषणकारी व्यवस्था सुदृढ गर्ने कुरामा जोड दिने गर्दछ ।

## 9.3 भारतेली नेपाली कवितामा समाजवादी यथार्थवाद

**अन्य साहित्यमा झैं भारतेली** नेपाली साहित्यमा पनि समाजवादी यथार्थवाद मूल धाराका रूपमा रहेको देखिन्छ । भारतमा यस वादले ज्यादा मौलिने मौका पाएको साहित्यिक विधा भने कविता नै हो । यसर्थ भारतेली नेपाली कवितामा पनि समाजवादी यथार्थवाद यत्र – तन्त्र छरिएका पाउँछौं ।

समाजवादी यथार्थवादलाई समेटेर भारतेली नेपाली कविहरूले आफ्ना कविताहरूमा छुट्टै क्रान्तिकारी र विद्रोहीभूमिका सहित विशिष्ट पहिचान स्थापित गरेका छन् । आफ्नो पृथक् विश्वदृष्टिकोणका साथै वर्ग पक्षधरता रहनु र यथार्थ प्रति इमान्दार हुनु समाजवादी यथार्थवादी भारतेली नेपाली सर्जकहरूको वैशिष्ट्य रहेको छ । वर्ग, विचार र यथार्थ प्रतिको सकृय प्रतिबद्धताका साथै आशावादिता एवम् मुक्त जीवन निर्माण प्रतिको तीव्र आकाङ्क्षा व्यक्त हुनु, ऐतिहासिक र समकालीन यथार्थको वस्तुपरक र सौन्दर्ययुक्त प्रतिबिम्बन गर्नु, क्रान्तिकारी वर्ग, पार्टी र विचार प्रति प्रतिबद्ध भई क्रान्तिलाई सहयोग पुराउँनु जस्ता युगीन दायित्व निर्वाह गर्नु

समाजवादी यथार्थवादी भारतेली नेपाली साहित्यको संज्ञान परक, विचार परक तथा कलात्मक काम भएको छ ।

विचारहीनता तथा अराजकतावादी दृष्टिकोणका विपरीत समाजवादी यथार्थवादी रचनाकार आफुलाई सिद्धान्तवादी एवम् क्रान्तिकारी प्रवृत्तिका साथ आफ्ना रचनामा उभिने सक्षम छन् भारतेली कविताहरू । प्रारम्भिक समयमा भारतीय नेपाली साहित्य, कला तथा सौन्दर्य चिन्तनका फाँटमा केवल धर्म, अध्यात्म, नीति, उपदेश, समाज सुधार, प्रकृति आदि कुरालाई ध्योतन गर्नु मै सीमित थियो । तर आजको साहित्य लेखनले रोजेको बाटो फरक र नौलो छ । विशेषत: भारतेली नेपाली कविहरूले समाजवादी यथार्थवादका आधारमा नेपाली समाजका यथार्थको अंकन गर्न सकिने विचार राख्दै यस प्रवृत्तिका साहित्यको रचना गरेको मान्न सकिन्छ । हुन त कुनै पनि साहित्यमा क्रान्तिको हिंसात्मक स्वरुपलाई अस्वीकार गरी बुर्जुवा संसदीय संरचनालाई स्वीकार गरेर पनि त्यस्तै स्रष्टाबाट समाजवादी यथार्थवादी साहित्य सिर्जना सम्भव हुन्छ भनी हाल्न सकिन्न ।

भारतको इतिहासमा कम्युनिष्ट आन्दोलन र यस आन्दोलनको अवधारणा, मान्यता र नियनमा धेरै साहित्यिक रचनाहरू कोरिएका छन् । यसमा नेपाली कविता पनि पछि हटेका छैनन् । कवि वैरागी काइँलाको **मातेको मान्छेको भाषण, मध्यरातपछिको सडकसित, हाट भर्ने मानिस**, **अस्तित्वको दावीमा साबालको बैला उतस्व**, **गङ्गा नीलो बग्छ**, कवि आगमसिंह गिरीको **छोरालाई**, **मोहब्बत – गल्ली**, **तिमी त यहाँ नचिनिने भएछौं !,** हरिभक्त कटुवालको **यो जिन्दगी खै के जिन्दगी,** विकास गोतामेको **लड वीरबहादुर ! तिमी लड !, रगतका हस्ताक्षर** आदि कविताहरूमा समाजवादी यथार्थवाद

आधिक्य रूपमा सलबलाएको पाइन्छ । नेपाली आधुनिक कविताको प्रारम्भ बिन्दु मानिने कवि लेखनाथ पौड्यालको **पिँजडाको सुगा** कवितालाई समाजवादी यथार्थवाद पहिलो गन्ध भएको कविता मान्न सकिन्छ । मूलरूपमा तत्कालिन राणा शाषणप्रति घोर विरोध र भत्सर्ना गर्दै लिखिएको **पिँजडाको सुगा** कविता विद्रोहमूलक प्रवृत्तिमा लेखिएको क्रान्तिकारी कविता मानिन्छ । कवि लेखनाथका अनेकौँ फुटकर कविताहरू 'काल महिमा', 'सत्य - सन्देश', 'जीवन - चङ्गा', 'गौँथलीको चिरिबिरि' जस्तै प्रस्तुत **पिँजडाको सुगा** कवितालाई पनि फुटकर कविताकै श्रैणीमा दर्न सकिन्छ । तर उनका अन्य कविताहरू भन्दा यस कविताको मूल्य र महत्व नेपाली साहित्यमा सौष्ठवमयी रहेको छ ।

राणाकालीन युगमा नेपाल अस्तव्यस्त, खोरण्डो र लड्गडो थियो । साधारण निमुखा जनताहरू राणाहरूका आज्ञा पालन गर्नु सिवाय अर्को विकल्प थिएन । देश देश जस्तो थिएन । जनताहरू राणाहरूका पिँजडा सरह पञ्जामा जाकिएका थिए । कसैले खलेर राणा विरूद्धमा केही विरोध गर्न खोजे तथा अलिकति भान मात्र पाए, राणाले ती व्यक्ति वा जतनालाई कठोर सजाई दिन्थे । यहाँसम्म कि साहित्यकारहरू धरीले खुलेर साहित्य लेख्न पाइँदैनथ्यो । राम्रा सृजना पनि आगोमा झोस्नुपर्थ्यो वा त स्रष्टाले चिसो खोरमा सुत्न जानुपर्थ्यो। त्यसैले लेखनाथ पौड्यालले जति लेखे, धेरै लेखे । यसै प्रसङ्गमा उनी आफै भन्थे "मेरो समयमा त म एक्लो जस्तै थिएँ। त्यति बेला लेख्नु त पापै सम्झिन्थ्यो । तर मैले त्यस्तो समयमा पनि लेखेँ नि !" यसरी राणाहरूको जगजगी शाषणमा पनि उनीहरूकै विरोध गर्दै पिँजडाको सुगा

लेखेर कवि लेखनाथ नेपाली जाति तथा सोझा जनताको निम्ति परोपकारी कवि पनि बन्न गएका छन् ।

पिँजडाको जस्तो जीवन विताउँन विवश तत्कालिन नेपाली जतनाको गुणासो पनि हो प्रस्तुत **पिँजडाको सुगा** कविता । यस कवितालाई एउटा प्रतिकात्मक कविता पनि मान्न सकिन्छ । यहाँ 'पिँजडा' भन्नाले नेपालका राणा र उनीहरूका कुर शाषण अनि 'सुगा' भन्नाले निमुखा नेपाली जतनालाई बुझिन्छ । तत्कालिन नेपाली जतना कुन अवस्थामा रहेका थिए भन्ने कुराको उल्लेख कविताको यस पङ्क्तिबाट हुन्छ -

***वरिपरि बैरीहरू छन् सारा, छैन कतैतिर कोही सहारा,***
***के गरू, कसरी उम्की जाऊँ, को सित मनको दर्द विसाऊँ ।***

प्रस्तुत **पिँजडाको सुगा** कविताले तत्कालिन नेपाल राणा शाषणलाई मात्र इङ्गित नगरेर वर्तमान हाम्रो देश, राष्ट्र, राज्य र समाजको कोल्टे नितिलाई पनि ध्योतन गर्न चाहेका छन् । हामी भारतीय नेपालीहरू देश स्वाधिन भएको आज बहत्तर (७२) बर्ष भएर पनि आफ्नै देशमा अन्य राणा सरह व्यवस्था र नियमदेखि स्वाधिन भएका छैनौँ । हाम्रो जातीय अस्तित्व, चिन्हारी र जाजीय मुक्ति अझै पनि शङ्कटकै धेरामा परिरहेका छ । हामी हाम्रै समाज, नीति र नियमको पिँजडामा जकडिएका छौँ । खै हाम्रो स्वातन्त्रता ?, खै हाम्रो उन्मुक्ति ? कहिलेसम्म अर्का कै अधिनमा बस्नु । यसैले यस्तो तुच्छ सुगा सरह अन्यको अधिनमा बस्नुपर्ने मानव चोला बारे धिक्कार गर्दै कवि भन्छन् -

*पृथ्वी तलमा एउटासम्म, मानिस बाँकी रहदासम्म,*

*तुच्छ सुगाको जन्म नदेऊ ।*

यसरी कवि लेखनाथ पौड्यालले झै कवि गोपालप्रसाद रिमालको सन् १९७३ मा प्रकाशित **आमाको सपना** कविता सङ्ग्रहमा सङ्ग्रहित जम्मा २८ वटा कविताहरूमा प्राय: कविताहरू समाजवादी यथार्थवादी मै लेखिएको पाइन्छ । प्रस्तुत कविता सङ्ग्रहमा सङ्ग्रहित **त्यो क्रान्तिको प्रतिक**, **आमाको सपना**, **दन्त्य कथा** , **जङ्गी निसान हाम्रो**, **परिवर्तन** आदि कविताहरूलाईमा विशेष यस वादको घेरै गन्ध पाइन्छन् ।

कवि रिमालको **आमाको सपना** कविता बिद्रोहको स्वरमा क्रान्तिलाई डाकिएको अत्यचारी राणा शासनप्रति उठाइएको ठाडो औंला हो । नेपालमा राजनैतिक परिवर्तनको उद्देश्य लिएर नयाँ बिहानीको अपेक्षा गर्दै लेखिएको **आमाको सपना** कवितामा कवि रिमालले ठाउँठाउँ कडा शब्दमा शाशन र व्यवस्थाप्रति बिरोध, अन्याय र अत्यचारप्रति बिद्रोह गरेका छन् । कवि रिमाल स्वभावले नै बिद्रोही थिए । यसको प्रमाण उनी कुनै पनि जागिरमा स्थायी रूपले लामो अवधिसम्म नरहेको घटनाबाट प्राप्त हुन्छ । विशेषगरेर कवि रिमालको समयमा नेपालमा जहानिया रामा शासन थियो । यस निरङ्कुश जहानियाँ राणा शासनमा जनताले पाएको यातना र भोगेको दुखहरूलाई उनले नजिकबाट अनुभव गरेका थिए । नेपालको 200७ सालको जनक्रान्ति र सन् 2003 अनि 200७ मा कवि स्वयंलाई राणाले 12 बर्षसम्म कठोर काराबासमा थुनेका थिए । यस अतिरिक्त बर्दियामा अमिनको जागीर छाडी भारत पकेको कवि रिमाल पण्डिचेरीको अरविन्द आश्रममा सत्य र गीताध्यन गरी नेपाल फर्किन्दा शहीद काण्ड घटिसकेको थियो । यसर्थ काठमाण्डौ फर्किएको एक वर्षपछि राणाहरूको कडा स्वरमा बिरोध गर्दै नेपालको उज्ज्वल

भविष्यको लागि प्रजातन्त्रको स्थापनाको निम्ति लेखिएको कविता हो – **आमाको सपना** । यस कवितामा प्रतिकात्मक रूपमा राणाहरूप्रति बिरोध गर्दै भोलिको सुन्दर भविष्यप्रति कवि भन्छन् -

*आमा, त्यो आउँछ र*

*हो, बा त्यो आउँछ ।*

*त्यो बिहानको सूर्यझैं उज्यालो छर्दै आउँछ ।*

प्रस्तुत कवितामा 'त्यो' भन्नाले क्रान्ति, 'बा' भन्नाले साधारण जनता, 'आमा' भन्नाले नेपाल देश र 'बिहानको सूर्य' भन्नाले भविष्यको सुखद दिनलाई बुझिन्छ । यस कवितामा कवि रिमालले नेपालको निस्सासिदो राजनैतिक र सामाजिक अवस्थालाई परिवर्तन गर्न चाहेका छन् । विश्वका विभिन्न देशहरूका क्रान्तिकारी लेखक रूसो, मार्टिन लुथर, पाब्ले नेरूदा, कन्फ्युसियल आदिका लेखनबाट देशमा नयाँ समाजको निर्माण भएको छ । यसर्थ प्रस्तुत **आमाको सपना** कवितामा कवि रिमालले नेपालमा 104 बर्षीय एकतन्त्रीय राणा शासनबाट नेपाल आमा र नेपाली जनतालाई मुक्ति गर्न चाहेका छन् । यसैले कवि भन्छन् –

*तर त्यो हिउँ र आगो भन्दा पनि बढ्ता छोइने भएर आउँछ ।*

नारीप्रति अगाध श्रद्धा गर्ने कवि रिमालसे प्रस्तुत कवितामा आमालाई प्रत्येक पल्ट सन्तान जन्माउँदा कुनै सुपुत्र जन्मलान् र आफ्नो दुख, कष्ट हटाइदेला भन्ने आशा छ । तर त्यो सन्तानहरू कपुतहरूकै लहरमा उभिने प्रवृत्तिका जन्मिएको देखे तापनि आमाले कहिले पनि नछिटाई माया र स्नेह गर्ने

गर्छन् भन्ने मातृशुलभ भावना पनि यहाँ पाइन्छ । यसर्थ ती सन्तानहरूलाई नयाँ जोश र जोगर छर्दै आमा भन्छिन –

*हेरौला, त्यो हुरी भएर आउनेछ र तिमी पात भएर पछ्याउने छौ ।*

वस्तुत : **आमाको सपना** कवितालाई राणा शासनको अन्त गर्ने पहिलो साहित्यिक बिस्फोट मान्न सकिन्छ । यस कवितामा बिम्ब र प्रतीकको सुन्दर प्रयोग, बिषयबस्तुमा नौलोपन, नयाँ अभिलाषा र त्यसका लागि बिद्रोहका स्वरहरू मुखरित भएका छन् ।

विशेषगरेर सत्य निष्ठता, जीवनको गहन सत्यपरक चित्रण, गतिशिल यथार्थको चित्रण, समाजवादी तथा साम्यवादी शिक्षा सम्प्रेषण गर्ने अभिभारा, कम्युनिष्ट नैतिकता, जनतासँगको सम्बन्ध तथा प्रतिबद्धता, सक्रिय क्रान्तिकारी नायक आदि समाजवादी यथार्थवादको आम अभिलक्षण हो । भारतेली नेपालीको विशिष्टतामा सिर्जित साहित्यभित्र पनि यिनै अभिलक्षणहरु हुन जरुरी छ । देशी - विदेशी उत्पीडन, प्रवासी – अप्रवासीको लाण्छन्, वर्गीय उत्पीडन आदिलाई सक्दो विरोध समाजवादी यथार्थवादी साहित्यले गर्नुसक्नु पर्दछ । मुलत: ब्लु ऐ. लेनिनले कानुनी माक्र्सवादीहरु, अर्थवादीहरुसँग लडेर वैचारिक रुपमा स्थापित गरेका सिद्धान्त भन्दा बाहिर गएर समाजवादी यथार्थवादी साहित्य लेखिन सकिन्दैन भनी भनेका पनि छन् । यसर्थ समाजवादी यथार्थवाद लेखनमा सर्वहारावर्गको अधिनायकत्वलाई नमान्ने, वलपूर्वक सत्ता प्राप्त गर्ने कुरालाई सैद्धान्तिक रुपमा अस्वीकार गर्ने, पार्टीको संरचना, स्वरुप, कार्यप्रणाली आदिलाई नमान्नेले कुरा रहनु हुँदैन । यसलाई यान्त्रिक रुपमा भने सोच्नु हुँदैन ।

समाजवादी यथार्थवादी साहित्यलाई स्थीरतामा होइन गतिमा बुझ्नु पर्दछ । यो विकसित हुँदै जान्छ । यसको पथप्रदर्शक सिद्धान्त भनेको माक्र्सवाद – लेनिनवाद - माओवाद विचार हो । यसर्थ समाजवादी यथार्थवादमा लेखिएको साहित्य वा कविताले सक्रिय र गतिशिल यथार्थको प्रतिबिम्बन गर्दै , नकारात्मक यथार्थको विरोध गर्दै सकारात्मक यथार्थलाई माथि उठाउनु सक्नुपर्दछ । साँच्चै भारतेली नेपाली कविहरूले यस कुरामा अवश्य नै आफ्ना कविताहरूमा जोड दिएका छन् । यही कारणले होला भारतेली नेपाली कवितामा सही विचार र गलत विचार, नायक र खलनायक, पुरानो विचार र नयाँ विचार अर्थात् पुरानो चेतना र नयाँ चेतनाबीचको अन्तरविरोध अभिव्यक्त भएका पाउँछौं । खासै रूपमा भन्ने हो भने भारतेली नेपाली कविता साहित्यमा चलेको **राल्फाली आन्दोलन, आयामेली आन्दोलन, लीली लेखन, सङ्क्रमण लेखन, विचलन, समावेशी** आदि समाजवादी यथार्थवादकै लेखनको रूप मान्न सकिन्छ ।

नेपाली साहित्यमा समाजवादी यथार्थवादी सिर्जन विधिको प्रयोग वि. सं. 200७ सालको राजनीतिक घटना पश्चात् भएको हो । भारतेली नेपाली कवितामा भने सन् १९4७ सालमा देश स्वतन्त्रता भएपछि यस प्रवृत्तिका कविता लेखनमा तीव्रता आएको देखिन्छ । भारतेली नेपाली कवितामा समाजवादी यथार्थवादी चिन्तन सिर्जनको प्रयोग सन् १९4७ सालपछि मात्र हुनुको पछाडि पनि केही वस्तुगत कारणहरु रहेका छन् । सन् १९4७ भन्दा पूर्व भारतमा गोरा अङ्ग्रेज वा ब्रिटिशहरूको अधिन सम्पूर्ण भारतीय रहनु बाध्य थिए । त्यससमय झन् धैरै समाजवादी यथार्थवादी चिन्तन सिर्जनको प्रयोग भएका साहित्य भारतबाट नेपाली स्रष्टाहरूले लेखिनु पर्ने ।

भारतेली नेपाली साहित्यमा समाजवादी यथार्थवादी कविता लेखनको मूल पृष्ठभूमिमा राजनीतिक पृष्ठभूमिलाई प्रमुख आधार मानिन्छ । जसरी नेपालमा पृथ्वीनारायण शाहको एकीकरण अभियान पश्चात् विकेन्द्रित सामन्ती राज्य रजौटाहरुको अन्त्य भई केन्द्रीकृत सामन्ती व्यवस्थाको स्थापना हुन गयो, त्यसरी नै भारतमा पनि ब्रिटिश शासनको अन्तपछि कमानका मालिक, साहेब, ठेकादार, जमीनदार भनाउँदाहरू बरच्सस्वरूप सोझा – निमुखा नेपालीहरूमा सामन्ती व्यवस्था लागु भएर गयो । यसअतिरिक्त चिया कमानका जमिनको अधिकांश हिस्सा शासक, साहेब, मालिक, प्रबन्धक आदिको कब्जामा हुनु तथा यिनै जमिनमा उम्रेको चियापत्तीबाट मालिक भनाउँदाहरूले मोज – मज्जा गर्नुले पनि भारतेली नेपाली कविता समाजवादी यथार्थवादी लेखनको प्रयोग भएको मानिन्छ । उदाहरणको निम्ति कवि विकास गोतामे र कवि अगमसिंह गिरीका कविताहरूलाई लिन सकिन्छ । कवि गिरीको **मोहब्बत – गल्ली** कवितामा समाजवादी यथार्थवाद यसरी प्रयोग भएको छ -

***भतभत पोल्ने चित्त बिथोलने आत्म – ग्लानिको घाउ***
***दोहन शोषण जलन छ गहिरो केवल हेर्दै जाऊ***
***कसरी उसले आज बताऔस् दरदी ह्रदय फारी***
***भन्न सजिलो छैन व्यथाको घाउ छ दिलमा भारी ।***

सन् १९१६ मा नेपाल सरकार र ब्रिटिश इष्ट इण्डिया कम्पनीबीट **सुगौली - सन्धि** भयो । यस सन्धिले राष्ट्रियताको भाव सुशेल्ने नेपाली साहित्यकारहरु (विशेषतः कविहरु) - लाई ठुलो आघात पुग्यो । त्यसैको परिणाम नेपाली

साहित्य भक्तिको मार्गतर्फ र उत्तरोत्तर शृङ्गारिक लेखन तर्फ प्रवृत्त हुन थाल्छ । अर्थात् सामन्ती उत्पीडन र विसङ्गतिका बिरुद्ध कलम चलाउने साहस यतिबेलाका साहित्यकारले गर्न नसकेकै देखिन्छ । सन् 1९01 दार्जिलिङबाट **गोर्खे खबर कागत्** सन् 1९0६ मा बनारसबाट **सुन्दरी** , सन् 1९0८ मा बनारसबाटै **माधवी** तथा सन् 1९1५ फेरि बनारसबाटै **गोर्खाली** आदि पत्र - पत्रिकाको प्रकाशनले लेखनमा गतिशीलता आए पनि निरङ्कुश सत्ता र शासकका विरुद्ध तात्कालीन साहित्यकारहरुले कलम चलाउने हिम्मत गरेनन् । तर यो समाजवादी यथार्थवादी लेखनको पृष्ठ पोशक बन्यो । फलत: **गोर्खा संसार** (सन् 1९2६), **तरुण गोर्खा** (सन् 1९2८), **उदय** (सन् 1९3७) आदि पत्रिकाले जागरणमुखी स्वर सुशेल्नुका साथै भारतेली नेपाली कविता साहित्यलाई आधुनिकतातर्प डोर्याउने प्रयत्न गरेको देखिन्छ ।

नेपाली कवितामा आधुनिक कालको प्रचेष्टा आधुनिकता र यथार्थवादसँग गाँसिएको छ । भारतीय नेपाली कवितामा आधुनिक कालको आरम्भ यथार्थवादको समानान्तरमा भएको उल्लेखका साथ त्यसको श्रेय सन् 1९01 देखि प्रकाशित भएका विभिन्न पत्र – पत्रिकाहरूलाई दिन सकिन्छ । भारतमा कमानका साहेब, मालिक पक्ष आदिहरुको उत्पीडन र उनीहरुका विरुद्ध उठेका विद्रोही स्वर, जातीय शोषण र अत्यचारको विरूद्ध उठेको आवाज, अङ्ग्रेज विरुद्धको भारतीय जनताको आन्दोलन, बिदेशी भूमिबाट नेपाल समाजमा भित्रिंदै गरेको आधुनिक पाश्चात्य चिन्तन र सिर्जन विधि अनि भारतेली नेपाली समाजमा सन् 1९00 को दशकपछि जागृत हुन थालेको साम्राज्यवाद तथा सामन्तवाद विरोधी चेतना जस्ता प्रसङ्ग नै भारतेली नेपाली कवितालाई आधुनिकतातर्फ धकेल्ने र समाजवादी यथार्थवादी लेखनको धडेरी निर्माण गर्ने

तत्त्व मान्न सकिन्छ । यसैअनुरूप सन् 1९42 तिर ब्रिटिश भारतको दार्जिलिङमा सूर्य विक्रम ज्ञवाली, धरणीधर शर्मा कोइराला, सन्तवीर लामा, सरदार निमा, डिल्ली रमण रेग्मी, विश्वेश्वरप्रसाद कोइराला, शङ्करप्रसाद शर्मा आदि सर्जक चिन्तकहरु मिलेर **अखिल नेपाल वर्ग महासभा**को स्थापना गरेका थिए, जसको उद्देश्य क्रान्तिकारी साहित्यको रचना र प्रचार प्रसार गर्नु थियो । यही समय भारतको कलकत्तामा **प्रगतिशील अध्ययन मण्डल**को स्थापना भयो , जसले क्रान्तिकारी साहित्यको उत्थानमा धेरै योगदान पुराएको छ । अत: भारतेली नेपाली कविताले वरण गरेको यही आधुनिक प्रवृत्ति नै समाजवादी यथार्थवादी कविता लेखनको पृष्ठभूमि पनि हो ।

विश्वका उत्पीडित राष्ट्रहरु समाजवादतिर फड्को मारि रहेका बेला भारतमा अङ्ग्रेज शासनको अन्त्य अनिवार्य नै थियो । एकातिर बाह्य जगतसित भारतको खुला सम्बन्ध स्थापित हुँदै थियो भने अर्कोतिर सबै भारतीयहरू पनि राजनीतिक रुपमा सङ्गठित हुँदै थिए । महात्म गान्धी, सुवासचन्द्र बोस, बाल गंगाधर तिलक, मेजर दुर्गा मल्ल आदिको अनुकरणमा भारतीय जनता अङ्ग्रेज बिरूद्ध एक हुँदै थिए । यसमा नेपालीहरू पनि पछि हटेका छैनन् । गोर्खाली फौजको छाउनी भएको देहरादूनमा ठाकुर चन्दन सिंहले सन् 1९21 मा **गोर्खा लीग**को गठन गरी गोरखा संसार र तरुण गोरखाको प्रकाशन आरम्भ गरे भने । विशेषगरेर अङग्रेज सरकार विरोधी आन्दोलनले मूलतः भारतेली नेपाली कविहरूमा दुई पक्ष उजागर हुन पुगेको आभास हुन्छ । पहिलो, कविहरुका लागि खुकुलो एवम् अनुकूल परिवेश निर्माण र दोस्रो, कविहरूहरुमा सामन्तवाद तथा साम्राज्यवाद विरोधी चेतना जागृत । वस्तुतः तात्कालीन अवस्थामा भारतेली नेपाली कविहरुले लामो समयदेखि गुम्सिएको

Notes

मानसिकताबाट अग्रगामी दिशा पकड्दै समयानुकूल परिवपर्तनधर्मी चेतनाको सम्प्रेषण कविता गरेको पाइन्छ । यसैले समाजवादी यथार्थवादी कविता लेखनका लागि अङग्रेज सरकार विरोधी आन्दोलनले एउटा महत्त्वपूर्ण आधारशीला निर्माण गरेको देखिन्छ ।

भारतमा नेपाली बुद्धिजीवि र साहित्यकारहरूले स्थापना गरेको **गोर्खालीग**, **प्रगतिशील लखेक सङ्घ**, **गोर्खा दुःख निवारक सम्मेलन**, **नेपाली साहित्य सम्मेलन** आदि सङ्ध – संस्थाको गठन – स्थापना अनि यी सङ्ध – संस्थाबाट प्रकाशित भएका **जनदुत, गोर्खा, अस्तित्व** आदि पत्र - पत्रिकाले समाजवादी यथार्थवादी साहित्यिक आन्दोलनलाई उत्प्रेरित गर्ने तथा ठोस दिशा निर्देश गर्ने सन्दर्भमा केन्द्रीय भूमिका निर्वाह गरेको छ । भारतमा सन् १९३५ मा स्थापित **प्रगतिशील लेखक सङ्घ** र मुन्सी प्रेमचन्दका कथा, उपन्यासको प्रभाव नेपाली बौद्धिक पाठकमा परेको तथा सन् १९४७ सालपूर्व नै विहारीलाल नाम गरेका व्यक्तिले म्याक्सिम गोर्कीको माक्सवादी कृति **मदर**लाई **आमा** नाममा अनुवाद गरेको, राल्फ पक्सको **कम्युनिज्म**, थोमस पेनको **राइट्स अफ मेन** लगायतका क्रान्तिकारी पुस्तक ल्याएर बौद्धिक समुदाय माझ सामूहिक छलफल गराउने गरेको उल्लेख पाइनु जस्ता गतिविधिले समाजवादी यथार्थवादी लेखनलाई उत्प्रेरित गरेको पाइन्छ । यस बाहेक दोस्रो विश्वयुद्धमा अङ्ग्रेजको पक्षमा लड्न गएका भारतेली नेपाली सैनिकले नै स्वदेश फर्केर आउँदा रुसी समाजवादी क्रान्तिको प्रचार प्रसार भारत र नेपालमा गरेको मानिन्छ । तत्कालीन भारतेली नेपाली जनमानसमा जागरणको लहर सिर्जना गर्ने स्रोतका रुपमा एकातिर भारतको वनारस थियो भने अर्कोतिर भारतीय स्वतन्त्रता आन्दोलनको उल्लेख्य भूमिका रहेकै छ

। भारतको प्रारम्भिक कविहरू मानिने नेपाली कविहरू हाजिरमान राई, महानन्द सापकोटा, मित्रसेन थापा, बहादुरसिंह बराल, ज्ञानदिल दास, धरणीधर शर्मा कोइराला आदिका कवितामा समाजीक, जातीय र सांस्कृतिक चेत प्रवल रुपमा देखिए पनि समाजवादी यथार्थवादी चिन्तनले प्रवेश पाउन सकेको देखिन्न। तर सन् १९4७ मा देश स्वाधिन भएपछि भारतेली नेपाली कविताले समाजवादी यथार्थवादी कविता लेखनमा प्रगाढ रूप लिएको प्रतीत हुन्छ । देशले सन् 1९4७ सालमा स्वातन्त्रता हासिल गरेपछि कवि अगमसिंह गिरीको सन् १९५९ मा **आत्मव्यथा**, सन् १९६६ मा **जीवन – गीत**, सन् १९७८ मा **जलेको प्रतिबिम्ब : रोएको प्रतिध्वनि** आदि कविता सङ्ग्रह ; सन् १९७1 मा **युद्ध र योद्धा** आदि खण्डकाव्य प्रकाशित भयो । उपर्युक्त कविता – कृतिहरू मुलरूपमा समाजवादी यथार्थवादको रमिएका छन् ।

गध्य शैलीलाई मूलरूपमा अप्नाएर कविता लेख्ने कवि अगमसिंह गिरीको कविता र काव्यहरूमा विशेषगरी जातीय चेतनाको भावना, बिद्रोही स्वर, क्रान्तिकारी विचार, नेपाली जातिको दयनीय स्तिथि र दुर्दशाको उजागार साथै पीडा, वेदना र नैराश्य भाव पाइन्छ । आफ्ना कविता लेखनको प्रारम्भमा रोमान्टिक काव्यधारालाई अङ्गाले तापनि पछि गएर कवि गिरीका कविता लेखनले अर्कै मोड लिएको छ । उनी नेपाली समाज र जातिको निम्ति रोएका छन् , अवहेलित, लाञ्छित र पीडित नेपालीहरूका निम्ति बिद्रोही बनेका छन् । मूलत : कवि गिरी स्वयम् पनि बोली, पहिरन, रहन - सहन र संस्कारले खाटी नेपाली भएको हुनाले उनको कविताहरूमा नेपाली जाति भोग्नु परिरहेको दु:ख - पिरप्रति मर्माहित बनेका छन् । यस अतिरिक्त त्यसता अरूको अन्याय र अत्यचार सहेर बाँच्ने नेपालीहरूप्रति उनी

आक्रोशित पनि भएका छन् । कवि अगमसिंह गिरीले सन् १९५९ मा प्रकाशित **आत्मव्यथा** कविता सङ्ग्रहमा सङ्ग्रहित **मोहब्बत – गल्ली** कवितामा दार्जिलिङको चोकबजारमा रहेको मोहब्बत गल्लीमा दिनभरी भारी बोकेर कुल्ली काम गर्ने एक तामाङ कुल्लीको कथा वर्णन छ । सुदुर पहाड दाल – भात र ढुकुको समस्याले पिरोलिएर सुखद भविष्यको निम्ति दार्जिलिङ आएको तामङ कुल्ली केवल जीवनभर मोहब्बत गल्लीमा कुल्ली काम गर्नुमा मात्र सीमित देखिन्छ । उसले सामान्तवादी, महाजन, साहेब तथा भारी बोकाउँनेहरूबाट जति पैँसा वा मूल्य दिन्छ, त्यतिमै सन्तुष्टि गर्नु बाध्य छन् । यसको विपरित उ जान सक्दैन । यसैले कविता सुरूमै कवि भन्छन् -

*एक नेपाली तामङ कुल्ली मोहब्बत – गल्ली छेउ*

*चाकर गर्छ गुम्म लुकाई द्रवित मुटुको भेउ ।*

प्रस्तुत कविता केवल एउटा भारी बोकेर जीवन धान्ने च्याङ्बा तामङ कुल्लीको जीवनमा आधारित भए तापनि यो समाजवादी यथार्थवादमा लेखिएको कवि गिरीको उत्कृष्ट कविता हो भने हुन्छ । यहाँ तामङ कुल्ली भन्नाले हामी भारेतेली वा दार्जिलिङ्गे नेपालीहरू हौ । हामी आफ्नै किपट वा भूमिमा नोकर र अरूका दासी मात्र भएका छौ । यसैले कवि गिरी **मोहब्बत – गल्ली** कवितामा यसो भन्छन् –

*मुखमा हाँसो छैन जुटेको मनको मौन पुकार*

*द्रवित आत्मा नेपालीको गर्छ यहाँ चित्कार*

*यही छ जर्जर नेपालीको पशुवत जीवन हेर*

*शोषितहरूको करूण कथा छ मोहब्बत – गल्ली नेर ।*

यसरी सामान्तवाद र पुन्जीवाद तथा मालिक भनाउँदोहरूको चपेटमा परेर हामी भारतेली नेपालीहरूको जीवन पशुतुल्य बनिसकेको छ । सोझा, सिधा, निमुखा र बहादुर सम्झेर हामीलाई अरूले निर्बल र लङ्गडा बनाउँदैछ । हामी बस्ने गाउँ – घर, कमान – बस्तीमा जतातातै शोषण, अत्यचार र अन्याय भइरहेको छ । तर सुन्ने कसले ?, भन्ने कसलाई ? केवल ह्रदयभरी व्यथाको घाउ बोकेर अस्तित्वहीन र चिन्हारीहीन जीवन बिताउँन हामी भारतीय नेपाली आफ्नै देश भारतमा विवश छौं । यसैले प्रस्तुत **मोहब्बत – गल्ली** कवितामा कवि गिरी भन्छन् -

*भतभत पोल्ने चित्त बिथोलने आत्म – ग्लानिको घाउ*

*दोहन शोषण जलन छ गहिरो केवल हेर्दै जाऊ*

*कसरी उसले आज बताऔस् दरदी ह्रदय फारी*

*भन्न सजिलो छैन व्यथाको घाउ छ दिलमा भारी ।*

जीवनभरी जाति, माटो, पहाड र संस्कृतिलाई माया गरिरहने कवि अगमसिंह गिरीको सन् १९७८ मा प्रकाशित **जलेको प्रतिबिम्ब : रोएको प्रतिध्वनि** कविता सङ्ग्रह सङ्ग्रहित प्राय कविताहरू पनि समाजवादी यथार्थवादको प्रवाहमा बगेको छ । प्रस्तुत सङ्ग्रहको **छोरालाई** कवितामा यो वाद ज्यादै मौलाएको प्रतीत हुन्छ । यस कवितामा कविले सामन्ती, शोषण, अत्यचारी, मालिकवर्गको विरूद्ध प्रत्येक छोरालाई निमुखा र सोझा होइन तिख्कर काँडा र बम झै पडकने आग्रह गरेका छन् । यसैले कवि गिरी यसो भन्छन् –

*ए...छोरा, तँ त बनिदे यस जग बनको तिख्खर काँडा,*

*अमृतको कण नबन नबन, बनिदे नाशक विषको भाँडा ।*

भारतमा सन् १९४७ सालमा ब्रिटिशको हातबाट देशले आजदी पाएको तीन वर्षपछि सन् १९५० मा देशको संबिधान निर्माण भयो । यसले समाजवादी यथार्थवादी कविता लेखनका लागि धेरै खुकुलो परिवेश निर्माण स्थापित भएर गयो । तर यसपछि भने देशभित्रै हिन्दु – मुसलमानबिच दङ्गा – फसाद, काट - मार, लुट – पाट भएर गयो । अङ्ग्रेजले भारतलाई छोडे तापनि देशमा उपनिवेशवाद यथावत् कायम रह्यो । फेरि मालिक, कमानका साहेब, जमीनदार र साहु – महाजन अङ्ग्रेज भन्दा बढ्ता क्रुर र शोषक भएर देखापरे । देशमा सरकार बनियो । तर देशमा नयाँ सरकार बनिने, पुरानो सरकार ढाल्ने, फेरि नयाँ बनाउने खेलमा भारतेलीहरू जाकिए, आज पनि यही खेल देसमा भइरहेको छ । झन् भारतेली नेपालीहरू त सबैको केवल शोषण गर्ने पात्र मात्र हुनपुगे । तत्कालीन प्रधानमन्त्री मोराइजी देशाईले भारतेली नेपालीहरूलाई बिदेशीको लाञ्छना लगाए, पूर्वाञ्चलबाट नेपालीहरूलाई लखेटियो, बर्माबाट खेदिए, भूटानबाट शरणार्थी बनाइयो । परिणामस्वरूप भाषा आन्दोलन चर्किएर गयो, सङ्ग – संस्थाहरू बौरी उठे, कवि – साहित्यकार लेखनमा झन जुटे, छुट्टै राज्य प्राप्तिको निम्ति सन् १९८६ मा आन्दोलन छेडिए, हडताल भए । यी सबैको लेखा – जोखा आज समाजवादी यथार्थवाद लेखनको भएको पाइन्छ ।

कवि वैरागी काइँलाको बौद्धिकता भरिएको कविताहरूले समाजवादी यथार्थवादलाई नै ध्योतन गरेको छ । युगीन चेतना, व्यङ्ग्य बिनोद र बिद्रोहात्मक वैशिष्टयका साथ कविला सिर्जना गर्ने कवि काइँलाले विशेष भारतीय नेपालीहरूमा भइरहेको थिचो – मिचो र अन्याय – अत्यातरलाई आफ्ना कविताहरूमा वर्णन गरेका पाउँछौं । उनका यस प्रवृत्तिका कविताहरू मध्ये सबैभन्दा उत्कृष्ट कविता **मातेको मान्छेको भाषण, मध्यरातपछिको**

**सडकसित** हो । मूलत: आफ्ना कविताहरूमा कवि काइँलाले भारतीय नेपालीहरूका जीवनको अस्तित्व कात्रोमा लपेटिएको मानेका छन् , जसलाई शमसान घाटतिर लगिन्दो झै छ । यहाँ नेपालीहरूका जीवन नैराश्यता, खिन्नता, त्रास, दिकदारी ईदि विभिन्न प्रश्नचिन्ह तनाव र उत्तेजनाका साथ बितिरहेका छन् । यसैले **हाट भर्ने मानिस** कवितामा कवि काइँला यसो भन्छन् –

***असङ्ख्य छाँयाहरूका भीडभित्र***
***हुस्सेमा महायुद्धहरूका बारूदको***
***कावा खाइरहेका ।***

आजको संसारमा मान्छे भएर जन्मिए पछि राम्रोसित खानु र लाउनु मात्र पर्याप्त छैन । यहाँ मान्छे जस्तै बाँच्नु, जिउनु र हिडनु पाउनुपर्छ । जीवनको गहनतालाई बुझेर यसको अस्तित्व सदैव हामी मानिसले बचाई राख्नु नै जीवनको सार हो । नत्र संसारमा मान्छे - मान्छेमाझ बिद्रोह प्रारम्भ हुन्छ भन्ने यथार्थतालाई कवि काइँलाले **गङ्गा नीलो बग्छ** कवितामा यसरी प्रष्ट गरेका छन् –

***निरिह बञ्चित र शरदमा पीडित कथानकले***
***पर्खालभित्र छ***
***न जुत्ता खोलेर***
***न टोपी फुकालेर***
***बिद्रोहको शुभारम्भ गर्न सक्छ ।***

वस्तुतः भारतमा समाजवादी यथार्थवादी लेखनको आरम्भिक चरणका नेपाली कविताहरु समाजवादी आदर्श बोक्ने सर्वहारा साहित्य त थिए तर पूर्ण समाजवादी यथार्थवादी भई सकेका थिए भन्न सकिन्न । तर पछि लेखिएका

तथा आधुनिक कालीन प्रयोगवादी नेपाली कविताहरू प्रायः समाजवादी यथार्थवादी लेखनमा रतिएका छन् । यस्ता आधुनिक भारतेली नेपाली कवि र कविता सङ्ग्रहहरूमा मनप्रसाद सुब्बा र उनको **बिब्लयाटो युगभित्र कार्टुन मान्छेहरू**, जस योञ्जन 'प्यासी' र उनको **शान्ति सन्देह**, मोहन ठकुरी र उनको **निःशब्द**, रोमिका थापा र उनको **किनाराका आवाजहरू**, तुलसीबहादुर छेत्री 'अपतन' र उनको **जमाना बदलियो** (सन् १९५४), गुमानसिंह चामलिङ र उनको **सुर्य उदाउनुभन्दा पहिल्यै** (सन् १९६८) र **कारागरभित्र प्रतीक्षा र अन्य कविता** (सन् १९७८), पवन तामलिङ किरण र उनको **क्रान्तिको प्रवेश** (सन् १९९४), केदार गुरूङ र उनको **उर्लन्छन् छालहरू, समय र ज्वरभाटाहरू जस्तै** (सन् १९९५), नोर्जाङ स्याङ्देन र उनको **राग रून्थरूमा** (सन् 2001), राजेन्द्र भण्डारी र उनको **शब्दहरूको पुनर्वास** (सन् 2010), नव सापकोटा र उनको **मदिरा होइन मेरो पसिना** (सन् 200८), भविलाल लामिछाने र उनको **असमाप्त पाइलाहरू** (सन् 2001), रामलाल अधिकारी र उनको **लिलाममा छन् मेरा कविता** (सन् 2002), पाल्देन तितुङ र उनको **आवाजहरू** (सन् 2002), प्रवीण राई जुमेली र उनको **इम्पास्टो अक्षर** (सन् 200६), वीरू वाङ्देल र उनको **कसाईको बस्तीमा** (सन् 200५) आदि प्रमुख छन् ।

उपर्युक्त कविता – कृतिहरूमा प्रतीक, बिम्ब र मिथकको प्रयोग गर्दै भारतेली नेपाली कविहरूले भारतेली नेपाली ग्रामीण र शहरीया जीवनमा व्याप्त शोषण - उत्पीडन, गरिबी, विपन्नता, प्रशासनिक उत्पीडन, गाउँले – कमाने सामन्त, मुखिया, मानिक, शासक आदिको शोषण, षड्यन्त्र र धोकाको साथै गाउँले किसान, मजदूर, सुकुमबासीमाथि हुने अन्याय र अत्याचारलाई विषय सामग्रीका रुपमा उपयोग गर्दै यी यस्ता विषयको सघन प्रस्तुतिमा रुचि देखाएका छन् । यस्तै विषयलाई इङ्गित गर्दै भारतेली नेपाली कवि शरद

छेत्री पनि आफ्ना कवितामा यसबारे खुलासा गरेका पाउँछौं । उनी **प्रलयको गीत** कवितामा भारतमा चारैतिर व्याप्त दमन, शोषण, अधर्मको विजय भएको ठान्दै यसो भन्छन् –

*मुखौटा लाएका बाजहरू*

*नङ्ग्रामा*

*अणुबमहरू च्यापेर*

*थकित मानव जातिको प्रारब्धमाथि*

*आक्रमणको षडयन्त्र मात्रै रचेर*

*फन्कि रहेछन् ।*

यसका अतिरिक्त भारतेली नेपाली समाजमा गरिने बाल शोषण, बहु बिबाह, छुवाछुत, भेदभाव जस्ता समस्याका साथै नारीहरुमाथि हुने शोषण, उत्पीडन, घरेलु हिंसा तथा नारी जागरण र उन्मुक्तिका पक्षमा पनि समाजवादी यथार्थवादी कवि - कवयत्रीहरूले गहिरो अभिरुचि देखाएका छन् । उदाहरणको निम्ति भारतेली नेपाली कवयत्री सुधा एम. राईको **नारी मीरा बन्छे** कवितालाई लिन सक्छौं । प्रस्तुत कवितमा कवयत्रीले नारीको वर्णन यसरी गरेकी छन् –

*उ नारी थिई, हुन्, रहने छिन्*

*यही भूमिका निभाउँदै आजपर्यन्त बाँचेको छ*

*तर कसैको अनुग्रहले मुक्त भई*

*अस्तित्वको चट्टानबाट सम्बोधन गर्दैछ ।*

नारी विषयक विभिन्न समस्याको यथार्थपरक अभिव्यञ्जना दिने कविताहरुमा सामन्ती आडम्बरको उपजका रुपमा नेपाली समाजमा विद्यमान सामाजिक बितण्डा, अन्ध परम्परा, जातपात तथा अछुत प्रथाको तीव्र

Notes

आलोचना एवम् भण्डाफोर समेत नेपाली कविताले गरेका छन् । यसबाहेक दलित, उत्पीडित, मगन्ते, भरिया र नोकर - चाकारहरुमाथि हुने अमानवीय शोषण, कठोर उत्पीडन तथा उनीहरुका दारुण अवस्थाको चित्रण धरी समाजवादी यथार्थवाद कविताको विषय बनेको पाइन्छ ।

गरेका छन् ।

भारतेली नेपाली समाजवादी यथार्थवादमा आधारित कविताहरूमा मुख्य गरेर नेपाली समाजमा विद्यमान विसङ्गति, सामाजिक रुढि र अन्धविश्वास, सरकारी निकाय एवम् प्रशासन संयन्त्रद्वारा हुने थिचो - मिचोको तीव्र आलोचना, गोरखा भर्ती केन्द्र लगायत साम्राज्यवादी युद्ध आतङ्क आदिलाई कथा लेखनको विषयवस्तु बनाइनु , महिलामाथि हुने विभेद, घरेलु हिंसा, असमान वैवाहिक सम्बन्ध, नारीहरुको बेच बिखनको तीव्र विरोध एवम् नारी अस्मिताको रक्षा र उन्मुक्तिको अभिव्यञ्जनामा रुचि देखाउनु, दलित, उत्पीडित तथा नोकर - चाकरमाथि हुने शोषण उत्पीडनको विरोध पनि पाइन्छ । यस्तै बिरोध गर्दै भारतेली नेपाली कवि सरन खालिङ आफ्नो कविता **आँधी र सपना**मा यस्तो चाहना राख्छन् –

***बादलका टुक्राहरू***
***पानीका थोपाहरूलाई उडाएर लैजाने***
***ए आँधी ! एकपल्ट***
***ठूलो जोडसित आइदिनु नि.....।***

यस्ता बिरोधका अतिरिक्त उन्मुक्तिको अभिव्यञ्जना, गरिबी, बेरोजगारी, विषमता तथा पुरातन संस्कृतिको आलोचना पनि भारतेला समाजवादी यथार्थवादी कविताहरूमा मुकरित भएको पाइन्छ । उन्नत संस्कृति र उदात्त मानवीय मूल्य स्थापनाको आग्रह, निम्न र निम्न मध्यम वर्गीय नेपाली

जीवनका पात्रको चयन, रेखीय संरचना, बाह्य द्वन्द्वको प्रस्तुति, अपरिष्कृत भाषा र धुमौरे शालीको प्रयोग, विम्ब, प्रवीक, अलङ्कारको प्रयोगमा सामान्य रुचि आदि बौशिष्ठय हुन् ।

भारतमा समयको विकास सँगसँगै जनसाधारणका हितार्थ विभिन्न ऐन र कानुनहरू बनिएका छन् । सन् १९६4 मा भूमि सुधार ऐन, सन् १९७५ मा पञ्चायत राज व्यवस्था कानुन, सन् १९८८ मा दार्जिलिङ गोर्खा पार्वत्य परिषद् , सन् 2014 मा गोर्खाल्याण्ड क्षेत्रिय प्रशासन आदि बनिए । तर आज पनि गाउँ - गाउँमा सामन्ती प्रथा कायमै रहनु, कानुन बनिए पनि जातपात र छुवाछुत प्रथा नहटनु , भूमिसुधार ऐन बनिएर पनि भारतेली नेपालीहरूले जमीनको पर्जापट्टा नपाउनु, पञ्चायती व्यवस्था दार्जिलिङ पहाडमा ठप्प भएर जानु आदि तथ्यले अहिले पनि देश वा नेपाली समाजमा सामन्ती प्रथालाई नै संरक्षण र निरङ्कुशता नै व्याप्त रहेको देखिन्छ । देश प्रजातन्त्र र गणतन्त्र भएर पनि यसै देशमा बस्ने भारतेली नेपालीहरूका गणतनत्र हनन भइरहेका छन् ।

यहाँ उल्लखित गरिएको राजनीतिक सामाजिक परिवेश जस्तै साहित्यिक सांस्कृतिक परिवेशका पनि भारतमा नकारात्मक एवम् सकारात्मक दुवै पाटा छन् । जसको प्रभाव भारतेली नेपाली सामाजवादी यथार्थवादी कवितामा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा पर्न गएको छ । आधुनिक कालको प्रारम्भदेखि भारतेली नेपाली कविता साहित्यमा प्रयोगवादी लेखन, आयमिक लेखन, राल्फा हुँदै तेस्रो आयम, लीला लेखन, विचलन आदि सबै समादवादी यथार्थवाद लेखनको उदाहरणहरू हुन् । त्यसरी नै रुसी तथा चिनियाँ साहित्यको नेपालीमा अनुवाद हुन थाल्नु, सन् १९७1 मा वनारसमा युद्धप्रसाद

मिश्रको अध्यक्षतामा **क्रान्तिकारी जनवादी सांस्कृति मोर्चा** गठन हुनु कुराले पनि समाजवादी यथार्थवादी कविता लेखनलाई अनुकूल सिर्जन आधार प्रदान गरयो । यसैअनुरूप समाजवादी यथार्थवादमा आधारित कविताले शोषण, अन्याय, अत्यचार, निरङ्कुशता, बरबरता आदिको बिरोध र भत्सर्न मात्र नगरेर यी सबैको निवारण पनि खोजेको छ ।

भारतेली नेपाली कविहरूले आफ्ना समाजवादी यथार्थवादी कवितामा समाजमा व्यवस्थित अवस्थाका बेथिति, वैषम्य र विरुपावस्थाप्रति प्रहार गर्दै सुन्दर भविष्य प्राप्तिका लागि परिवर्तनधर्मी चेतनाको सम्प्रेषण पाइन्छ । कारण देश देस माझको सिमानालाई लिएर तेरो र मेरो भन्ने भावनाको द्वन्द्वले विश्व शान्ति क्षतविक्षत भइकसेको देखिन्छ । विश्वलाई नै अलपत्र पार्न सक्ने युद्धको विभिषिकाले संसारलाई नै ढडाइरहेको छ । विश्व बन्धुत्व र सन्तर्राष्ट्रीय भावना यहाँ मर्दैछ । यसैले भारतेली नेपाली कवि हरिभक्त कटुवाल **बारूद र सेता परेवा** कवितामा यसो भन्छन् –

***हामीले उत्साहले उडाएको सेतो परेवा***
***धर्मराउँदै खस्छ धरातलमा***
***बारूद बारूद गन्हाउँछ फसको श्वास***
***उसको प्वाँख समर्छ छैनन् पन्साउन बारूदको गन्धमा ।***

यति मात्र होइन आज जिन्दगीदेखि वाक्कै पनि भइसकेका छन् । समस्या – समस्याले भरिएको यस मानव जीवनमा बाह्य रूपमा भरिलो र सुकिलो देखिने मानिसका जीवन भित्र – भित्रै खोक्रिएको छ । आजको विषातपूर्ण विश्वको भयावह वातावरणमा आँखा बन्द गरेर होस् वा आँखा खोल्र हेस्

सशङ्कित र त्रासित बएर हामी मानिव बाँच्नु बाध्य भइरहेका छौं । यस कुरालाई कवि कटुवाल यो जिन्दगी खै के जिन्दगी कवितामा यसरी खुलासा गर्छन् –

*समस्याको भूतले सताएको*

*यो जिन्दगी खै के जिन्दगी*

*बन्दुकको नालमा टाउको राखेर निदाउनु पर्छ यहाँ*

*खुकुरीको धारमा पाइला टेकेर जिउनु पर्छ यहाँ*

*आँखा चिम्लन पनि जगजगी*

*आँखा उधार्न पनि जगजगी ।*

यसैले समाजवादी यथार्थवादी कविताहरूमा ग्रामीण जीवनमा व्याप्त शोषण उत्पीडानका विभिन्न रुपको चिरफार गर्दै सामतामूलक समाज निर्माणका लागि उत्पीडित जनलाई सचेत, नारीमाथि हुने सबै प्रकारका शोषण र उत्पीडनको उजागर गर्दै वर्गीय उनमुक्तिका माध्यमबाट नै नारी मुक्ति संभव छ भन्ने सन्देश, किसान, मजदूर, भरिया, कुल्ली, निम्न वैतनिक कर्मचारी लगायत उत्पीडित जनका विभिन्न समस्याको प्रस्तुति पनि पाइन्छ । यसका समाधान स्वरुप वर्गीय उन्मुक्तिका लागि अभिप्रेरित, सामाजिक, सांस्कृतिक, साहित्यिक तथा शैक्षिक लगायत समाज र युग जीवनका समग्र क्षेत्रका विसङ्गतिको आलोचनामा रुचि, भाषा शिल्पगत परिष्कार, आन्तरिक भन्दा बाह्य द्वन्द्वको प्रस्तुति, गाउँ र सहरलाई कार्य पीठिका, बिम्ब, प्रतीक, अलङ्कारका साथै उखान टुक्का, दृष्टान्तको प्रयोगद्वारा स्वाभाविक रुपविन्यास आदि परिलक्षित भएका पाउँछौं ।

आजको सन्दर्भमा सङ्क्रमण लेखन र विचलन लेखन हुँदै समान दृष्टि राखेर **समावेशी लेखन** भारतेली नेपाली कवितामा भित्रिएको छ । वास्तवमा यो पनि समाजवादी यथार्थवादको एउटा रूप हो । स्थापित, चर्चित, विशिष्ट र युवा, सिकारू सबै कविहरूलाई समावेशीको भावना राख्ने यो लेखनले नेपाली समाजमा भिन्दै स्थान आगटेको अनुभव हुन्छ । यस्ता भारतेली नेपाली कविहरूमा बासुदेव पुलामी, निरज अयोग्य, विजय बान्तवा, कर्ण बिरह, योगेश पन्थ, ज्ञयानेन्द्र याक्सो, सदीप श्रुति, उमेश उपमा, सरिता समदर्शी आदि छन् । माक्र्सवादी सौन्दर्यशास्त्रले अवलम्बन गरेको सर्वहारा वर्गीय पक्षधरता यो समावेशी लेखन वर्ग सङ्घर्षको विरोध र साङ्गठनिक पक्षधरता, विचारधारात्मक कार्य एवम् भविष्य प्राप्तिको चेष्टाप्रति उन्मुख रहेको देखिन्छ । अत: कवितामा दर्शन एवम् राजनीतिको प्रवेश, विषयगत एवम् प्रस्तुति शैली संरचनागत विविधता, उत्तरोत्तर लघु आयामका कविता, युग्मक र मुक्तक, हाइकु लेखनमा रुचि आदि वर्तमानका भारतेली नेपाली कवितामा देखिएका समाजवादी यथार्थवाद लेखनको पराकाष्ठ हुन् भन्न सकिन्छ ।

## 9.4 उपसंहार

समाजवादी यथार्थवाद ऐतिहासिक एवम् द्वन्द्वात्मक भौतिकवादी दर्शनमा आधारित साहित्यिक सिद्धान्त हो , जसले कला साहित्यको समीक्षण र मूल्याङ्कन सम्बन्धी वस्तु तथ्यात्मक विधि अवलम्बन गर्छ । समाजज र यथार्थ दुई शब्दको योगले बनिएको समाजवादी यथार्थवाद माक्र्सवादका आधारभूत मान्यताका रूपमा स्थापित साहित्यिक वाद हो । यस वादमा दुव्दवात्मक तथा ऐतिहासिक भौतिकवाद, वर्गसङ्घर्ष, क्रान्तिमा बल प्रयोगको भूमिका, सर्वहारा वर्गको अधिनायकत्व आदि मुल धटकको रूपमा रहेको हुन्छ

। दर्शन, राजनीति, विचारधारा, कला साहित्यका क्षेत्र र चिन्तनका फाँटमा समाजवादी यथार्थवादीहरू क्रियाशील रहेका छन् ।

समकालीन युग अनुरुपको सामन्तवाद, दलाल पुँजीवाद तथा साम्राज्यवाद र विस्तारवादका विरुद्ध कला साहित्यको वर्गसङ्घर्षलाई तीव्र पार्नु पर्दछ । विशेषतः वर्गसङ्घर्ष र सर्वहारा अधिनायकत्व तथा सर्वहारा मानवतावाद विरुद्ध परिलक्षित आदर्शवाद, सुधारवाद, संशोधनवाद, नवसंशोधनवाद, वर्गसमन्वयवाद तथा संसदवाद नै क्रान्ति र सौन्दर्य विरोधी रहेका छन् । यस विपरीत दार्शनिक, वैचारिक तथा राजनीतिक प्रतिवद्धतासँगै आमूल परिवर्तन सम्बद्ध क्रान्तिकर्ममा केन्द्रित हुनु र अभिव्यञ्जना गर्नु नै समाजवादी यथार्थवादी सर्जकको पृथक् वैशिष्ट्य हो ।

भारतेली नेपाली साहित्यमा समाजवादी यथार्थवादी कविता लेखनको मूल पृष्ठभूमिमा राजनीतिक पृष्ठभूमिलाई प्रमुख आधार मानिन्छ । जसरी नेपालमा पृथ्वीनारायण शाहको एकीकरण अभियान पश्चात् विकेन्द्रित सामन्ती राज्य रजौटाहरुको अन्त्य भई केन्द्रीकृत सामन्ती व्यवस्थाको स्थापना हुन गयो, त्यसरी नै भारतमा पनि ब्रिटिश शासनको अन्तपछि कमानका मालिक, साहेब, ठेकादार, जमीनदार भनाउँदाहरू बरच्सस्वरूप सोझा – निमुखा नेपालीहरूमा सामन्ती व्यवस्था लागु भएर गयो । सामाजिक, आर्थिक एवम् साहित्यिक सांस्कृतिक पृष्ठभूमि र सिर्जन आधार प्राप्त गर्दै समाजवादी यथार्थवाद कविता लेखनको आरम्भ अङ्ग्रेज सरकार विरेधी आन्दोलन, बाह्य मुलुकको प्रभाव तथा उच्च वैचारिक एवम् उन्नत सौन्दर्य मूल्यको खोजी जस्ता घटना प्रक्रियाको प्रभाव स्वरुप भएको मान्न सकिन्छ । भारतको प्रारम्भिक कविहरू मानिने नेपाली कविहरू हाजिरमान राई, महानन्द सापकोटा, मित्रसेन थापा, बहादुरसिंह बराल, ज्ञानदिल दास, धरणीधर शर्मा

कोइराला आदिका कवितामा समाजीक, जातीय र सांस्कृतिक चेत प्रवल रुपमा देखिए पनि समाजवादी यथार्थवादी चिन्तनले प्रवेश पाउन सकेको देखिन्न। तर सन् १९४७ मा देश स्वाधिन भएपछि भारतेली नेपाली कविताले समाजवादी यथार्थवादी कविता लेखनमा प्रगाढ रूप लिएको प्रतीत हुन्छ । कविता – कृतिहरूमा प्रतीक, बिम्ब र मिथकको प्रयोग गर्दै भारतेली नेपाली कविहरूले भारतेली नेपाली ग्रामीण र शहरीया जीवनमा व्याप्त शोषण - उत्पीडन, गरिबी, विपन्नता, प्रशासनिक उत्पीडन, गाउँले – कमाने सामन्त, मुखिया, मानिक, शासक आदिको शोषण, षड्यन्त्र र धोकाको साथै गाउँले किसान, मजदूर, सुकुमबासीमाथि हुने अन्याय र अत्याचारलाई विषय सामग्रीका रुपमा उपयोग  गर्दै यी यस्ता विषयको सघन प्रस्तुतिमा रुचि देखाएका छन् । यसका अतिरिक्त भारतेली  नेपाली समाजमा गरिने बाल शोषण, बहु बिबाह,  छुवाछुत, भेदभाव जस्ता समस्याका साथै नारीहरुमाथि हुने शोषण, उत्पीडन, घरेलु हिंसा तथा नारी जागरण र उन्मुक्तिका पक्षमा पनि समाजवादी यथार्थवादी कवि - कवयत्रीहरूले गहिरो अभिरुचि देखाएका छन् ।

वर्ग, विचार र यथार्थ प्रतिको सकृय प्रतिबद्धताका साथै आशावादिता एवम् मुक्त जीवन निर्माण प्रतिको तीव्र आकाङ्क्षा व्यक्त हुनु ,ऐतिहासिक र समकालीन यथार्थको वस्तुपरक र सौन्दर्ययुक्त प्रतिबिम्बन गर्नु , क्रान्तिकारी वर्ग, पार्टी र विचार प्रति प्रतिबद्ध भई क्रान्तिलाई सहयोग पुराउँनु जस्ता युगीन दायित्व निर्वाह गर्नु समाजवादी यथार्थवादी भारतेली नेपाली साहित्यको संज्ञान परक, विचार परक तथा कलात्मक काम भएको छ । भारतेली नेपाली कविता साहित्यमा चलेको **राल्फाली आन्दोलन, लीली लेखन,**

**आयामेली आन्दोलन, सङ्कर्मण लेखन, विचलन, समावेशी लेखन** आदि समाजवादी यथार्थवादकै लेखनको रूप मान्न सकिन्छ । अत: कवितामा दर्शन एवम् राजनीतिको प्रवेश, विषयगत एवम् प्रस्तुति शैली संरचनागत विविधता, उत्तरोत्तर लघु आयामका कविता, युग्मक र मुक्तक, हाइकु लेखनमा रुचि आदि वर्तमानका भारतेली नेपाली कवितामा देखिएका समाजवादी यथार्थवाद लेखनको पराकाष्ठ हुन् भन्न सकिन्छ ।

## 9.5 सार

यस प्रखण्डमा **भारतेली नेपाली कवितामा समाजवादी यथार्थवाद**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ समाजवादी यथार्थवाद ऐतिहासिक एवम् द्वन्द्वात्मक भौतिकवादी दर्शनमा आधारित साहित्यिक सिद्धान्त हो , जसले कला साहित्यको समीक्षण र मूल्याङ्कन सम्बन्धी वस्तु तथ्यात्मक विधि अवलम्बन गर्छ ।
- ❖ 'समाज' र 'यथार्थ' दुई शब्दको योगले बनिएको समाजवादी यथार्थवाद माक्र्सवादका आधारभूत मान्यताका रूपमा स्थापित साहित्यिक वाद हो । यस वादमा दुव्दवात्मक तथा ऐतिहासिक भौतिकवाद, वर्गसङ्घर्ष, क्रान्तिमा बल प्रयोगको भूमिका, सर्वहारा वर्गको अधिनायकत्व आदि मुल धटकको रूपमा रहेको हुन्छ ।
- ❖ समाजवादी यथार्थवादलाई समाजवादी कुराको साँचो प्रतिबिम्बन मात्र मान्न सकिन्न । यसभित्र समाजका यावत् साँचो, सत्य तथ्यका

अतिरिक्त ज्ञान मीमांसा, मूल्य मीमांसा समेत आउने हुनाले समाजवादी यथार्थवादलाई प्रगतिवाद र माक्र्सवादीको समकक्ष मान्नु उचित देखिन्छ ।

- ❖ समाजवादी यथार्थवादले समाज र जीवन जगत्को वस्तुनिष्ठ एवम् कलात्मक प्रतिबिम्बनमा जोड दिनुका साथै समाज विकासका हरेक मोडमा देखिने व्यवधान अनि अन्तर्विरोध र त्यसबाट उत्पन्न परिस्थितिको ठोस व्याख्या एवम् विश्लेषण गर्दछ ।
- ❖ समाजवादी यथार्थवादले समाजको ऐतिहासिक विकासका विभिन्न चरणको ठोस व्याख्या गर्दै भविष्यप्रति आशावादी दृष्टिकोण प्रस्तुत मात्र गर्दैन अपितु भविष्य प्राप्तिका लागि उत्प्रेरित समेत गर्दछ ।
- ❖ समाजवादी यथार्थवादले कला साहित्य सम्बन्धी सौन्दर्यात्मक, ज्ञानात्मक तथा विचारधारात्मक पक्षको सम्यक् विवेचन गर्दै यी तिन वटा पक्ष भन्नु नै कलाका कार्य हुन् भन्ने वस्तुनिष्ठ धारणा प्रस्तुत गर्दै आएको छ ।
- ❖ दर्शन, राजनीति, विचारधारा, कला साहित्यका क्षेत्र र चिन्तनका फाँटमा समाजवादी यथार्थवादीहरू क्रियाशील रहेका छन् ।
- ❖ यथार्थवादी लेखन परम्परामा समाजवादी यथार्थवाद भन्दा पूर्व प्रभावशाली रहेको आलोचनात्मक यथार्थवाद आफ्नो समयको उन्नत साहित्यिक संस्करण थियो । तथापि उत्तरोत्तर यसका सीमालाई औल्याउँदै समाजवादी यथार्थवादको उदय भएको हो ।

- ❖ विशेषगरी आलोचनात्मक यथार्थवादले माक्र्सवादी दर्शनलाई आत्मसात् गर्न नसकि रहेको अवस्थामा माक्र्सवादी दर्शन चिन्तनलाई आत्मसात् गर्दै समाजवादी यथार्थवादको उदय भएको हो ।
- ❖ समाजवादी यथार्थवादको नामकरण, यसमा विद्यमान सौन्दर्यपरक मूल्यको व्याख्या र प्रतिस्थापन, यसको उत्थान र विकासमा म्याक्सिम गोर्की लगायतका रुसी लेखकहरुको महत्त्वपूर्ण योगदान रहेको छ ।
- ❖ समाजवादी यथार्थवादको सिद्धान्त नै देश र जनताप्रतिको दायित्व पुरा गर्नतिर जानु पर्छ, समाज रुपान्तरणमा साहित्यले जुन भूमिका खेल्दै आएको थियो, त्यो खेल्नुपर्छ र नयाँ क्रान्तिको तयारी गर्ने सिलसिलामा पनि साहित्य र कलाले भूमिका खेल्नु पर्दछ भन्ने रहेको पाइन्छ ।
- ❖ सत्य निष्ठता, जीवनको गहन सत्यपरक चित्रण, गतिशिल यथार्थको चित्रण, समाजवादी तथा साम्यवादी शिक्षा सम्प्रेषण गर्ने अभिभारा, कम्युनिष्ट नैतिकता, जनतासँगको सम्बन्ध तथा प्रतिबद्धता, सक्रिय क्रान्तिकारी नायक आदि समाजवादी यथार्थवादको आम अभिलक्षण हो । भारतेली नेपालीको विशिष्टतामा सिर्जित साहित्यभित्र पनि यिनै अभिलक्षणहरु हुन जरुरी छ ।
- ❖ देशी - विदेशी उत्पीडन, प्रवासी – अप्रवासीको लाण्छन् ,वर्गीय उत्पीडन आदिलाई सक्दो विरोध समाजवादी यथार्थवादी साहित्यले गर्नुसक्नु पर्दछ ।
- ❖ नेपाली साहित्यमा समाजवादी यथार्थवादी सिर्जन विधिको प्रयोग वि. सं. २00७ सालको राजनीतिक घटना पश्चात् भएको हो । भारतेली

नेपाली कवितामा भने सन् १९४७ सालमा देश स्वतन्त्रता भएपछि यस प्रवृत्तिका कविता लेखनमा तीब्रता आएको देखिन्छ ।

- ❖ भारतेली नेपाली कविता साहित्यमा चलेको **राल्फाली आन्दोलन, लीली लेखन, आयामेली आन्दोलन, सङ्कर्मण लेखन, विचलन, समावेशी लेखन** आदि समाजवादी यथार्थवादकै लेखनको रूप मान्न सकिन्छ ।
- ❖ भारतेली नेपाली कविहरू वैरागी काइँला, आगमसिंह गिरी, हरिभक्त कटुवाल, विकास गोतामे, मनप्रसाद सुब्बा, जस योञ्जन 'प्यासी', रोमिका थापा, गुमानसिंह चामलिङ, पवन चामलिङ 'किरण', केदार गुरूङ, नोर्जाङ स्याङ्देन, राजेन्द्र भण्डारी, भविलाल लामिछाने, पाल्देन तितुङ, प्रवीण राई 'जुमेली', वीरू वाङ्देल, सुरन खालिङ आदि कविताहरूमा समाजवादी यथार्थवाद आधिक्य रूपमा सलबलाएको पाइन्छ ।

यस प्रखण्डको अध्ययनले समाजवादी यथार्थवाद भारतेली नेपाली कविताहरूबारे बुनियाँदी जानकारी प्राप्त भयो । मूलरूपमा समाजवादी यथार्तवादप्रवृत्ति रहेको भारतेली नेपाली कविताहरूको अध्ययन गर्दै भारतबाट लेखिएका वा प्रकाशित भएका यस प्रवृत्तिका नेपाली कविताका विभिद महत्ता र विशेषता सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो।

## 9.6 अनुशीलनी

1 . समाजवादी यथार्थवादको परिभाषा केलाउँदै नेपाली साहित्यमा यस प्रवृत्ति लेखनको सर्वेक्षण गर्नुहोस् ।

2 . भारतेली नेपाली समाजवादी यथार्थवाद प्रवृत्तिमा लेखिएका साहित्यको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

3. भारतेली नेपाली समाजवादी यथार्थवाद कविताको विशेषतालाई चिनाउँनुहोस् ।

4. समाजवादी यथार्थवादलाई अङ्गालिएर लेखिएको नेपाली साहित्यिक रचनाको सर्वेक्षण गर्नुहोस् ।

५. नेपाली समाजवादी यथार्थवाद कविताका मुख्य मुख्य घटकहरूबारे विवेचना गर्नुहोस् ।

६. भारतको दार्जिलिङ र अन्य क्षेत्रहरूवाट प्रकाशित समाजवादी यथार्थवाद नेपाली काव्य – कृतिहरूको अध्ययन गर्नुहोस् ।

७. समाजवादी यथार्थवाद प्रवृत्तिमा लेखिएका नेपाली कविता र आख्यानहरूको तुलना गर्नुहोस् ।

८. नेपाली कवितामा देखा पेरको समाजवादी यथार्थवादका प्रमुख बैशिष्टयबारे विश्लेषण गर्नुहोस् ।

९. भारतेली नेपाली समाजवादी यथार्थवाद कविताका पृष्ठभूमिबारे एउटा गतिलो लेख तयार पार्नुहोस् ।

10. भारतेली नेपाली समाजवादी यथार्थवाद कविताहरूका विकासमा पत्र – पत्रिकाको के कस्तो भुमिका रहेको छ ? विवेचना गर्नुहोस् ।

11. समाजवादी यथार्थवाद प्रयोग गरी लेखिएका नेपाली कविताहरूका विकासक्रमबारे व्याख्या गर्नुहोस् ।

Notes

12. भारतेली नेपाली समाजवादी यथार्थवाद कुन विधामा आधिक्य रहेको ठान्नुहुन्छ ? सर्वेक्षण गर्नुहोस् ।

## 9.7 अतिरिक्त अध्ययन

1. सुन्दास, लक्खीदेवी (.सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।

२. शर्मा ,पुष्प – **नेपाली कविताको विकासमा सिक्किमको योगदान** ।

३. जिस, आब्नेर - **कला वैचारिक एवम् सौन्दर्यात्मक पहलु** ।

४. चैतन्य - **माक्र्सवादी सौन्दर्य चिन्तन** ।

५. वैद्य, मोहन - **माक्र्सवादी दर्शन** ।

६. भण्डारी, जगदीशचन्द्र र डा. पाण्डेय, ताराकान्त - **प्रतिनिधि नेपाली समालोचना** ।

७. अधिकारी, रविलाल - **प्रगतिवादी नेपाली समालोचना** ।

८. अर्याल, मुरारी - **माक्र्सवादी सौन्दर्य विधान र आलोचना** ।

९. गुरुङ, लीलाचक्र - **मेचीको साम्यवादी आन्दोलन : बीजारोपण र विकास** ।

१०. चापागाईं, निनु - **यथार्थवादी रचना दृष्टि र विवेचना** ।

११. दीर्घ, बहादुर - **नेपालमा साम्यवादी आन्दोलनको सङ्क्षिप्त इतिहास**।

यस अतिरिक्त समाजवादी यथार्थवादी कविताबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रकाहरूको पनि अध्ययन ।

## 9.8 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. समाजवादको सैद्धान्ति परिचय ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ९.2 को परिचय खण्जमा उत्तर खोज्न सक्नेछन् )**

२. समाजवादी यथार्थवादको तातपर्यता

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ९.3 को समाजवादी यथार्थवादको अर्थ र परिभाषामा उत्तर खोज्न सक्नेछन् )**

३. भारतेली नेपाली समाजवादी यथार्थवाद कविहरूका परिचय ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ९.4 को भारतेली नेपाली कवितामा समाजवादी यथार्थवागमा उत्तर खोज्न सक्नेछन् )**

४. भारतेली नेपाली समाजवादी यथार्थवाद कविहरू ।

..........................................................................................

.......................................................................................

.......................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ९.4 को भारतेली नेपाली कवितामा समाजवादी यथार्थवागमा उत्तर खोज्न सक्नेछन् )**

५. भारतेली नेपाली समाजवादी यथार्थवादी कविताका प्रवृत्तिहरू

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले ९.4 को भारतेली नेपाली कवितामा समाजवादी यथार्थवागमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 10, लोक - सांस्कृतिक सन्दर्भ र भारतेली नेपाली कविता अनि भारतेली नेपाली कवितामा प्रयोगवादी वैशिष्ठय

## संरचना

10.0 उद्देश्य

10.1 परिचय

10.2 लोक - संस्कृतिको अर्थ र परिभाषा

10.3 भारतेली नेपाली कवितामा लोक – संस्कृति

10.4 प्रयोगवादको अर्थ र परिभाषा

10.5 भारतेली नेपाली कवितामा प्रयोगवादी वैशिष्ठय

10.6 उपसंहार

10.7 सार

10.8 अनुशीलनी

10.9 अतिरिक्त अध्ययन

10.10 मुल्यबृद्धिका निम्ति उत्तर

## 10.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- लोक, संस्कृति र लोक – संस्कृतिको परिचय

- लोकसंस्कृति र लोकसंस्कारमाझ भिन्नता
- नेपाली लोक - संस्कृतिको परिचय
- लोक - संस्कृतिका संघटक तत्त्वहरू
- लोक - संस्कृतिमूलक भारतेली नेपाली कविता
- लोक - संस्कृतिमूलक भारतेली नेपाली कविताका प्रवृत्ति
- प्रयोगवादको परिचय
- प्रयोग र प्रयोगवादमाझ भिन्नता
- प्रयोगवादी नेपाली कविताको परिचय
- प्रयोगवादका प्रमुख तत्त्वहरू
- प्रयोगवादीमूलक भारतेली नेपाली कविता
- प्रयोगवादीमूलक भारतेली नेपाली कविता

## 10. 1 परिचय

नेपाली जातिलाई अन्य जाति तथा विश्वमा चिन्हारी वा पहिचान गराउँने प्रमुख घटक नै उनीहरूका भाषा, संस्कृति र संस्कार हो । **संस्कृति** ब्रह्मको भाँति अवर्णनीय छ । यो व्यापक, अनेक तत्त्वका बोध गराउने , जीवनका विविध प्रवृत्तिसित सम्बन्धित रहेको हुन्छ । यसैले **संस्कृति** विविध अर्थ वा भावमा प्रयोग हुने गर्दछ । मानव मनका बाह्य प्रवृत्तिमूलक प्रेरणाबाट जे विकास हुँदछ, त्यसलाई समग्रमा सभ्यता भनिन्छ भने सभ्यताको अन्तर्मुखी प्रवृत्तिबाट जे बनिन्छ तथा निर्माण हुँदछ, त्यसलाई संस्कृति भनिने गरिन्छ।

लोकको अभिप्राय सर्वसाधारण जनतासित रहेको हुन्छ । साधारण भाषामा **लोक** भन्नाले संसार, विश्व ब्राह्माण्ड, पृथ्वी तथा मानव जातिलाई

बुझिन्छ । लोकमा रहेका मानिसहरूका व्यक्तिगत पहचान नरहेर यसै लोकमा उनीहरूका सामूहिक पहचान रहेका हुन्छ । संसारमा रहने दीन - हीन, शोषित - पीडित, दलित, जङ्गली जातिहरू ( कोल, भील, गोंड आदि जनजाति ), संथाल, नाग, किराँत, हूण, शक, यवन, खस, ब्राहमण, नेपाली वा गोर्खा, जाठ, पुक्कस आदि समस्त लोक समुदाय मिलेको साझा रूपलाई **लोक** भनिने गरिन्छ । यी विभिन्न जात, जाति, समुदाय, वर्ग आदिले पालन गर्ने **विभिद** संस्कृति मिलेर बनिएको एकरूपतालाई **लोक संस्कृति** भनिन्छ । अङ्ग्रेजीमा **फोकलोर** भनिने लोकवार्ता कै एउटा हाँगा हो – लोक संस्कृति ।

संसारमा मानिसका अलग - अलग रहन – सहन, भाषा, धर्म, संस्कार, संस्कजति, रीति – थीति र परम्पराहरू छन् । उनीहरूका वेश - भूषा, खान - पान, चाल - व्यवहार, नृत्य, गीत, कला -कौशल, भाषा आदि सब अलग - अलग दिखाई रहेका छन् । तर एउटा सूत्रमा बाँधिएर जसमा सबै एक माला जस्तै मिलेको मणि झैं देखिने कुरो नै लोक संस्कृति हो । यसैले लोक संस्कृति कहिले पनि शिष्ट समाजसित आश्रित रहदैनन् । अपितु शिष्ट समाजले लोक संस्कृतिबाट प्रेरणा प्राप्त गर्ने गर्दछ ।

लोक संस्कृति एक रूपतामा हामी मानवका भाव अभिव्यक्तिको शैलीमा पनि रहेको हुन्छ । यसद्वारा लोक - मानसका माङ्गलिक भावनासित ओत - प्रोत हुन सिद्ध हुँदछ । लोक जीवन जस्तै सरल, सरस, नैसर्गिक अनुभूतिमय अभिव्यञ्जनाका चित्रण लोक गीत, लोक कथा, लोक नाटक आदिमा रहेका हुन्छन् । यी अन्यत्र कतै पाउँन सर्वथा दुर्लभ छ । **यसैले लोक साहित्यमा** लोक मानवका हृदय बोल्ने गर्दछ, जीवनको प्रतिछाँया प्रतिबिम्बित हुने गर्दछ । मुलरूपमा कुनै पनि जातिको परिचयका

मुख्य आधार पनि लोक संस्कृति नै हो भन्न सकिन्छ । प्रकृति स्वयं गाउँछन् , गुन – गुनाउँछन् । लोक जीवनका हरेक पहलुमा लोक संस्कृति कै दर्शन लुकेको हुन्छ । यो लोक साहित्यलाई मानव जतिकै पुरानो र प्राचीन मानिन्छ । यस संस्कृतिको प्रारम्भ र उद्भव संसार बनिए पछि तथा संसारमा मानवको उतत्त्तिसितै भएको अनुमान गर्न सकिन्छ । यसर्थ जनजीवनका प्रत्येक अवस्था, प्रत्येक वर्ग, प्रत्येक समय साथै प्रकृति सबै लोक संस्कृतिमा समाहित हुन्छन् ।

साहित्यकारहरू साहित्य सिर्जना गर्दा सदैव जीवनका स्थिति र प्रतिक्रियाहरूको मीमांसा गर्दै कलात्मक दृष्टिले तिनलाई अभिल्यक्ति दिन त्यहीअनुरूप नयाँ विषय, नवीन शब्द योजना, नयाण शैली र शिल्पको अविष्कार गर्दछन् । यसैलाई साधारण भाषामा **प्रयोगवाद** भनिन्छ । कतिपय विद्वान् र समीक्षकहरूले साहित्यमा प्रयोगवाद हुँदैनन् भनेका पनि छन् । उनीहरूका विचारमा नयाँ – नयाँ विचार, शैली र शिल्प प्रयोग गर्ने सबै वादहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा साहित्यप्रति झुकाउ राखेकै हुन्छ भन्ने धारणा छ ।

मूलतः प्रत्येक साहित्य सिर्जनामा अभिव्यक्तिले संधै नयाँ माध्यमको प्रयोग पाइरहेका हुन्छन् । यसो नभए नयाँ साहित्य लेखिएको कुनै मुल्य रहँदैन । तरै पनि प्रयोगवादीले साहित्य लेखनमा प्रयोगशीलतालाई ज्यादै महत्व दिने तथा यसैमा अडिएर साहित्य घडेरी निर्माण गर्ने हुनाले यसलाई प्रयोगवाद भन्न सकिन्छ । साहित्यका विविध विधाहरू कथा, उपन्यास, निबन्ध, नाटक, समालेचना, यात्रा, संस्मरण आदि मध्ये प्रयोगवाद विशेष मौलाएको

विधा भने कविता वा काव्य विधा नै हो । यो पूर्वीय र पश्चिमी दुवै काव्य साधनामा फस्टाएको पाइन्छ ।

साहित्यमा प्रयोगवाद सर्वप्रथम भारतबाटै प्रारम्भ भएको हो । ऐतिहासिक रूपमा यस वादको आविर्भाव सन् १९43 को **तारसप्तक** प्रकाशनबाट भएको मानिन्छ । प्रयोगवादका प्रवर्तक कवि अज्ञेयलाई मानिएको छ । उनका काव्यहरू पूर्वीय प्रयोगवादको घोषणा – पत्र हो भने पनि हुन्छ । वास्तवमा कवि अज्ञेय सच्चिदानन्द हीरानन्द वात्स्यायन थिए । पछि उनैको अनुसरण गरेर भारतेली अन्य भाषाका साहित्यकार साथै नेपाली साहित्यकारहरूले आफ्नो लेखनमा प्रयोगवादलाई पछ्याएर लगेको मानिन्छ । पाश्चात्य साहित्यमा एज्रा पाउण्ड र टी. एस. इलियट आदिका कविताबाट प्रयोगवादी कविहरू प्रभावित भइ यस प्रवृत्तिको कविता लेख्न थालेको मानिएको छ । नेपाली कविता साहित्यको लेखनमा देखापरेको क्लिष्टता भाषा – शैली, बक्रोति तथा धुमाउरो वाक्य गठन एवम् नयाँ कविता, अकविता, अर्धकविता आदि प्रयोगवाद कै नमुनाहरू हुन् ।

## 10.2 लोक - संस्कृतिको अर्थ र परिभाषा

संस्कृति मानव जीवनलाई परिष्कृत र समृद्ध बनाउने साधन हो । कुनै पनि जातिको गौरव, सभ्यता र संस्कार संस्कृतिमा निर्भर रहन्छ । संस्कृति विकसित भए जाति पनि विकसित भएर जान्छन् । यो धुर्ब सत्य पनि हो ।

संस्कृतिलाई मानव समाज र राष्ट्रको आत्मा मानिन्छ । यसभित्र कला, साहित्य, धर्म, दर्शन, इतिहास, भाषा, मानव जीवनका मूल्य, मान्यता, परम्परा, रीति - रिवाज, चाल - चलन, चाड - पर्व, धार्मिक विश्वास, लोकजीवन आदि पर्दछन् । संस्कृति समाजभित्रकै यावत विषयको

प्रतिविम्बित रूप हो । कुनै पनि राष्ट्र वा जातिका कला - कौशल, बौद्धिक विकास र चिन्तन आदिमा प्रकट हुने समग्र क्रियाकलापको परिष्कृत रूपलाई संस्कृति भन्न सकिन्छ ।

वास्तवमा संस्कृति हाम्रो जातीय सम्पत्ति र समृद्धिको परिचायक हो । मूल आधार एउटै भए तापनि नेपालमा र भारतमा बस्ने नेपालीहरूकरा चाडपर्व र धर्म-परम्परा मान्ने विधिहरूमा भने केही भिन्नता पाइन्छ । तथापि सांस्कृतिक पृष्ठभूमिका आधारमा भारतीय नेपाली जातिको भिन्नै सांस्कृतिक विशेषता रहेको छ । भारतीय नेपाली जाति विभिन्न जात - गोष्ठीद्वारा निर्मित भएकाले यस जातिमा छुट्टै संस्कृति, भाषा र धार्मिक आस्थाहरू रहेका छन् । भारतमा पुस्तौँदेखि बस्दै आएको नेपाली जातिभित्र बाहुन, छेत्री, राई, लिम्बू, मगर, नेवार, गुरुङ, कामी, दमाई, सार्की, सुनुवार, भुजेल, तामाङ, शेर्पा, भोटे, लाप्चे आदि जातहरू पर्दछन् । यिनै विभिन्न जात-गोष्ठीद्वारा परापूर्वकालदेखि मान्दै मनाउँदै आएकी रीति - रिवाज, चालचलन, रहन - सहन, भेष - भूषा, चाडपर्व, परम्परा, संस्कार, विश्वास, आस्था, धर्म, साहित्य, कला आदिको साझा रूपलाई नेपाली संस्कृति भन्न सकिन्छ ।

संस्कृतिलाई 'सम्पूर्ण समाजका निम्ति जीवनको मार्ग' मानिन्छ । नेपाल जातिका संस्कृतिमा शिष्टाचार, पोशाक, भाषा, अनुष्टान, व्यवहारका नियम तथा मानदण्डका नियम पर्दछन् । यस जातिको संस्कृति, परम्परा वा नवनीताका एक अद्वतीय संयोजन रहेको छ । भारतमा संस्कृतिक संगीत, वास्तुकला, धर्म र सांकृतिक समूहका साथ समाहित छन् । यहाँका नेपाली जातिले पहिरिने पोशाक, दौरा - सुरुवाल, चोबन्दी – चोली, गुनिउ, फरिया,

चोलो, ढाकाटोपी सबै लोक संसकृतिका अङ्गहरू हुन् । नेपाली पुरूषहरूले लगुने दौरा आठ तुना हुन्छन्  जसलाई , शरीरको चारै भाग बाँदिने गरिन्छ । यस दौरोले बाधिएको गलालाई नेपाली विश्वासमा भगवान शिवका गर्दन वरिपरि बाँधिअको साँपको प्रतीक मानिन्छ ।

लोक संस्कृतिका कारण कुनै पनि जाति र समाजको आफ्नै छुट्टै चिन्हारी, अस्तित्व र महत्व रहेको हुन्छ । यो एउटा चिन्हारी, अस्तित्व मात्र नभएर जातीय धन र सम्पत्ति पनि हो । यसमा रूढी, अन्धविश्वास , धार्मिक आस्थादेखि लिएर विभिन्न संस्कार, आस्था आदि पर्दछन् । लोक संस्कृति प्रकृतिको काखमा हुर्किन्छ, बड्दछ ।  यहासम्म की लोक संस्कृतिक शिक्षा प्रणालीमा पनि श्रद्धा रहने गर्दछ । यसमा अविश्वास, तर्क आदिको कुनै स्थान हुँदैन । यसैले लोक संस्कृतिमा श्रद्धा भावना परम्परागत् रूपमा शाश्वत हुँदछ । लोक संस्कृति, लोकोत्तर संस्कृति तथा विश्वका सबै मानवका संस्कृतिका बीज एउटै रहेका छन् । यो बीज अन्य कुनै संस्कृति नभएर लोक संस्कृति नै हो ।

वास्तवमा  लोकमा जे जे छन् , त्यो सबै लोक संस्कृति हो भन्ने विद्वानहरू पनि धेरै छन् । तर लोकमा भएको सबै कुरालाई आँखा चम्लिएर लोक संस्कृति मान्न सकिन्न । केही विद्वानहरूले लोक परम्परा र लोक संस्कृतिलाई एउटै मानेका पनि छन् । तर यी दुवैमा ठूलो अन्तर पाइन्छ । लोक परम्पराहरूबाट राम्रा र उत्तम कुराहरू विकसित भएर कालान्तरमा लोक संस्कृति बनिने पनि गर्छन् । परम्परा बनिन्दै जान्छन्, भत्किन्दै पनि जान्छन् । तर लोक संस्कृति कहिले पनि परिवर्तित हुँदैनन्, न त भतकाउँनै सकिन्छ ।

# 10. 3 भारतेली नेपाली कवितामा लोक - संस्कृति

दक्षिण एशिया महादेशको विभिन्न मुलुकहरूमा नेपालीहरू छरिएर बसेका छन् । यी जातिका मानिसहरू आञ्चलिकता, राष्ट्रीयता र निर्माणाधीन नयाँ संस्कृति, संस्कार, रीति – थिति, परम्परा जस्ता विछोडका असभ्ख्य बिन्दुहरूबीच पनि आफ्नो गठनकालमा अर्जेका संस्कृति र विशिष्टताका कारण विश्वमा परिचित छन् । यस संस्कृतिक विशेषताका कारण केवल दक्षिण एशिया मात्र होइन विश्वकै कुना – कुनामा छरिएर बसेका नेपाली जातिलाई एउटौ साझा सूत्रमा बाध्ने, जातीय समीकरणमा ल्याउने कार्यमा यसले महत कार्य गरेको देखिन्छ ।

भारत देशमा उन्नाइसौँ शताब्दीमा विज्ञानको विकास भएपछि मानवीय विचारधारा सँगसँदै सामाजित र सांस्कृतिक परिवर्तन पनि हुनगयो । देशमा अङ्ग्रेज शासनकको प्रभावले परम्परागत संस्कृति पनि बिटुलिन पुग्यो । अङ्ग्रेजी विद्वान् लर्ड म्याकालेले भारतमा शिक्षाको ज्योति छरे । तर उनको शिक्षा व्यवस्थाले भारतीय संस्कृतिमा पाश्चात्यकरण प्रभाव पर्नगयो । फलतः भारतीयहरूले आफ्नो परम्परागत संस्कृतिलाई जोगाइ राख्न हम्मे – हम्मे पर्न गयो । संस्कृतिको रक्षा भनेको अतीतको व्यवहारहरूको यान्त्रिक पुनरावृत्ति र देश, काल र पिरस्थितिअनुरूपको आचार – व्यावहार बनाउँदै लैजानु मात्र होइन । यसप्रति मानिसमा भित्रै मनबाट माया, प्रेम, श्रद्धा र भक्ति पनि उत्पन्न हुनु पर्दछ । यसैको परिणानस्वरूप भारतीयहरूमा युरोपीय संस्कृतिप्रति विस्तारै धृणाको भाव उत्पन्न भएर गयो।

भारतेली नेपाली संस्कृतिमा पाश्चात्य संस्कृतिको मात्र होइन भारतकै अन्य क्षेत्रीय संस्कृतिको पनि व्यापक प्रबाव परेको देखिन्छ । यसका कारण भारतबाट नेपाली जातिका मौलिक लोक – संस्कृति हराएर जाने सम्भावना अझै बढेर जादैछ । यस कुरालाई भारतेली नेपाली कविहरूले आ – आफ्ना कविताहरूमा राम्ररी चित्रण गरेका पाउँछौ । उदाहरणको निम्ति भारतेली नेपाली कवि शङकर देव ढकालको **म पर्खिरहेको छु** कवितालाई लिन सकिन्छ । सन् १९६२ मा सिक्किममा जन्मिएका कवि ढकालका **उखान** (लोक प्रचलित कथनको व्याख्या), **झार्लाङ्गी** (खण्डकाव्य) र कोही कविताहरू प्रकाशित छन् । उनी उक्त कवितामा भारतेली नेपाली संस्कृतिमा अन्य जातिका संस्कृतिको मिश्रण भएको तथ्यलाई यसरी वर्णन गर्छन् –

***चोकबजारमा साका – पोला र मुरीघण्टा बिक्न थालेपछि***

***गाईपूजा र भाइपूजा छोडी लक्खी पूजा हुन थालेपछि***

***मिरिकमा कोम्ला नेवुले मिष्टी भर्न थालेपछि***

***भान्सा घरमा पोरिस्कार रान्ना पाक्न थालेपछि ।***

भारत १५ अगस्त सन् १९४७ सालमा अङ्ग्रेजको हातबाट स्वाधिन भएको हो । तर देशमा स्वाधीनताको समय भारतीय समाजमा तीन थरीका मानिसहरू थिए । ती हुन् –

१. पाश्चात्य संस्कृतिलाई भारतमा प्रश्रय दिन चाहने युवावर्ग ।
२. भारतीय संस्कृतिलाई मात्र भारतमा कायम राख्न चाहने समाज सुधारकहरू ।

३. पाश्चात्य र भारतीय संस्कृतिका राम्रा पक्षहरूलाई ग्रहण गरी यसलाई भारतमा बचाइराख्न चाहने राजा राममोबन राय, स्वामी विवेकानन्द, राना डे, ईश्वरचन्द्र विधासागर आदि सुधारकहरू ।

मूलरूपमा भारतको सांस्कृतिक जागरणमा विज्ञानको महत्वपूर्ण योगदान रहेको छ । विज्ञानका कारण भारतमा परम्परागत रूढीवादीपूर्ण संस्कृति, कुरीति, कुसंस्कार तथा अन्धविसावास आदिको समाप्त भएर गएको मान्न सकिन्छ । वैज्ञानिक युगभन्दा पूर्व धर्म, अर्थ, काम र मोक्ष यी चार पुरूषार्थ भारतीय संस्कृतिका मूल आधार थिए । तर वैज्ञानिक चिन्तनको विकासले भारतीयहरूको सांस्कृतिक चिन्तनमा ठूलो परिवर्तन आएको मानिन्छ । प्रारम्भमा भारतेली नेपाली समाजामा लोक – संस्कृति चोखो र पवित्र थियो । कुनै विदशी, क्षेत्रीयगत् जाति, समुदाय आदिका संस्कृतिको छाँया नेपाली लोक – संस्कृतिमा परेको थिएन । यस तथ्यलाई भारतेली नेपाली कविहरूले आफ्ना कविताहरूमा राम्ररी वर्णन गरेका छन् । उदाहरणको निम्ति भारतेली नेपाली कवि अबीर खालिङको **कविता ! तिमी मेरो गाउँ फर्क** कवितालाई लिन सकिन्छ ।

21 जुलाई सन् १९६७ मा दार्जिलिङ जिल्लाको बिजनबारीस्थित कर्मटार बस्तीमा जन्मिएको कवि अबीर खालिङको सन् १९९९ मा **अबीरानूभूति,** सन् 200७ मा **अक्षर उत्सव** आदि कविता सङ्ग्रह प्रकाशित छन् । यस अतिरिक्त उनको सन् १९८4 मा **प्रतिशोध एउटा तिरस्कारको** (उपन्यास) , सन् १९८८ मा **बालुवाको** पहाड (कथा सङ्ग्रह) , सन् 2001 मा **हस्ताक्षर** (सामयिक सङ्कलन) आदि कृतिहरू पनि छापिएका पाउँछौं । कवि खालिङ भारतमा

पहिले नेपाली जातिले कसरी लोक – संस्कृतिलाई पालन गर्थे भन्ने कुराको चित्रण उक्त **कविता ! तिमी मेरो गाउँ फर्क** कवितामा यसरी गर्छन् –

*डाँडाको फलैंचामा जब छेबा र पाराङहरू सेलो हाल्थे*

*तिमी रम्मिँदै बरको हाँगामा पिङ खेल्थ्यौं ।*

*खेतमा धान रोपिरहेकाहरूमा*

*रसिया भई बसेको पो छ्यौ कि भनी हेरे*

*बडारी कुँडारी राखन भन्दै भैलनीहरूसित*

*मेरो आँगनमा आयौ कि भनी हेरे ।*

विशेषत: नेपाली लोकजीवनमा गाइने यी रोपाइँ, असारे, रसिया आदि विभन्न श्रृतुपर्वहरूमा गाउने लोकगीतहरू हुन् । रोपाइँ समय पञ्चै बाजाका साछ बियाड (बीउ राख्ने गह्रा) – बाट उखेलेको धानका बीउलाई दुवै हातमा लिएर रोप्न ठीक पारेको हिले गह्रामा नाचिने नाचलाई **बेठी नाच** भनिन्छ । यो नाच सर्वत्र रोपाइँका समयमा भारतका विभिन्न नेपाली बहुल क्षेत्रमा धान रोप्दा आ – आफ्ना छङ्गले नाच्दै, गाउँदै रोपाइँ गरिन्छ । यस समय रसिया गीत रापारे – बाउसेहरू यसरी गाउछन् –

*आज रोपाइँ भोलि रोपाइँ केराउका बिरम्ला*

*आ है केराउका विरम्ला*

*आजका यी ठिङ्गारेका सुकेका पिडम्ला*

*आ है सुकेका पिडम्ला ।*

भारतेली नेपालीहरूका लोक संस्कृति विश्वका अन्य सबै समृद्ध संस्कृति मध्ये एउटा मानिन्छ । भारत एक वहुसंस्कृति पालन गर्ने देश हो । यहाँ पुस्तौँदेखि नेपाली जाति स्थायी बासिन्दाका रूपमा रहिआएका छन् । भारतेली नेपाली जाति पनि विभिन्न जात, वर्ग, समुदाय मिलेर निर्माण भएको छ । यसअतिरिक्त विभिन्न धर्म, संस्कार र भाषा बोल्ने नेपालीहरू पनि भारतमा बसछन् । तर उनीहरूका साझा संस्कृति भने नेपाली संस्कृति नै हो, जसलाई नेपाली लोक संस्कृति भनिने गरिन्छ । यस समृद्ध सांस्कृतिक विरासत कयौं शताब्दीहरूको अन्तरालमा भारतमा विकसित भएको मान्न सकिन्छ ।

भारत सांस्कृतिक विविधताले भरिएको देश हो । यहाँ परापुर्वदेखि भारतको कुना – काप्चा, कन्दरा, कमान र वस्तीहरूमा छरिएर बसेका नेपालीहरूका संस्कृतिमा केही संस्कृति तिब्बत र केही नेपाल साथै केही मङ्गोलिय देशसँग मिल्दाजुल्दा छन् । भारतेली नेपालीका भेषभूषा, भाषा तथा खानपानहरूमा धेरै नेपाल देशका नेपाली जातिसित समानता पाइन्छन् । वैदिक सनातन एवं प्राकृतिक धर्ममा विश्वास गर्ने नेपालीहरूले मनाउने प्रमुख पर्व दसैं हो । यसलाई बडा दशैं वा विजय दशमी पनि भनिन्छ । भनौं भने विश्वमा छरिएर बसेका नेपाली जातिको ठूलो सांस्कृतिक पर्व वा चाढ नै दशैं हो । यसमा हामी नेपालीको सबै जातीय संस्कृति समाहित भएको छ । यसैले भारतेली नेपाली कवि राजेन्द्र भण्डारी **दार्जिलिङ १९९१** शीर्षक कवितामा भारतेली नेपाली जातिका लोक – संस्कृतिलाई यसरी प्रभावमयी रूपमा वर्णन गर्छन् –

***हिँडेरै टकभर – गोक – जोरथाङ माधेमेला***

*सिक्किमका लिम्बू – लिम्बूनी साथीभाई धाननाच गरिन्थ्यो*

*लेबोङ मैदानमा उत्साहको घोडा गरिन्थ्यो*

*दिनका दिन उमङ्ग र दशैं गरिन्थ्यो ।*

यसरी वर्षभरी नै उमङ्ग र खुसीका साथ आफ्नो जीवनमा दशैं आएको सम्झि भारतेली नेपालीहरूले पालन गरिन् यो पर्व शरद् ऋतु अर्थात् आश्विन शुक्ल पक्षमा पर्दछ , जसलाई **देवी पक्ष** पनि भनिन्छ । महालयदेखि दशमीसम्म देवी दुर्गाको पुजा – आराधना नेपाली जातिमा गरिन् प्रचलन छ । उक्त पन्ध्र दिनभित्र आदिशक्ति देवी भगवतीलाई प्रसन्न पार्न अनेकौं धार्मिक अनुष्ठान एवं पूजा गरिन्छ । हुन त यस्ता देवी पक्षहरू वर्षमा तीनवटा पर्छन । असोज महिनाको यो कालरात्रि पर्ने देवी पक्ष बाहेक कार्तिकमा सुखरात्रि तथा चैत्रमा महारात्रि पनि पर्छ । यीमध्ये आश्विन शुक्लमा पर्ने कालरात्रिलाई विशेष रूपमा मनाउने चलन छ , जसअन्तर्गत बडा दसैं पर्छ । यस्ता विशेष अवसरमा गरिने पूजा वा साधनाले विशेष फल दिलाउने जनविश्वास नेपाली समाजमा रहिआएको देखिन् छ। त्यसैले दसैंका नौ दिनसम्म भगवतीको विशेष पूजाआजा गरी दसौं दिन प्रसादस्वरूप टीका र जमरा ग्रहण गर्ने चलन भारतेली नेपाली जातिमा छ । पूजा गरेर प्रसाद ग्रहण गर्ने क्रम पूर्णिमासम्म रहन्छ । पूर्णिमाका दिन जमरा विसर्जन गरेपछि देवीको पूजा पनि समाप्त हुन्छ ।

शक्तिस्वरूपा देवी भगवतीका अनेकौं स्वरूप शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कूष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्री आदि रहेका छन् । यसर्थ नेपाली समाजमा देवीको यस रूपको पूजा - आराधना

दसैंका नौ दिनसम्म क्रमैसँग गरिने प्रचलन छ । यसर्थ देवी दुर्गालाई **नवदुर्गा**का नामले चिनिन्छ । विशेषत: नेपाली जाति वा समाजमा नवदुर्गाको पूजा गर्नाले सारा पाप नाश भै मनका चाहना पूरा हुने विश्वास गरिन्छ । यी देवीहरू समस्त प्राणीका शरीरमा माता, विद्या, लक्ष्मी, शक्ति, बुद्धि, माया, शान्ति, धृति, क्षमा, दया, निद्रा आदि स्वरूपमा विराजमान छन । दसैंका बेलामा आफूमा निहित ती शक्तिलाई प्रकट गरेर अभीष्ट पूरा गर्ने मनसायले प्रेरित भै मानिसहरूले अनेकौं साधना गर्छन ।

घटस्थापनाका दिनदेखि सुरु हुने दसैंको पहिलो दिन देवी स्थापना गरेर जमरा राख्ने कार्य हुन्छ । उक्त दिन व्यक्तिगत रूपमा घरैमा तथा सामुहिक रूपमा विभिन्न देवी मन्दिर एवं कोतघरहरूमा जमरा राखिन्छ । सम्पूर्ण विधि पुर्याएर जमरा राख्ने कार्यसँगै दुर्गा शप्तशतीको पाठ पनि गरिन्छ । बिहान नुहाइधुवाइ गरी शुद्ध भएर पाठपूजा गर्ने, बेलुका सधैं आरती गर्ने कार्य दसैंभरि नियमित गर्नुपर्छ । पाँचौं दिनसम्म यही क्रम जारी रहन्छ भने छैटौं दिन विल्व निमन्त्रणा अर्थात् बेलको पातले पूजा गरिन्छ । सातौं वा सप्तमीका दिन फूलपाती भित्र्याइन्छ । फूलपाती भित्र्याउन केरा, दारिम, धान, हलेदो, बेलपत्र, अशोक, जयन्ती, उखु र मानेजस्ता नौवटा लहरापात एवं जातजातका फूल चाहिन्छ । अष्टमीका दिन राति कालरात्रिको पूजा गरेर बलि दिने तथा होमादि गर्ने कार्य हुन्छ । त्यस दिन कसैकसैले रातभरि भजन - कीर्तन पनि गर्छन । नवमीका दिन देवीलाई बोका, कुखुरा, हाँस, परेवा, राँगा, पाठी आदि पशुबलि दिइन्छ । नेपाली लोक – संस्कृतिमा रहेको बलीप्रथाले भारतेली नेपाली जातिको सौष्ठवतालाई बहन गरेको मान्न सकिन्छ । यस जातिको जातीय विशेषता पनि मानिने बलिप्रथा भारतको कुना –

कुनामा छरिएर बसेका नेपालीहरूले पालन गर्छन् , यसबारे आस्था र विश्वास राख्छन् । यस कुरालाई भारतेली नेपाली कवि वेगबसन्त थापाले **डुवर्स** कवितामा यसरी वर्णन गरेका पाउँछौं –

***कहिले काहीँ कुन भावावेशमा आएर हो***

***टिस्टामाईलाई भाकेर***

***निरीह पशुहरूको बलि***

***चढाउने गर्छ यो***

***डुवर्स ।***

बलिप्रथालाई समाजमा कतिपय मानिस, घर्म, समुदायहरूले मान्य पनि ठान्दैनन् । तर यो कुनै पनि जातिका लोक – संस्कृतिकै एउटा अङ्ग हो भन्न सकिन्छ । बलिप्रथाको निम्ति ब्राह्मणहरूलाई जीवबलि शास्त्रले नै निषेध गरेको छ । त्यसैले ब्राह्मण तथा अन्य शाकाहारी मामिसहरूले कुभिन्डो, नरिवल, उखु वा अन्य कुनै फल, पायस तथा मासको पीठोबाट पशुको आकृति बनाएर बलि दिने पनि गर्छन् । देवी सबैकी मातास्वरूप भएकीले बलि दिनैपर्छ भन्ने छैन । नेपाली समाजमा बलि दिने कार्यमा तान्त्रिक परम्पराको प्रभाव रहेको मानिन्छ ।

विशेषगरेर भारतेली नेपाली समाजमा दशमी अर्थात् टीका लगाउने दिन आफू भन्दा ठूला - बडा मानिसका हातबाट टीका - जमरा लगाई आशीर्वाद ग्रहण गरिने प्रचलन छ । त्यसदिन पाहुर बोकी – बोकी दसैं मान्ने नेपालीहरू आफ्ना आफान्तकहीँ तीका छाप्न जान्छन् । टीका लाइदिदा आशिषको रूपमा गाइने श्लेक यस प्रकार छन् –

*आयु द्रोण सूते श्रेयं दशरथे शत्रु क्षयं राघवे*

*ऐश्वर्यं नहूपे गतिश्च: पवने मानञ्च दुर्योधने*

*दानं सूर्य सूते बलं हलधरे सत्यचं कुन्ती सूते*

*विज्ञानं बिदुरे भवन्ति भवतम् कीर्तिश्च: नारायणे ।*

त्रेता युगमा यसै दिन श्रीरामले सीताको हरण गर्ने रावणको बध गरेको प्रसङ्ग आउँछ । यसका लागि रामले नारदको उपदेशबाट नौ दिनसम्म दुर्गा देवीको आराधना गरेको र दसौं दिन रावणमाथि विजय पाएको कथा प्रचलित छ। यसरी रावणमाथि रामले विजय पाएको हुनाले यस दिनलाई विजया दशमी अर्थात् बडा दसैं भनिएको हो ।

भारतेली नेपाल समाजमा तिहार वा त्यौहार पनि एउटा संस्कृतिको पर्याय हो । यसलाई हामी नेपालीहरूको समृद्ध सांस्कृतिक विरासतको जिउँदो रूप मानिन्छ । यसलाई भारतमा दिपावली पनि भनिने गरिन्छ । यस दिन नेपालीहरू आफ्ना चेलीका हातबाट सयपत्रीमखमली आदिका फूलमाला , लाई कवि अबीर खालिङले आफ्नोलगाउँछन् । यस कुरा**कविता ! तिमी मेरो गाउँ फर्क** कवितामा यसरी गर्छन् –

*जाँतो पिँधिरहेका चेलीहरूका हातहरूमा*

*सयपत्रीमा, मखमलीमा पनि हेरे ।*

*तिमी कहाँ गयौ कविता ?*

*तिमी कहाँ गयौ ।*

अधिकांश नेपाली तिहार विभिन्न हिन्दू तथा बौद्ध देवताहरूसित सम्बन्धित छन् । यसैले दशैं र तिहार धर्मप्रति आधारित सबैभन्दा ठूलो र लोकप्रिय चाढ पनि हो । यी चाढहरूका दिन नेपालीहरू आफ्नो दु:ख, पीर, मर्कालाई भुलेर साथै दुश्मन, रीसराग सबैलाई विर्सिएर मादले गीत, झ्याउरे गीत, सङ्गीनि, तामाङ सेलो, हाकपारे, देउसी – भैलो गाउछन् , खेल्छन् । यस कुरालाई कवयत्री शान्ति थापाले **गीत – 2** कवितामा यसरी चित्रण गरेकी छन् –

***कतै नेपाली मादलमा झ्याउरे घन्किन्छ***

***चियाबोटका माँझ – माँझ झुमुर झल्किन्छ***

***कतै ज्योतिले बोलाउँछ***

***कतै राभाले मन भुलाउँछ ।***

यस अतिरिक्त भारतेली नेपालीहरूले बुद्ध जयन्ती, फागु पूर्णिमा, जानई - पूर्णिमा, तीज, माधे सङ्क्रान्ति, सावने सङ्क्रान्ति, हरितालिका ती, कुशे औंसी, सोह्र श्राद्ध पनि पालन गर्ने गर्छन् । यी सबै लोक – संस्कृतिभित्र आउने भारतेली नेपाली जातिका पर्व, चाढ, संस्कार, परम्परा, विश्वास आदि हुन् । यस बाहेक खान – पान, विभिन्न धार्मिक अनुष्ठान, धाँमी – झाक्री, वैश – भूषा, उखान – टुक्का, गाउँखाने कथा, लोककथा, आख्यान – उपाख्यान पनि संस्कृतिभित्रै पर्ने हुनाले यसलाई पनि लोक – संस्कृतिको घटकहरू मान्न सकिन्छ । यो संस्कृति नेपलीहरूको विभिन्न गायन, वादन, नृत्य, चित्रकारिता, कला – कौशल आदिमा पनि बाँचेका छन् ।

## 10.4 प्रयोगवादको अर्थ र परिभाषा

साहित्यमा चलेको प्रयोगवाद आधुनिक कालको प्राप्ति हो । प्रयोगको साधारण अर्थ कुनै वस्तु वा विषयलाई व्यलहारमा लगाउनु तथा उपयोग गर्नुलाई बुझिन्छ । यस बाहेक नीति वा कुनै विषयलाई नियम, व्यवहार, सिद्दान्त आदिमा स्थापना गरी कार्यरूपमा ल्याउने प्रक्रियालाई पनि प्रयोग भनिन्छ । विशेषगरी प्रयोग शब्दले कुनै चलिआएतो परम्परा, मान्यतामा नयाँ कुरो प्रतिपादन गरी कुनै भिन्दै प्रकारको नियम, नीतिलाई व्यलहारमा उतार्नु भन्ने अर्थ पनि बोध गराउँदछ । वाद भनेको कुनै धारा, सिद्धान्त, प्रणाली, युग, काल आदि हो । यसर्थ प्रयोग र वाद दुई शब्दाको योगले बनिएको प्रयोगवाद साहित्यमा कुनै नयाँ सिद्धान्त, नियम, नीति प्रयोग गर्ने नौलो सिद्धान्त हो ।

प्रयोगलाई विज्ञानका माध्यम मानिसले प्राप्त गरेको नयाँ दृष्टि मानिन्छ । आजको वैज्ञानिक र तकनीतिको युगमा बौद्धिक विश्लेषण बिना कुनै पनि सत्यतालाई अगाल्न सकिन्दैन । आज प्रयोगकै कारण विज्ञान बाँचिरहेको छ । प्रयोग र प्रयोगशाला नभएको भए विज्ञानको जन्म पनि हुदैन थिए होलान । यसर्थ विभानले प्रयोग गरी पत्वो लगाएको पदार्थको विश्लेषणद्वारा कुनै नयाँ कुरोको खोजी गर्दछ । यसरी नै साहित्यमा पनि प्रयोगवादी स्रष्ट्रा मानव मन र त्यसका स्थितिहरूको खोजी प्रयोगवादी लेखनद्वारा गरिरहेका छन् ।

प्रयोगवादले मुख्यगरेर पहिलादेखि चलिआएको कलात्मक तथा साहित्यिक परम्परालाई प्रयोगात्मक रूपमा परीक्षण गरेर त्यसमा रहेका अनावश्यक र त्याज्य कुराको विरोध गर्दै, हटाउँदै नयाँ प्रभृतिका स्थापना गर्नुलाई बुझाउँछ । प्रयोगवादी शब्दले चाहिँ प्रयोगवाद सम्बन्धी, प्रयोगवादका अनुयायी, प्रयोगवादी शैली विचार धाराको प्रतिपादन गर्ने अर्थलाई जनाउँदछ । साहित्यको सन्दर्भमा चाहिँ परम्परागत मान्यता, रूढीगत धारणा, पुरानो

लेखन शैली, पुरातन सोच – विचार, परम्परागत साहित्य लेखन, चलिआएको विषय छनौट आदि कुराहरूलाई भत्काएर, तोडेर नयाँ प्रकारका साहित्यिक लेखन वा प्रयोगलाई बुझाउँदछ ।

प्रयोगवादको अर्थलाई कवि अज्ञेयले यसरी व्याख्या गरेका छन् – " प्रयोगवादी कवि कुनै एउटा यस्तो स्कुल होइनन् , कुनै यस्तो लक्ष बिन्दुमा पुगेका छैनन् , अझै बाटोमा छन् , बाटामा होइन बाटाको खोजीमा छन् त मनस्थ ।" वास्तवमा प्रयोगवादी साहित्यकार आफ्ना कृतिमा अनुभूत् र तथ्यहरूको विश्लेषण गरे पनि नयाँ शब्दको योजना गर्दै तिनलाई नवीन सन्दर्भ र प्रसङ्गमा भिजाएर नवीन सम्भावनाहरूको उद्घाटन गर्दछन् । उनीहरूको मूल लक्ष्य नै आद्योपान्त प्रयोगलाई समाएर कृतिको सिर्जना गर्नु हो । प्रयोगवादमा प्रयोगलाई नै साहित्यको बाध्यता पनि मानिन्छ । कारण अन्य वादका साहित्यकारहरू भन्दा पृथक् र भिन्न देखिनु पर्ने चाहना र रहरले प्रयोगवादी साहित्यकारहरू सदैव नयाँ बाटो अप्नाउन तत्परता भइरहन्छन् । विशेषतः प्रयोगवादको रूपमा यस्ता नयाँ बाटो रूपान्तरित भएपछि त्यो नै सिन्धान्त वा दर्शन पनि बन्दछ । त्यसमा प्रयोगको कुनै अंश बाकी रहँदैन ष यो प्रयोगवाद भए पनि यसको प्रवृत्ति भने प्रयोगशील नै रहन्छ ।

मुख्यगरेर प्रयोगवादले साहित्यिक रूढिहरूलाई तोडेर एउटा नयाँ परम्पराको स्थापना गर्दछ भन्ने मान्यता छ । यस वादले संधै प्रगतितर्फ पाइला चाल्दछ । यही कारण प्रयोगवादा गतिशीलता रहन्छ । परम्परा भन्दा केही नवीनता भएको सबै साहित्यलाई प्रयोगमूलक साहित्य मान्न सकिन्छ । यो निरपेक्षतामा होइन, सापेक्षतामा आधारित हुन्छ । प्रयोगवादले आदर्शको

अपेक्षा गरी स्वच्छन्दता र त्यसैको आडमा अरू अरू नयाँ र नौलो सिद्धान्तहरू बनाउँदै लान्छन् ।

## 10.5 भारतेली नेपाली कवितामा प्रयोगवादी वैशिष्ठय

नेपाली कवितामा प्रयोगवादी धाराको थालनी सन् १९६० को राजनैतिक परिवर्तनपछि भएको हो । यसलाई नेपालमा 2017 सालको क्रान्ति भनी चिनिन्छ । नेपाली साहित्यमा प्रयोगवादी धाराका लेखन महाकवि लक्ष्मीप्रसाद देवकोटाको अवसान भएपछि अनि कवि मोहन कोइरालाको आगमनसँगै प्रारम्भ भएको मानिन्छ ।

प्रयोगवादी धाराका कविहरूले परिस्थितिजन्य कारणबाट उत्पन्न हीनता, कुण्ठा, असन्तुष्टि, ठकुसमुकुस आदिलाई अमूर्त लेखनका माध्यमबाट दुरुह, क्लिष्ट, असम्प्रेषणीय ढङ्गले कवितात्मक प्रस्तुति गरेका छन् । जीवनलाई विसङ्गत, निस्सार, विशृङ्खल, शून्य, व्यर्थ ठान्ने प्रयोगवादी धाराका नेपाली कविहरूले अनेक बिम्ब, प्रतीक र मिथको प्रयोग कविताहरूमा गरेका छन् । यस अतिरिक्त प्रयोगवादी कविहरूले चेतन प्रवाह पद्धति (स्ट्रीम अफ् कनसियसन्स्) - को प्रयोग गरी कवितालाई दुर्बोध्य तुल्याएका पनि छन् । प्रयोगवादी प्रवृतिको अनुसरण गरी विभिन्न नेपाल र भारतका नेपाली कविहरूले कविता सिर्जना गरेको देखिन्छ ।

भारतेली नेपाली कविताको आधुनिक चरणमा स्वच्छन्दताकादी प्रवृत्तिलाई अस्वीकार गरी नयाँ प्रयोगमूलक लेखनी प्रारम्भ भएका हो । यसलाई भारतेली नेपाली कवितामा **प्रयोगवाद** भनिने गरिन्छ । यो वस्तुपरक ढङ्गले अघि सारिएको साहित्यिक प्रयोगको नयाँ प्रयोगवादी अवधारणा हो ।

भारतेली नेपाली कवितामा **प्रयोगवादी धारा**का नामले परिचित दार्जिलिङबाट थालिएको तेस्रो आयाम वा आयामेली आन्दोलनलाई पनि प्रयोगवादकै लेखन मान्न सकिन्छ । नेपाली साहित्यका आयमेली त्रीमुर्ति बैरागी काइँला, ईश्वरवल्लभ र इन्द्रबहादुर राई यस आन्दोलनका हस्ती हुन् । यी तीन मध्ये बैरागी काइँला र ईश्वरवल्लभ मात्र भारतेली नेपाली कविताको प्रयोगवादी धारासँग सम्बन्धित छन् ।

अभिव्यक्तिमा सहजता स्वच्छन्दतावादको उल्लेखनीय प्राप्ति हो । नैपाली स्वच्छन्दतावादी कवितामा वर्णमात्रिक छन्द, लोकलय तथा गध्यात्मक लयको प्रयोग पाइन्छ । यसरी नै भारतेली नेपाली कवितामा स्वच्छन्दताकादी प्रवृत्तिलाई अस्वीकार गरी वस्तुपरक ढङ्गले कविताको सृजना कविहरूले गरेका पाउँछौं । यसलाई भारतेली नेपाली कवितामा प्रयोगवादी धारा भनिन्छ । यस धाराका कविताहरूमा विसङ्गत जीवनको निस्सारपन, शुन्य अभिव्यक्ति , पर्मपरागत भाषा शैलीको बिराध, विश्रृङ्खलीन वाक्य गठन, वेवास्ता र दुर्बोध्य भाव संयोजन, बिम्ब र प्रतीकको अत्याधिक प्रयोग गरेका पाउँछौ । यसलाई नेपाली साहित्यमा **आलोचनात्मक यथार्थवादी धारा** पनि भनिने गरिन्छ ।

प्रयोगवाद परम्परा कविता ढाँचा विरूद्ध नवीन भावधारा र नवीन शिल्प – शैली एवम् संरचनालाई अङ्गीकार गरी प्रारम्भ भएको काव्यधारा हो । यसमा अतियथार्थवादी तथा विसंगतिवादी जीवनदृष्टि र बिम्ववादी तथा प्रतीकवादी शैलीशिल्पको प्रयोग पाइन्छ । प्रयोगवादीहरुमा ईश्वरप्रति अनास्था ,सामाजिक मान्यता प्रतिको विरोध र मानवलाई जीवशास्त्रीय आधारमा हेर्ने प्रवृति पाइन्छ । यसैले प्रयोगवादीहरु जीवनको निसारता, शून्यता, विदूपता र

Notes

बीभत्सताको चित्रण गर्दछन् । मानिसलाई यौनवासनाग्रस्त एक प्राणीको रुपमा चित्रण गर्ने प्रयोगवादीहरु जीवन जगतका विसंगति र शून्यताको वर्णनका साथै मानवीय अस्मिताको खोजीसमेत गर्दछन् । प्रयोगवादमा सहजनका ताथै अमूर्त कलाको पनि अनियन्त्रित अवचेतनको स्वस्फूर्त लेख-छाप परेको पाइन्छ ।

समाजमा व्याप्त विकृतिबाट समाजलाई मुक्त पार्ने अपेक्षा राख्नु, विसङ्गति, कुरीति, अन्धविश्वासप्रति तिखो व्यङ्ग्य गर्नु, शोषणरहित समाजको चाहना राख्नु, सामन्ती मनोवृत्तिको भन्डाफोर गर्नु, धनी वर्गको दुष्प्रवृत्तिप्रति घृणा व्यक्त गर्नु, अन्याय, अत्याचार आदिको यथार्थ चित्रण गरेदै प्रगतिवादी विचार पनि भारतीय नेपाली आधुनिककालीन कवितामा पोखेको पाइन्छन् । साहित्य रचनाको परम्परागत मूल्य र मान्यतालाई तोडेर नयाँ पद्धतिको अवलम्बन गर्नु प्रयोगवाद हो । यसले कथ्य र शिल्प दुबैमा नयाँ खोजी गर्छ । भारतेली नेपाली साहित्यमा प्रयोगवादी कविताको लेखनले परमपरागत संरचना र रूपविन्यासलाई अस्वीकार , विषयवस्तु र शिल्पप्रयोगप्रति बढी सचेतता , अस्तित्ववादी, विसङ्गतिवादी र शून्यवादी मूल्यबाट निर्देशित कविताहरूका रचना ,जीवन निरर्थकताको चित्रण , नयाँ भाषिक योजना एवं प्रतीक र बिम्बको अत्यधिक प्रयोग आदि भएको देखिन्छ ।

प्रयोगवादी धारामा उदाएका भारतेली नेपाली कविहरूमा वैरागी काइँला, पारिजात , तुलसीराम शर्मा कश्यप, गुमानसिंह चामसिङ, नरेशचन्द्र खाती, खडकसिंह राई काँडा, पवन चामलिङ किरण, राजेन्द्र भण्डारी, श्याम लिवाङ आदि प्रमुख छन् पर्दछन् । कवि गुमानसिंह चामलिङको **अन्तद्वन्द्व** (सन् १९६4), **सुर्य उदाउनुभन्दा पहिल्यै** (सन् १९६८) र **कारागरभित्र प्रतीक्षा र**

**अन्य कविता** (सन् १९७८) आदि कविता सङ्ग्रह प्रयोगवादी लेखन प्रवृत्तिका छन् । भारतेली नेपाली कविता साहित्यमा कवि तुलसीराम शर्मा कश्यपको कतिपय कविताहरूमा प्रयोगवादी वैशिष्टय पाइन्छन् । उनको जन्म 11 फरवरी सन् १९३९ मा अनि मृत्यु ८ फरवरी सन् १९९८ मा भएको हो । उनको **मन्थन** (सन् १९९३) महाकाव्य, **अनुराग** (सन् १९९०) खण्डकाव्य र **इन्द्रकील** (सन् १९९2) खण्डकाव्य साथै कोही फूटकर कविताहरू प्रकाशित भएका छन् । उनले **आमा** (सन् १९८८) खण्डकाव्यको निम्ति सन् १९९० मा साहित्य अकादमी पुरस्कार पाएका हुन् ।

मूलतः शास्त्रीय छन्दमा रस, अलङ्कारका साथै पूर्वीय काव्यिक परम्परालाई अनुसरण गर्दै मानवतावादी दृष्टिकोण राखेर कविता सिर्जना गर्ने कवि कश्यप एक प्रतिभाशाली कवि थिए । महाकाव्य लेखनको देवकोटाली प्रयासलाई कवि कश्यपले भारतीय नेपाली साहित्यमा इमान्दारिताका साथ बचाएका छन् । यिनको मन्थन महाकाव्यमा पौराणिक विषय - वस्तुमा आजको सामाजिक परिवेशमा देखा परेको विकृति र विसङ्गतिलाई उदाङ्गो पार्ने काम गरेका छन् । यिनको **अनुराग** खण्डकाव्यमा प्रेम, प्रकृति प्रेम, सौन्दर्यको पूजा, राष्ट्रिय प्रेम आदिको प्रवृत्ति प्रस्तुत गरिएको छ ।

यसरी नै कवि पवन चामलिङ किरण लाई पनि भारतेली नेपाली कवितामा प्रयोगवादी कविको रूपमा चिन्न सकिन्छ । उनको जन्म 22 सितम्बर १९५० मा सिक्किममा भएको हो । कवि किरणको **म को हूँ ?** ( सन् १९९३) र **क्रान्तिको प्रवेश** (सन् १९९४) कविता सङ्ग्रह प्रकाशित छन् । सरल भाषा शैलीमा प्रगतिवादी विचारधारालाई लिएर क्रान्तिको विगुल फुक्ने कवि हुन् - पवन चामलिङ किरण । आफ्ना कविताहरूमा अन्याय र

Notes

अत्याचारको विरोध गर्दै मानवतावादी दृष्टिकोण राख्ने र सधैं समानताको पक्षमा बोल्ने र क्रान्तिका निम्ति आह्वान गर्ने कविका रूपमा परिचित छन् उनी । व्यस्त राजनीतिमा रहेर पनि उनको साहित्यप्रतिको झुकाउ अत्यन्त रहेको छ । मुख्यमन्त्रीका रूपमा रहिसकेका कवि किरण सधैं साहित्य कर्मी र कलाकारहरूको सम्मानमा अघि बढेको देखिन्छ । उनलाई नेपाली साहित्यका भारतीय प्रगतिवादी कविहरूको हुद्दामा गन्न सकिन्छ ।

सिक्किमका अर्का कवि केदार गुरूङलाई पनि एक प्रयोगवादी कविको रूपमा गन्न सकिन्छ । प्रतीक र विम्बहरूको प्रयोगद्वारा गुम्फित भाषा शैलीको प्रयोग गर्दै केही दुर्बोध्य कविता सिर्जना गर्ने कवि गुरूङ समकालीन अवस्थामा आइपुग्दा केही सरल बन्नपुगेका छन् । अघिल्ला कालखण्डका उनका कविताहरूको तुलनामा यस अवधिका कविताहरूमा विषय वस्तुगत विविधताका साथै केही सरलतातर्फ उन्मुख देखिन्छ । यस अवधिमा उनका तीनवटा कविता सङ्ग्रह **उर्लन्छन् छालहरू, समय र ज्वारभाटाहरू जस्तै** (सन् १९९५), **म आफ्नै कविताहरू भारी घिसाएर हिँड़िरहेछु** (सन् 2000) र **खरीको बोट र सुनाखरीहरू** (सन् 200५) प्रकाशित छन् । यसका साथै यिनका अनेकौं कविताहरू विभिन्न पत्र - पत्रिकाहरूमा निरन्तर प्रकाशित भइरहेका छन् ।

कवि राजेन्द्र भण्डारी मूलतः बिम्बात्मक कविता सिर्जना गर्ने कवि हुन् । उनका कवितामा वर्तमान विश्वको छाप स्पष्टसँग देखा पर्दछ भने उत्तराधुनिक कविता लेखनका उनी एक सशक्त प्रतिभा हुन् । यिनका यस अवधिका कविताहरूमा विश्वको बद्लँदो परिवेशबाट सिर्जना भएका समस्याहरू, व्यङ्ग्यात्मक चेतनाको प्रचुरता तथा प्रतीक र बिम्बको

समन्वयता पाइन्छ । पश्चिम बङ्गालको कालेबुङमा जन्मिएर सिक्किमलाई कर्मभूमि स्वीकार गरेका कवि भण्डारीको यस अवधिमा **क्षर/अक्षर** (सन् १९९८) कविता सङ्ग्रह प्रकाशित छ । मूलत: प्रयोगवादी क्लिष्टताका कारण कविता र पाठकका बीचको सम्बन्ध प्रायः विच्छेद भएका अवस्थामा भारतेली नेपाली कविहरूले आफ्ना विभिन्न सरल र सुबोध कविता सिर्जना गर्न थाल्छन् ।

देश स्वाधिन भएपछि भारतेली नेपालीहरू जातीय स्तरदेखि नै चेतनशिल भएर सडकमा ओर्लिन थाले। भारत देशबाट ब्रिटिशहरू भए पनि शोषण र अत्यतार हटेको थिएन । यसर्थ भारतीयहरूमा विसङ्गति उत्पन्न भएर गयो । यही विसङ्गतिको परिणामस्वरूप कवितामा देश व्यवस्थाभित्रका अव्यवस्था विकृति –विसङ्गति, नेताहरूका दुष्वृतिको चित्रण, सशस्त्र सङ्घर्षको समर्थन–विरोध एवं शान्तिको कामना, गणतन्त्र प्रतिको आस्था, विश्वास–अविश्वास, खबरदारी, वर्तमान युगीन विविध क्षेत्रका यथार्थको प्रकटीकरण आदिको अभिव्यक्ति पाइन्छ । यस अतिरिक्त सामाजिक मूल्य र मान्यताको यथावत् चित्रण, समाजमा रहेका कुप्रथा, सङ्कीर्ण रुढि तथा अन्धविश्वासको विरोघ आधुनिक भारेतेली नेपाली कविताको चरणमा कविहरूले गरेका छन् । यसलाई भारतेली नेपाली कवितामा प्रगतिवादी धाराको नामले पनि चिनिन्छ ।

भारतेली नेपाली कवितामा आदर्शोन्मुख भएर नेपाली समाजको चित्रणका साथै नैतिक मूल्य र मान्यताप्रतिको विरोधावास पनि पाइन्छ । सामाजिक विकृति र विसङ्गतिक अतिरिक्त नयाँ सोच र विचारलाई आत्मसाथ गरेर भारतेली नेपाली कविहरूले कविताको धडेरी निर्माण गरेको

हुनाले प्रयोगवादी धाराका कविताहरू मूल्यवान र महत्वपूर्ण बन्न पुगेका छन्।

## 10.6 उपसंहार

संस्कृतिलाई मानव समाज र राष्ट्रको आत्मा मानिन्छ । यसभित्र कला, साहित्य, धर्म, दर्शन, इतिहास, भाषा, मानव जीवनका मूल्य, मान्यता, परम्परा, रीति - रिवाज, चाल - चलन, चाड - पर्व, धार्मिक विश्वास, लोकजीवन आदि पर्दछन् । संस्कृति समाजभित्रकै यावत विषयको प्रतिविम्बित रूप हो । कुनै पनि राष्ट्र वा जातिका कला - कौशल, बौद्धिक विकास र चिन्तन आदिमा प्रकट हुने समग्र क्रियाकलापको परिष्कृत रूपलाई संस्कृति भन्न सकिन्छ ।

वास्तवमा संस्कृति हाम्रो जातीय सम्पत्ति र समृद्धिको परिचायक हो । मूल आधार एउटै भए तापनि नेपालमा र भारतमा बस्ने नेपालीहरूकरा चाडपर्व र धर्म-परम्परा मान्ने विधिहरूमा भने केही भिन्नता पाइन्छ । तथापि सांस्कृतिक पृष्ठभूमिका आधारमा भारतीय नेपाली जातिको भिन्नै सांस्कृतिक विशेषता रहेको छ । भारतीय नेपाली जाति विभिन्न जात - गोष्ठीद्वारा निर्मित भएकाले यस जातिमा छुट्टै संस्कृति, भाषा र धार्मिक आस्थाहरू रहेका छन् । भारतमा पुस्तौँदेखि बस्दै आएको नेपाली जातिभित्र बाहुन, छेत्री, राई, लिम्बू, मगर, नेवार, गुरुङ, कामी, दमाई, सार्की, सुनुवार, भुजेल, तामाङ, शेर्पा, भोटे, लाप्चे आदि जातहरू पर्दछन् । यिनै विभिन्न जात - गोष्ठीद्वारा परापूर्वकालदेखि मान्दै मनाउँदै आएकी रीति - रिवाज, चालचलन, रहन - सहन, भेष - भूषा, चाडपर्व, परम्परा, संस्कार, विश्वास, आस्था, धर्म,

साहित्य, कला आदिको साझा रूपलाई नेपाली संस्कृति भन्न सकिन्छ । भारतीय नेपाली लोक संस्कृति श्रमशील समाजकी सम्वेदनात्मक आवेगमा ज्यादा अभिव्यक्त भएका छन् । यस धर्तीमा रहने प्रत्योक निवासीहरूले आफ्नो लोक संस्कृतिका रक्षा गरिरहेका छन् । यस कार्यमा भारतेली नेपालीहरू पनि पछि परेका छैनन् । लोक संस्कृति प्रकृतिको काखमा हुर्किन्छ, बड्दछ । यहासम्म की लोक संस्कृतिक शिक्षा प्रणालीमा पनि श्रद्धा रहने गर्दछ । यसमा अविश्वास, तर्क आदिको कुनै स्थान हुँदैन । यसैले लोक संस्कृतिमा श्रद्धा भावना परम्परागत् रूपमा शाश्वत हुँदछ । लोक संस्कृति, लोकोत्तर संस्कृति तथा विश्वका सबै मानवका संस्कृतिका बीज एउटै रहेका छन् । यो बीज अन्य कुनै संस्कृति नभएर लोक संस्कृति नै हो ।

वास्तवमा लोकमा जे जे छन् , त्यो सबै लोक संस्कृति हो भन्ने विद्वानहरू पनि धेरै छन् । तर लोकमा भएको सबै कुरालाई आँखा चम्लिएर लोक संस्कृति मान्न सकिन्न । केही विद्वानहरूले लोक परम्परा र लोक संस्कृतिलाई एउटै मानेका पनि छन् । तर यी दुवैमा ठूलो अन्तर पाइन्छ । लोक परम्पराहरूबाट राम्रा र उत्तम कुराहरू विकसित भएर कालान्तरमा लोक संस्कृति बनिने पनि गर्छन् । परम्परा बनिन्दै जान्छन्, भत्किन्दै पनि जान्छन् । तर लोक संस्कृति कहिले पनि परिवर्तित हुँदैनन्, न त भतकाउँनै सकिन्छ । तथापि आज भिन्न जातीयताहरू माझ रहेर स्थानियताको छाप, तीव्रगतिमा बदलदो विश्वव्यवस्ताको प्रभाव र मिश्रित संस्कृति साथै आधुनिक नगर सभ्यतामा रहदा – बस्दा नेपाली जातिका सांस्कृतिक विशिष्टतामा केही क्षय, विचलन आएको पनि देखिन्छ । वर्तमान भारतेली नेपालीहरूका जातीय चिन्हारीको प्रश्न, न्यूनतम मानवीय हक र अधिकारका निम्तिव संधर्ष,

जीवनयापन तथा आधारभूत सुख – सुविधाका निम्ति प्रयत्न जस्ता विषमताहरूका कारण नेपाली संस्कृतिलाई सतत् रूपमा प्रवाहमय राख्नुपर्ने चुनौती पनि भारतेली नेपालीहरूमा छ ।

विश्वमा नेपाली संस्कृति र भाषालाई पहिचान दिलाउनका लागि हामी सम्पूर्ण नेपालीहरुले सहयोग गर्नुपर्छ, अघाडि बढ्नुपर्छ । आज विश्वमा कैयो देशहरुले आफ्नो संस्कृति र भाषाको पहिचान कायम राखेका छन् । तब हामी नेपालीहरू किन पछाडी रहने । हुन त वर्तमान भारतमा भौतिकवादी संस्कृतिको उदय भएर नवीन मूल्यहरूको विकास हुँदैछन् । आजको युग यन्त्रको युग भएकोले व्यक्ति आफ्नो सांस्कृतिक रीति – रिवाद, परम्परा, संस्कार, मान्यता र मूल्यलाई सठीक रूपमा पालन गर्न सकिरहेका छैनन् । यसबारे समयमा नै हामी भारतेली नेपालीहरू जाग्रत र चेतनशिल हुन अतिआवश्यक देखिन्छ । मूलतः हामी नेपालीहरू जीवन र परिस्थितिका कारण संसारकै जुनसुकै कुनामा रहे पनि आजको सन्दर्भमा लोक – संस्कृतिलाई बचाइराख्नु अत्यन्त जरूरी छ । हामीले अतीतलाई अनुसरण गरेर नेपालीपन लिएर बाँच्नु नै बढी सांस्कृतिक हुनजान्छ ।

नेपाली समाजमा लोक संस्कृति हराएर जानु तथा बिलिएर जानु साथै संरक्षणको सोच नराख्नु भनेको सम्पर्ण भारतेली नेपाली जातिकै अस्मिता, अस्तित्व, मौलिकता र चिन्हारी मेटिएर जानु हो । वर्तमान डिजिटल युग, औधोगिकीकरण, बडदो वैज्ञानिक शक्ति र तकनीति एवम् सोचको कारण परम्परा र प्राचीन मूल्यलाई संरक्षण गरिरहने फुर्सत हामीमा छैन । तर जती नै हामी उन्नतशील र विकसित भए तापनि मिथकीय शक्तिले हामीलाई तानी नै रहेको हुन्छ । यसर्थ हाम्रो परम्परा, संस्कार, संस्कृति र चिन्हारीको

जगेराहेतु व्यक्तिगत, सरकारी र गैर सरकारी क्षेत्रबाट जागरूक हुनु आवश्यक मात्र होइन जरूरी पनि छ ।

संस्कृति सम्बन्धी गलत धारणाले भारतेली नेपाली समाजमा एउटा अर्को विचलन पनि सिर्जेको प्रतीत हुन्छ । नेपाली जातिसत्तालाई एउटा निर्जीव र विचारहीन मिश्रण ठानेर गैर लोकतान्त्रिक ढङ्गमा एकजुट राख्नखोज्ने र जातिसत्ताभित्र विकासमान तत्त्वहरूलाई संस्कृतिको नाममा हुर्कन नदिने जडतापूर्ण दृष्टिकोण विकसित भइरहेको देखिन्छ । यस कुरातर्फ नेपाली समाजका अग्रज, बुद्धिजीवी, साहित्यकार, लोक – संस्कृति संरक्षणकर्ताहरूले मात्र यी प्रवृत्तिलाई चिन्ने र समुचित प्रतिकार नगरेर हामी सम्पूर्ण भारतेली नेपालीहरू एक भएर यसप्रति पाइला चाल्नु नितान्त आवश्यक छ ।

**प्रयोगवादी भारतेली नेपाली कविता**मा नैतिक मूल्यको खोजी, सामाजिक – प्रशासनिक व्यवस्थाप्रति तीब्र व्यङ्ग्य, तिक्ततापूर्ण वर्तमान जीवनको अभिव्यक्ति, अन्तर्राष्ट्रीय सन्दर्भहरूप्रति सचेतता, सरल र जटिल दुबै भाषाको प्रयोग, बक्रोत्तिपूर्ण शैलीको बाहुल्य, प्रतीक – बिम्बको भरमार प्रयोगको पाइन्छ । शैली शिल्पमा क्लिष्टता, दुरुहता तथा परम्परागत भाषिक योजना, पदसंगति र भावसाहचर्यको क्रमभङ्ग भएको स्थिति आदि मुख्यरूपमा प्रयोगवादी कविताका बैशिष्टय हुन् ।

प्रयोगवादी धाराका कविताहरूमा भारतेली नेपाली कविहरूले पङ्क्ति – पङ्क्तिमाझ अर्थमा कुनै पनि कविताको आशय र भाव प्रकट हुँदैन भन्ने मान्यता पोखेका छन् । उनीहरूले बिम्ब बिधान र प्रतीक योजना सहाराले समष्टि प्रभावका रुपमा कविताको भावविधान रहेको हुन्छ भन्ने विचार राखेको पाइन्छ । यस प्रयोगवादी धाराका कतिपय भारतेली नेपाली कविहरूले

Notes

आफ्ना कवितामा अन्तर्राष्ट्रिय परिवेशका रुपमा विज्ञान र प्रविधिको द्रुततर विकासका कारणवाट मानवीय मूल्य र मान्यतामा आएको परिवर्तनलाई विष्यवस्तु बनाएका छन् । आजको बहुमुखी र अस्तव्यस्त जीवनका जटिलतम संवेदनाहरु आजका कविहरुका अनुभूतिका विषय बनेका छन् भन्न सकिन्छ । बिम्ब र प्रतीकहरुको सुन्दर प्रयोगले कवितालाई सम्प्रेषणीय बनाउने चेष्टा पाइन्छ ।

भारतेली नेपाली कविताको समसामयिक चरम प्रयोगवादी लेखनको क्लिष्टता, दुर्बोध्यता, अंसप्रेषणीयता भन्दा भिन्न रुपमा देखापरेको काव्यधारा मानिन सकिन्छ । समसामयिक चरणमा सङ्क्रमण लेखन, विचलन, चिया कविता, कफी कविता, चियाबारी साहित्य लेखन, समावेशी आदि काव्यिक लेखन र आन्दोलन भएको पाइन्छ । यस चरणको कविता कुनै एक वाद, सिद्धान्त, प्रवृति वा जीवनदृष्टि सम्बन्धि अभिव्यक्ति नभई विविध वाद, सिद्धान्त, प्रणाली, प्रवृति तथा जीवनदृष्टिसम्बन्ध अभिव्यक्त छन् । समसमायिक कविहरुले सामाजिक, सांस्कृतिक ,राजनीति, प्रशासनिक तथा अन्य राष्ट्रिय तथा अन्तर्राष्टिय क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिहरुलाई बिष्यबस्तु वनाई तिनको कवितात्मक अभिव्यक्ति दिएका छन् भन्नमा कुनै अतियुक्ति नहोला ।

समग्रमा नेपाली कविताको प्रयोगवादी धाराको समयावधिमा लेखिएका कवितालाई हेर्दा प्रतीकात्मक र सूक्ष्म आख्यानात्मक संरचनायुक्त लामा कविताको सिर्जना, प्रतीकात्मक, अमूर्त, बौद्धिक, क्लिष्ट, दुर्बोध्य, दुरुह र जटिल अभिव्यक्ति, अतियथार्थवादी, प्रतीकवादी, अस्तित्ववादी - विसङ्गतिवादी चिन्तन, युगीन जनजीवनमा व्याप्त निस्सारता, अर्थहीनता,

निराशा, सन्त्रास, संशय, कुण्ठा आदिको चित्रण गरेका पाउँछौं । यसअतिरिक्त कथ्य र शिल्पगत नवीनता विशृङ्खल अनुभूतिको विस्तार, आनुप्रासिक र गधयात्मक शिथिलता एवं शुष्कता, परम्परा भन्दा भिन्न नवीन भाषिक विन्यास जस्ता प्रवृतिको प्रबलता प्रयोगवादमा भेटिन्छ ।यसै समयमा यीभन्दा भिन्न प्रवृतिका स्वच्छन्दतावादी भावधारामा आधारित केही कविताहरू पनि लेखिएका छन् ।

## 10.7 सार

यस प्रखण्डमा **लोक - सांस्कृतिक सन्दर्भ र भारतेली नेपाली कविता** अनि **भारतेली नेपाली कवितामा प्रयोगवादी वैशिष्ट्य**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ मानव मनका बाह्य प्रवृत्तिमूलक प्रेरणाबाट जे विकास हुँदछ, त्यसलाई समग्रमा सभ्यता भनिन्छ भने सभ्यताको अन्तर्मुखी प्रवृत्तिबाट जे बनिन्छ तथा निर्माण हुँदछ, त्यसलाई संस्कृति भनिने गरिन्छ ।
- ❖ लोकको अभिप्राय सर्वसाधारण जनतासित रहेको हुन्छ । साधारण भाषामा **लोक** भन्नाले संसार, विश्व ब्राह्माण्ड, पृथ्वी तथा मानव जातिलाई बुझिन्छ ।
- ❖ लोकमा रहेका मानिसहरूका व्यक्तिगत पहचान नरहेर यसै लोकमा उनीहरूका सामूहिक पहचान रहेका हुन्छ । संसारमा रहने दीन - हीन, शोषित – पीडित, दलित, कोल – भाल – गोड आदि जनजाति, संगाल – नाग ( जङ्गली जातिहरू) किराँत, हूण, शक, यवन, खस, ब्राह्मण ,जाठ ,नेपाली वा गोर्खा ,

पुक्कस आदि समस्त लोक समुदायलाई मिलेको साझा रूपलाई **लोक** भनिने गरिन्छ ।

- संस्कृतिलाई मानव समाज र राष्ट्रको आत्मा मानिन्छ । यसभित्र कला, साहित्य, धर्म, दर्शन, इतिहास, भाषा, मानव जीवनका मूल्य, मान्यता, परम्परा, रीति - रिवाज, चाल - चलन, चाड - पर्व, धार्मिक विश्वास, लोकजीवन आदि पर्दछन् ।
- विभिन्न जात, वर्ग, समुदाय, जाति आदिले पालन गर्ने विविध संस्कृति मिलेर बनिएको एकरूपतालाई **लोक संस्कृति** भनिन्छ ।
- नेपाली जातिभित्रका विभिन्न जात - गोष्ठीद्वारा परापूर्वकालदेखि मान्दै मनाउँदै आएकी रीति - रिवाज, चालचलन, रहन - सहन, भेष - भूषा, चाडपर्व, परम्परा, संस्कार, विश्वास, आस्था, धर्म, साहित्य, कला आदिको साझा रूपलाई नेपाली संस्कृति भन्न सकिन्छ ।
- लोक संस्कृतिमा श्रद्धा भावना परम्परागत् रूपमा शाश्वत हुँदछ । लोक संस्कृति, लोकोत्तर संस्कृति तथा विश्वका सबै मानवका संस्कृतिका बीज एउटै रहेका छन् । यो बीज अन्य कुनै संस्कृति नभएर लोक संस्कृति नै हो ।
- नेपाली समाजमा लोक संस्कृति हराएर गए, लुप्त भएर गए साथै यसको समयमा नै संरक्षण, जगेरा आदि नगरे सम्पर्ण भारतेली नेपाली जातिकै अस्मिता, अस्तित्व, मौलिकता र चिन्हारी मेटिएर जानसक्छ ।
- वर्तमान डिजिटल युग, औधोगिकीकरण, बडदो वैज्ञानिक शक्ति र तकनीति एवम् सोचको कारण परम्परा र प्राचीन मूल्यलाई संरक्षण गरिरहने फुर्सत हामी तथा मानिसमा छैन । तर जती नै हामी

उन्नतशील र विकसित भए तापनि मिथकीय शक्तिले हामीलाई तानी नै रहेको हुन्छ । यसर्थ हाम्रो परम्परा, संस्कार, संस्कृति र चिन्हारीको जगेराहेतु व्यक्तिगत, सरकारी र गैर सरकारी क्षेत्रबाट जागरूक हुनु आवश्यक मात्र होइन जरूरी पनि छ ।

- ❖ भारतमा पुस्तौँदेखि नेपाली जाति स्थायी बासिन्दाका रूपमा रहिआएका छन् । भारतेली नेपाली जाति पनि विभिन्न जात, वर्ग, समुदाय मिलेर निर्माण बएको छ ।
- ❖ विभिन्न धर्म – संस्कार र भाषा बोल्ने नेपालीहरू भारतमा बसोबासो गर्छन् । तर उनीहरूका साझा संस्कृति भनेको भारतीय लोक संस्कृति नै हो, जसलाई भारतेली नेपालीहरूले पालन गर्ने नेपाली संस्कृति भनिने गरिन्छ ।
- ❖ भारतको कुना – काप्चा, कन्दरा, गाउँ, बल्ती र कमानहरूमा छरिएर बसेका नेपालीहरूका लोक संस्कृतिमा केही संस्कृति तिब्बत र केही नेपाल साथै केही मङ्गोलिय देशसँग  मिल्दा - जुल्दा पाइन्छन् ।
- ❖ भारतेली नेपाल लोक संस्कृति अन्तर्गत विजय दशमी, तिहार वा त्यौहार, माधे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, चैते दशैं, पहिलो बैशाख, वैशाखी पूर्णिमा, गुरू पुजा, गोठ पुजा, कुल पुजा, माधे मेला, देउसी – भौलो, भौलेनी आदि पर्दछन् ।
- ❖ प्रयोगवादी भारतेली नेपाली कविताको मूलभुत वैशिष्टयहरूमा नयाँ कथ्य, नयाँ पद्धति र नयाँ सम्भावनाहरूको खोजी गर्नुमा भारतेली प्रयोगवादी कविहरू आकृष्ठ छन् ।
- ❖ रूढ बनिसकेका समाजका पुराना र परम्परागत नियमहरूमा प्रश्नवाचक खडा गरी अधाडि बढ्ने प्रेरित पनि प्रयोगवादीहरूले गरेका छन् ।

- ❖ मानिसहरूका कौतुहल र जिज्ञासाहरूलाई शान्त पार्न नयाँ प्रयोग गरी त्यसका कलात्मक गुणहरूको परिक्षण प्रयोगवादी कविताहरूमा पाइन्छ ।
- ❖ प्रयोगवादले अनुकरणको पद्धतिलाई अस्वीकार गरी अरूलाई पनि अन्वेषण गर्ने प्रेरित गर्दछ ।
- ❖ नवीनताप्रति आस्थावान रही यस्तै प्रवृत्तिको विकासमा प्रयोगवादी कविताले विशेष योगदान पुराएका छन् ।
- ❖ प्रयोग आफैमा पूर्ण नहुने भएको हुनाले लुप्त र नवीन सत्यको साक्षात्कारको प्रयास प्रयोगवादी लेखनको मूल ध्येय हो ।
- ❖ कथ्य, शैली र नयाँ प्रयोग प्रणालीबाट नवीन सौन्दर्यको अभिष्टको खोजी पनि प्रयोगवादी साहित्यले गरेको छ ।
- ❖ प्रयोगवादी कवितामा समसामयिक स्थितिप्रित सजगता रहेको देखिए पनि तद्विषयक बोध यस प्रवृत्तिका कविताले आधिक्य रूपमा देखाएको पाइन्छ ।
- ❖ प्रयोगवादी कविहरू अतियथार्थवाद र अस्तित्ववादबाट प्रभावित भएको छ । तर यस प्रवृत्तिका कवितामा अस्पष्ट र विकृत रूपमा यथार्थको उद्घाटन पनि भएको देखिन्छ ।
- ❖ कल्पनाको अभाव, भावुकताको कमी, सरल – सहज भाषाको तिरस्कार गर्नु नै प्रयोगवादी कविताको विशेषता मानिन्छ । आत्मग्लानि वा लघुताबोधको उद्घाटन गर्दै आफ्नो दुर्बलता र खिन्नतालाई बौद्धिक आवरणले ढाकेको प्रतीत हुन्छ – प्रयोगवादीहरूले
- ❖ प्रयोगवादी नेपाली कवितामा मनोराज्यको दिवास्वप्नबाट अतृप्ति, क्षोभ र बिद्रोहको स्वर धनकिएको पाइन्छ ।

- कवि तथा साहित्यकारको अहम् समाजपरक नहुनु, सौन्दर्यबोधको पर्यवसान धृणामा हुनु पनि प्रयोगवादी लेखनको एउटा प्रवृत्ति मान्न सकिन्छ ।
- प्रयोगवादी नेपाली कविहरू कला पक्षको शिल्पतर्फ मुक्त छन्द र उन्मुक्त नवीन प्रयोगका निम्ति ज्यादै लालायीत भएको देखिन्छ ।
- व्यङ्ग्य र बैचित्र्यको प्रदर्शन र यौनजन्य प्रतीकको पनि आधिक्य रूपमा प्रयोग प्रयोगवादी भारतेली नेपाली कवितामा भएको पाइन्छ ।
- प्रयोगवादले सामाजिक जीवन प्रणाली र परम्परागत मान्यताप्रति शङ्का – उपशङ्का र असन्तोषको भाव व्यक्त गरिएको पाइए तापनि यस वादको कुनै निजी मान्यता र प्रयत्नहरूलाई विकसित र परिमार्जित गर्ने विशेष कुनै योजना रहेको पाइन्न ।
- प्रयोग केवल प्रयोगका लागि मात्र पनि उपयोग गरियो भने सिर्जनाको कलात्मक वैचित्र पनि हराएर जाने सम्भावना रहन्छ । कठोर नियम, सिद्धान्त, मान्यता आदिको प्रयोगले शैल्पिक मूल्य जरैदेखि मेटिएर जाने साथै नयाँ कुनै मूल्य र मान्यताको स्तापना हुन सक्दैन । यस प्रवृत्ति भारतेली नेपाली कविहरूका प्रयोगधर्मी कविताहरूमा देख्न पाइन्छ ।
- प्रयोगवादी साहित्यकारहरूका जीवन र जगतप्रति उदासीन बनेर काव्यको बहिरङ्ग पक्ष तथा शिल्प सन्धानमा नै बढी ध्यान केन्द्रीत रहेका छन् ।
- काव्य वा कविताको उपयोगिता, महत्व र आवश्यक्तालाई भन्दा प्रयोगवादी कविहरूले कथनको चमत्कारीतामा धैरै प्रशय दिएको देखिन्छ ।

- ❖ प्रयोगवादले जीवन र जगतका अनुभूतिलाई ति महत्व नदिएर अभिव्यक्ति वैचित्र्यलाई नै आफ्नो सर्वस्व मानेको पनि आभास गर्न सकिन्छ ।

यस प्रखण्डको अध्ययनले **लोक - सांस्कृतिक सन्दर्भ र भारतेली नेपाली कविता** अनि **भारतेली नेपाली कवितामा प्रयोगवादी वैशिष्ट्य**बारे बुनियाँदी जानकारी प्राप्त भयो । मूलरूपमा जातीय अस्मिता र चेतनाका भावना साथै प्रयोगवाद र प्रयोगवादी प्रवृत्तिमा रचिएको भारतेली नेपाली कविताहरूको अध्ययन गर्दै भारतबाट लेखिएका वा प्रकाशित भएका यस प्रवृत्तिका नेपाली कविताका विभिद प्रवृत्ति, महत्व र विशेषता सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 10.8 अनुशीलनी

1 . लोक - संस्कृतिको परिभाषा केलाउँदै सम्पूर्ण नेपाली साहित्यमा यस प्रवृत्ति लेखनको सर्वेक्षण गर्नुहोस् ।

2 . लोकवार्ता र लोक – संस्कृतिमाझको पार्थक्यलाई छुट्याउँदै भारतेली नेपाली कविताको परिप्रेक्ष्यमा आफ्नो मनतव्य लेख्नुहोस् ।

3. भारतेली नेपाली कवितामा साहित्यमा लोक - संस्कृतिको महत्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

4. भारतेली नेपाली लोक - संस्कृतिमूलक साहित्यको प्रयोजन र उपयोगितालाई चिनाउँनुहोस् ।

५. नेपाली लोक - संस्कृतिमूलक साहित्यको मुख्य – मुख्य विशेषताहरूबारे विश्लेषण गर्नुहोस् ।

६. नेपाली लोक – संस्कृति र लोक साहित्यबीचको साम्य र बैषम्यबारे विवेचना गर्नुहोस् ।

७. नेपाल र भारतबाट प्रकाशित लोक - संस्कृतिप्रधान नेपाली काव्य – कृतिहरूको अध्ययन गर्नुहोस् ।

८. हिन्दी साहित्य र नेपाली साहित्यका लोक – संस्कृतिमूलक कविताहरूमाथि तुलना गर्नुहोस् ।

९. हिन्दी साहित्य र नेपाली साहित्यका लोक - संस्कृतिप्रधान कविताहरूका मुख्य मुख्य विशेषताबारे विवेचना गर्नुहोस् ।

10. नेपाली लोक - संस्कृतिमूलक कविताका पृष्ठभूमिबारे एउटा गतिलो लेख तयार पार्नुहोस् ।

11. भारतेली नेपाली लोक - संस्कृतिमूलक कविताहरूका विकासमा पत्र – पत्रिकाको के कस्तो भुमिका रहेको छ ? विवेचना गर्नुहोस् ।

12. नेपाली लोक - संस्कृतिमूलक कविताहरूका विकासक्रमबारे व्याख्या गर्नुहोस् ।

13. भारतेली नेपाली लोक - संस्कृतिमूलक कविताको वैशिष्ठबारे लेख लेख्नुहोस्।

14. भारतेली नेपाली साहित्यमा प्रयोगवादी कविताको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

Notes

१५. भारतेली नेपाली प्रयोगवादी साहित्यको विशेषतालाई चिनाउँनुहोस् ।

१६. नेपाली जातीय प्रयोगवादी कविता र कथा साहित्यको मुख्य - मुख्य विशेषताहरूबारे विश्लेषण गर्नुहोस् ।

१७. नेपाली प्रयोगवादी कविता र कथाको साम्य र बैषम्यबारे विवेचना गर्नुहोस् ।

१८. दार्जिलिङ र नेपालबाट प्रकाशित प्रयोगवादी काव्य – कृतिहरूको अध्ययन गर्नुहोस् ।

१९. हिन्दी साहित्य र नेपाली साहित्यका प्रयोगवादी कविताहरूमाथि तुलना गर्नुहोस् ।

20. नेपाली प्रयोगवादी कविताका पृष्ठभूमिबारे एउटा गतिलो लेख तयार पार्नुहोस् ।

21. भारतेली नेपाली प्रयोगवादी कविताहरूका विकासमा पत्र – पत्रिकाको के कस्तो भुमिका रहेको छ ? विवेचना गर्नुहोस् ।

22. नेपाली प्रयोगवादी कविताहरूका विकासक्रमबारे व्याख्या गर्नुहोस् ।

23. भारतेली नेपाली प्रयोगवादी कविताको वैशिष्ठबारे लेख लेख्नुहोस् ।

## 10.9 अतिरिक्त अध्ययन

1. बन्धु, चूडामणि – **साझा कविता** ।
२. सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।
३. प्रधान, कुमार – **पहिलो पहर** ।

४. प्रधान, कुमार – **अगमसिंह गिरीको कवितामा जातीय भावना** ।

५. शर्मा, जनकलाल – **हाम्रो समाज : एक अध्ययन** ।

६. राणा, युद्धवीर – **नेपाली संस्कृति : हाम्रो अस्तित्व** ।

७. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास** ।

८. दाहाल, पेशल – **नेपालको इतिहास र संस्कृति** ।

९. नामदुङ, जीवन - **अगमसिंह गिरीका कविताको अध्ययन र आधार** ।

१०. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

११. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

१२. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति** ।

१३. उपाध्याय, केशवप्रसाद - **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति** ।

१४. के. सी, टङ्क – **हाम्रो संस्कृति र जातीय अस्मिता**

१५. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि** ।

१६. आले, हरेन – **नव आधुनिक नेपाली कविता** ।

१७. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।

१८. उप्रेती, सञ्जीव -– **सिद्धान्तका कुरा** ।

१९. पोखरेल, भानुभक्त – **सिद्धान्त र साहित्य** ।

२०. प्रधान, कृष्णचन्द्रसिंह – **नेपाली उपन्यास र उपन्यासकार** ।

२१. बराल, कृष्णहरी र एटम, नेत्र – **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** ।

२२. चापागाई, निनु – **समाज र संस्कृति** ।

२३. जैसी, श्यामराज – **भारतीय नेपालीहरूको प्रारम्भिक राजनैतिक गतिविधि** ।

२४. चामलिङ, पवन किरण – **निर्माण**, सांस्कृतिक विशेषाङ्क ।

यस अतिरिक्त **लोक – सांस्कृतिसित सम्बन्धित भारतेली नेपाली कविता** अनि **भारतेली नेपाली कवितामा प्रयोगवादी वैशिष्ट्य**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रकाहरूको पनि अध्ययन ।

## 10.10 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. लोक र लोक - संस्कृतिमा भेद ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 10.1.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. लोक – संस्कृतिका संघटक तत्त्वहरू ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 10.1.3 को लोक – संस्कृतिको अर्थ र परिभाषामा उत्तर खोज्न सक्नेछन् )**

३. भारतेली नेपाली लोक - संस्कृतिमूलक काव्यको विशेषता ।

.......................................................................................

.......................................................................................

..............................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 10.1.4 को भारतेली नेपाली कवितामा लोक – संस्कृति खण्डमा उत्तर खोज्न सक्नेछन् )**

४. लोक - संस्कृतिमूलक कविताका भाषा – शैली ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 10.1.4 को भारतेली नेपाली कवितामा लोक – संस्कृति खण्डमा उत्तर खोज्न सक्नेछन् )**

५. भारतेली नेपाली साहित्यको विकासमा लोक - संस्कृतिमूलक कविताको योगदान ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**(प्रश्न ५ को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 10.1.4 को भारतेली नेपाली कवितामा लोक – संस्कृति खण्डमा उत्तर खोज्न सक्नेछन् )**

६. प्रयोगवादको सैद्धान्तिक परिचय ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**(प्रश्न ६ को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 10.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

७. साहित्यमा प्रयोगवादी मूल्य र महत्व ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न ७ को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 10.५ को प्रयोगवादको अर्थ र परिभाषामा उत्तर खोज्न सक्नेछन् )**

८. प्रयोगवादी कविताका भाषा – शैली ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न ८ को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 10.६ को भारतेली नेपाली कवितामा प्रयोगवादी वैशिष्ठयमा उत्तर खोज्न सक्नेछन् )**

९. भारतेली नेपाली साहित्यको विकासमा प्रयोगवादी कविताको योगदान ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 10.६ को भारतेली नेपाली कवितामा प्रयोगवादी वैशिष्ठयमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 11, तेस्रो आयमेली मान्यता तथा भारतेली नेपाली कवितामा त्यसको प्रयोग र प्रभाव

## संरचना

11.0 उद्देश्य

11.1 परिचय

11.2 तेस्रो आयमको अर्थ र परिभाषा

11.3 भारतेली नेपाली कवितामा तेस्रो आयमको प्रयोग र प्रभाव

11.4 उपसंहार

11.5 सार

11.6 अनुशीलनी

11.7 अतिरिक्त अध्ययन

11.8 मुल्यबृद्धिका निम्ति उत्तर

## 11.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- तेस्रो आयामको अर्थ र परिभाषा
- तेस्रो आयामको उद्भव र विकास

- तेस्रो आयाम र आयामेली आन्दोलनमाझ भिन्नता
- लीला लेखनको परिचय
- तेस्रो आयामको मान्यात र सिद्धान्त
- तेस्रो आयाममूलक भारतेली नेपाली कविता
- आयमेली प्रमुख भारतेली नेपाली कविहरू

## 11.1 परिचय

प्रयोगवादी नेपाली साहित्यमा भित्रिएको एउटा नौलो धाराको नाम हो – **तेस्रो आयम** । यो कविता, कथा र उपन्यासमा एकै चोटी देखा परेको साहित्यिक मान्यता हो । यसलाई नेपाली साहित्यमा आयामेली आन्दोलन, आयामेली धारा, आयामेली लेखन, तेस्रो आयम आदि नामले चिनिन्छ ।

आयामेलीहरू आउनु भन्दा पूर्व नेपाली साहित्यमा लमाई र चौडाईलाई साहित्यको सन्दर्भमा हेर्ने प्रचलन थियो । तर आयामेलीहरू ती दुई आयममा मात्र जीवन र साहित्यले सम्पूर्णता वहन गर्न नसक्ने ठान्छन् । यसैले जीवन जस्तै साहित्यलाई लम्बाई, चौडाई र अर्को तेस्रो आयम गरिराई तीनवटै आयमबाट साहित्यलाई पनि हेर्न सक्नुपर्छ भन्ने मान्यता आयामेलीहरूको छ । मूलत: भारतेली नेपाली कविताको आधुनिक चरणमा स्वच्छन्दताकादी प्रवृत्तिलाई अस्वीकार गरी नयाँ प्रयोगमूलक लेखनी प्रारम्भ भएका पाउँछौ । यो वस्तुपरक ढङ्गले अघि सारिएको साहित्यिक प्रयोगको नयाँ प्रयोगवादी अवधारणा हो । भारतेली नेपाली कवितामा प्रयोगवादी धाराका नामले परिचित दार्जिलिङबाट थालिएको **तेस्रो आयाम** वा **आयामेली आन्दोलन** हो । नेपाली साहित्यका आयमेली त्रीमुर्ति बैरागी काइँला,

ईश्वरवल्लभ र इन्द्रबहादुर राई यस आन्दोलन तथा तेस्रो आयमका हस्ती हुन् । यिनमध्ये बैरागी काइँला र ईश्वरवल्लभ मात्र भारतेली नेपाली कविताको प्रयोगवादी धारासँग सम्बन्धित छन् । तेस्रो आयम कसरी जन्मियो त भन्दा वि. सं. २०१९ मा सरकारी कलेजमा पढिरहेका बैरागी काइँला त्यसबेला क्षयरोगले ग्रस्त थिए । उनलाई डा. जी.एस. गुरुङको उपचार र निगरानीमा देशबन्धु चेस्ट क्लिनिकमा भर्ना गरिएको थियो । त्यहाँ उनलाई भेट्न इन्द्रबहादुर राई र ईश्वर वल्लभ भेट्न आइरहन्थे । यसरी आउँदा यी तीनजनामा झन घनिष्टता बड्दै गयो । फलत: एक दिन बिरामी काइँलालाई हेर्न आएका बखत इन्द्रबहादुर राईले भने - 'केही नयाँ थोक गर्नुपर्छ, नयाँ पाराको काम ।' उनीहरूबीच साहित्यमा नयाँपनमाथि सधैँ विमर्श हुन्थ्यो । त्यस दिन बिहान परम्परागत 'च्याप्टो' साहित्य विरुद्ध 'डल्लो' साहित्य लेखनका लागि पत्रिका निकाल्ने कुरा भयो । तीन जनामध्ये अलि हुनेखाने काइँला नै थिए । उनका पिता जमिनदार डबल सुब्बा थिए । यसर्थ अर्थको चाँजो - पाँजो मिलाउने र पत्रिकाको न्वारान गर्ने दायित्व पनि उनैलाई जिम्मा आइलाग्यो । वल्लभले भनेका थिए - 'बिहान पत्रिकाको नाम काइँलाले राख्ने भनेका थियौँ, दिउँसोको भेटमा काइँलाले नामसमेत सोचिसके छन् - 'थर्ड डाइमेन्सन' । पछि यसैलाई नेपालीकरण गरेर नेपाली साहित्यमा जन्मियो - **तेस्रो आयाम** पत्रिका ।

जम्मा - जम्मी 20 पृष्ठको **तेस्रो आयाम** पत्रिकामा इन्द्रबहादुर राईले लेखेको 20 पङ्क्तिको पहिलो अङ्कको सम्पादकीय नै 'तेस्रो आयाम' - को दर्शन बनेको मानिन्छ । सम्पूर्णताको दर्शन र समग्रताको लेखनबारे आईबी राईको त्यस विचारोत्तेजक सम्पादकीय आयामिक लेखनको आधारशिला बन्नपुगेको पनि हो । यसरी तेस्रो आयामका जम्मा छवटा मात्र अङ्क प्रकाशित भए । वल्लभका भनाइमा 'तेस्रो आयाम' - को आरम्भदेखि पछिसम्म नै उनीहरूले धेरै चर्को विरोधको सामना गर्नुपरेको थियो । अन्ततः यही विरोधले नै

नेपाली साहित्यमा 'तेस्रो आयाम' - लाई स्थापित गराएको पनि मानिन्छ । फगत उनीहरू तीनै जनामा एउटा अर्कै, नयाँ सोच आइसकेको थियो । **तेस्रो आयाम**बारे कवि इश्वर वल्लभले भनेका थिए - 'यो नयाँ झङ्कारले मानिसलाई छुने खालका छन् । एउटा मानिस शङ्कराचार्य पनि हुनसक्छ, पण्डित, शिक्षक, राजनीतिज्ञ, बाबु - आमा सबै हुनसक्छ । यो सबै जोडेर पो सग्लो मानिस हुनसक्छ भन्ने हाम्रो अवधारणा छ ।' यसैको कारण नेपाली साहित्यमा परम्परित राग अलाप्दै आएका प्रतिष्ठित कवि - लेखकहरूबाट विरोध हुनथाल्यो।' त्यससमय नेपाली साहित्यमा यसको अगुवा विरोधीमा थिए, स्वयम् प्रतिष्ठित कवि अगमसिंह गिरी ।

त्यसबेलाको दार्जिलिङको नेपाली साहित्यमा अत्यन्त सम्मानित, शसक्त र लोकप्रिय कवि पनि अगमसिंह गिरी नै थिए । उनी बेलुकातिर रक्सी खाएर खुट्टा लरबराउँदै हिँडे पनि उनले मातेर कसैको बिङ्याइँ गरेनन् र कोहीसँग झगडा पनि गरेनन् । वल्लभले जहिलेसम्म गिरीलाई देखे, हरेकचोटि गिरी दौरा - सुरुवाल र कोटमा ठाँटिएका भेटिए । कवि भनेर नचिन्नेले पनि गिरीको यो छवि एकपटक देखेपछि फेरि कहिल्यै भुल्दैनथे । उनी स्थानीय एउटा हाइस्कुलका हेडमास्टर थिए । मातृक छन्दमा कविता लेख्थे । अम्बर गुरुङले आफ्नै सङ्गीतमा उनको 'नौलाख तारा उदाए, धर्तीको आकाश सुकेछ' गाइदिएपछि त झन् गिरी दार्जिलिङमा अझ मानक व्यक्तित्वका रूपमा स्थापित भएका थिए । यिनै अगमसिंह गिरीले **तेस्रो आयाम** विरुद्ध मोर्चाबन्दी गरिदिए पछि वल्लभहरूलाई सुरुमा निकै कठिन परिस्थितिसँग सामना गर्नुपरेको थियो । तर उनीहरू योजना बनाएरै आयमेली आन्दोलनमा लागेका थिए, खुट्टा कमाएर मोर्चाबाट भागेनन् । बरू अझ नयाँ - नयाँ

बान्की र स्वरूपहरूमा आफ्ना सिर्जनाहरू उमार्न थाले । अन्ततः गिरीहरूको विरोधले उनीहरूलाई चर्चित बनायो र निरन्तर नवीनतम सिर्जनाहरूले स्थापित पनि गरिदियो ।

ईश्वर वल्लभको जीवनमा स्थायी जीवनवृत्तिको माध्यम कहिल्यै जुटेन । यसमा पनि उनको कसैप्रति नझुक्ने र आफ्नो मान्यता विपरित सम्झौता नगर्ने स्वभावले अहम् भूमिका खेल्यो । तर पनि पछि दार्जिलिङबाट नेपाल आएपछि उनी शाही नेपाल सांस्कृतिक संस्थानमा जागिरे भए । वास्तवमा ईश्वर वल्लभ भन्ने व्यक्तिले नजानेको र नगरेको कुनै काम छैन थिएन । कहाँ दार्जिलिङमा 'तेस्रो आयाम' - को शङ्खनाद गरेर आएका मानिस, नेपाल आएपछि चलचित्रमा काम गर्न पुगे । सुन्दा अनौठो लाग्छ । तर उनले त्यहाँ पनि काम गरेरै देखाए । त्यससमय नेपालमा यादव खरेल शाही नेपाल चलचित्र संस्थानका महाप्रबन्धक थिए । उनले ईश्वर वल्लभको खुबी बुझेर त्यहाँ जागिर दिए । यसर्थ वल्लभ भनेका छन् - 'मलाई सञ्चारजगत्मा ल्याउने मानिस नै यादव खरेल हुन् ।' उनले चलचित्र संस्थानमा 14 महिना काम गरे । उनलाई चलचित्रको प्रविधि थाहा थिएन, तर सिके, जाने र गरे । नेपालमा त्यतिबेला चलचित्रको ३९ वटा हल थियो । उनले ती सम्पूर्ण हलहरूको निरीक्षण गरेर प्रतिवेदन प्रस्तुत गरे । चलचित्रका बारेमा समीक्षा लेखे । पछि त्यहाँको जागिर सकिएपछि उनी जगदीश घिमिरेको आग्रहमा परिवार नियोजन हेर्ने संस्था सी. आर. एस. प्रोजेक्टमा आवद्ध भए र विभागीय प्रमुख भएर दुई वर्ष काम गरे । 'त्यहाँ अझै काम गर्थें होला तर एकजना दरबारिया हाकिमसँग कुरा मिलेन र छोडिदिएँ', उनले कतै भनेका छन्।

समयको अन्तरालमा सिनेमा जगतमा काम गर्दै जाँदा इश्वर वल्लभले नेपालमा केही समय स्वतन्त्र लेखनबाटै जीविका चलाउँछु भनेर कम्मर कसेर लागे । त्यही बेला फेरि यादव खरेलकै सिफारिसमा जनसङ्ख्या आयोगको **टुकी** पत्रिकाको सम्पादन कार्य प्रारम्भ गर्न थाले । स्वाभाविक छ, जहाँ ईश्वर वल्लभ हुन्छन्, त्यहाँ उनका मान्यता र विचार पनि हुन्छन्। ती मान्यता र विचारमाथि कसैले प्रहार गर्ने चेष्टा गर्यो भने वल्लभ भोलि के गर्ने भन्ने सोच्दै सोच्दैनथे । सम्झौता उनका लागि अपराध बराबर हुन्थ्यो । जनसङ्ख्या आयोगका एकजना सचिवसँग उनको कुरा मिलेन, अनि आफैले बालेको 'टुकी' - लाई त्यत्तिकै छोडिदिएर त्यहाँबाट पनि निवृत्त भए। वि. सं. २०४६ सालको जनआन्दोलन सफल भएपछि फेरि उनको जीवनले आर्थिक र प्रतिष्ठाका दृष्टिले पनि अलि मानमनितो पायो । उनी नेपाल राजकीय प्रज्ञा - प्रतिष्ठानका सदस्य हुनपुगे । उनका सहधर्मी वैरागी काइँला पनि उनीसँगै त्यहाँ प्राज्ञ गए ।

इश्वर वल्लभकै सहकर्मी वैरागी काइँलाले भनिसके पछि उनी कति भावुक र मुडी कवि थिए भन्नेबारे थप भनिरहनु पर्दैन । खासमा उनी त मनका मालिक थिए । मनका कविता थिए र बोल्थे कविताकै भाषामा । वि. सं. २०४० सालको आसपासको कुरा हो । बागबजारमा जीवन आचार्यको 'डिजाइन राइटर्स' - बाट पद्मकन्या कलेजअगाडिको मूल सडक कहिलेकाहीँ रातभरिको 'ह्यङओभर' मेटाउन कवि हरिभक्त कटुवाल पनि सडक छेउको पेटीमा लम्पसार पर्थे । एक दिन जीवनले अफिस सार्ने कुरा हुँदा जीवनको कुरा सुनेर वल्लभ दाइ जङ्गिगए, 'तपाईंले के कुरा गर्नुभएको जीवन भाई । तपाईंले जति नै राम्रो कोठा खोजे पनि यो झ्याल पाउनुहुन्न ।' मूलतः इश्वर वल्लभ विद्रोही कवि

थिए । यसर्थ त्यस दिन पनि त्यो विद्रोह मुखरित भएको थियो । आज ईश्वर वल्लभ छैनन् । तर कुनै दिन उनले जीवनको झ्यालमा उभिएर गरेको घोषणा कालान्तरमा यथार्थ हुनपुग्यो । त्यो झ्याल आज पनि बागबजारबाट मूल सडकतिर सबुत चिहाइरहेछ ।

## 11.2 तेस्रो आयमको अर्थ र परिभाषा

जीवनलाई च्याप्टो रूपमा मात्र होइन, लम्बाई, चौडाई र उचाई तीनै आयामको समग्रतामा हेरेर यसमार्फत जीवनको वस्तुता, बौद्धिकता र चिन्तनशीलतालाई प्रस्तुत गर्न सकिन्छ भन्ने मान्यता **तेस्रो आयाम**को मान्यता हो । यस आयामले च्याप्टो साहित्य भनेर भावुकता र कल्पनामा लेखिएको साहित्यलाई मानेको छ । तेस्रो आयामको एक अभियन्ताका रूपमा स्थापित इन्द्रबहादुर राईअनुसार आयामको प्रारम्भ सन् १९६3 मा समालोचक गणेशबहादुर प्रसाईंले दार्जिलिङमा वैरागी काइँला, इन्द्रबहादुर राई र ईश्वर वल्लभ तीन जनालाई भेट गराइ दिनुपछि भएको मानिन्छ । तीन मध्ये जेठो राई त्यस बखत 30/31 बर्षको मात्रै थिएँ । उनका अनुसार बैरादी काइँलाले अङ्ग्रेजी कवि टी. एस. इलियटको किताब पढ्का थिए । वेन जोन्सनका बारेमा लेखेको कुराले विशेष उनलाई प्रभाव पारेको कुरा आफ्ना साथी द्वयलाई बताएका थिए ।

वेन जोन्सनले नै **तेस्रो आयाम**को सिद्धान्त अर्थात् लेखाइमा लम्बाई, चौडाई र मोटाई -गहनता हुनुपर्छ भन्ने बिचार पोखेका थिए । यसै अवधारणाका फलस्वरूप त्यससमयको काँचा केटाहरू तथा राई, वल्लभ र काइँला पनि मोटाईको खोजीमा नेपाली साहित्यमा लागेको   मानिन्छ । यसैको प्रतिफल

कवि वैरागी काइँलालाई सम्पादक बनाएर नेपाली साहित्यमा तेस्रो आयाम पत्रिका निकालिएको हो । यसरी 'तेस्रो आयाम' - को पहिलो अङ्क असार, वि. सं. 2020 प्रकाशित भयो । त्यसमा ईश्वर वल्लभ र वैरागी काइँलाका दुई - दुईटा कविता प्रकाशित भयो । वल्लभका **आयतनमा जिन्दगी** र **बन्द कुहिरोमा नानीका पाइला** कविता प्रकाशित भए भने काइँलाका **मातेको मान्छेको भाषण मध्यरातको सडकसँग** र **साँझः रेखाचित्र** कविता प्रकाशित भए । काइँलाको 'मातेको मान्छेको भाषण मध्यरातको सडकसँग' कविता आजपर्यन्त चर्चित छ । इन्द्रबहादुर राई कथा क्षेत्रमा प्रख्यात छन् । उनको कथा **ब्ल्याकआउट, काजु, बदाम र छोरा** कथा प्रकाशित भयो । प्रस्तुत कथा उनको कथास्थ कथा सङ्ग्रहमा सङ्ग्रहित छन् । त्यस अङ्कमा कवि अगमसिंह गिरीको **चिहान यहाँ बोलिरहेछ** कविता पनि प्रकाशित थियो । यसर्थ कवि गिरीलाई पनि आयमिक कवि मान्न सकिन्छ ।

**तेस्रो आयम** भनेको जीवन र साहित्य दुवैको पूर्णताको खोजी हो । मान्छे कालमा, समयमा बाँचेको हुन्छ र समय एउटै छ । यसैले अविभाजित समयलाई लेख्ने प्रयास तेस्रो आयमलाई मान्न सकिन्छ । मिथकको टेक्निकद्वार जीवन र साहित्यमा सम्पूर्णताको खोजी पनि हो यो आयम । दायाँ, बायाँ, तल, माथि जताबाट हेर्दा पनि चित्र फरक देखिन्छ तर रूप सिङ्गो एउटै हो । यो सम्पूर्णताको कोसिस 'क्युविजम्' हो । यसै अवधारणामा अडिएर जीवन र साहित्यको सम्पूर्णतालाई समाउने कोशिस आयमेलीहरूले साहित्यमा गरेका छन् । उनीहरूले मनले गरेको अनुभव अनुसारको साहित्य लेख्नुपर्छ भन्ने धारणा राखेका छन् । बौद्धिकताको कसीमा

रहेर साहित्यको सिर्जाना गर्नु नै साँचो साहित्यको धर्म हो भन्ने मान्यता आयमेलीहरूको रहेको पाइन्छ ।

आयमेलीहरू भन्थे - "यो भनेको पूर्णताको खोजी हो । मान्छे कालमा, समयमा बाँचेको हुन्छ र समय एउटै छ । अविभाजित समयलाई लेख्ने प्रयास हो यो । फेरि मिथकको टेक्निक खोजी भयो साथीहरूबाट र सम्पूर्णताको खोजीमा चित्रकारहरू सहयोगी भए । दायाँ, बायाँ, तल, माथि जताबाट हेर्दा पनि चित्र फरक देखिन्छ तर रूप सिङ्गो एउटै हो । यो सम्पूर्णताको कोसिस 'क्युविजम्' हो । मनले गरेको अनुभवअनुसारको लेख्नुपर्छ । यसको मूल आधार भनेको बौद्धिकता हो ।" यो तेस्रो आयम अलबर्ट आइन्सटाइनको सापेक्षतावादमा आधारित छ । जीवनका कुनै पनि कुरा सधैँ एकै नास नहुने हुलाने एउटा दृष्टिबाट राम्रो लागे पनि अर्को दृष्टिबाट नराम्रो लाग्न पनि सक्छ । यसबाहेक वस्तुको वजन ठाउँअनुसार फरक पर्छ , गतिअनुसार लम्बाई पनि फरक हुन्छ । मूलत: हामी मानिसको जीवनमा आउने हरेक कुरा कहिले पनि एकै नहुने हुनाले आयमेलीहरूले नयाँ आधार समाएर तेस्रो आयम नेपाली साहित्यमा प्रारम्भ भएको मानिन्छ ।

**तेस्रो आयम**को मान्यता यो थियो की 'हामी मानिसहरू चार आयामका छौँ तर बोल्दा - लेख्दा दुई आयाम मात्र हुन्छ । त्यसैले सम्पूर्णतालाई छुन वा समाउन सकिरहेका छैनौं । अबको साहित्यले जीवनकै सम्पूर्णतालाई समाउनु सक्नुपर्छ, पक्रिन सक्नुपर्छ ।' यही नारा वा सिद्वान्त नै आयमेली साहित्यको मूल हतियार बनेको मानिन्छ । पछि भारतेली नेपाली कविता साहित्यमा 'मध्यरातपछिको सडकसित मातेको मान्छेको भाषण' कवितामा काइँलाले यही आयाम भित्र्याउनु भयो र 'बन्द कुइरोमा नानीको पाइला' शीर्षक कवितामा

Notes

पूर्ण अर्थात् चारै आयामको मान्छे बन्न नानीलाई आह्वान गर्नुभएको छ वल्लभले ।

नेपाली साहित्यमा तेस्रो आयामले एक किसिमको चर्चा पाइसकेपछि त्यो त्यतिकै छोडिएजस्तो पनि भयो । उता दार्जिलिङमा इन्द्रबहादुर राईले यसैबीच **लीला लेखन**लाई चर्चामा ल्याए । उनी नै मुख्य हुनुभएको र उनले नै बेवास्ता गरेर तेस्रो आयाम धरापमा परेको त होइन भन्ने जिज्ञासा पनि नेपाली साहित्यमा रहेको छ । यसबारे इन्द्रबहादुर राईको भनाई यस्तो थियो - "तेस्रो आयाम र लीला लेखन दुई भिन्न थोक होइनन्, एउटालाई लिएपछि अर्को छाडिने । तेस्रो आयामबाटै लीलालेखन बढेको हो तर भिन्न नै छैन पनि भन सकिँदैन । केही आ - आफ्नो विशेषता छन् र धेरै मार्गहरूबाट छानेर एउटा मार्ग हिँड्नुपर्छ । अहिले पछिल्लो नै लेख्नमा लागेका छौँ । यसरी लाग्नेहरूमा दुईचार नाम उल्लेख नगर्दा साहित्यिक समलोचनामा केही भूल हुन जान्छ । लीलालेखनमा साथ दिनेहरूमा कृष्ण धरावासी, रत्नमणि नेपाल, कृष्ण बराल, विनय रावल, सुन्दर मानन्धर, कुमार भट्टराई छन् । उहाँहरूले लीलाबोधका उपन्यास, कथासङ्ग्रह र कवितासङ्ग्रह प्रकाशित गरिसक्नुभएको छ । भन्नैपर्ने छ - लीलालेखनले नेपाली साहित्यमा लेखिने नयाँ विषयवस्तु दिनसकेको छ । वैरागी काइँलालाई लीलालेखनको प्रारम्भकर्ता प्रथम व्यक्ति भने पनि हुन्छ, यसमा चूक हुनेछैन तर स्वर्गीय वल्लभ भने यता आउनुभएन। स्थिर विन्दु अर्थात् वस्तुताको खोजीका क्रममा लीला आयो । सबै मानिसमा प्रकृतिले दिएको एकथोक हुन्छ । त्यो जिज्ञासु स्वभावले नै मान्छेलाई डोऱ्याएको हुन्छ । हाम्रो साहित्यमा कल्पना, भावना र मीठास धेरै भए पनि बौद्धिकताको कमी थियो । त्यसो त

बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्यालमा बौद्धिकता नभएको होइन तर हाम्रो बेलाको जस्तो बौद्धिकताको कमी झैं लागेर खोजी गरियो । हाम्रो बेलाको भनेको धर्म, दर्शन, विज्ञान, सबैबाट ज्ञान लिएर लेखौँ र समाजलाई चाहिएको जस्तो दिउँ भन्ने हो । त्यसैले आइन्सटाइनको सापेक्षतावादलाई अँगालियो । त्यसले कुनै पनि कुरा सधैँ एकै हुँदैन भनेको छ । एक दृष्टिबाट राम्रो लागेको अर्को दृष्टिबाट नराम्रो लाग्न पनि सक्छ । वस्तुको वजन ठाउँअनुसार फरक पर्छ । गतिअनुसार लम्बाई पनि फरक हुन्छ । त्यसैले हाम्रो जीवनमा आउने हरेक कुरा पनि एकै हुँदैनन् भनेर नयाँ आधार समाएको  हो । विश्वमा सबै चिज गतिशील छन् , रूप फेरिइरहन्छन् र सबै बदलिइरहने प्रक्रियामा छन्, यस्तो परिवर्तनलाई के भन्ने त भनेर खोज्दा 'लीला' भनिएको हो ।"

नेपाली साहित्यमा चलेको तेस्रो आयमको अर्थ र परिभाषाबारे विभिन्न विद्वान् र समालोचकहरूले विभिन्न विचार प्रकट गरेका पाउँछौं । विद्वान् घटराज भट्टराईले तेस्रो आयमबारे यसरी आफ्नो मनतव्य पोखेका छन् - ''नेपाली साहित्यमा तेस्रो आयाम भनेर एउटा अध्याय सुरु भयो । यस अध्यायका स्रष्टा थिए -  इन्द्रबहादुर राई, बैरागी काइँला र ईश्वरवल्लभ । यस अध्ययका प्रमुख निर्णयक राई नै हुन् ।'' त्यसै आयामको विषयमा इन्द्रबहादुर राईले नै पनि आफ्नो प्रतिक्रिया व्यक्त गरेका थिए - ''तेस्रो आयामको विषयको 'तेस्रो आयामले बोधित हुन्छ , बस्तुको लम्बाई, चौडाई, मोटाई र घनत्वमा । तब के नेपाली साहित्यमा त्यसअघि घनत्व भएका कृतिहरू थिएनन् र ? भानुभक्तमा घनत्व पर्याप्त मात्रामा थियो । लेखनाथमा, बालकृष्ण सममा, लक्ष्मीप्रसाद देवकोटामा अनि सिद्धिचरण श्रेष्ठमा उत्तिकै मात्रामा घनत्व थियो

Notes

। नेपाली भाषामा लेखिएका श्रेष्ठ कृतिहरू जति थिए तेस्रो आयाम प्रतुक मात्रमा भएका थिए ।"

आयामेली आन्दोलनमा तीन स्रष्टा सामेल भए तापनि यसका प्रमुख निर्णायक इन्द्रबहादुर राई नै मानिए । यी तीन भाइले 'तेस्रो आयाम' - को आन्दोलन **फूल, पात र पतकर** नामक पत्रिकाबाट घोषणा गरेका थिए । त्यसपछि राई एकोहोरो यसै. आन्दोलनमा नै समर्पित भइरहे । यस विषयमा राईले भनेका थिए– ''आयाम लेखनभित्र जीवनलाई लेख्दछु र यो जीवन लेखन 'आज रमिता छ' - मा पनि मैले लेख्ने कोसिस गरेको रहेछु आज देख्छु ।'' आयामको भाषा क्लिष्ट हुनाका कारण आयामेली लेखनको भाषालाई चित्रकलात्मक बनाउन खोज्दा भएको यथार्थतालाई साहित्यकार राईले स्वीकारेका पनि छन् । यस आयामेली आन्दोलनको बारे गणेशबहादुर प्रसाईको यस्तो विचार रहेको छ - ''आज हाम्रो नेपाली साहित्य विश्वस्तरमा सगर्व उभिन पुगेको पाइन्छ । त्यो श्रेय जान्छ आयामेली लेखकत्रयलाई । अझ अग्रगण्य सिद्ध हुन पुगे इन्द्रबहादुर राई, उनी त अद्वितीय ।'' राईको सिद्धान्त र आयामबारे घोर निन्दा गर्नेमध्ये एक जना पारिजात पनि थिइन् । यसै विषयमा पारिजातले लेखेकी थिइन् - "इन्द्रबहादुर राई आयामेली हुनुभन्दा पहिले शैली पक्षका राम्रा कथाकार हुन् । राईले आयाममा बसेर जति कथाहरू लेखे, मेरा दृष्टिकोणमा फ्लप भए ।''

तेस्रो आयामका विषयमा धेरैले धेरै कुरा लेखे । तर यसलाई चालेर, केलाएर र निफनेर यसको मर्म बुझ्नेमध्ये डा. महादेव अवस्थी नै प्रमुक रूपमा देखा पर्दछ । उनले यसो भनेका छन् -''तेस्रो आयाम भनेको जीवन र जगत्का

बाहिरी देखिने पाटाहरू मात्र नभई भित्री नदेखिने पाटाहरूको पनि उद्घाटन गर्ने सर्वव्यापी दृष्टिकोण हो ।''

## 11.3 भारतेली नेपाली कवितामा तेस्रो आयमको प्रयोग र प्रभाव

प्रयोगवादी नेपाली कविता परम्पराभित्रै देखा परेको साहित्यिक मान्यता हो - तेस्रो आयम । यसलाई नेपाली साहित्यमा आयामेली आन्दोलन, आयामेली धारा, आयामीक लेखन, तेस्रो आयम आदि नामले चिनिन्छ । आयामेलीहरू आउनु भन्दा पूर्व नेपाली साहित्यमा लमाई र चौडाईलाई साहित्यको सन्दर्भमा हेर्ने प्रचलन थियो । तर आयामेलीहरू ती दुई आयममा मात्र जीवन र साहित्यले सम्पूर्णता वहन गर्न नसक्ने ठान्छन् । यसैले जीवन जस्तै साहित्यलाई लम्बाई, चौडाई र अर्को तेस्रो आयम गरिराई तीनवटै आयमबाट साहित्यलाई पनि हेर्न सक्नुपर्छ भन्ने मान्यता आयामेलीहरूको छ । यसलाई उनीहरू **थर्ड डाइमेन्सन** भन्दछन् । यो तेस्रो आयम अलबर्ट आइन्सटाइनको सापेक्षतावादमा आधारित छ ।

आयामेलीहरू अमूर्त लयविधान र साङ्गीतिक झङ्कारको नव प्रयोगतर्थ चित्रकलाबाट ज्यादै प्रभावित छन् । यिनीहरू अमूर्त भावधारालाई वस्तुता र मुर्तता प्रदान गर्नतर्फ धेर आकृष्ट छन् । आयमिक प्रयोगवादी कविताका क्षेत्रमा ईश्वर बल्लभ र बैरागी काइँलाको योगदान उल्लेखनीय रहेको छ । यसअतिरिक्त तेस्रो आयमलाई मुलरूपमा अङ्गालेर आफ्नो कविता सृजना गर्ने नेपाली कविहरूमा ईश्वर बल्लभ, बैरागी काइँला, मोहन हिमांशु थापा, कृष्णभक्त श्रेष्ठ, मदन रेग्मी, पारिजात, रत्नशमशेर थापा आदि हुन् । भारतेली

Notes

नेपली कविहरूमा भने ईश्वर बल्लभ, बैरागी काइँला, पारिजात, गुमानसिंह चामलिङ, श्याम लिवाङ, नरेशचन्द्र खाती, खडकसिंह राई 'काँडा' आदिका लेखनमा आयमेली प्रवृत्ति ज्यादा मुखरित भएका पाउँछौं ।

मूलत: प्रयोगवादी क्लिष्टता र आयमेली प्रवृत्तिका कारण आधुनिक भारतेली नेपाली कविताहरूको पाठक बीचको सम्बन्ध प्रायः विच्छेद भएको देखिन्छ । यस्तो अवस्थामा भारतेली नेपाली कविहरूले आफ्ना विभिन्न सरल र सुबोध कविता सिर्जना गर्न थाल्छन् । देश स्वाधिन भएपछि भारतेली नेपालीहरू जातीय स्तरदेखि नै चेतनशिल भएर सडकमा ओर्लिन थाले । भारत देशबाट ब्रिटिशहरू गए पनि शोषण र अत्यचार हटेको थिएन । यसर्थ भारतीयहरूमा विसङ्गति उत्पन्न भएर गयो । यही विसङ्गतिको परिणामस्वरूप कवितामा देश व्यवस्थाभित्रका अव्यवस्था विकृति – विसङ्गति, नेताहरूका दुष्वृतिको चित्रण, सशस्त्र सङ्घर्षको समर्थन–विरोध एवं शान्तिको कामना, गणतन्त्र प्रतिको आस्था, विश्वास - अविश्वास, खबरदारी, वर्तमान युगीन विविध क्षेत्रका यथार्थको प्रकटीकरण आदिको अभिव्यक्ति पाइन्छ । यस अतिरिक्त सामाजिक मूल्य र मान्यताको यथावत् चित्रण, समाजमा रहेका कुप्रथा, सङ्कीर्ण रुढि तथा अन्धविश्वासको विरोघ आधुनिक भारेतेली नेपाली कविताको चरणमा कविहरूले गरेका छन् । यसलाई भारतेली नेपाली कवितामा प्रगतिवादी धारा साथै आयमेली धाराको नामले पनि चिनिन्छ ।

भारतीय नेपाली कविताको समसामयिक चरणमा ईश्वर बल्लभ र उनको **कस्मे देवाय** , बैरागी काइँला र उनको **बैरागी काइँलाका कविताहरू** , पारिजात र उनको **साल्गिको बलात्कृत आँशु** , गुमानसिंह चामलिङ र उनको

**कारागरभित्र प्रतीक्षा र अन्य कविता**, नरेशचचन्द्र खाती र उनको **लीली रेखाहरूका**, राजेन्द्र भण्डारी र उनको **शब्दहरूको पुनर्वास** (सन् 2002), रामलाल अधिकारी र उनको **लिलिममा छन् मेरा कविता** (सन् 2001), खडकसिंह राई काँडा र उनको **काँडाका कविताहरू** , पाल्देन तितुङ र उनको **आवाजहरू** ( सन् 2002) आदि कविता – कृतिलाई आयमेली प्रवृत्तिमा आधारित उत्कृष्ट साहित्य मानिन्छ ।

मूलतः भारतेली नेपाली कविताको आधुनिक चरणमा स्वच्छन्दताकादी प्रवृत्तिलाई अस्वीकार गरी नयाँ प्रयोगमूलक लेखनी प्रारम्भ भएका पाउँछौ । यो वस्तुपरक ढङ्गले अघि सारिएको साहित्यिक प्रयोगको नयाँ प्रयोगवादी अवधारणा हो । भारतेली नेपाली कवितामा प्रयोगवादी धाराका नामले परिचित दार्जिलिङबाट थालिएको **तेस्रो आयाम** वा **आयामेली आन्दोलन** हो । नेपाली साहित्यका आयमेली त्रीमुर्ति बैरागी काइँला, ईश्वरवल्लभ र इन्द्रबहादुर राई यस आन्दोलन तथा तेस्रो आयमका हस्ती हुन् । यिनमध्ये बैरागी काइँला र ईश्वरवल्लभ मात्र भारतेली नेपाली कविताको प्रयोगवादी धारासँग सम्बन्धित छन् । यस धाराका अन्य भारतेली नेपाली प्रमुख कविहरूमा तुलसीराम शर्मा 'कश्यप', पारिजात , गुमानसिंह चामलिङ, श्याम लिवाङ, नरेशचन्द्र खाती, खडकसिंह राई 'काँडा' आदि पर्दछन् ।

**कवि ईश्वर बल्लभ** (जन्म वि. सं. १९९४ – मृत्यु वि. सं. २०६४) नेपाली साहित्यका एक प्रतिभाशाली स्रष्ट्रा हुन् । उनलाई नेपाली साहित्यको आयामेली आन्दोलनका प्रवर्तक मध्ये एक मानिन्छ । बैरागी काँइला र इन्द्रबहादुर राई सहित उनलाई तेस्रो आयाम साहित्यिक अभियानका प्रवर्तक हुन् । बल्लभले वि.सं. २०२९ सालमा मदन पुरस्कार पाएका थिए ।

Notes

कवि बल्लभको वि. सं. २०२९ मा **आगोका फूलहरूहुन्, आगोका फूलहरू होइनन्** , वि. सं. १९७७ मा **एउटा शहरको किनारमा**, **समानन्तर**, **कस्मै देवाय**, **सोचको मायामठ** (वि. सं. २०५७), **धुवाको जङ्गल** (वि. सं. २०६०) आदि कविता सङ्ग्रह प्रकाशित छन् । यस अतिरिक्त उनको वि. सं. 2031 मा **केही भूमिकाहरू** (निबन्ध सङ्ग्रह), वि. सं. 2041 मा **नीलो माटो** ( कथा सङ्ग्रह ), **प्रस्तुत** (समालोचनासङ्ग्रह) पनि प्रकाशित छन् । कवि इश्वर बल्लभले **फूल, पात र पतकर, तेस्रो आयम, नेपाली चलचित्र निर्माण, टुकी, प्रज्ञा** आदि पत्र – पत्रिका पनि सम्पादन गरेका छन् ।

विशषत: ईश्वर भट्टराई वि. सं. १९९४ साल असार २८ गते मङ्गलबार काठमाडौको जैसी देवलमा पं. मुरलीधर भट्टराई र राममाया का जेठा छोराका रूपमा जन्मिएका ईश्वर पछि ईश्वर वल्लभका रूपमा प्रख्यात भए । मुरलीधर प्रसिद्ध पुराणवाचक र राणाविरोधी क्रान्तिकारी पण्डित थिए । उनले गोरखाबाट काठमाडौं आई नेवार जातकी राम मायासँग विवाह गरेका थिए। ईश्वर बल्लभका भाइ विश्व बल्लभ पनि गीतकार र सङ्गीतकार हुन् । ईश्वर बल्लभ जन्मिएको 2 वर्षपछि उनका बाबुलाई पुराण सुनाउँदा - सुनाउँदै प्रजातन्त्रको कुरा गरेको आरोपमा राणाहरूले झ्यालखानामा हाले । त्यसैले उनलाई सानै उमेरमा आमाले पढ्न - लेख्न सिकाएकी थिइन् । ईश्वरबल्लभ दरबार हाइस्कुलमा पढ्दथे र स्कूलबाट फर्कदा बाबुलाई भेट्न झ्यालखानामा जान्थे र फर्कदा बाबुले दिएको नुन र चामलको पोको बोकेर घर फर्कन्थे । उनको कपाल सानै उमेरमा फुलेकोले उनलाई देख्ने मानिसहरू दङ्ग परेर हेर्दथे । उनी 10 वर्षका भएपछि बाबु झ्याल खानाबाट छुटे । उनी स्कूलमा पढिरहेकै बखत उनकी आमाको मृत्यु भयो । त्यसपछि विरक्त भएर

उनी भारतको इलाहावाद पुगे र त्यहीबाट म्याट्रिक परीक्षा उत्तीर्ण गरे । उनकै आग्रह मानेर ईश्व रबल्लभ सर्लाहीको मलङ्गवामा आए र महिनाको 40 रूपिया तलब लिएर त्यहाँको विद्यालयमा पढाउन थाले । त्यहाँ पढाउँदा - पढाउँदै उनले इलाहावाद बोर्डबाट प्राइभेट स्नातक उत्तीर्ण गरे ।

नेपालको सर्लाही बसेको डेढ वर्षपछि उनी घुम्दै दार्जिलिङ पुगे । उनले त्यहाँ उपन्यासकार रूपनारायण सिंहको विशाल शवयात्रा देखे । साहित्यकारको त्यत्रो मान्यता देखेर उनी छक्कै परे । उनलाई त्यही बस्न मन लाग्यो । नभन्दै उनले त्यहाँको टर्नबुल हाइस्कूलमा पढाउने मौका पाए । त्यतिबेला उनी विद्यार्थीहरूलाई ट्युसन पनि पढाउँथे । आफैले ट्युसन पढाएकी कमला क्षेत्रीसँग उनको मन मिल्यो र उनले वि. सं. 201६ सालमा कमलासँग विवाह गरेर त्यसपछि उनी रेडियो खर्साङमा उद्घोषणको काम गर्न थाले । केही समयपछि त्यो जागीर छुट्यो । उनले पसल थापे । जीविकाका लागि उनले ठेक्कापट्टा पनि गरे । वि. सं. 202७ सालमा उनी सह - परिवार काठमाडौ फर्किए । ईश्वरबल्लभ सानैदेखि गीत र कविताहरू लेख्थे । उनको पहिलो कविता वि. सं. 2012 सालमा दार्जिलिङबाट पारसमणि प्रधानले निकाल्ने **भारती** पत्रिकामा छापियो । 'मेरो आमाले आत्महत्या गरेको देश' उनको प्रसिद्ध कविता हो । 'आगो का फुलहरू हुन , आगो का फुलहरू होइनन' जस्ता प्रख्यात कृति का रचनाकार वल्लभले नेपाली भाषा - साहित्यको सेवा गरेवापत मदन पुरस्कार, साझा पुरस्कार, रत्नश्री स्वर्णपदक, मुक्ति पुरस्कार, व्यथित सिन्धु पुरस्कार र प्रेस काउन्सिल पुरस्कार पाएका थिए ।

नेपाली साहित्यमा कवि ईश्वर बल्ल्भको प्रदापर्ण बिक्रम संवत 2012 सालको भारतीमा प्रकाशित " म के हुँ " शीर्षक कविताका माध्यमबाट भएको हो । प्रारम्भमा स्वच्छन्दतावादी प्रवृत्तिका कविता लेख्ने कवि आयमेली आन्दोलनको स्थापनापछि त्यसकै मान्यता अनुरुप जीवनलाई परम्पराभन्दा भिन्न ढङ्गले वौद्धिक व्याख्या गर्न र अमूर्तताभित्र वस्तुत र सम्पूर्णताको खोजीलाई कवितात्मक प्रस्तुति गर्न उघट देखिन्छन्। युगीन जन - जीवनका संकीर्णताको घेरा नाघी विशालताको आत्मसात् गर्दै जीवनका जटिलता, विवशता, बाध्यता, बिषमता, अस्तव्यस्तता आदिको अभिव्यञ्जना गर्ने यिनका कवितामा अस्तित्ववादी जीवनवादी र आशावादी चिन्तनको प्रस्तुति पाइन्छ। यिनका कवितामा सब र विषयमा परिस्थितिका बीचबाट गुज्रिएको मानवजीवनलाई विविध कोणबाट चित्रण गर्दै मानवीय सोचाईका बीचको बिषमताको मार्मिक अभिव्यञ्जना गरिएको छ। युगीन बिषमता, अस्तव्यस्तता र जर्जरतालाई यिनले संवेदनशीलतापूर्वक प्रतीकात्मक, प्रफावशाली र बौद्धिक ढङ्गले प्रस्तुत गरेका छन्।

ईश्वरवल्लभका कवितामा इतिहास, पुराण, दन्त्यकथा आदिबाट ताक्षणिकता वहन गर्ने खालका आघबिम्ब र प्रतीक तथा चित्रात्मक, अमूर्त, किलिष्ट, दुर्बोध्य, विचलनयुक्त, भाषिक विन्यास पाइन्छ। वौद्धिक र प्रतीकात्मक अभिव्यक्ति तथा कतिपय कृत्रिम शिल्पसज्जाका कारण यिनका कतिपय कविता दुर्बोधसमेत बन्न पुगेका छन्। यति हुँदाहुँतै पनि आनुप्रासिक संयोजन, रुनरावृत्तीय भाषिकविन्यास वा समान्तरताको बहुप्रयोग कारण मुक्तछन्दमा संरचित यिनका गद्यकविताहरू अन्त लयात्मक र अन्त सांगीतिक गुणले अनुप्राणित छन्।

उच्च रक्तचाप र मधुमेहका रोगी रहेका ईश्वर बल्लभको ७0 वर्षका उमेरमा हृदयघातको उपचार गर्दागर्दै वि. सं. 20६4 साल चैत ९ गते शनिवार अस्पतालमै निधन भए तापनि भारतेली नेपाली कविताको आयमेली लेखनमा सदैव अमर र अजर रहेका छन् । दार्जिलिङको टर्नबुल उच्च विधालयमा शिक्षण गर्दा तेस्रो आयम साहित्यिक लेखनमा लागेका कवि बल्ल्भका **उज्यालोको गुफा** कवितामा आयमेली प्रवृत्ति आधिक्य रूपमा मुखरित भएको पाइन्छ । यस कविता कवि यसो भन्छन् –

*यद्धपि यात्रा प्रारम्भ भयो*

*तर अभीष्ट पुगिन्छ कि पुगिन्दैन*

*पुगिन्दैन कि भन्न आशङ्का पनि*

*भन्ने त्रासको नै हो ।*

*आदिम हुनुको अर्थ*

*भयभीत हुनुको अर्थ संधै ।*

आयमेलीहरू समाजका कतिपय नियम, बन्धनलाई मान्दैनन् । यसर्थ कवि बल्ल्भका कविताहरूमा जीवनको नैराश्यपन, असफलता, कुण्ठा र बिद्रोह पनि अभिव्यक्ति भएको पाइन्छ । युगको असङ्गति र विसङ्गतिहरूलाई निमोठ – नामोठ पर्न तिनी चाहन्छन् । यसैले कवि **मेरी आमाले आत्महत्या गरेका देश** कवितामा यसो भन्छन् –

*हरेक दलिन बलिरहेको च*

*हरेक भित्ता बोलिरहेको छ*

*हरेक खुकुरी बलिरहेको छ ।*

कवि ईश्वर बल्लभको सन् १९८५ मा प्रकाशित **कस्मै देवाय** कविता सङ्ग्रहित प्राय: कविताहरू आयमेली प्रवृत्तिमा रमिएका छन् । यस सङ्ग्रहमा जीवनको गहनता र मानिसको दोधारोपनलाई स्पष्टसित कविताहरूमा चित्रित गरिएको पाइन्छ । जीवनलाई गहन रूपमा हेर्दै कवि **ईश्वर कहाँ छ** ! कवितामा यसो भन्छन् –

*कुन मोसमलाई यो हठात् असमय फक्रोको*

*कोपिला समर्पण गर्नु*

*तै पनि परेवाका प्वाँखहरू झै क्षणहरू झरिरहेका छन् एकान्तमा ।*

जीवन यापनको प्रौढतालाई पनि कवि बल्लभले आफ्ना कविताहरूमा राम्ररी वर्णन गरेका छन् , जसलाई आयमेली कविताको एउटा वैशिष्टय मानिन्छ । मानिस जीवनमा एक्लो हुनुलाई एकान्ततासित सामीप्यमा राखेर जीवनसित हिड्छन् । जीवन बाच्ने क्रममा मानिसहरू योवन बगाएर आज बृद्ध भएका हुन् । यसैले कवि **त्यो एक्लो वृक्षलाई** कवितामा यसो भन्छन् –

*उसको अपरास्त जिजीविषाको समान्तर म र तिमी पनि छौं*

*कसैले कथा भनेर*

*उसका घाउ सुमसुम्याएन*

*उचाइसित पनि संधै द्वन्दव छ ।*

मूलत: जीवनलाई च्याप्टो रूपमा मात्र होइन, चौडाई, लम्बाई र उँचाई तीनै आयाम अभिव्यक्त गरेका यसमार्फत् जीवनका वस्तुता, समग्रता, वौद्धिकता र चिन्तनशीलतालाई प्रस्तुत गर्न सकिन्छ भन्ने मान्यता तेस्रो आयामको मान्यता हो । यस आयामले च्याप्टो साहित्य भनेर भावुकता र कल्पनामा लेखिएको साहित्यलाई मानेको छ । यही विशेषता कवि ईश्वर बल्लभका कविताहरूमा आधिक्य पाइन्छन् ।

नेपाली साहित्यमा प्रारम्भ भएको तेस्रो आयाम लेखनको अर्को मुल खाम्बो कवि वैरागी काइँलालाई मानिन्छ । उनको पुरा नाम **तिलविक्रम नेम्बाङ** हो । उनको जन्म सन् १९३९ मा पाँचथर जिल्लाको पौवा गाउँमा भएको थियो । उनले स्नातक तहसम्मको औपचारिक शिक्षा हासिल गरेका थिए भने कवि काइँलालाई **आयामेली आन्दोलन** (सन् १९६३) मार्फत साहित्य क्षेत्रमा नयाँ युगको सुरुवात गर्ने साहित्यकारको रूपमा चिनिन्छन् । यसका अतिरिक्त वैरागी काइँला 'मन्थन साहित्य संस्था' 'शताब्दी काठमाडौं' जस्ता संस्थाका सल्लाहकार रहेका थिए भने वि. सं. 204७ मा तत्कालीन राजकीय प्रज्ञा प्रतिष्ठान (हाल नेपाल प्रज्ञा प्रतिष्ठान) - का उपकुलपति हुन् । थोरै कविता लेखेर धेरै चर्चित, अर्थित र गर्वित प्राज्ञमा दरिने कवि बैरागी काँइलाको कविताहरूमा दुरुह र विलक्षण बिम्बहरूमा भाषाको चामत्कारिक विलाश पाइन्छ । किराँत लिम्बु जातिमा रहेको धर्मशास्त्र मुन्धुमबारे पाँचदशकदेखि निरन्तर खोज, अनुसन्धान, लिपिबद्ध गरी दर्जनभन्दा बढी कृति प्रकाशित गरिसकेका स्रष्टा काइँलाका **बैरागी काइँलाका कविताहरू** ( सन् १९७४ ), **अन्धा मान्छेहरू र हात्ती** ( सन् 2011) आदि कविता सङ्ग्रह प्रकाशित छन्

। कवि काँलाका अन्य प्रकाशित कृतिहरूमा **किराँत जागरण गीत** (वि. सं. २०३८), **महागुरु फाल्गुनन्दका उपदेशहरू तथा सत्यहाङ्मा पन्थका भजनमाला** (वि. सं. २०४७), **समकालिन साहित्य** (वि. सं. २०४६), **जर्नल अफ लिम्बु, लिटरेचर एण्ड कल्चर** (वि. सं. २०४८), **लिम्बू जातीमा कोख - पूजा** (वि. सं. २०४८), **ईर्श्या र आँखिडाहीको आख्यान** (वि. सं. २०५१), **लिम्बु ग्रन्थ सूची** (वि. सं. २०४९), **प्रेतात्माको आख्यान र अनुष्ठान** (वि. सं. २०५१), **मोच मार्ने आख्यान र अनुष्ठान** (वि. सं. २०५२), **तङ्सिङ् तक्मा मुन्धुम्ः आख्यान र अनुष्ठान** (वि. सं. २०५२, **मुजिङ्ना खेयङ्ना मुन्धुम** (वि. सं. २०७०), **लाहादाङ्ना सुहाम्फेबा मुन्धुम** (वि. सं. २०७०), **खाप्पुना मेल्लङ्हाङ्मा मुन्धुम** (वि. सं. २०७०), **पाजाइवा मुन्धुम** (वि. सं. २०७०), **नाम्सामि - केसामि मुन्धुम** (वि. सं. २०७०) आदि छन् । यसबाहेक उनले **फूल, पात र पतकर** (सन् १९६१), **तेस्रो आयाम** (सन् १९६3) आदि पत्र – पत्रिकाको सम्पादन पनि गरेका छन् ।

कवि वैरागी काइँलाका कव्य साधनामा दुईवटा मोडहरू देखा पर्छन् । ती दुवै मोडमा प्रकाशित उनका कविताहरूमा प्रणय – प्रीति, वैश, बासनामा लिप्त युवा – अभिव्यक्ति पाइन्छन् । प्राथमिक प्रहरको स्वच्छन्दतावादी कवित्वमा वैशको आवेगको उष्मा तथा प्राकृतिक सौन्दर्यप्रतिको नयाँ चासो पनि पाइन्छ । तर यस भन्दा पनि कवि काइँलालाई नेपाली साहित्यमा परिचित बनाउने उनका कविताहरूको मुख्य प्रवृत्ति भने आयामेली नै हो । तर इन्द्रबहादुर राईको यसबारे भनाइ यस्तो थियो – "वैरागी काइँला आयामिक लेखक भएर कवि भएका हुन् भन्ने गरेको सुन्छु । त्यसो भन्नु भूल हो । आयामिक लेखकको त लेबल मात्र लागेको हो । काइँला कवि भएरै कवि भएका हुन् ।"

उनको **अस्तित्वको दाबीमा साबातको बैला उत्सव, हाट भर्ने मानिस, पर्वत, मातेको मान्छेको भाषण, मध्यरातपछिको सडकसित** आदि कविताहरू आयामेली लेखन प्रदत्त उदाहरणहरू हुन् । कवि काइँलाका कविताहरू बौद्धिक र क्लिष्ट छन् । वास्तवमा आयामेलीहरूको लेखन प्रवृत्ति पनि यसैमा रमिएको कारणले पनि हो भन्न सकिन्छ ।

साहित्यकार वैरागी काइँला भन्ने बित्तिकै हामीलाई उनको **मातेको मान्छेको भाषण, मध्यरातपछिको सडकसित** कविताको सम्भना स्वत आइहाल्छ । विशेष आफ्ना कविताहरूमा नयाँ प्रयोग, प्रताक र बिम्बको माध्यम केही सन्देश दिन चाहने कवि काइँलाका धैरै जसो कविताहरू आयेमेली लेखनमा रमिएका र रतिएका छन् । उनको पर्वत कविता आयामिक भएका कारण यो पर्वत मात्र नभएर जिन्दगीको लक्ष्य पनि हो, लक्ष्यमा जाँदा हिँडिने यात्रा यस कवितामा विद्धमान छ । जिन्दगीको लास काँधमाथि बोकी आफ्नो पाइतालाले गरेको गतिशील ताजा पर्वतारोहण यात्राको स्वप्न नै **पर्वत** कविताको केन्द्रबिन्दु हो, चिन्तन पनि । यसैले प्रस्तुत कवितामा कवि भन्छन् –

***मेरो काँधमाथिबाट***

***मेरो प्रेमको घनत्व र आस्थाको उत्तापले***

***पाकेको जिन्दगीको लास***

***चोइटा – चोइटा किरणहरूमा चोइदिएर खस्तछ ।***

मूलत: कवि काइँलाको यस **पर्वत** कविता आयामिक कविताको ज्वलन्त उदाहरण हो । यस कविता संरचनागत रूपमा तीन भागमा विभाजित छ र त्यस प्रत्येक भागमा लामा – छोटा अनेक अनुच्छेदहरू छन् ।

कवि वैरागी काइँलाको आयामिक लेखन उन्मुख हुँदा प्रकाशित **अस्तित्वको दाबीमा साबातको बैला उत्सव** कवितालाई तेस्रो आयामको मान्यतामा नै लेखिएको कविता मानिन्छ । यस कवितामा आफ्नो बन्धापन तथा सन्तान नभएर बाँझौ हुन गएकी स्त्रीहरूले बाँझोपनको निराकरणको निम्ति मध्यकालीन यूरोपेली दास – कुमारीहरूको उत्सवलाई यस कवितामा कविले मिथकको रूपमा प्रयोग गरेका छन् । यसमा स्त्रीहरूले आफ्नो कौमार्य डायनासिस नामक देवतालाई अर्पिइ रातभरी नाचेकूर लिङ्ग पूजा गर्दै गर्भाधान माग्ने आख्यानात्मक अभिव्यक्ति पाइन्छ । यसरी आख्यानात्मक अभिव्यक्ति पाइए तापनि प्रस्तुत कवितालाई आयामेली लेखनको दह्रो कविता मान्न सकिन्छ । प्रस्तुत **अस्तित्वको दाबीमा साबातको बैला उत्सव** कवितामा आयामका लम्बाई, चौडाई र उचाईको कुरालाई कवि यसरी प्रष्ट पार्छन् –

***बाँधेर जन्तरले***

***लम्बाई, चौडाई र उचाई रातको***

***रेखी हालेर बीजाङरहरूको***

***वरिपरि आयतन जिन्दगीको ।***

यसरी नै सन् १९७३ मा प्रकाशित कवि वैरागी काइँलाको **गङ्गा नीलो बग्छ** कविता आयामिक लेखनको सैद्धान्तिकतालाई आधार मानिएको कविता हो भन्न सकिन्छ । चित्रकलाको सोझो साम्य भाषा, वौचारिक गहनता, जीवनको सम्पूर्णता जस्ता कुराहरू आयामिक लेखनका मानक तत्त्वहरू हुन् । तिनै तत्त्वहरू कवि काइँलाको प्रस्तुत कवितामा लछप्रै पाइन्छ । कवि कविता यसरी लेख्छन् –

*यात्री*

*उ*

*भि*

*न्छु ।*

प्रस्तुत **गङ्गा नीलो बग्छ** कविता क्लिष्टता मात्र नभएर भाववोध पनि कठिनता छ । तर यसमा बौद्धिकता बेजोड पाइन्छ , जुन आयामेली लेखनको मुल तन्तु हो ।

इन्द्रबहादुर राई कवि नभएर तापनि भारतेली नेपाली साहित्यमा आयमेली आन्दोलन तथा तेस्रो आयमका मुल खाम्बा भएको हुनाले यहाण उनकोबारे चर्चा नगरी रहन सकिन्न । कथाकार, उपन्यासकार र समालोचकको रूपमा परिचित राईको जन्म सन् १९२७ मा **दार्जिलिङको खरसाङ स्थित बालासन खोलाको बगरमा** बाबु रणवीर राई र आमा हस्तमाया देवानको सुपुत्रका रूपमा भएको हो । राई आफ्नो जन्मका सम्बन्धमा भन्छन्, "मेरा बाबुआमा उक्त खोलाको पुल निर्माणको काममा खटिरहेका बेला त्यहीँ बगरमा जन्मिएको अरे।" निम्न आय भएको परिवारमा जन्मे पनि उनको शिक्षादीक्षामा भने कुनै कमी हुन पाएन । अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर गरेपछि प्राध्यापनमा लागे। पहिलो सङ्ग्रहका रूपमा विपना कतिपय सन् १९६१ मा आएको हो । उपन्यास चाहिँ सन् १९५८ मै लेखि सिध्याएको भएता पनि तर प्रकाशित हुँदा भने सन् १९६४ पुग्यो । यिनै कृतिले राईलाई चिनाए ।

इन्द्रबहादुर राई आफूलाई प्रभाव पारेका लेखक र कृतिका सम्बन्धमा भन्छन्, " मैले त्यसबेला पढेको कितावमा सन् १८६५ मा प्रकाशित माथ्यु आर्नोल्डको

'एसेज इन क्रिटिसिज्म' थियो र त्यसले धेरै प्रभाव पाऱ्यो । त्यहाँ गेटेको बारेमा लेख्दा जीवन र जगत् भन्ने शब्दहरू लेखिएका पाएँ र यसैलाई अहिलेसम्म लेख्ने कोसिसमा छु । अध्ययन गर्दै जाँदा आफ्नो बाटो आफैं बन्दै जाँदोरहेछ । जीवन र जगतलाई पढेर लेख्दैगर्दा प्रेमचन्द्र, रवीन्द्रनाथहरू पनि पढिए । त्यसपछि अर्को सजिलो पुस्तक भेटेँ - समरसेट ममको । तीन ठेलीको उक्त कृतिमा एक ठेलीमा सय कथा थिए। त्यही ठेलीको प्रभावबाट विपना कतिपय लेखेँ बीस दिनमा ।" वास्तवमा राईको यही लेखन शैलीका कारण उनी सन् 201८ मा देहान्त भए तापनि नेपाली साहित्यमा कहिले पनि मर्ने छैनन ।

राईले आयमेली लेखनका अतिरिक्त लीला लेखन वा लीलावाद पनि भारतेली नेपाली साहित्यमा प्रयोग र परिचय गराएका छन् । यस लेखनको प्रथम आधारकृतिका रूपमा उहाँको **कठपुतलीको मन** कथासङ्ग्रहलाई लिइन्छ । अहिलेका उत्तर आधुनिकतावादीहरूले पनि यसैलाई नै उत्तर आधुनिकताको प्रारम्भ विन्दु मानेका छन् । उनको कृतिहरूमा **विपना कतिपय, कथास्त, कठपुतलीको मन** आदि कथा सङ्ग्रह, **आज रमिता छ** (सन् १९६4) उपन्यास **टिपेका टिप्पणीहरू** (सन् १९६६), **नेपाली उपन्यासका आधारहरू** (सन् १९७4), **सन्दर्भमा ईश्वरबल्लभका कविता** (सन् १९७६), **साहित्यको अपहरण. मार्क्सवादी प्रतिवद्धता** (सन् १९८3), **दार्जीलिङमा नेपाली नाटकको अर्धशताब्दी** (सन् १९८4), **अर्थहरूको पछिल्तिर** (सन् १९९4), **पृष्ठ पृष्ठ** (सन् १९९५), **लीला प्रस्तावना** (सन् 2002), **सेतो ख्याकको बनोट र बुनोट** (सन् 200६) आदि समालोचना सङ्ग्रह साथै **पहाड र खोला** (निबन्ध संग्रह, सन् १९९3), **लेखहरू र झ्याल** (निबन्ध संग्रह, सन् 2000) निबन्ध सङ्ग्रह पनि प्रकाशित छन् ।

यसरी स्तरिय कथा, उपन्यास, समालोचना र निबन्ध सिर्जना गर्ने इन्द्रबहादुर राई आफ्नो लेखनका सम्बन्धमा उहाँ भन्नुहुन्छ - "लेखुँला वा लेख्नुपर्छ जस्तो त अनेकथोक लाग्दछन् । उपन्यास एउटा मात्र लेखियो, अझ एउटासम्म लेख्नपर्नेझैँ लाग्छ । समालोचना लेखनमा सबैको सहमति पाउनसक्ने नयाँ नेपाली समालोचना पद्धति तयार गर्नुपर्ने पनि लाग्छ । एउटा नाटक पनि लेख्न मन छ । धैरै बाटा हिँड्न चाहेर पनि हिँड्नुपर्छ एउटै बाटो र परिस्थितिले जे लेखाउँछ, त्यही लेख्ने काम हुँदोरहेछ ।" उनका सबै कृतिहरू पाठकले अब्बल ठहऱ्याएका छन् । अहिले भर्खरै पनि उनका छानिएका प्रतिनिधि कथाहरूको सङ्ग्रह निस्किएको छ नेपालबाटै । लेखकलाई त झन् आफ्ना सन्तान सबै बराबरी नै लाग्छन् तर पनि रोज्नैपर्दा लेखकले एउटालाई रोज्छ नै । उनी पनि पाठकीय मूल्याङ्कनलाई पछयाउँदै भन्छन्, प्रिय कृति यही नै एक हो भन्न मलाई गाह्रो लाग्छ । बरू पाठकले कुन कृतिलाई धैरै रुचाएको देखियो, त्यताबाट उत्तर गर्न सजिलो होला ।

इन्द्रबहादुर राईद्वारा सुरू गरिएको **तेस्रो आयाम** नेपाली साहित्यको श्रेत्रमा नयाँ आन्दोलन हो । एक अभियन्ताका रूपमा स्थापित राईअनुसार आयामको प्रारम्भ सन् १९६३ मा समालोचक गणेशबहादुर प्रसाईंले दार्जिलिङमा वैरागी काइँलाको, इन्द्रबहादुर राई र ईश्वरवल्लभ तीन जनालाई भेट गराइ दिनुभए पछि भएको हो । विशेषत: कवि बैरागी काइँलाको **मध्यरातपछिको सडकसित मातेको मान्छेको भाषण** कवितामा र **बन्द कुइरोमा नानीको पाइला** शीर्षक कवितामा पूर्ण अर्थात् चारै आयामको मान्छे बन्न नानीलाई आह्वान गरेको पाइन्छ ।

इन्द्रबहादुर राई सुरुमा दार्जिलिङको टर्नबुल उच्च विद्वालयमा अध्यापक थिए । यिनैका कारण सोही स्कुलमा ईश्वर वल्लभले पनि पढाएको मानिन्छ । पछि इन्द्रबहादुर राईले चाहिं करिब पैँतीस वर्षजति सेन्ट जोसेफ कलेजमा नै प्राध्यापन गरेपछि, त्यहीबाटे अवकास पनि ग्रहण गरेका हुन् । उनी झन्डै पन्ध्र वर्षजति दार्जिलिङ नगरपालिकामा कमिस्नर र उपाध्यक्ष भएका थिए भने अखिल भारतीय नेपाली भाषा समितिका अध्यक्षमा पनि चुनिए । यी करिब दश वर्षजति दिल्लीस्थित साहित्य अकादमीका कार्यकारी सदस्य पनि भए । इन्द्रबहादुर राईलाई साहित्यतर्फ धकेल्ने व्यक्ति थिए - कमलकुमार शर्मा । उनी राईका गृहगुरु थिए । **शारदा** पत्रिकामा शर्माले नै राईलाई टाँस्सिनवातावरणको सृजना गरेका थिए । त्यसपछि नै राईले आफ्नो क्रमशः अघि बढाएका थिए । लेखकीय व्यक्तित्वलाई आठ कक्षामा पढ्न थालेपछि राई साहित्य लेखनमा अग्रसर भए । उनले त्यसै बेला उपन्यास लेखेका थिए । त्यसपछि दसौँ कक्षामा पढ्दा - पढ्दै पनि यिनले नाटक लेखेका थिए । त्यस बेला यिनले पढेको स्कूलमा पारितोषिक दिवसका अवसरमा यिनैद्वारा लिखित नाटकको मञ्चन भएको थियो । यो नै उनको पहिलो औपचारिका साहित्यिक यात्रा थियो ।

राईलाई सुरु सुरुका लेखनमा यथार्थवादले ग्रस्त पारेको थियो । त्यस बेला यिनले आफ्नो जीवनको अर्थ बाँच्नुमा नै सीमित राखेका थिए । इन्द्रबहादुर राईले आफ्नो कलम प्रखर, प्रगाढ र प्रबल भएपछि नेपाली साहित्य आकाशमा तेस्रो आयामको स्वरूप छर्न थालेको मानिन्छ । त्यसबेला राईसँग तेस्रो आयाममा भाग लिनेहरूमा ईश्वरबल्लभ र बैरागी काइँला थिए । यी तीनजना चलाएको आयाम'तेस्रो आयाम' थियो ।

कवि ईश्वर बल्लभ र वैरागी काइँला जस्तै कवि तुलसीराम शर्मा 'कश्यप' - का कविताहरूमा पनि आयमेली प्रवृत्ति आधिक्य रूपमा मुखरित भएको पाइन्छ । मूलतः शास्त्रीय छन्दमा रस, अलङ्कारका साथै पूर्वीय काव्यिक परम्परालाई अनुसरण गर्दै मानवतावादी दृष्टिकोण राखेर कविता सिर्जना गर्ने कवि कश्यपलाई एक आयमीक कवि थिए । भारतेली नेपाली कविता साहित्यमा तीन - तीनवटा महाकाव्य दिने कवि कश्यपको जन्म 11 फरवरी १९3९ मा अनि मृत्यु ८ फरवरी १९९८ मा भएको थियो । उनको सन् १९८८ मा **आमा**, सन् १९९० मा **मन्थन** र सन् १९९3 मा **अनुराग** खण्डकाव्य र केही फूटकर कविता प्रकाशित भएका छन् ।

कवि कश्यपले आमा खण्डकाव्यमा सन् १९९० मा साहित्य अकादमी पुरस्कार प्राप्त गरेका हुन् । महाकाव्य लेखनको देवकोटाली प्रयासलाई कवि कश्यपले भारतीय नेपाली साहित्यमा इमान्दारिताका साथ बचाएका छन् । यिनको **मन्थन** महाकाव्यमा पौराणिक विषय - वस्तुमा आजको सामाजिक परिवेशमा देखा परेको विकृति र विसङ्गतिलाई उदाङ्गो पार्ने काम गरेका छन् । यिनको **अनुराग** खण्डकाव्यमा प्रेम, प्रकृति प्रेम, सौन्दर्यको पूजा, राष्ट्रिय प्रेम आदिको प्रवृत्ति प्रस्तुत गरिएको छ । कवि कश्यप जस्तै कवि गुमानसिंह चामलिङलाई पनि भारतेली नेपाली कवितामा आयमेली धारालाई अप्नाएर लेख्ने एक उत्कृष्ट कवि मानिन्छ । दार्जिलिङमा उनलाई एक दक्ष राजनेता र समालोचकको रूपमा चिनिन्छ । उनको **अन्तद्वन्द्व** (सन् १९६4), **सुर्य उदाउनुभन्दा पहिल्यै** (सन् १९६८) र **कारागरभित्र प्रतीक्षा र अन्य कविता** (सन् १९७८) आदि कविता सङ्ग्रह आयामेली लेखन प्रवृत्तिका छन् ।

भारतेली नेपाली कवितामा आयामेली कविको रूपमा परिचित कवि नरेशचन्द्र खातीका कतिपय कविताहरू देशप्रेमले ओतप्रोत भएका छन् । सन् १९५४ मा दार्जिलिङको चोकबजारमा जन्मिएका कवि खाती आधुनिककालीन भारतेली नेपाली कवितामा प्रयोगवादी धारामा उदाएका कवि हुन् । उनको सन् १९७८ मा **हस्ताक्षर**, सन् १९८४ मा **परेली परेलीमा भिजेर**, सन् 2001 मा **लीली – रेखाहरूमा** आदि कविता – कृति प्रकाशित छन् । विश्षत : युगीन विवशता र सन्त्रासलाई आफ्ना आयामिक र लीलावादी कविताहरूका माध्यम प्रष्ट्याउन चाहदै कवि खातीले वर्तामान पीडीको ढुकढुकी छाम्न पनि चाहेका छन् । तर उपर्युक्त कविता – कृतिहरू मध्ये कवि खातीको सन् 2001 मा प्रकाशित **लीली – रेखाहरूमा** कविता – कृतिमा आयमिक गन्ध आधिक्यरूपमा पाइन्छ । यस अतिरिक्त भारतेली नेपाली कविहरू पवनकुमार चामलिङ किरण, केदार गुरूङ, राजेन्द्र भण्डारी आदिका कविताहरूमा पनि आयमेली प्रवृत्ति पाइन्छ । कवि पवन कुमार चामलिङ किरणको जन्म 22 सितम्बर सन् १९५० मा भएको हो । राजनीतिका सक्रिय रहेर सन् 201९ सम्म सिक्किम राज्यको मुख्यमन्त्री रहेका कवि किरणको सन् १९९३ मा **म को हूँ !**, सन् १९९४ मा **क्रान्तिको प्रवेश** आदि कविता सङ्ग्रह प्रकाशित छन् । सरल भाषा शैलीमा प्रगतिवादी विचारधारालाई लिएर क्रान्तिको विगुल फुक्ने कवि हुन् पवन चामलिङ किरण । आफ्ना कविताहरूमा अन्याय र अत्याचारको विरोध गर्दै मानवतावादी दृष्टिकोण राख्ने र सधैं समानताको पक्षमा बोल्ने र क्रान्तिका निम्ति आह्वान गर्ने कवि चामलिङका कतिपय कविताहरूमा आयमेली गन्ध पाइन्छन् । व्यस्त राजनीतिमा रहेर पनि उनको साहित्यप्रतिको झुकाउ अत्यन्त रहेको छ । मुख्यमन्त्रीका रूपमा रहेर पनि सधैं साहित्य कर्मी र

कलाकारहरूको सम्मानमा अघि बढ्ने कवि चामलिङ नेपाली साहित्यका भारतीय प्रगतिवादी कविहरूको हुद्दामा सबैभन्दा माथि पर्दछन् ।

कवि केदार गुरूङको जन्म ९ जुलाई सन् १९४८ मा सिक्किमको गेजिङमा भएको हो । प्रतीक र विम्बहरूको प्रयोगद्वारा गुम्फित भाषा शैलीको प्रयोग गर्दै केही दुर्बोध्य कविता सिर्जना गर्ने कवि गुरूङ समकालीन अवस्थामा आइपुग्दा केही सरल बन्नपुगेका छन् । उनका कविताहरूले तेस्रो आयमको मान्यताहरूलाई समाएका छन् । कवि गुरूङको तीनवटा कविता सङ्ग्रह **उर्लन्छन् छालहरू, समय र ज्वारभाटाहरू जस्तै** (सन् १९९५), **म आफ्नै कविताहरू भारी घिसाएर हिँड़िरहेछु** (सन् 2000) र **खरीको बोट र सुनाखरीहरू** (सन् 200५) प्रकाशित छन् । यी कविता सङ्ग्रहमा सङ्ग्रहित कतिपय कविताहरू आयमिक प्रवृत्तिमा रमिएका छन् ।

कवि राजेन्द्र भण्डारी मूलतः विम्बात्मक कविता सिर्जना गर्ने कवि हुन् । उनका कवितामा वर्तमान विश्वको छाप स्पष्टसँग देखा पर्दछ भने उत्तराधुनिक कविता लेखनका उनी एक सशक्त प्रतिभा हुन् । यिनका यस अवधिका कविताहरूमा विश्वको बद्लँदो परिवेशबाट सिर्जना भएका समस्याहरू, व्यङ्ग्यात्मक चेतनाको प्रचुरता तथा प्रतीक र विम्बको समन्वयता पाइन्छ । पश्चिम बङ्गालको कालेबुङमा जन्मिएर सिक्किमलाई कर्मभूमि स्वीकार गरेका कवि भण्डारीको यस अवधिमा **क्षर/अक्षर** (सन् १९९८) कविता सङ्ग्रह प्रकाशित छ। उनका प्रयोगधर्मीमूलक कविताहरू आयमेली प्रवृत्तिमा मुखरित भएका पाउँछौ ।

यसअतिरिक्त समसामयिक भारतेली नेपाली कवितामा प्रवीण राई जुमेली र वीरू बाङ्देलका कविताहरू पनि आयमेली प्रवृत्तिमा लेखिएका पाउँछौ । कवि

जुमेलीको **इम्पास्टो अक्षर** (सन् 200६), कवि बाङ्देलको **आहट मानेभञ्ज्याङको** (सन् १९९५) र **कसाईको बस्तीमा** (सन् 200५) कविता सङ्ग्रह प्रकाशित छन् । यी कविता सङ्ग्रहमा सङ्ग्रहित प्राय: कविताहरू आयमेली प्रवृत्तितर्फ धेरै आकृष्ट देखिन्छन् ।

चुडान्तमा भन्नुपर्दा प्रयोगवाद परम्परा कविताढाँचा विरुद्ध नवीन भावधारा - र नवीन शैलीशिल्प तथा संरचनालाई अङ्गीकारगरी प्रारम्भ भएको काव्यधारा हो । यसमा अतियथार्थवादी तथा विसंगतिवादी जीवनदृष्टि र बिम्ववादी तथा प्रतीकवादी शैलीशिल्पको प्रयोग पाइन्छ । प्रयोगवादीहरुमा ईश्वरप्रति अनास्था, सामाजिक मान्यता प्रतिको विरोध र मानवलाई जीवशास्त्रीय आधारमा हेर्ने प्रवृति पाइन्छ । यसैले प्रयोगवादीहरु जीवनको निसारता, विद्रूपता र बीभत्सतालाई ज्यादा कवितामा चित्रण गर्छन् । प्रयोगवादीहरू झैं आयमेलीहरूले पनि जीवन जगतका विसङ्गति र शून्यताको वर्णनका साथै मानवीय अस्मिताको खोजी र जीवन सम्पूर्णतालाई समातेका छन् । यी आयमेली भारतेली नेपाली कविहरूमा प्रयोगवादीहरूमा झैं जीवन र साहित्यमाझको नवीन सोच, मान्यता र धारणा पाइन्छन् ।

## 11.4 उपसंहार

जीवनलाई च्याप्टो रूपमा मात्र होइन, लम्बाई, चौडाई र उचाई तीनै आयामको समग्रतामा हेरेर यसमार्फत जीवनको वस्तुता, बौद्धिकता र चिन्तनशीलतालाई प्रस्तुत गर्न सकिन्छ भन्ने मान्यता **तेस्रो आयाम**को मान्यता हो । यस आयामले च्याप्टो साहित्य भनेर भावुकता र कल्पनामा लेखिएको साहित्यलाई मानेको छ ।

तेस्रो आयामको एक अभियन्ताका रूपमा स्थापित इन्द्रबहादुर राईअनुसार आयामको प्रारम्भ सन् १९६३ मा समालोचक गणेशबहादुर प्रसाईंले दार्जिलिङमा वैरागी काइँलाको, इन्द्रबहादुर राई र ईश्वरवल्लभ तीन जनालाई भेट गराइ दिनुभए पछि भएको मानिन्छ । वेन जोन्सनले नै **तेस्रो आयाम**को सिद्धान्त अर्थात् लेखाइमा लम्बाई, चौडाई र मोटाई - गहनता हुनुपर्छ भन्ने बिचार पोखेका थिए । यसै अवधारणाका फलस्वरूप त्यससमयको काँचा केटाहरू तथा इन्द्रबहादुर राई, इश्वर बल्लभ र वैरागी काइँला पनि मोटाईको खोजीमा नेपाली साहित्यमा लागेको मानिन्छ । नेपाली साहित्यमा **तेस्रो आयाम** लेखन कवि वैरागी काइँलाको सम्पादनमा तेस्रो आयाम नामक पत्रिका प्रकाशित भएपछि प्रारम्भ भएको हो । यसको पहिलो अङ्क सन् १९६३ मा प्रकाशित भएको थियो । अत: नेपाली साहित्यमा तेस्रो आयाम सन् १९६० को दशकदेखि सुरू भएको हो भन्न सकिन्छ ।

**तेस्रो आयम** भनेको जीवन र साहित्य दुवैको पूर्णताको खोजी हो । मान्छे कालमा, समयमा बाँचेको हुन्छ र समय एउटै छ । यसैले अविभाजित समयलाई लेख्ने प्रयास तेस्रो आयमलाई मान्न सकिन्छ । मिथकको टेक्निकद्वार जीवन र साहित्यमा सम्पूर्णताको खोजी पनि हो यो आयम । दायाँ, बायाँ, तल, माथि जताबाट हेर्दा पनि चित्र फरक देखिन्छ तर रूप सिङ्गो एउटै हो । यो सम्पूर्णताको कोसिस 'क्युविजम्' हो । यसै अवधारणामा अडिएर जीवन र साहित्यको सम्पूर्णतालाई समाउने कोशिस आयमेलीहरूले साहित्यमा गरेका छन् । उनीहरूले मनले गरेको अनुभव अनुसारको साहित्य लेख्नुपर्छ भन्ने धारणा राखेका छन् । बौद्धिकताको कसीमा

रहेर साहित्यको सिर्जाना गर्नु नै साँचो साहित्यको धर्म हो भन्ने मान्यता आयमेलीहरूको रहेको पाइन्छ ।

## 11.5 सार

यस प्रखण्डमा **तेस्रो आयामेली मान्यता र भारतेली नेपाली कवितामा त्यसको प्रयोग र प्रबाव**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- **तेस्रो आयम** भनेको जीवन र साहित्य दुवैको पूर्णताको खोजी हो । मान्छे कालमा, समयमा बाँचेको हुन्छ र समय एउटै छ । यसैले अविभाजित समयलाई लेख्ने प्रयास तेस्रो आयमलाई मान्न सकिन्छ ।

- प्रयोगवादी नेपाली साहित्यमा भित्रिएको एउटा नौलो धाराको नाम हो – **तेस्रो आयम** । यो कविता, कथा र उपन्यासमा एकै चोटी देखा परेको साहित्यिक मान्यता हो । यसलाई नेपाली साहित्यमा आयामेली आन्दोलन, आयामेली धारा, आयामेली लेखन, तेस्रो आयम आदि नामले चिनिन्छ ।

- मिथकको टेक्निकद्वार जीवन र साहित्यमा सम्पूर्णताको खोजी पनि हो यो आयम । दायाँ, बायाँ, तल, माथि जताबाट हेर्दा पनि चित्र फरक देखिन्छ तर रूप सिङ्गो एउटै हो । यो सम्पूर्णताको कोसिस 'क्युविजम्' हो ।

- यसै अवधारणामा अडिएर जीवन र साहित्यको सम्पूर्णतालाई समाउने कोशिस आयमेलीहरूले साहित्यमा गरेका छन् । उनीहरूले मनले

गरेको अनुभव अनुसारको साहित्य लेख्नुपर्छ भन्ने धारणा राखेका छन् ।

- ❖ बौद्धिकताको कसीमा रहेर साहित्यको सिर्जाना गर्नु नै साँचो साहित्यको धर्म हो भन्ने मान्यता आयमेलीहरूको रहेको पाइन्छ ।
- ❖ जीवनलाई च्याप्टो रूपमा मात्र होइन, चौडाई, लम्बाई र उँचाई तीनै आयाम अभिव्यक्त गरेका यसमार्फत् जीवनका वस्तुता, समग्रता, वौद्धिकता र चिन्तनशीलतालाई प्रस्तुत गर्न सकिन्छ भन्ने मान्यता **तेस्रो आयाम**को मान्यता हो । यस आयामले च्याप्टो साहित्य भनेर भावुकता र कल्पनामा लेखिएको साहित्यलाई मानेको छ ।
- ❖ तेस्रो आयामको एक अभियन्ताका रूपमा स्थापित इन्द्रबहादुर राईअनुसार आयामको प्रारम्भ सन् १९६3 मा समालोचक गणेशबहादुर प्रसाईंले दार्जिलिङमा वैरागी काइँलाको, इन्द्रबहादुर राई र ईश्वरवल्लभ तीन जनालाई भेट गराइ दिनुभए पछि भएको मानिन्छ ।
- ❖ वेन जोन्सनले नै **तेस्रो आयाम**को सिद्धान्त अर्थात् लेखाइमा लम्बाई, चौडाई र मोटाई -गहनता हुनुपर्छ भन्ने बिचार पोखेका थिए । यसै अवधारणाका फलस्वरूप त्यससमयको काँचा केटाहरू तथा राई, वल्लभ र काइँला पनि मोटाईको खोजीमा नेपाली साहित्यमा लागेको मानिन्छ ।
- ❖ नेपाली साहित्यमा **तेस्रो आयाम** लेखन कवि वैरागी काइँलाको सम्पादनमा तेस्रो आयाम नामक पत्रिका प्रकाशित भएपछि प्रारम्भ भएको हो । यसको पहिलो अङ्क सन् १९६3 मा प्रकाशित भएको

थियो । अत: नेपाली साहित्यमा तेस्रो आयाम सन् १९६० को दशकदेखि सुरू भएको हो भन्न सकिन्छ ।

- ❖ चित्रकलाको भाषा प्रयोग, युगीन चेतना, बौद्धिकताको विकास, दार्शनिक सोच, मिथक, प्रतीक र बिम्बको प्रयोग नै आयामेली साहित्य लेखनको मुल घटक रहेको बुझिन्छ ।
- ❖ जीवनको हरेक आयामलाई अभिव्यक्तिको ग्रहण गरी प्रौढता भावभूमिमा आयामेली लेखन रमिएको छ । वर्तमान जीवनको व्याख्यात्मक अभिव्यञ्जना मानव जीवनका आध्यस्वरूप वा मिथको साध्य अधिति आयामेली नेपाली कविताको बलियो पक्ष हुन् ।

यस प्रखण्डको अध्ययनले **तेस्रो आयामेली मान्यता र भारतेली नेपाली कवितामा त्यसको प्रयोग**बारे बुनियाँदी जानकारी प्राप्त भयो । मूलरूपमा तेस्रो आयाम र आयामेली प्रवृत्तिमूलक भारतेली नेपाली कविताहरूको अध्ययन गर्दै भारतबाट लेखिएका वा प्रकाशित भएका यस प्रवृत्तिका नेपाली कविताका विभिद प्रवृत्ति, महत्व र विशेषता सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 11.6 अनुशीलनी

1 . तेस्रो आयामको परिभाषा केलाउँदै नेपाली साहित्यमा यस प्रवृत्ति लेखनको सर्वेक्षण गर्नुहोस् ।

3. तेस्रो आयामको प्रमुख मान्यता, सिद्धान्त र अवधारणाबारे विवेचना गर्नुहोस् ।

3. भारतेली नेपाली कवितामा आयामेली लेखनको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

4. भारतेली नेपाली जातीय आयामेली साहित्यको मूल प्राप्तिलाई चिनाउँनुहोस् ।

५. नेपाली आयामेली साहित्यको मुख्य – मुख्य विशेषताहरूबारे विश्लेषण गर्नुहोस् ।

६. तेस्रो आयाम र आयामेली आन्दोलनका साम्य र बैषम्यबारे विवेचना गर्नुहोस् ।

७. दार्जिलिङ र नेपालवाट प्रकाशित आयामेली काव्य – कृतिहरूको अध्ययन गर्नुहोस् ।

८. दार्जिलिङ र नेपालबाट प्रकाशित आयामेली साहित्यको तुलना गर्नुहोस् ।

९. आयामेली कविता र कथा विधाको तुलना गर्नुहोस् ।

10. आयामेली नेपाली कविताका पृष्ठभूमिबारे एउटा गतिलो लेख तयार पार्नुहोस् ।

11. भारतेली नेपाली आयामेली कविताहरूका विकासमा पत्र – पत्रिकाको के कस्तो भुमिका रहेको छ ? विवेचना गर्नुहोस् ।

12. नेपाली आयामेली कविताहरूका विकासक्रमबारे व्याख्या गर्नुहोस् ।

13. भारतेली नेपाली आयामेली कविताको वैशिष्ठबारे लेख लेख्नुहोस् ।

## 11.7 अतिरिक्त अध्ययन


1. श्रेष्ठ, रमेश – **नेपाली कविताको प्रवृत्ति ।**

२. रिसाल, राममणि – **नेपाली काव्य र कवि ।**

३. सुन्दास, लक्खीदेवी (सम्पा) - **विवेचना ।**

४. सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह ।**

५. प्रधान, कुमार – **अगमसिंह गिरीको कवितामा जातीय भावना ।**

६. शर्मा, तारानाथ – **नेपाली साहित्यको इतिहास ।**

७. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास ।**

८. दाहाल, पेशल – **नेपालको इतिहास र संस्कृति ।**

९. नामदुङ, जीवन - **अगमसिंह गिरीका कविताको अध्ययन र आधार ।**

१०. ठकुरी , मोहन - **नेपाली कविता यात्रा ।**

११. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास ।**

१२. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास ।**

१३. खाती, नरेशचन्द्र – **लीला – रेखाहरूका ।**

१४. राकेश, रामदयाल – **नेपाली साहित्य : विभिन्न आयाम ।**

१५. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति ।**

१६. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि ।**

१७. आले, हरेन – **नव आधुनिक नेपाली कविता ।**

१८. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता ।**

१९. उप्रेती, सञ्जीव -– **सिद्धान्तका कुरा** ।

२०. कोइराला, तुलसीहरी - **नेपाली साहित्यको वारिपारिको सम्बन्ध सेतु** ।

२१. त्रिपाठी, बासुदेव र अन्य (सम्पा.) – **नेपाली कविता**, भाग – 4 ।

यस अतिरिक्त तेस्रो आयाम, आयामेली कविता तथा आयामेली आन्दोलन सम्बन्धि कविताबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रकाहरूको पनि अध्ययन ।

## 11.8 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. तेस्रो आयामको मान्यता र सिद्धान्त ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 11.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. तेस्रो आयामको प्रारम्भ र विकास ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 11.3 को तेस्रो आयामको अर्थ र परिभाषामा उत्तर खोज्न सक्नेछन् )**

३. भारतेली नेपाली आयामेली र लीला लेखन साहित्यमा साम्य – बैशम्य ।

..........................................................................................

..........................................................................................

.................................

**(प्रश्न 3 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 11.4 को भारतेली नेपाली कवितामा तोस्रो आयामको प्रयोग र प्रभावमा उत्तर खोज्न सक्नेछन् )**

४. आयामेली नेपाली कविताका भाषा – शैली ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 11.4 को भारतेली नेपाली कवितामा तोस्रो आयामको प्रयोग र प्रभावमा उत्तर खोज्न सक्नेछन् )**

५. नेपाली साहित्यका आयमेली कृतिहरूको सर्वेक्षण ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न ५ को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 11.4 को भारतेली नेपाली कवितामा तोस्रो आयामको प्रयोग र प्रभावमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 12, पर्यावरण चेतना र भारतेली नेपाली कविता

## संरचना

12.0 उद्देश्य

12.1 परिचय

12.2 पर्यावरण चेतनाको अर्थ र परिभाषा

12.3 भारतेली नेपाली कवितामा पर्यावरण चेतना

12.4 उपसंहार

12.5 सार

12.6 अनुशीलनी

12.7 अतिरिक्त अध्ययन

12.8 मुल्यबृद्धिका निम्ति उत्तर

## 12.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- पर्यावरणको अर्थ र परिभाषा
- पर्यावरण चेतनाको परिचय
- पर्यावरण चेतनागत साहित्यको मूल्य र महत्व
- पर्यावरण संरक्षणका उपायहरू

- पर्यावरण चेतनामूलक भारतेली नेपाली कविता
- पर्यावरण चेतनालाई मूल विषय बनाइ कविता लेख्ने भारतेली नेपाली कविहरू

## 12.1 परिचय

**पर्यावरण** शब्द संस्कृत भाषाको 'परि' उपसर्गमा 'आवरण' प्रत्यय मिलेर बनिएको हो । 'परि' - को अर्थ चारैतिर, चारैतर्फ अनि 'आवरण' - को अर्थ कुनै वस्तुलाई ढाक्नु, छोप्नु, घेर्नु, बाँध्नु आदि बुझिन्छ । यसअनुरूप पर्यावरण भन्नाले यस्तो तथ्यहरूको समुच्चय रूप हो, जो कुनै व्यक्ति या जीवधारीमा चारैरितबाट आवृत्त हुने गर्दछ ।

पारिस्थितिकी विज्ञान र भूगोलले **पर्यावरण** शब्दलाई अङ्ग्रेजी भाषामा **इन्भाइरोमेन्ट** (Environment) -को पर्यायका रूपमा प्रयोग गरेको पाइन्छ । अङ्ग्रेजी शब्द **इन्भाइरोमेन्ट** (Environment) स्वयं उपरोक्त पारिस्थितिकी विज्ञान र भूगोलको अर्थमा धेरै पछि प्रयुक्त भएको मानिन्छ । प्रारम्भमा **पर्यावरण**को अर्थ छेउ – छाउको सामान्य दशाका निम्ति प्रयुक्त हुने गरेको विद्वानहरूले बताएका छन् । यस शब्दको उद्भव फ्रान्सीसी भाषाबाट भएको हो । फ्रान्सीसी भाषामा पर्यावरणलाई **स्टेट अफ् बियङ इन्भाइरोरोन्** (State of being environed ) भनिन्छ । विशेषगरी **पर्यावरण** शब्दको पहिलो ज्ञाता फ्रान्सीसी विद्वान् कार्लाइललाई मानिन्छ । उनले जर्मन शब्द उमजेबुङ (Umgebung ) - को अर्थमा फ्रान्सीसी भाषामा **इन्भाइरोमेन्ट** बनी अर्थाएको मान्न सकिन्छ । पारिस्थितिकी र पर्यावरण भूगोलमा प्राकृतिक पर्यावरण शब्दको प्रयोग पर्यावास (Habitat) – को अर्थमा पनि भएको पाइन्छ ।

पर्यावरण ती सब भौतिक, रासायनिक एवम् जैविक कारकहरूका समष्टिगत इकाई हो ,जो कुनै जीवधारी अथवा पारितंत्रीय आबादीलाई प्रभावित गर्दछ । यसले तिनीहरूका रूप, जीवन र जीविताको तय पनि गर्दछ । सामान्यतः पर्यावरणलाई मनुष्यको सन्दर्भमा परिभाषित गरिने गरिन्छ । हुन त यसमा मानिस लगायत विभिन्न पशु – पंक्षी, जनावर, किट – पहङ्ग, उद्भिद् आदि रहने गर्दछ । तर विवेकशील प्राणी मानिसद्वारा नै पर्यावरणको सञ्चालन, सञ्चय र जगेरा हुने हुनाले मनुष्यको एक अलग इकाई तथा उनीहरूकै चारैतिर केवल व्याप्त रहने अन्य समस्त चीजलाई उसको पर्यावरण घोषित गर्नु सकिन्छ वा भनिन्छ । तथापि यहाँ यस कुराको ध्यातव्य छन् की आज पनि यस धर्तीमा अधिक मानव सभ्यतहरू छन् ,जसले आफैलाई पर्यावरणदेखि अलग रहेको ठान्दैनन् अनि यस्ता मानिस र सभ्याताको नजरमा समस्त प्रकृति एक ही इकाईद्वारा निर्मित छ भन्ने ठहर्दछ । यसमा मनुष्यलाई पनि एउटा हिस्सा मान्न सकिन्छ । वस्तुतः मनुष्यलाई पर्यावरणदेखि अलग माननेहरूमा त्यस कुरोलाई मान्न सकिन्छ ,जो तकनीकी रूपमा विकसित छ साथै विज्ञान र तकनीतिको व्यापक प्रयोगबाट अफ्नो प्राकृतिक दशाहरूमा ज्यादै परिवर्तन ल्याउन समर्थ छन् ।

मानव हस्तक्षेपको आधारमा आज विश्वमा पर्यावरण दुई प्रखण्डमा विभाजित भएका छन् । ती हुन् - प्राकृतिक वा नैसर्गिक पर्यावरण अनि मानव निर्मित पर्यावरण । तर संसारमा पूर्ण रूपले प्राकृतिक पर्यावरण ( जहाँ मानव हस्तक्षेप बिल्कुल हुँदैनन् ) अनि पूर्ण रूपेण मानव निर्मित पर्यावरण ( जहाँ सब कुरो मनुष्य निर्मित हुन्छ ) कतै पनि पाइन्दैन । वास्तवमा यो

विभाजन प्राकृतिक प्रक्रिया र दशाहरूमा मानव हस्तक्षेपको मात्रालाई अधिकता तथा न्यूनताका द्योतक मात्र मानिन्छ ।

## 12.2 पर्यावरण चेतनाको अर्थ र परिभाषा

**पर्यावरण** (Environment) शब्दको निर्माण "परि" (जो हाम्रो चारैतिर हुन्छ) र "आवरण" (जसले हामीलाई चारैतिरबाट घेर्ने गर्दछ ) – दुई शब्दको योगबाट भएको हुनाले सम्पूर्ण जड, भौतिक, रासायनिक एवम् जैविक तत्त्वको समष्टिगत इकाई नै पर्यावरण हो । जुन वातावरणले हामी मानवलाई चारैतिर ढाकेर राख्दछ, त्यसैलाई पर्यावरण भन्न सकिन्छ । पर्यावरणमा समस्त भूमण्डलीय विरासत, सबै सन्साधनलाई समग्रताको आधारमा परिभाषित गरिएको हुन्छ ।

**अक्सफोर्ड अङ्ग्रेजी शब्दकोश**ले पर्यावरणको स्वरूपलाई परिभाषित गर्दै यसो भनेको छ - ‘‘ त्यो प्राकृतिक संसार जुन भूमि, वायु र जमीन बीच अन्तर सम्बन्ध सहित अन्य जीव, पौधा, पंक्षी, पशु तथा प्राकृतिक सम्पदाहरूका माझ अन्तस सम्बन्ध सम्मिलित भएर रहेको हुन्छ ।’’ प्रकृतिलाई ग्रह, नक्षत्र एवम् सम्पूर्ण भौतिक तथा जैविक घटकहरूको आवृत्ति मानिन्छ भने पर्यावरणलाई पृथ्वीको आवृत्त वा प्रतिनिधि मानिन्छ । यस पर्यावरणको प्रत्येक अवयव स्थलमण्डल, जल मण्डल, वायुमण्डल, जीव मण्डल एकाअर्काप्रति आश्रित रहने गर्छन् । यिनीहरूलाई एकाअर्काबाट पृथक गर्नु सम्भव छैन । कारण मानव पूर्णता प्रकृतिप्रति नै निर्भर छन् । अतः मानवले प्रकृतिलाई जान्न र बुझ्नका निम्ति भूगर्भको खोजा, समुद्रको

गहिराईको मापन, पर्वतको चढाई, सगरमाथाको खोजी, अन्तरिक्षको खोज, जूनको खोजी आदि गरेका हुन् ।

पर्यावरणलाई सामान्य अर्थमा हामी मानवको जीवनलाई प्रभावित गर्ने सबै जैविक तथा अजैविक तत्व, तथ्य, प्रक्रिया साथै घटनाहरूको समुच्चयद्वारा निर्मित इकाई मानिन्छ । यो हीम्रो चारैतिर व्याप्त छन् , हाम्रो जीवनको प्रत्येक घटना यसैभित्र समाहित पनि हुने गर्दछ । हामी मानवको आफ्ना समस्त क्रियाकलापले पर्यावरणलाई प्रभावित पनि गर्दछ । यसर्थ एक जीवधारी र उसको पर्यावरण बीच अन्योन्याश्रय सम्बन्ध पनि रहेको हुन्छ । यस पर्यावरणभित्र जैविक संघटकहरूमा सूक्ष्म जीवाणुदेखि लिएर किरा – फटेङ्ग्रा, सबै जीव – जन्तु अनि रूख – पात आदि पर्दछ भने यससित सम्बन्धित वा जडित सबै सजैव क्रियाहरू र प्रक्रियाहरू पनि पर्दछ । अजैविक संघटकहरूमा जीवनरहित तत्व अनि त्यससित जोडिएको प्रक्रियाहरू पर्दछन् । जस्तै - चट्टान, पर्वत, नदी, हावा, जलवायु इत्यादि ।

चेतना भनेको व्यक्तिमा रहेको चेतनशील कुरो ज्यात, प्राणीमा हुने बिवेक, बुद्धि आदि हो । यसलाई कुनै पनि प्राणीको कवच पनि मानिन्छ । कुनै पनि व्यक्तिको मूल्य, मान्यता र मानदण्डसित सम्बन्धित रहने यस चेतनाले व्यक्ति, समाज र जातिको सर्वाङ्गीण विकास र प्रगतिमा ठूलो सहयोग पुर्याउँदछ । व्यक्तिप्रतिको भलाई, हित र विकाशील सोच – विचारको अवघारणा नै परवर्तीकालमा चेतनाको रूप धारण गर्दछ । यस चेतनाले मानवलाई शोषणको विरुद्ध आवाज उठाउने शक्ति प्रदान गर्दछ । यसले व्यक्तिको मानसिक उत्थानमा सहायता पुऱ्याउँदछ, आत्मबल सञ्चाल गर्दछ, मानवीय गुणलाई जागृत गरेर आफ्नो समुदाय एवम् जातिलाई विकाशील

मार्गतर्फ अग्रसर गराउन सहयोग पुऱ्याउँदछ । कुनै पनि प्राणीको अस्मिता, अस्तित्व र जगेराका निम्ति व्यक्तिका मस्तिष्कमा जागृत भएका विवेक नै चेतना हो भन्न सकिन्छ ।

चेतनाकै कारण मानवमा उचीत – अनुचितको भावना, सत्य – असत्यको ज्ञान, आज्ञा पालन, आत्म निष्पक्षता, प्रेम, भक्ति, इमानदारीता, स्वभिमानता, आत्मविश्वास, उत्रदायित्व आदि भावना उत्पन्न हुँदछ । अत : चेतनालाई समाज निर्माणको तत्व पनि मान्न सकिन्छ । यसद्वारा मानिसका सद्गुणको प्रर्दशन हुँदछ । मानवमा राम्रा – नराम्रा, सही – गलत, ठीक – बैठीक आदिको ज्ञान यही चेतनाद्वारा नै हुन् गर्छन् ।

पर्यावरण चेतना भन्नाले मानिस, व्यक्ति, समाज, जाति, राष्ट्र, देश, विश्व सवैमा मनभित्रैबाट उत्पन्न हुनै चैतन्यको भावना हो । यसद्वारा पर्यावरणको संरक्षण, विकास र जगेरा हुने गर्दछ । आज पर्यावरण सम्बन्धि चेतना संसारका सबै मानिसमा उत्पन्न हुनु अतिआवश्यक छ । दिन – दिनै रूख – पात, बन – जङ्गलको बिनास, बड्दो औध्यगिकी, कलकारखाना, शहरीकरण आदिले गर्दा पर्यारणको बिनास हुँदै गइरहेको छ । मान्छेले आफ्नो स्वार्थको निम्ति दिन – दिनै बन – जङ्गलको बिनाश गर्दैछन् , जलको सरक्षणमा ध्यान दिएका छैनन् , कल कारखानाको मैला धुँवाले वायुमण्डल प्रदुषित बन्दैछ, पानी दुषित र फोहोर बन्दैछ । यस अतिरिक्त तकनीकि मानवद्वारा आर्थिक उद्देश्य प्राप्ति र जीवनमा विलासिता लक्ष्य प्राप्ति हेतु प्रकृतिसित व्यापक छेड़छाड़, हेलचेक्राई आदि क्रिया कलापका कारण प्राकृतिक पर्यावरणको सन्तुलन नष्ट भएको देखिन्छ । यसद्वार प्राकृतिक व्यवस्था तथा

प्रणालीको अस्तित्वप्रति सङ्कट उत्पन्न भएर जादैछ । यसप्रकारको समस्यालाई आज पर्यावरणीय अवनयन भनिने गरिन्छ ।

पर्यावरणीय समस्या अन्तर्गत प्रदूषण, जलवायु परिवर्तन इत्यादि पर्दछन् । यसर्थ समयमा नै यस सम्बन्धि चेतना हामी मानव जातिमा उद्भव भएन भने भोलिको सन्तति यस पृथ्वीमा बाँच्न धैरै गाह्रो र कठीन भएर जाने सुनिश्चित छ । यसर्छ आज नै पर्यावरणको सुरक्षा र जगेरा गरी भविष्यका ती सुन्दर दिनका निम्ति कुनै पनि व्यक्ति, जाति, समाज, देश आदिमा राष्ट्रव्यापी चेतना प्रस्फुटन हुन आवश्यक देखिन्छ ।

## 12.3 भारतेली नेपाली कवितामा पर्यावरण चेतना

पृथ्वीमा धैरै प्राणीहरूले बसोबास गर्छन् । ती प्राणीहरू मध्ये मानिस एक हो । यही मानिसलाई संसारका अन्य प्राणीहरूमा विवेकशील प्राणीको रूपमा गनिन्छ । तर मान्छेले आफ्नो स्वार्थको निम्ति दिन – दिनै बन – जङ्गलको बिनाश गर्दैछन् , जलको सरक्षणमा ध्यान दिएका छैनन् , कलकारखानाको मैला धुँवाले वायुमण्डल प्रदुषित बन्दैछ, पानी दुषित र फोहोर बन्दैछ । दिन प्रतिदिन बड्दै गइरहेको मानिसका जनसङ्ख्याका कारण अन्धा – धुन्ध बन – जङ्गल फाडिन्दैछ, बडदो अध्योगीक र सहर योजनाले पृथ्वी नै विकलार रूपमा पुगिसकेको देखिन्छ ।

बन – जङ्गल, जल, वायु भनेको राष्ट्रको धन मात्र नभएर मानवको जीवनपयोगी वस्तु हुन् । जङ्गल मास्नाले, रूखको कटाइले प्रथम पर्यावरणलाई नराम्रो असर पर्दछ । यसको परिणाम स्वरूप माटो, पानी, हावा

सबै दुषित हुन्छ । माटोको मलिलोपन हराउँछ, जसको कारण खेतीपानी र सागसब्जीको उब्जनी घटेर जादछ । पानीको मुहान र स्रोत सबै सुकेर जान्छ, खडेरी देखापर्छ । असमयमा खडेरी, पैहो र बाढ जस्ता प्राकृतिक प्रकोपलाई मानिसले मात्र होइन जनवार, चरा – चुरूङ्गी, किरा – फट्याङ्ग्र सबैले सामना गर्नुपर्दछ । यी सवै पशु – प्राणीहरूले अकालमा मृत्युलाई अङ्गालो हाल्न बाध्य बन्दछ । पर्यावरण प्रदुषणका कारण विषालु तत्वले मानव शरीरमा आक्रमण गर्दछ अनि मानिस मुटु, फोक्सो र पेटसम्बन्धि बिभिन्न रोगका शिकार बन्नपुग्छन् ।

आज पर्यावरण एक जरूरी विषय मात्र नभएर ज्वलन्त मुद्दा पनि बनेको छ । तर आज मानिहरूमा यसलाई लिएर कुनै जागरूकता आएको देखिन्न । मुखले भने पनि हातले गर्न वा कार्यको रूपमा पर्यावरणको सुरक्षा र जगेरा भने जस्तो मानिसहरूले गरिरहेका छैनन् । कता – कता ग्रामीण समाजमा यसबारे चेतना देखिए पनि  महानगरी, शहरी आदि जीवनमा यसप्रति खासै उत्सुकता आएको पाइन्न । परिणामस्वरूप वर्तमानमा पर्यावरण सुरक्षा महज एउटा सरकारी एजेण्डा मात्र बनेको देखिन्छ ।  तर पर्यावरणप्रतिको चेतना सरकारी रूपमा मात्र नआएर जबकि सम्पूर्ण विश्वका मानिस, समाज आदिमा आउनप जरूरी छ । कारण यसले सबैसित घनिष्ठ सम्बन्ध बनाएर राखेको हुन्छ । मानिसले पर्यावरको चेतना भन्ने कुरोलाई केवल एउटा स्वाभाविक, हलुको कुरो सोचे, पर्यावरण संरक्षण एउटा टाढाको सपना मात्र भएर जादछ ।

माथि उल्लेखित विषयहरूलाई ध्यानमा राखेर पर्यावरणप्रति संरक्षण, सुरक्षा, जगेरा आदिलाई लिएर भारतेली नेपाली कविहरूले आफ्ना कविताहरूमा चेतना जगाएका पाउँछौं । यस्ता भारतेली नेपाली कविहरूमा गोपीनारायण प्रधान,

कर्ण थामी, लक्ष्मण श्रीमल, अबीर खालिङ, उदय थुलुङ, कालुसिंह रनपहेंली, खडकराज गिरी, बिचन्द्र, टेकध्वज जिम्बा 'आशा', माधव बुढाथोकी आदि प्रमुख छन् ।

पर्यावरणको सीधा सम्बन्ध प्रकृतिसित रहेको हुन्छ । आफ्नो परिवेशमा हामी विभिन्न प्रकारका जीव - जन्तु, रूख - पौधा तथा अन्य सजीव - निर्जीव वस्तु पाउँदछौं । यी सबै मिलेर पर्यावरणको रचना हुँदछ । विज्ञानका विभिन्न शाखाहरू जस्तै - भौतिक विज्ञान, रसायन विज्ञान तथा जीव विज्ञान आदि विषयको मौलिक सिद्धान्तहरू तथा त्यससित सम्बन्धि प्रायोगिक विषयहरूका अध्ययन गरिने गरिन्छ । तर आजको आवश्यकता अर्कै देखिन्छ । पर्यावरणको विस्तृत अध्ययनका साथ - साथै यससित सम्बन्धित व्यावहारिक ज्ञानप्रति पनि बल दिनु जरूरी छ । आधुनिक समाजमा विशेष पर्यावरणसित सम्बन्धित समस्याहरूबारे युवा तथा विद्यार्थीहरूलाई शिक्षा व्यापक स्तरमा प्रदान गर्नु आवश्यक देखिन्छ । शिक्षा मात्र दिएर हुँदैन , यससित निपटने बचावकारी उपायहरूको जानकारी पनि दिनु आवश्यक छ । आजको डिजिटल र मशीनी युगमा हामी यस्तो स्थितिसित बाँचिरहेका छौं, जहाँ प्रदूषण एक अभिशापको रूपमा सम्पूर्ण पर्यावरणलाई नै नष्ट गर्नका निम्ति हाम्रो सम्मुख खड़ा छ । यो हाम्रो मात्र नभएर सम्पूर्ण विश्वको निम्ति एउटा गम्भीर चुनौती नै बनेको छ ।

वास्तवमा आज पर्यावरणसित सम्बद्ध उपलब्ध ज्ञानलाई पढ्नु र जान्नु मात्र होइन व्यावहारिक बनाउनु अति आवश्यकता देखिन्छ । यस्तो विषम परिस्थितिलाई लिएर समाजका प्रत्येक सदस्य, व्यक्तिलाई उलको पर्यावरणप्रतिको कर्तव्य तथा दायित्वको चेतना हुनु आवश्यक छ । यसरी

विश्वको प्रत्येक व्यक्ति र समाजमा पर्यावरणको चेतनाप्रति जागरूकता उत्पन्न गर्न सकिन्छ । मूलत: प्रकृतिको निर्माण सजीव तथा निर्जीव दुई संघटक मिलकर बनिएको छ । वायु, जल तथा भूमि निर्जीव घटकमा पर्दछ भने हामी मानव, सम्पूर्ण प्राणी - जगत तथा उद्भिद् - जगत सजीव संघटकमा पर्दछ । यस मध्ये प्राणी - जगतमा अन्य प्राणीहरूमा मानवलाई सबै भन्दा अधिक सचेतन, विवेकशील, चेतनशील एवं संवेदनशील प्राणी मानिन्छ । तर यही अधिक सचेतन, विवेकशील, चेतनशील एवं संवेदनशील प्राणी मानवले मात्र पर्यावरणको विनाश गरिरहेका छन् । यसर्थ यस्ता यथार्थ तथ्यहरूको समुदघाटन भारतेली नेपाली कविहरूले आफ्ना कविताहरूमा यत्र - तत्र गरेका छन् ।

भारतेली नेपाली कवि बिचन्द्रले पर्यावरण दुषित भएको कारण संसारमा आज शुन्य र खडेरी परेको अनुभव गरेका छन् । मानिसको स्वार्थीपन र लोभका कारण बन – जङ्गलको बिनासले पर्यावरण नष्ट मात्र होइन लोपहुने स्थितिमा पुगेको कविले ठानेका छन् । यसर्थ उनी **शून्य शून्य शून्य** कवितामा यसो भन्छन् –

*अबो उप्रान्त*

*आकाशमा आकाश छैन*

*धरतीमा धरती छैन*

*खोलामा पानी छैन*

*यस्तो यस्तो आइपरे*

*तपाई के गर्नुहुन्छ ?*

मानिसको जीवनमा सवैभन्दा चाहिने वा बहुमूल्य बस्तु जल वा पानी हो । यसको संरक्षण गर्नु प्रत्येक मानवको कर्तव्य पनि हो । यही पानी दुषित भए पर्यावरण दुषित मात्र हुँदैनन् मानव जीवन नै मैला बन्दछ । यसर्थ पानी नै जीवन हो भन्ने सत्यतालाई दर्शाउदै भारतेली पुरानो कवि **पण्डित दिलुसिंह राईले** आफ्ना सवाई, कविता र काव्यहरूमा सुरूमै लेखेका छन् । दार्जिलिङ शहरको तल्तिर राजबाडीको ढाडागाउँमा जन्मिएका पण्डित दिलुसिंह राई वि. सं. १९५६ तथा सन् १८९९ मा आएको बिध्वशकारी पैरोको वर्णन गर्दै सवाई लेखेका छन् । उनी जोसमनी मतका अनुयायी रत्नमान राईका छोरा थिए । यस सवाई कृतिलाई नेपाली साहित्यमा **५६ सालको पैराको सवाई** भनी चिनिन्छ । यस सवाई रचनामा तत्कालीन समयमा दार्जिलिङमा पैरो गएको वर्णन प्रत्यक्ष आँखाले देखे जस्तो वर्णन गरिए पाइए तापनि पर्यावरणप्रति चेतना यस सवाईमा यत्रतत्र छरिएका पाउँछो । उदाहरण –

***पानीको कमीले दुर्भिक्षे भएर सतावछ जनलाई आही ।***<br>
***पेट रीत्तो हुँदामा हाहाकार गरयेर दुनियाँ रून्चन् कहीँ ।।१९।।***<br>
***कति एक समयमा कति एक देशमा पानि पर्दैन रति ।***<br>
***बृष्टि बन्द भई बाली नाली बिषे हानि पो हुन्छ अति ।।202 ।।***

पानी नै जीवन हो भन्ने सत्यतालाई दर्शाउदै भारतेली पुरानो कवि गजवीर रानाले पनि **नागा हिल्सको सवाई**मा यसो भनेका छन् –

***पानी थोरै भात पाक्यो तिहुन् नपकाउन ।***

*सुँसुर, कुखरा, बाख्रा पोली तैसैसित खाउन ।।*

*हात धुने पानी छैन धुलोमा हालनु ।*

*खायेको र पकायेको बालुवाले मलनु ।।६६।।*

प्रस्तित कृतिको लेखन भारतेली समालोचक डा. मोहन पी. दाहालले सन् १८९९ - १९01 मा भएको र प्रकाशन भने सन् १९६९ मा भएको मानेका छन् । मूलतः तत्कालीन दार्जिलिङमा त्यससमय पैह्रो जानअधिको पूर्व लक्षण तथा उल्कालाई अनौठो दृश्यको रूपमा दिलुसिंह राईले प्रस्तुत **५६ सालको पैराको सवाई**मा खुवै कलात्मक ढङ्गले गरेका छन् । उदाहरण –

***जंगलको जगेरा फारस भारा छ काहा तक गरू बइन ।***

***ढलेको सुकेको बिक्री गर्नु भनि सर्कारी यो छ अइन ।।30।।***

बन – जङ्गल बिनास गरे मानिसले श्वास फेर्न मात्र होइन जीवन धान्न पनि गाह्रो पर्छ । यस कुराको चेतना दिलुसिंह राई पहिलानै हामीलाई सवाईमा यसरी दिएका छन् ।

***खन्यु, नेभारो, चुरूम्फा, चर्चरो, सिन्कौली, गुल्फा ।***

***ओखर, अमला, बडहर, चिउरी छ तरूल र भ्यागुर , गिठा ।।33।।***

***जंगली फलाहार नाना स्वादका बिक्री नै हुन्छन् पुरो ।***

***आंप अम्बक घरया अनेक तरहका क्या लेकनु यिनको कुरो ।।34।.***

कवि लक्ष्मीप्रसाद देवकोटाले पर्यावरणको सरक्षणका निम्ति पानीको मूल्यवारे चेतना जगाउँदै आफ्नो कविता **झरना**मा यसो भन्छन् छ

*तर हाय त्यसै नै पग्ली, पानी व्यर्थ बहन्छ ।*

*तत्व हामी जान्दैनौं, निर्मल जलका झरना ।*

*हामीभित्र भए यदी यस्ता, सुन्दर झरना हजार*

*हाय ! छ कस्तो अटुट, अझ छ अँध्यारो संसार ।*

प्रकृति रिसाए भने सारा जीवननै पृथ्वीबाट नष्ट र ध्वंश भएर जान्छ । यसको जगेरा समय मै गरिएन भने पर्यावरणता दुषित हुन्छन् नै उल्टो यस पृथ्वीमा हामी मानिस जीउँनु समेत गाह्रो पर्दछ । यस कुरोको चेतना कवि धनवीर भण्डारीले पहिला नै हामीलाई आफ्नो **भैंचालोको सवाई** कृतिमार्फत् दिएका छन् । कवि भन्छन् –

*बन्द भयो बाटाघाटा बन्द भये खोला ।*

*आतस् परयो दुनियालाई अब कसो होला ।।*

*गोरा भन्नु साहेब काला भन्नु बाबू ।*

*पृथिवी भत्कँदा सबै भया काबू ।।30।।*

पर्यावरण चेतनाको मूल तन्तु नै शिक्षा हो । यसका माध्यम मानव जीवनका बहुमुखी विकास एउचा प्रबल साधन बन्दछ । शिक्षाको मुख्य उद्देश्य व्यक्तिको अन्तरिक शारीरिक, मानसिक, सामाजिक, संस्कृतिक तथा आध्यात्मिक बुद्धी एवं परिपक्वता ल्याउँनु हो । यसै शिक्षाका उद्देश्य पूर्ति हेतु प्राकृतिक वातावरणका ज्ञान अति आवश्यक देखिन्छ । हुन त प्राकृतिक वातावरणको बारेमा ज्ञानार्जनको परम्परा भारतीय संस्कृतिमा प्राचीन कालदेखि नै रहेको छ । तर आजको भौतिकवादी युगमा परिस्थितिहरू भिन्न हुँदै जादैछन् ।

विज्ञान एवम् तकनीतिका विभिन्न क्षेत्रहरूमा  नयाँ – नयाँ अविष्कार भइरहेका छन् । यसैमा मानव परिवेश पनि समाहित र प्रभावित रहेको प्रतीत हुन्छ । यसर्थ आज भविष्यमा आउने सन्तती, पीढ़ी आदिलाई अन्य कुरो भन्दा पनि पर्यावरणमा दिनै भइरहेको परिवर्तनप्रतिको ज्ञान शिक्षाको माध्यम दिनु नितान्त खाँचो देखिन्छ । विशेषत:  पर्यावरण तथा शिक्षामाझको अन्तर्सम्बन्धको ज्ञान हासिल गरेर कुनै पनि व्यक्ति यस दिशामा अनेक महत्वपूर्ण कार्य गर्न सक्तछ । पर्यावरण र विज्ञान माझ गहिरो सम्बन्ध रेहको छ तर यसप्रतिको शिक्षामा कुनै प्रकारको वैज्ञानिक पेचीदगिया पाइन्न । शिक्षार्थीहरूमा प्रकृति तथा पारिस्थितिक ज्ञान सरल – सोझो भाषामा समझिनु पर्दछ । बक्रोत्ति वा धुमाउरो रूपमा यसप्रतिको ज्ञान मानिस वा बिद्यार्थीका मस्तिष्कमा पच्न सक्दैनन् । पर्यावरण चेतनाप्रतिको ज्ञान बाड्दा सुरू - सुरूमा केवल सतही रूपमा मात्र परिचयात्मक ढंगले दिनु पर्दछ । यसर्थ भारतेली नेपाली कवितामा पर्यावरणप्रितको यस प्रभृतिको शिक्षा पनि कविहरूले आफ्ना कविताहरूमा दिएका छन् । उदाहरणको निम्ति भारतेली नेपाली कवि गोपीनारायण प्रधान, लक्ष्मण श्रीमल, अबीर खालिङ, बिचन्द्र, माधव बुढाथोकी आदिका पर्यावरण सम्बन्धि कविताहरूलाई लिन सक्छौ ।

कवि अबीर खालिङको **रूख** कवितामा रूखको मूल्य र महत्व मानव जीवनसित कतिको जोडिएको छ भन्ने तत्यलाई दर्शाएको पाइन्छ । तर आज मानिसको लाभ र लालचका कारण बन – जङ्गलका बिनाशले रूख निष्ट हुँदै जादैछ । यस कुरोको प्रमाण दिदै कवि **रूख** कवितामा यसो भन्छन् –

***मलाई चाहिएको छ अहिले***

***योगीसदृश रूखहरू***

*रूखहरू परदेश जान सक्दैनन् घरतीबाट*

*रूखलाई मान्छेको मायाले छेक्छ*

*उनीहरूलाई मान्छेको भविष्यको चिन्ताले राक्छ ।*

यसरी नै रूखबारे कवि कर्ण थामीले पनि कविता रचेका छन् । तर रूखको मूल्य र महत्वलाई आज मानिसहरूले बुझेका छैनन् । मानिस श्वास फेर्ने मुख्य अक्सिजन यही रूखको पातहरूबाट प्राप्त हुँदछ । तथापि रूखले हामी मानवलाई लगाएको गुण हामी मानिसले नै कहिले बुझेका छैनौं । यसैले **रूख** कवितामा कवि यसो भन्छन् –

*एकदिन उ ढलेर जान्छ*

*एकदिन उ सडेर जान्छ*

*तैपनि सोची नदिदा रहेछ*

*कसैले यहाँ*

*उसका ती अजस्र बलिदानहरू ।*

पृथ्वीमा मापन (scale) – को हिसाबले सबैभन्दा वृहत्तम पारितन्त्र जैवमण्डलमा रहेको छ । यस जैवमण्डलमा पृथ्वीको विभिन्न जीवधारी रहने गर्छन् । यो स्थलमण्डल, जलमण्डल तथा वायुमण्डलमा व्याप्त छ । सम्पूर्ण पार्थिव पर्यावरणको रचना पनि यही इकाइद्वारा भएको पाइन्छ । पृथ्वीका वायुमण्डलको वर्तमान संघटन र यसमा रहेको अक्सीजनका वर्तमान मात्रालाई यस घर्तीमा प्राणीहरू जीवित हुने कारण मात्र नमानेर अपितु परिणाम पनि मान्न सकिन्छ । प्रकाश - संश्लेषण एउटा

जैविक (पारिस्थितिकीय अथवा जैवमण्डलीय) प्रक्रिया हो, यो पृथ्वीका वायुमण्डललाई गठन गरी प्रभावित गर्ने महत्वपूर्ण प्रक्रिया पनि हो । यस प्रकारका चिन्तनसित जडित विचारधारा सम्पूर्ण पृथ्वीको एक इकाई गाई तथा अन्य सजीव पृथ्वी (living earth) - को रूपमा रहेको देखिन्छ ।

आज विश्व – ब्राह्माण्डमा पर्यावरणको समस्या एउटा जवलन्त समस्या मानिस जातिको निम्ति भएर गएको देखिन्छ । यस पर्यावरणको समस्याहरूमा पर्यावरणीय अवनयन, संसाधन न्यूनीकरण , प्रदूषण, जलवायु परिवर्तन आदि पर्दछन् । धैरै मात्रामा पर्यावरणीय समस्याएँ पर्यावरणीय अवनयन अन्तर्गत पर्ने मानव जनसङ्ख्या र मानवद्वारा सन्साधनहरूका अधिक उपभोगमा भएको वृद्धिसित जोडिएको देखिन्छ । पर्यावरणीय अवनयन अन्तर्गत विशेषरूपमा पर्यावरणमा आउने विभिन्न परिवर्तनहरू पर्दछन् । यसले कुनै क्षेत्र विशेषमा पुरै पृथ्वीका जीवन र संधारणीयताप्रति खतरा उत्पन्न गर्नु सक्दछ । अतः यस अन्तर्गत प्रदूषण, जलवायु परिवर्तन, जैव विविधताका क्षरण साथै अन्य प्राकृतिक आपदा इत्यादि पर्दछ । पर्यावरणको समस्याका अर्को कारण संसाधन न्यूनीकरण भन्नाले प्राकृतिक संसाधनहरूलाई मानिव जातिले आफ्नो आर्थिक लाभ हेतु नष्ट नगरी त्यस प्राकृतिक प्रक्रियाद्वारा पुनर्भरण (replenishment) गर्नुलाई बुझिन्छ । वर्तमान परिप्रेक्ष्यमा यस संसाधन क्षरणको मुख्य जिम्मेवार जनसंख्याप्रतिको दबाव, सिध्र वृद्धि दर तथा मानिसहरूका उपभोग प्रतिरूप आदिलाई मान्न सकिन्छ । मुख्यगरेर आज विश्वमा दुई प्रकारका संसाधन विभक्त भएको देखिन्छ । ती हुन् - नवीकरणीय संसाधन र अनवीकरणीय संसाधन । यस मध्ये अनवीकरणीय संसाधन सबैभन्दा डरलाग्दो हो । यसको दिन – प्रतिदिन

बृद्धिका कारण मानव जीवनका निम्ति कठिन परिस्थिति उत्पन्न गराउँदैछ । कोइला, पेट्रोलियम पदार्थ, धत्वित्क खनिज आदि भण्डारको निर्माणले एक दीर्घ अवधिलाई घटाउँदछ । यसले चाँडै मनुष्यलाई दोहन गरी एक न एक दिन समाप्त गर्न सक्दछ । त्यही दोस्रो नवीकरणीय संसाधन पनि मनुष्यद्वारा आज दिन - प्रतिदिन प्रयोगमा ल्याइएको कारण उनका प्राकृतिक प्रक्रियाहरूद्वारा पुनर्भरण यति चाँढै गर्न सम्भव देखिन्न । यसर्थ समयमा नै पर्यावरणप्रतिको साँचो चेतना हामी मानव जातिमा आउँनु जरूरी छ । यस कुरोलाई भारतेली नेपाली कवि लक्ष्मण श्रीमलले आफ्ना कविताहरूमा राम्ररी व्यक्त गरेका छन् ।

आज संसारमा पर्यावरणको नाममा चारैतिर धाधली मात्र भइरहेको छ । यसबारे चेतनशील भएको ढोङ रचेर मानिसहरू देखावटीको चेतनशील कार्यहरू गरै झै गरिरहेका छन् । यसैले कवि श्रीमल **आजको पर्यावरण** कवितामा यस्तो गुनासो पाख्छन् –

***पर्यावरणको आस्ता बट्ल्न***

***कही विश्व शान्ति वार्ताहरू***

***कही विश्व शान्ति यज्ञहरू***

***कही सद्भावना भ्रमणहरू ।***

पर्यावरणको सबैभन्दा जिउदो समस्या भनेको आजको संसारमा प्रदूषण नै हो । यस प्रदूषणमा कुनै पदार्थ (ठोस, द्रव वा गैस) अथवा ऊर्जा (ऊष्मा, ध्वनि, रेडियो धर्मिता इत्यादि) आदिको बृद्धिका कारण हुने गर्दछ । आज मानिसकै कारण विश्वमा चारैतिर वायु प्रदूषण, जल प्रदूषण, ध्वनि प्रदूषण, रेडियोधर्मी

Notes

प्रदूषण, प्रकाश प्रदूषण, रव प्रदूषण इत्यादि भइरहेको छ । तर रोक्नो कसले, गर्नो कसले ! मानिस दिन – दिनै अमिर र सम्भ बन्ने होडमा पर्यावरणको दशा यस्तो भएको हो । यति मात्र होइन आज जलवायु परिवर्तनमा परिवर्तन आएको देखिन्छ । यो पनि अन्य केहीले नभएर पर्यावरण प्रदूषण भएर भएको हो । यस परिवर्तनका कारण पृथ्वीमा विभिन्न मौसम परिवर्तन हुने गर्दछ । मौसम परिवर्तन हुनु भनेको मानिस भोकै मर्नु पनि हो । कारण मोसम बिना कुनै फसल, सागसब्जी, तुलफुल आदि उमार्न र फलाउन सकिन्न ।

हुन त मौसम विभिन्न फसलका निम्ति मात्र नभएर समस्त जीवधारीका निम्ति पनि मौसमको जरूरत पर्दछ । मोसम परिवर्तन भए किट – पतङ्ग, पशु – पंक्षी, उद्भिद् आदिको जीवन पनि विनाश भएर जान्छ । यिनीहरूका बिनाश भए मान्छे नै बिनाश हुनसक्दछ । किनकि प्रतयक्ष र अप्रत्यक्ष रूपमा मानिस यी किट – पतङ्ग, पशु – पंक्षी, उद्भिद् आदिसित जोडिएका छन् । यिनीहरूका अभावमा हामी मानव जीवन खल्लो र निरस बन्दछ । यतिमात्र होइन मौसम परिवर्तनका कारण विभिन्न प्राकृतिक आपदा पनि पृथ्वीमा आउने गर्दछ । चक्रवात तुफान, तेज आँधी, हुरी – बतास, बेहरी, अत्यधिक बृष्टि, सुकौरो, खडेरी,भल – पैह्रो, भुइचालो आदि सबै प्राकृतिक आपदाका उदाहरणहरू हुन् । यस्ता प्राकृतिक आपदाबारे मानिसहरूलाई सचेत गराउँदै भारतेली नेपाली कविहरूले प्राशमिक कालमा विभिन्न सवाईहरू पनि लेखेका छन् । उहाहरणको रूपमा धनवीर भण्डारीको **भैचालाको सवाई** (सन् 1८14), **अब्बर पहाडको सवाई** (सन् १८९३), दिलुसिंह राईको **५६ सालको पैह्रोको सवाई** (सन् १८९९), आत्मराम मगरको **भैंचालाको सवाई** (सन्

१९००), कृष्णबहादुर उदासको **अछामको सवाई** (सन् १९०८), गजवीर राणाको **नागा हिल्सको सवाई** (सन् १९13) आदिलाई लिन सकिन्छ ।

कवि आत्माराम मगरको **भैँचालाको सवाई**मा भारतको पुर्वाञ्चल क्षेत्रमा सन् १९०० को दशकमा आएको प्रलयकारी र विनासकारी प्राकृतिक प्रकोपको वर्णन पाइन्छ । प्रकृतिको अधि मानिसले केही पनि गर्न सक्दैन, यसको चपेटबाट मुक्ति हुन सक्दैन भन्ने यथार्थको वर्णन गर्दै त्यससमय भैचालोमा परेर ज्यान गुमाउने नेपालीहरूका व्यथा प्रस्तुत सवाई कृतिमा उल्लेख कवि आत्मरामले गरेका छन् । यसरी नै कवि कृष्णप्रसाद उदासको **आछामको सवाई**मा पनि तत्कालिन आसामको कुना - कुनामा खेतीपाती र पशुपालन गरेर जीवन बिताउने नेपालीहरूको जीवन व्यथा र प्रकृतिको मारमा परेर आकाल मै मृत्यु हुने तथ्यको समुद्घाटन भएको छ ।

दार्जिलिङ निवासी कवि डाकमान राईले रचेको **दार्जिलिङका पैरोको सवाई** मा सन् १८६० तीर आएको बिकराल पैरोको वर्णन पाइन्छ । यस प्राकृतिक प्रकोपमा परेर ज्यान गुमाउने नेपालीहरूका जीवनगाथा प्रस्तुत सवाई कृतिमा पोखिएको छ । विशेषगरेर सन् १८६० र १८९९ मा ठूलो पैह्रो आएको थियो । किरात किपट इलाकाको विदिसा गाउँ निवासी हर्कवीर राईका छोरा जङ्गवीरका कान्छा भाई थिए – डाकमान राई । उनले तत्कालीन दार्जिलिङमा गएको पैह्रोमा आफै सिपाहीका रूपमा सेवारत भइ विभिन्न क्षतिग्रस्त स्थानहरूमा गएर मानिसहरूलाई उद्धार कार्मा संलग्न भएका थिए । परिणामस्वरूप डाकमान राई यस पैह्रोको वर्णन गर्दै सन् १८९९ मा **दार्जलीङ्गका पैराको सवाई** (दार्जिलिङका पैरोको सवाई) सवाई कृति लेखेका

छन् । उनले त्यससमय दार्जिलिङमा गएको वर्णन यसरी सुन्दर रूपमा गरेका छन् –

*भन्नलागे दुनीत्रा मनै बुझाऊंछन् ।*

*कँहाँ मेरा छोराछोरी भनि सुध्याऊँछन् ॥*

*राजबाडी डालिहट्टा सिरीङ पारी चङ्थुङ ।*

*वारीपारी काक्रा चिराइ भत्की गए भाङभूङ ॥41॥*

दार्जिलिङ शहरको तल्तिर राजबाडीको ढाडागाउँमा जन्मिएका पण्डित दिलुसिंह राई वि. सं. १९५६ तथा सन् १८९९ मा आएको बिध्वशकारी पैरोको वर्णन गर्दै सवाई लेखेका छन् । उनी जोसमनी मतका अनुयायी रत्नमान राईका छोरा थिए । यस सवाई कृतिलाई नेपाली साहित्यमा **५६ सालको पैराको सवाई** भनी चिनिन्छ । यस सवाई रचनामा तत्कालीन समयमा दार्जिलिङमा पैरो गएको वर्णन प्रत्यक्ष आँखाले देखे जस्तो लाग्छ । प्रस्तुत कृतिको लेखन भारतेली समालोचक डा. मोहन पी. दाहालले सन् १८९९ - १९01 मा भएको र प्रकाशन भने सन् १९६९ मा भएको मानेका छन् । मूलत: तत्कालीन दार्जिलिङमा त्यससमय पैह्रो जानअधिको पूर्व लक्षण तथा उल्कालाई अनौठो दृश्यको रूपमा दिलुसिंह राईले प्रस्तुत **५६ सालको पैराको सवाई**मा खुवै कलात्मक ढङ्गले गरेका छन् । उदाहरण –

*देखिन्थ्यो ज्वाला प्रचण्ड अग्निको जुन जुन ठावं हेर्यो उतै ।*

*गावं गावं झिलिमिल दिपक सरि थिएन खालि कतै ॥1६2॥*

*कोई कावंमा एवटा कोई ठावंमा दुइवटा तिन चाछ कंहि कंहि ।*

*दश पाँच पन्द्रवटा एसै रीत गरि देखिन्थ्यो जांहि तांहि ।।१६३।।*

यसरी विभिन्न सवाईहरूमा पर्यावरण प्रदूषण, प्राकृतिक आपदा आदिबारे भारतेली नेपाली कविहरूले प्रारम्भमा मानिसहरूमा चेतना जगाएको कारण आज भारतीय संस्कृतिमा पर्यावरणप्रति विशेष महत्त्व दिएको देखिन्छ । प्राशमिक पाठशाला, विद्यालय, महाविद्यालय, विश्व विद्यालयहरूमा पाठ्य सूचिमा पर्यावरणीय विज्ञान ( Environmental Science) समावेश गरिएको छ । यसबारे विद्यार्थीहरूलाई पढाइन्छ, सिकाइन्छ अनि जागरूकता गरिन्छ । प्राचीन कालदेखि नै भारतीय संस्कृतिमा पर्यावरणका अनेक घटकहरू जस्तै वृक्षको पुजा, सुर्यको आरधाना, जलको पुजन, वायुको पुजा, अग्मिको पुजन आदि गरिने परम्पार भारतमा छ, जो आज पनि भारतीय समाजमा विधमान नै छन् । आज पनि भारतमा पीपलको वृक्ष, तुलसीको बोट आदिलाई पवित्र मानिन्छ, पुजन गरिन्छ । जल, वायु, अग्निलाई त देवता कै रूपमा पूजा गरिन्छ । समुद्र, नदी आदिलाई पनि पुजा गरिन्छ । भारतेलीहरू भारतका विभिन्न ठूल – ठूला र पवित्र मानिने खोला – नदी जस्तै गंगा, सिंधु, सरस्वती, यमुना, गोदावरी, नर्मदा, तिस्ता, भागीरथी आदि नदीहरूमा गएर पुजा गर्ने गर्छन् , परेवा उडाउँछन् । यसरी प्राचीन कालदेखि नै भारतमा पर्यावरणका विविध स्वरुपको पूजा गरिने परम्परा रहेको देखिन्छ । यसलाई पनि पर्यावरण चेतना कै एउटा रूप मान्न सकिन्छ ।

आज सम्भशील मानिसहरूको सोचाई पर्यावरणको अस्तित्व हामीमा निर्भर छ भन्ने छ । तर यो गलत धारणा हो । वास्तवमा पर्यावरण हामीमा होइन हाम्रो अस्तित्व पो पर्यावरणमा निर्भर छ । पर्यावरण विनाश भए हामी मानिसका अस्तित्व, जीवन सबै नष्ट भएर जान्छ यस पृथ्वीबाट । मूलतः

कहिले पनि शून्य वा खाली स्थानमा जीवन सम्भव हुँदैनन् । जीवनको उत्पत्ति पर्यावरणकै छत्र छाँयामा हुने गर्दछ । पृथ्वीका प्राय: सबै सभ्यता नद - नदीको तट - बगर, वन – जङ्गल, गुफा - ओडार आदिमा पलेको र बढेको पाइन्छ । यही कारणले जहाँ पनि जुनै मानव सभ्यताहरूको भग्नावशेष पाइन्छ, त्यसको छेउ – छाउ पानीको स्रोत पनि अनुवार्य रूपमा रहेको देखिन्छ । हुन त आदिम मानव तथा प्राचीन कालमा मानिसहरू अशिक्षित र अनपढ थिए । तरै पनि उनीहरू जल स्रोतलाई मैला गर्दैनन् थिए । अशिक्षाको कारण त्यससमय मानिसहरूलाई सफाई – सुग्धर आदि कुरा धर्मसित जोडिएको हुन्थे । कारण आदिम मानव जाति धर्म भीरू थिए । उनीहरू अन्य सभी वर्जन तोड़न सक्ते तर धार्मिक वर्जन तोड़न हिचकिचाउ थिए वा डराउथे । हुन त आदिम युगमा पनि दिन – दिनै आवदी मानवको बड्दै गएको कारण आजको स्थितिमा आइपुगेको हो । यसको मुख्य कारण अशिक्षा नै थियो । अशिक्षित भएको कारण मानिसहरू ईश्वरको प्रसाद सम्झेर आफ्नो सन्तारको बृद्धि गर्दै गए , जुन आज पर्यावरणको निम्ति बड्दो जनसङ्ख्या प्रमुख समस्या बनेर गएको छ ।

एक समय भारतमा शिक्षाको गतिमा मथ्थरपन र जनसङ्ख्याको गतिमा सिध्रपन देखिएको थियो । आज सानो परिवार, सुखी परिवारको नारा लाएर जनसङ्ख्याको बृद्धिमा केही ह्रास आएको देखिए पनि पर्यावरणको विनास भने हुन छोडेको छैन । भारतामा एक प्रकारका मानिसहरूको सोचाई यस्तो पनि छ की आफ्नो सुख – सुविधाहरूका लालचमा अन्यलाई शिक्षित भएको हेर्न सक्दैनन् । यस्ता मानिसहरूको यो सोच रहेको देखिन्छ की यदि सबै मानिस शिक्षित भए यस कृषिप्रधान देश भारतमा खेतीपाती, बारीझारी, मजदुरी,

कुल्ली आदिको काम कसले गर्ने ? यस्ता मिसहरूमा कोही होइन देशको शिक्षित, धनी र संपन्न वर्ग पर्दछन् । आज पनि भारतमा कृषक र किसानहरूलाई केवल खेतमा अन्न – बाली उमार्ने मशिन मात्र मानिन्छ । उनीहरूलाई चाहिएको भन्दा धेरै छूट र सुविधा दिन चाहदैनन् देश । यसो गर्नुको मुख्य कारण ती तल्लो क्षेणीका किसानहरू कहिले पनि सम्पन्न वर्गका सदस्य बन्न नसकोस भन्ने गलत घारणाले गर्दा हो । यही कारणले काम गर्ने कालु, मकै खाने बालु भन्ने उखान झैं भारतमा किसानहरूलाई उनीहरूले उब्जनी गरेको भन्दा राम्रो मूल्य कहिले पनि दिइने गरिन्दैन ।

मूलतः भारत देशको खुशहाली र विकासका लागी तृणमुल स्तरबाटै शिक्षाको ज्योति छर्नु परम आवश्यक देखिन्छ । यसद्वारा मानिसमा केवल आफ्नो जीवन बारे मात्र नसोचेर बल्कि पर्यावरण र परिपरिका वस्तु, चीज, कुरा साथै आफ्नो भाव र मूल्यलाई पनि चेतना उत्पन्न भएर जादछ । आज मानव जीवनमा उपयोग हुने लगभग सबै वस्तुहरू प्रदूषणका शिकार भइरहेका छन् । धर्ती, आकाश, पानी, हावा सभी आफ्नो पवित्रतालाई हराउदै छन् । मानिसलाई यस कुरोको ज्ञात नभएको होइन । तर आँखा चिम्म गरी हिड्दैछन् । उदाहरणको निम्ति सन् 2011 को मार्च महिनामा जापानमा आएको प्राकृतिक आपदालाई लिन सकिन्छ । वैश्विक मानवका रूपमा यो सह्कट केवल जापानमा मात्र आएको होइन, बल्कि समूची मानव जातिमा नै आएको समस्या हो । यस अतिरिक्त भारतको गुजरातमा आएको बाडी, सन् 101७ मा नेपालमा आएको भुकम्प, चिनमा आएको सुनामी, दार्जिलिङमा आएको आइला, बङ्गाल र बिहारमा भएको ढुबाउ सबै पर्यावरणप्रति मानव असचेतन भएर भएको हो भन्न सकिन्छ ।

आज भारतमा मात्र नभएर मानव जातिले पर्यावरणको अत्यधिक उपयोग र दुरुपयोग गरेको फलस्वरूप पर्यावरणमा हरेक प्रकारको दूषित, प्रदूषित र दबाव सृष्टि उत्पन्न भएको देखिन्छ । यसर्थ पर्यावरण प्रदूषण हुनबाट बचाउँनका वैश्विक र देश स्तर, सरकारी र गैर सारकारी निकायहरूबाट धेरै कदम, पाइला आदि उठाएका पनि छन् । वैश्विक स्तरबाट सर्वप्रथम ५ जून सन् १९७2 मा संयुक्त राष्ट्रको स्टॉक होममा पर्यावरणसित सम्बन्धित एक सम्मेलनको आयोजन गरिएको थियो । यस सम्मेलन पछि पर्यावरण मानिसहरूका निम्ति चुनौली नभएर मुद्दा पो बनेर गयो । कानूनी रूपबाट पर्यावरणलाई बचाउनका निम्ति **पर्यावरण संरक्षण कानून** सन् १९८६ मा भारतमा बनियो । यस कानूनले पर्यावरणलाई बचाउन र संरक्षण गर्नुमा अहम भूमिका निर्वाह गरेको पनि छ । केन्द्रीय प्रदूषण नियन्त्रण बोर्ड तथा विभिन्न गैर सरकारी सङ्गठन र आन्दोलनहरूले पर्यावरण सम्बन्धि चेतनाहरू पनि मानवमा फैलाएको देखिन्छ ।

पर्यावरणप्रति सचेतना फैलाउने उद्देश्य लिएर देशमा विभिन्न कानुन, आन्दोलन, जनचेतनामूलक कार्यक्रम आदि भएको पाइन्छ । उदाहरणको निम्ति प्रदूषणको नकरात्मक पक्षबारे जनमानसलाई बताउँनु , पर्यावरण संरक्षण कानून सन् १९८६ लाई कडा रूपमा देशमा पालन गर्नु , बन्यप्राणी संरक्षणको निर्माण र बन बिभागको स्थापना गर्नु, जनसङ्ख्याको नियन्त्रित गर्नु, परिवार नियोजन लागु हुनु, नसबन्धी गर्नु, बन – जङ्गल काट्नुमा रोक लाउनु, सजाई दिनु, विभिन्न प्रकारका अपशिष्ट पदार्थहरूको नियोजित प्रबन्धन गर्नु, धारीय विकासको रणनीति बनाउनु, पर्यावरण विषयक नयाँ – नयाँ कानुनको निर्माण गर्नु आदि । मूलतः पर्यावरणलाई प्रदूषित, बिनाश र

नष्ट हुनबाट बचाउँनका निम्ति हामी मानव नै अधि आउनु पर्दछ । उपायहरू विविध छन् , केवल कार्यमा परिणत गर्नु मात्र पौरखी हातहरूको खाँचो छ । यस्ता उपायहरूमा गोबर गैस, उच्च दाब प्राकृतिक गैस, वायु शक्तिको उपयोग, सौर शक्तिको उपयोग, लघुजलीय प्लान्ट, जैविक खाद एवम् जैविक कीटनाशक जस्ता विकल्पहरूलाई अप्नाएर हामी पर्यावरणको समस्यालाई कम गर्दै आफ्नो विकासको गति पनि जारी राख्न सक्छौं । तर वर्तमानमा यी उपायहरूप्रति धैरै मानिसहरूमा मात्र सचेतना आएको हुनाले पर्यावरण संरक्षणको समस्या अझ बड्दै गइरहेको देखिन्छ । वास्तवमा मानिसले जानी – बुझी पर्यावरणको बिनाश गरिरहेका छन् । यसको प्रमाण भारतेली नेपाली कवि कालुसिंह रनपहेंलीको कविताहरूमा यत्र – तत्र पाइन्छ । कुलेन, कुइनायिन जस्तो औषधीय पैधा – रूखहरूलाई आज मानिसले नै नष्ट गरिरहेका छन् । यसैले कवि रनपहेंली **कुलेनको गाछहरू** कवितामा यसो भन्छन् –

***औले ज्वरोको रामवाण औषधि***

***कुलैनका गाछहरू***

***हिजाज निन्याउरो बिमारी सरह***

***किन देखिन्छन् ?***

पर्यावरणप्रतिको चेतना मानिसमा आएन भने अन्य केही हाइन सबैभन्दा ठूलो छती मानव जाति कै भएर जान्छ । यस प्रकारको सोच भारतेली नेपाली कवितामा धैरै ठाउँ रहेका पाउँछौं । भारतको हिन्दी, बङ्गला, गुजराती, तमिल, तेलगु, कन्नड, मलायलम, पञ्जाबी लगायत नेपाली

भाषाका कविताहरूमा पनि पर्यावरणको चेतना मानिसहरूमा जगाउने उद्देश्य लिएर कविताहरूका सिर्जना कविहरूले गरेका छन् । किनकि आज भारतको सबै नदी, खोला, पहाड, पर्वत, स्थान, शहरदेखि लिएर स – साना गाउँ र बस्ती – कमान पनि दुषित र प्रदूषित बन्दै जादैछ । पवित्रता र चोखोपन भन्ने सबै भारतको स्थानहरूबाट हटेत जादैछन् । देवी र आमाको रूपमा पुजिने भारतका पवित्र नदीहरू यति मैला भएका छन् की मानिसहरू पुजा गर्न र स्नान गर्न पनि हिचकिचाउ छन् । शहरको नाली र कुलोबाट बगेको मैला पानीका कारण विभिन्न रोगका शिकार भारतीयहरू भइरहेका छन् । यस्तो मैला र दुषित पानीमा किसानहरू सिञ्चाई गर्न पनि डरुने गर्छन् । भारतमा फैलिएको महामारी, रोग, ढेङ्गु, मलरिया सबै पर्यावरण दुषित भएर हो । तर मानिस साह्रै स्वर्थी प्राणी भएको हुनाले यसको भूल आफुले गरेर पनि अन्यलाई नै थोप्ने गर्छन् ।

विशेषतः नद – नदीको संरक्षण, सफाई देशमा एउटा राजनैतिक मुद्दा भएर गएको छ । बर्षौं गंगा नदीलाई लिएर राजनैतिक बहस हुन्छ तर कार्यमा केही परिवर्तन हुँदैनन् । यदी समयमा नद – नदीको संरक्षण गरिएन भने भोलिको दिनमा हामी मानवले ठूलो सङ्कट झेल्नु पर्दछ । यस बारे माधवप्रसाद धिमिरेको **नदी** कवितामा पर्यावरण सम्बन्धि यसरी लेखेका छन् –

*रिसाई पाखा – पहरा लछार्छिन्*

*ढुङ्गा र मुढा तटमा पछार्छिन्*

*बाढी र पैरौसित गडगडाई*

*थर्काउँछन् पर्वतराजलाई ।*

यसर्थ यसको निम्ति हामी आम जनता नै अधि आउँनु जरूरी छ । नदीबाटै निकालिएको पानी आज मानिसहरूका निम्ति भारतमा तथा विश्वमा व्यापरको बस्तु र पैसा कमाउने कारण बनेको छ । पिउँने पानी प्रदूषण भएको मुख्य कारण पनि दूधको भावमा बोतलमा पानी बिक्री गरिएर हो । यदि यस्तै स्थिति रहे त्यो दिन टाढा छैनन् , जब श्वास फेर्नका निम्ति पनि मानिसहरू अक्सीजन पनि बोतलमै पानी जस्तै किनेर खान पर्दछ । तर यी सबैको जिम्मेवारी मानिस भए तापनि कस्ता मानिस हुन् त ... प्रश्न गम्भीर छ । आम गरीब जनतासित न कुनै कल कारखाना छन्, न उद्योग नै । गरीव र निर्धन जनताले बोतलमा भरेको चोखो बीसलेरी पानी, न त फ्रिजको चिसो पानी नै पिउँने भाग्य छ । उनीहरू त त्यही खोला र नदीको दुषित पानी पिउनु सिवाय अर्को विकल्प पनि त छैनन् । तब कसले बोतलको चोखो पानी र अक्सिजन पिउँछन् त...भन्दा जसले बनायो त्यसैले । यो बनिन्छ कहाँ बन्दा कल कारखाना र उध्योगमा, बनाउँछ कसले भन्दा, त्यही कारखानाका मालिक र उध्योगपतिहरूले । तब पर्यावरणलाई कसले दुषित पार्दै छन् त.... उत्तर हाम्रै आँखा अधि छन् ।

देशमा अवस्था यही छ की गर्छ कसले, भोग्छ अन्यले । वातावरण प्रदुषित भएको कारण कार्बनडाइऑक्साइड र अन्य ग्यास विचरण भइरहेका छन् । आकाशबाट परेको पानी यही दुषित ग्यासहरूको कण - कण मिलेर धर्तीमा जहरिलो पदार्थ (तेजाब) जस्तै बर्षिन्दैछन् । हामी मानवका शरीरको पाँच तत्व जस्तै धर्ती, वायु, जल, आकाश र प्रकाश सबै प्रदूषित बन्दै जादैछ । आर्थिक विकासको होरीमा परेर मानिस रक्षकदेखि भक्षक बन्दै छन् । अर्थ पूर्ति र लोभ – लालच, चाँढै धनी बन्ने सपना आदिले केवल पर्यावरणकै

विनाश भइरहेको छ । यसैले कवि **एक सुनसान यात्रा** कवितामा यसो भन्छन्
–

*मूलहरू त फुटिरहेछन्*

*शहरभित्र अलपत्र, मैला – मैला भएर*

*धरती पल्टिन्छ यसरी*

*पैह्रोले हाम्रो घरबारी सोहोर्छ*

*अतिबृष्टि हाम्रो गाउँ हिलैहिलो तुल्याउँछ ।*

हुन त यस पृथ्वीमा नै रहँदा मानिस धनी र गरीव बन्न सक्छन् । मानिसका विभिन्न आवश्यकताहरू पनि यही पर्यावरण तथा प्रकृतिद्वारा नै पूर्ण हुने पनि गर्दछ । तर यस आवश्यकताको पुर्तिका निम्ति मानवले पर्यावरण र प्रकृतिको गलत उपभोग गरिरहेका छन् । यसका कारण पर्यावरणप्रति देखिएको असनतुलित र दूषितले गर्दा वर्तमान पीढी मात्र होइन भविष्यमा आउने पीढ़िहरूका जीवन पनि सङ्कटको धेरामा परेको देखिन्छ । यसर्थ पर्यावरण चेतना सम्बन्धी सरकारी र गैर सरकारी रूपमा मात्र कानुन, धारा, नियम, आन्दोलनहरू नबनेर साहित्यकारहरू पनि अधि आउनु जरूरी छ । कारण साहित्यको जन्म मानिसद्वारा नै हुने गर्दछ । कुनै पशु वा पंक्षीले साहित्यको सिर्जना गर्दैनन्, उनीहरू माध्यम मात्र बन्दछ ।

आज धर्तीमा सबैभन्दा तेज दिमाग लगाउने मानिस जातिले आफ्नो विकासका नाममा अन्य प्राणिहरूका साथ – साथै आफ्नो अस्तित्व, अस्मितालाई पनि खतराको स्थितिमा पुराएका छन् । मानव र प्रकृतिको सम्बन्ध दिन – दिनै क्षीण हुँदै जादैछ । पहिलाको प्रकृतिका पुजारी मानिने

मानिस आज त्यही प्रकृतिको बिनासका कारण बन्दैछन् । पशु – पंक्षी दिन प्रतिदिन बिलुप्त हुँदै जादेछ भने खोला – नाला सुकोर जादैछन् । खेती योग्य जमीनमा अपार्टमेन्ट, अट्टालिका भवन, हाउजिङ, फ्ल्याट आदि मानिसले नै मानिसका निम्ति बनाइरहेका छन् । कुनै मुख पशु र पंक्षीका निम्ति होइनन् । तब पर्यावरणको बिनाश नभएर कसको हुन्छ त...। तर अप्रत्यक्ष रूपमा पर्यावरणको पनि बिनाश भएको देखिन्न । यहाँ त मान्छेले मान्छे कै बिमाश पो गरिरहेका छन् ।

पृथ्वीमा केवल अढाइ प्रतिशत पिउँने पानी र खेती गर्ने योग्यको जमीन छ । अन्य पचहत्तर प्रतिशत बिशालु जल मात्र छन् । तर त्यही मानिसको स्वार्थपन र धनी बन्ने चाहना यहाँ पनि देखिन्छ । यसैले पानीको मूल्य र महत्वलाई बुझाउँदै कवि उदय थुलुङ **आह** ! कवितामा यसो भन्छन् –

*बगिरहेको निलो पानी*

*किनारको कहिल्यै भएन*

*तर मान्छे तिमी पनि पानी जस्तै*

*कति तरल छौं, कति निराकार छौं ।*

आज खेतीपातीमा पनि विभिन्न रसायनिक, उर्वरक कीटनाशक औषधि र प्रेष्टिसाइज मल लगाइने गरिन्छ । यसगी लगाइएको विभिन्न रसायनिक खेतीबाट उब्जनी भएको साग – सब्जी खाँदा हामी मानवको शरीरलाई धेरै क्षति गर्ने गर्छन् । यस अतिरिक्त यस्ता खेतीबाट बगेको पानीले हाम्रो पिउँने पानीको स्रोतलाई नै अपवित्र पनि गर्ने गर्छन् । जल स्रोत, तलाव, कुवा, नहर आदिमा पशुहरूलाई नुवाई – धुवाई गर्दा, ती पशुहरूका मल – मुत्रका कारण

जल स्रोत गन्ध र मैला भएर जादछ । जसरी शहरमा गन्ध र दुषित नाली, कुलो र फैक्टरीबाट निस्किएको मैला धुँवाले पानी, नदी आदिमा निलेर प्रदूषित गर्दछ , त्यसरी नै हाम्रो शरीरमा पानी यी दुषित पानीले नाना रोग र बिमारी फैलाऊँदछ । यसबारे आजै हामी सचेत नभए पर्यावरणको त होइन हामी मानव कै जीवन नष्ट मात्र होइन अस्तित्व नै हराएर जाने सम्भावना निस्चित देखिन्छ ।

विशेषतः सरकार र आम मानिस दुवैले पर्यावरणप्रतिको आफ्नो नैतिक जिम्मेदारीलाई बुझ्नु मात्र होइन सावधानी पूर्वक निर्वाह गर्नु पर्दछ । पानी नै जीवन भएको हुनाले जल स्रोत चाहे त्यो गाउँमा होस् वा शहरमा त्यसको पवित्रता सदैव बनाइ राख्नु पर्दछ । कारण पानीलाई समयमा हामी मानवले चिनेनौ तथा यसको संरक्षण गरेनौ भने भविष्यमा ठूलो बिपत आइपर्नु सक्तछ । यसैले भारतेली कवि टेकध्वज जिम्बा 'आशा' **पानीका रङ्गहरू** कवितामा पानीले के के गर्नु सक्छ, यसको शक्ति कतिसम्म हुन्छ भन्ने कुराको वर्णन यसरी गर्छन् –

*पानीका थोपाहरू*

*सेता – सेता झरनाहरू झर्नुछ*

*चोखो कुवा बन्नुछ*

*चिसो धारा बग्नुछ*

*कहिले – काही आँधी – बेह्री पनि हुनुछ ।*

आज शहरमा मात्र होइन पर्यावरणको असन्तुलनता ग्राम, कमान, गाउँ र बस्तीहरूमा पनि भइरहेको छ । आर्थिक विपन्नताको नाममा ग्रामवासीहरू जङ्गल काट्न, रूख काटेर पैंसा कमाउँन, खोलामा विष – ज्यानेटर हाली माछा मार्न, जङ्गली जनवारको शिकार गर्न आदिका कारण पर्यावरणप्रति यसको प्रभाव भइरहेको देखिन्छ । आज बर्खा याममा चाहिको भन्दा औधी बृष्टि र गरम महिनामा ज्यादै गर्मी पनि भइरहेको छ । मानिस ठण्डा र गर्मी दुवैका कारण मृत्युको शिकार भइरहेका छन् । यस्तो पहिला हुने गर्दैन थिए । यो सबै भुमण्डलीकरणले गर्दा भएको हो । आजको सम्भ संसारमा पर्यावरण जस्तो अति आवश्यक कुरा बारे मानिसहरू चेतनशील नहुनु भनेको आफ्नै खुट्टामा बञ्चरो हान्नु बराबर हो ।

भनेका समयमा पानी नपर्नाले खेतीबारीमा मात्र असर नपरेर, वातावरण मात्र परिवर्तन नभएर, गर्मी मात्र नबडेर ऋतुमा नै ठूलो प्रभाव परेको छ । आधुनिकताको नाममा विश्व नै बिनाशको सम्मुखिन पुग्न लागेको देखिन्छ । भनौ पर्यावरण प्रदूषित भएको कारण आज संसारमा चारैतिर सन्त्रास नै सन्त्रास, कोलाहल फैलिरहेको छ । यस कुरोलाई भारतेली नेपाली कवि खडकराज गिरीले आफ्नो **सन्त्रास** कवितामा यसरी व्यक्त गरेका छन् –

*किन सुक्यो यो पाखरी ?*

*कहाँ गए यसभित्रका माछा ?*

*यसभित्रको एउटा सुनौलो संसार*

*किन यसरी रितियो?*

Notes

पलास्टिकको अत्याधिक प्रयोगले पर्यावरणलाई दुषित मात्र नपारेर मानिसले आफ्ना मृत्युको खाडल पनि खनीरहेका छन् । व्यक्तिगत लाभ र हानीमा अडिएको यस संसारमा सत्य र घर्म नभए पनि प्रेम र माया भन्ने कुरा पनि हराइसकेका छन् । देखावटी र अहमका कारण मान्छे दिन – प्रतिदिन राक्षस बन्दै जादैछन् । प्रकृति र पर्यावरणको संरक्षण गर्नुको सट्टा आफ्नै खाना खाने थाललाई मानिसहरूले फुटाउँदै छन् । बिलासित जीवनको र आफ्नो फाइदालाई हेरेर मानिसहरू जे पनि गर्न अधि बडी रहेका छन् । पाप, डर भन्ने कुरो मानिसहरूले भूली सके । 'हामी' - को सट्टा 'म' र 'मेरो' भन्ने भावनाले देश र संसारलाई नै निली सकेको छ । यस्तो बिकराल स्थितिमा कसरी पर्यावरणको जगेका र संरक्षण हुन सक्छ ।

भनिन्छ यदी पर्यावरणलाई यथावत छोडीदिए यो निरन्तर लाखौ साल - बर्षसम्म जीवनका सहारा बनि रहनेछ । यस योजनामा एक मात्र सर्वाधिक अस्थिर तथा सम्भावित विनाशकारी शक्ति मानव प्रजाति नै रहेको छ । मानिस आधुनिक प्रौद्योगिकीका सहायताले पर्यावरणलाई प्रत्यक्ष, अप्रत्यक्ष रूपमा दूरगामी र अपरिवर्तनीय परिवर्तन ल्याउने क्षमता राख्दछन् । यसर्थ हामी सबैको र हामी सबैमा आज पर्यावरणप्रितको चेतना, जागरूकता, यसको सुरक्षा, संरक्षण, जगेरा आदिप्रति सचेत र जागरूकता बहुतै आवश्यक देखिन्छ । नत्र डाइनासोर जस्तै ठहिले नै यस पृथ्वीमा मानिस भन्ने चार खुट्टे जन्त थियो रे भन्ने किम्मदन्ती मात्र रहन्छ । तर यो किम्बदन्ती पनि भन्ने कसले, सुन्ने सकले । जब बाँस नै नरहे पछि बाँसुरी कसरी बनिने ।

## 12.4 उपसंहार

**पर्यावरण** शब्द संस्कृत भाषाको 'परि' उपसर्गमा 'आवरण' प्रत्यय मिलेर बनिएको हो । 'परीको अर्थ चारैतिर, चारैतर्फ अनि आवरणको अर्थ कुनै वस्तुलाई ढाक्नु, बाँध्नु, छोप्नु वा घेर्नु आदि बुझिन्छ । पर्यावरण ती सब भौतिक, रासायनिक एवम् जैविक कारकहरूका समष्टिगत इकाई हो ,जो कुनै जीवधारी अथवा पारितन्त्रीय आबादीलाई प्रभावित गर्दछ । यसले तिनीहरूका रूप, जीवन र जीविताको तय पनि गर्दछ । सामान्यतः पर्यावरणलाई मनुष्यको सन्दर्भमा परिभाषित गरिने गरिन्छ । हुन त यसमा मानिस लगायत विभिन्न पशु – पंक्षी, जनावर, किट – पहङ्ग, उद्भिद् आदि रहने गर्दछ ।

पर्यावरणलाई सामान्य अर्थमा हामी मानवको जीवनलाई प्रभावित गर्ने सबै जैविक तथा अजैविक तत्व, तथ्य, प्रक्रिया साथै घटनाहरूको समुच्चयद्वारा निर्मित इकाई मानिन्छ । यो हीम्रो चारैतिर व्याप्त छन् हाम्रो , जीवनको प्रत्येक घटना यसैभित्र समाहित पनि हुने गर्दछ । हामी मानवको आफ्ना समस्त क्रियाकलापले पर्यावरणलाई प्रभावित पनि गर्दछ । यसर्थ एक जीवधारी र उसको पर्यावरण बीच अन्योन्याश्रय सम्बन्ध पनि रहेको हुन्छ । **चेतना** भनेको व्यक्तिमा रहेको चेतनशील कुरो ज्यात, प्राणीमा हुने बिवेक, बुद्धि आदि हो । यसलाई कुनै पनि प्राणीको कवच पनि मानिन्छ । कुनै पनि व्यक्तिको मूल्य, मान्यता र मानदण्डसित सम्बन्धित रहने यस चेतनाले व्यक्ति, समाज र जातिको सर्वाङ्गीण विकास र प्रगतिमा ठूलो सहयोग पुर्याउँदछ । कुनै पनि प्राणीको अस्मिता, अस्तित्व र जगेराका निम्ति व्यक्तिका मस्तिष्कमा जागृत भएका विवेक नै चेतना हो भन्न सकिन्छ ।

चेतनाकै कारण मानवमा उचीत – अनुचितको भावना, सत्य – असत्यको ज्ञान, आज्ञा पालन, आत्म नियन्त्रण, दया, इमानदारीता, उत्तरदायित्व आदि उत्पन्न हुँदछ । अत : चेतनालाई समाज निर्माणको तत्व पनि मान्न सकिन्छ । यसद्वारा मानिसका सद्गुणको प्रर्दशन हुँदछ । मानवमा राम्रा – नराम्रा, सही – गलत, ठीक – बैठीक आदिको ज्ञान यही चेतनाद्वारा नै हुन् गर्छन् ।

**पर्यावरण चेतना** भन्नाले मानिस, व्यक्ति, समाज, जाति, राष्ट्र, देश, विश्व सवैमा मनभित्रैबाट उत्पन्न हुनै चैतन्यको भावना हो । यसद्वारा पर्यावरणको संरक्षण, विकास र जगेरा हुने गर्दछ । आज पर्यावरण सम्बन्धि चेतना संसारका सबै मानिसमा उत्पन्न हुनु अतिआवश्यक छ । दिन – दिनै रूख – पात, बन – जङ्गलको बिनास, बड्दो औध्यगिकी, कलकारखाना, शहरीकरण आदिले गर्दा पर्यारणको बिनास हुँदै गइरहेको छ । मान्छेले आफ्नो स्वार्थको निम्ति दिन – दिनै बन – जङ्गलको बिनाश गर्दैछन् , जलको सरक्षणमा ध्यान दिएका छैनन् , कल कारखानाको मैला धुँवाले वायुमण्डल प्रदुषित बन्दैछ, पानी दुषित र फोहोर बन्दैछ । यस अतिरिक्त तकनीकि मानवद्वारा आर्थिक उद्देश्य प्राप्ति र जीवनमा विलासिता लक्ष्य प्राप्ति हेतु प्रकृतिसित व्यापक छेड़छाड़, हेलचेक्राई आदि क्रिया कलापका कारण प्राकृतिक पर्यावरणको सन्तुलन नष्ट भएको देखिन्छ । यसद्वार प्राकृतिक व्यवस्था तथा प्रणालीको अस्तित्वप्रति सङ्कट उत्पन्न भएर जादैछ । यसप्रकारको समस्यालाई आज पर्यावरणीय अवनयन भनिने गरिन्छ ।

वर्तमानमा हामी मानिसले जानी – बुझी पर्यावरणको नाश गरिरहेका छौ । प्रकृतिको सम्पत्ति सबैको निम्ति हो । तर यसको गलत अर्थ लाएर आज मानव प्रकृतिले बनाएको यावत वस्तुहरू मास्न र यसबाट घन कमाउनमा

मस्त र ब्यस्त पनि छन् । बन – जङ्गल नासिए पानी सुकेर जान्छ । यसो भए पृथ्वीमा मानव मात्र होइन, कुनै पनि प्राणीको जीवन सम्भव छैन । एक दिन सबै बिनाश र अन्त भएर जाने निश्चित छ । यो धुर्ब सत्य हो ।

यसैले समयमा बुद्धि र बिवेक लिएर पर्यावरणको संरक्षण गर्नु पर्छ बन्ने चेतना भारेतली नेपाली कविहरूले आ – आफ्ना कविताहरूमा हामी भारतेली नेपाली साथै सम्पूर्ण मानवमा जगाउँन चाहेका छन् । भोलिको सुन्दर र आनन्दित जीवनका निम्ति हामी शिक्षित र सभ्य साथै धनवान भएर मात्र हुँदैन, पर्यावरणप्रति संरक्षण र जगेरामा सजग र चेतनशीत पनि हुन समयमा नै जरूरी छ । आज मानव जातिप्रति पर्यवारण प्रभाव साथै मनुष्यद्वारा पर्यावरणप्रति थोपरेको प्रभावहरूका अध्ययन मानव पारिस्थितिकी र मानव भूगोलका प्रमुख अध्ययन बिन्दु हो ।

## 12.5 सार

यस प्रखण्डमा **पर्यावरण चेतना र भारतेली नेपाली कविता**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ फ्रान्सेली भाषाबाट उद्भव भएको **पर्यावरण** (Environment) शब्दको निर्माण ) "परि"जो हाम्रो चारैतिर हुन्छ) "आवरण" र (जसले हामीलाई चारैतिरबाट धेर्ने गर्दछ– ( दुई शब्दको योगबाट भएको छ । सम्पूर्ण जड, भौतिक, रासायनिक एवम् जैविक तत्त्वको समष्टिगत इकाई नै पर्यावरण हो ।
- ❖ पर्यावरण शब्दको सर्वप्रथम प्रयोग फ्रान्सीसी विद्वान् कार्लाइलले जर्मन शब्द उमजेबुङ अर्थमा गरेका थिए, जसले **इन्भाइरोमेन्ट** जनाउँदछ ।

- ❖ पारिस्थितिकी र पर्यावरण भूगोलमा प्राकृतिक पर्यावरण शब्दको प्रयोग पर्यावास (Habitat) – को अर्थमा पनि भएको पाइन्छ ।
- ❖ **पर्यावरण**लाई सामान्य अर्थमा हामी मानवको जीवनलाई प्रभावित गर्ने सबै जैविक तथा अजैविक तत्व, तथ्य, प्रक्रिया साथै घटनाहरूको समुच्चयद्वारा निर्मित इकाई मानिन्छ ।
- ❖ हामी मानवको समस्त क्रियाकलापले पर्यावरणलाई प्रभावित पार्ने हुनाले एक जीवधारी र उसको पर्यावरण बीच अन्योन्याश्रय सम्बन्ध पनि रहेको हुन्छ ।
- ❖ **चेतना** भनेको व्यक्तिमा रहेको चेतनशील कुरो ज्ञ्यात, प्राणीमा हुने बिवेक, बुद्धि आदि हो । यसलाई कुनै पनि प्राणीको कवच पनि मानिन्छ ।
- ❖ कुनै पनि व्यक्तिको मूल्य, मान्यता र मानदण्डसित सम्बन्धित रहने यस चेतनाले व्यक्ति, समाज र जातिको सर्वाङ्गीण विकास र प्रगतिमा ठूलो सहयोग पुर्याउँदछ । चेतनाकै कारण मानवमा उचीत – अनुचितको भावना, सत्य – असत्यको ज्ञान, आज्ञा पालन, आत्म नियन्त्रण, दया, इमानदारीता, उत्तरदायित्व आदि उत्पन्न हुँदछ ।
- ❖ **पर्यावरण चेतना** भन्नाले मानिस, व्यक्ति, समाज, जाति, राष्ट्र, देश, विश्व सवैमा मनभित्रैबाट उत्पन्न हुनै चैतन्यको भावना हो । यसद्वारा पर्यावरणको संरक्षण, विकास र जगेरा हुने गर्दछ ।
- ❖ आज दिन – दिनै रूख – पात, बन – जङ्गलको बिनास, बड्दो औध्यगिकी, कल कारखाना, शहरीकरण आदिले गर्दा पर्यारणको बिनास हुँदै गइरहेको छ । मान्छेले आफ्नो स्वार्थको निम्ति दिन – दिनै बन – जङ्गलको बिनाश गर्दैछन् , जलको सरक्षणमा ध्यान

दिएका छैनन् , कल कारखानाको मैला धुँवाले वायुमण्डल प्रदुषित बन्दैछ, पानी दुषित र फोहोर बन्दैछ ।

- यस अतिरिक्त तकनीकि मानवद्वारा आर्थिक उद्देश्य प्राप्ति र जीवनमा विलासिता लक्ष्य प्राप्ति हेतु प्रकृतिसित व्यापक छेड़छाड़, हेलचेक्राई आदि क्रिया कलापका कारण प्राकृतिक पर्यावरणको सन्तुलन नष्ट भएर जादैछ ।
- प्रकृतिको सम्पत्ति सबैको निम्ति हो । तर यसको गलत अर्थ लाएर आज मानव प्रकृतिले बनाएको यावत वस्तुहरू मास्न र यसबाट घन कमाउनमा मस्त र ब्यस्त पनि छन् ।
- बन – जङ्गल नासिए पानी सुकेर जान्छ । यसो भए पृथ्वीमा मानव मात्र होइन, कुनै पनि प्राणीको जीवन सम्भव छैन । एक दिन सबै बिनाश र अन्त भएर जाने निश्चित छ ।
- आज मानव जातिप्रति पर्यवारण प्रभाव साथै मनुष्यद्वारा पर्यावरणप्रति थोपरेको प्रभावहरूका अध्ययन मानव पारिस्थितिकी र मानव भूगोलका प्रमुख अध्ययन बिन्दु हो ।
- सरकार र आम मानिस दुवैले पर्यावरणप्रतिको आफ्नो नैतिक जिम्मेदारीलाई बुझ्नु मात्र होइन सावधानी पूर्वक निर्वाह गर्नु पर्दछ ।
- पानी नै जीवन भएको हुनाले जल स्रोत चाहे त्यो गाउँमा होस् वा शहरमा त्यसको पवित्रता सदैव बनाइ राख्नु पर्दछ ।
- आज शहरमा मात्र होइन पर्यावरणको असन्तुलनता ग्राम, कमान, गाउँ र बस्तीहरूमा पनि भइरहेको छ । आर्थिक विपन्नताको नाममा ग्रामवासीहरू जङ्गल काट्न, रूख काटेर पैंसा कमाउँन, खोलामा विष

Notes

– ज्यानेटर हाली माछा मार्न, जङ्गली जनवारको शिकार गर्न आदिका कारण पर्यावरणप्रति यसको प्रभाव भइरहेको देखिन्छ ।

❖ आजको सम्भ संसारमा पर्यावरण जस्तो अति आवश्यक कुरा बारे मानिसहरू चेतनशील नहुनु भनेको आफ्नै खुट्टामा बञ्चरो हान्नु बराबर हो ।

❖ 'हामी' - को सट्टा 'म' र 'मेरो' भन्ने स्वार्थी भावनालाई भुलेर पर्यावरणको संरक्षण, जगेका र सुरक्षा हेतु साझारूपना अघि आउँनु जरूरी छ ।

❖ मानिस आधुनिक प्रौद्योगिकीका सहायताले पर्यावरणलाई प्रत्यक्ष, अप्रत्यक्ष रूपमा दूरगामी र अपरिवर्तनीय परिवर्तन ल्याउने क्षमता राख्दछन् । यसर्थ हामी सबैको र हामी सबैमा आज पर्यावरणप्रितको चेतना, जागरूकता, यसको सुरक्षा, संरक्षण, जगेरा आदिप्रति सचेत र जागरूकता बहुतै आवश्यक देखिन्छ ।

❖ समयमा बुद्धि र बिवेक लिएर पर्यावरणको संरक्षण गर्नु पर्छ बन्ने चेतना भारेतली नेपाली कविहरूले आ – आफ्ना कविताहरूमा हामी भारतेली नेपाली साथै सम्पूर्ण मानवमा जगाउँन चाहेका छन् ।

❖ भोलिको सुन्दर र आनन्दित जीवनका निम्ति हामी शिक्षित र सभ्य साथै धनवान भएर मात्र हुँदैन, पर्यावरणप्रति संरक्षण र जगेरामा सजग र चेतनशीत पनि हुन समयमा नै जरूरी छ ।

❖ पर्यावरणप्रतिको चेतनालाई लिएर प्राथमिक कालीन भारतेली नेपाली कविहरूले आफ्ना कविताहरूमा प्रकाश पारेका पाउँछौं । उदाहरणको निम्ति सवाई काव्यहरूलाई लिन सकिन्छ ।

- ❖ पर्यावरणप्रतिको चेतनालाई लिएर कविता लेख्ने प्रमुख भारतेली नेपाली कविहरूमा गोपीनारायण प्रधान, कर्ण थामी, लक्ष्मण श्रीमल, अबीर खालिङ, उदय थुलुङ, कालुसिंह रनपहेंली, खडकराज गिरी, बिचन्द्र, टेकध्वज जिम्बा 'आशा', माधव बुढाथोकी आदि छन् ।

यस प्रखण्डको अध्ययनले भारतेली नेपाली कवितामा अभिव्यक्त पर्यावरण चेतनाबारे बुनियाँदी जानकारी प्राप्त भयो । मूलरूपमा पर्यावरण र यस चेतनाका भावना रहेको भारतेली नेपाली कविताहरूको अध्ययन गर्दै भारतबाट लेखिएका वा प्रकाशित भएका यस प्रवृत्तिका नेपाली कविताका विभिद प्रवृत्ति, महत्व र विशेषता सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 12.6 अनुशीलनी

1 . पर्यावरणको परिभाषा केलाउँदै नेपाली साहित्यमा यस प्रवृत्ति लेखनको सर्वेक्षण गर्नुहोस् ।

2 . पर्यावरण चेतना भन्नाले के बुझ्नुहुन्छ ? यस प्रवृत्तिका कविताको लेखन हुनु किन जरूरी छ ?

3. भारतेली नेपाली कवितामा पर्यावरण चेतनामूलक साहित्यको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

3. भारतेली साहित्यमा पर्यावरण चेतनामूलक लेखनको उपयोगितालाई चिनाउँनुहोस् ।

4. नेपाली पर्यावरण चेतनामूलक साहित्यको मुख्य – मुख्य विशेषताहरूबारे विश्लेषण गर्नुहोस् ।

५. नेपाली पर्यावरण चेतनामूलक कविताको साम्य र बैषम्यबारे विवेचना गर्नुहोस् ।

६. भारतबाट प्रकाशित पर्यावरण चेतनामूलक काव्य – कृतिहरूको अध्ययन गर्नुहोस् ।

७. हिन्दी साहित्य र नेपाली साहित्यका पर्यावरण चेतनामूलक कविताहरूमाथि तुलना गर्नुहोस् ।

८. बङ्गला साहित्य र नेपाली साहित्यका पर्यावरण चेतनामूलक कविताहरूका तुलना गर्नुहोस् ।

९. नेपाली पर्यावरण चेतनामूलक कविताका पृष्ठभूमिबारे एउटा गतिलो लेख तयार पार्नुहोस् ।

10. भारतेली नेपाली पर्यावरण चेतनामूलक कविताहरूका विकासमा पत्र – पत्रिकाको के कस्तो भुमिका रहेको छ ? विवेचना गर्नुहोस् ।

11. नेपाली पर्यावरण चेतनामूलक कविताहरूका विकासक्रमबारे व्याख्या गर्नुहोस् ।

12. भारतेली नेपाली पर्यावरण चेतनामूलक कविताको वैशिष्ठबारे लेख लेख्नुहोस् ।

## 12.7 अतिरिक्त अध्ययन

1. सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।
2. प्रधान, कुमार – **पहिलो पहर** ।

3. प्रधान, कुमार – **अगमसिंह गिरीको कवितामा जातीय भावना** ।

4. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास** ।

५. दाहाल, पेशल – **नेपालको इतिहास र संस्कृति** ।

६. नामदुङ, जीवन - **अगमसिंह गिरीका कविताको अध्ययन र आधार** ।

७. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

८. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

९. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति** ।

10. उपाध्याय, केशवप्रसाद - **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति** ।

11. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि** ।

12. छेत्री, तुलसीवहादुर - **नेपाली साहित्यको विकासमा दार्जिलिङको योगदान** ( अप्रकाशित शोध प्रबन्ध ) ।

१३. आले, हरेन – **नव आधुनिक नेपाली कविता** ।

१४. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।

१५..उप्रेती, सञ्जीव -– **सिद्धान्तका कुरा** ।

१६. जैसी, श्यामराज – **भारतीय नेपालीहरूको प्रारम्भिक राजनैतिक गतिविधि** ।

१७. जिम्बा, टेकध्वज आशा – **आधुनिक भारतीय कविता संचयन** ।

यस अतिरिक्त पर्यावरण र पर्यावरण चेतनासित सम्बन्धित अन्य भाषा र साहित्यका पुस्तक र पत्र – पत्रकाहरूको पनि अध्ययन ।

## 12.8 मुल्यबृद्धिका निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. पर्यावरण र प्रकृतिमा भेद ।

....................................................................................

....................................................................................

....................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 12.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. पर्यावरण चेतनामूलक साहित्यका घटकहरू ।

....................................................................................

....................................................................................

....................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 12.3 को पर्यावरण चेतनाको अर्थ र परिभाषामा उत्तर खोज्न सक्नेछन् )**

३. नेपाली पर्यावरण चेतनामूलक कविताका मूल्य र उपयोगिता ।

....................................................................................

....................................................................................

....................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 12.4 को भारतेली नेपाली कवितामा पर्यावरण चेतनामा उत्तर खोज्न सक्नेछन् )**

४. भारतेली नेपाली साहित्यको विकासमा पर्यावरण चेतनामूलक कविताको योगदान ।

..............................................................................

..............................................................................

..............................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 12.4 को भारतेली नेपाली कवितामा पर्यावरण चेतनामा उत्तर खोज्न सक्नेछन् )**

५. पर्यावरणीय चेतनामूलक नेपाली कविताका बुँदाहरू ।

..............................................................................

..............................................................................

..............................................................................

**(प्रश्न ५ को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 12.६ को सार अंशमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 13, भारतेली नेपाली कवितामा प्रतीक, बिम्ब र मिथकको प्रयोग

## संरचना

13.0 उद्देश्य

13.1 परिचय

13.2 प्रतीक, बिम्ब र मिथकको अर्थ र परिभाषा

13.3 भारतेली नेपाली कवितामा प्रतीक, बिम्ब रमिथकको प्रयोग

13.4 उपसंहार

13.5 सार

13.6 अनुशीलनी

13.7 अतिरिक्त अध्ययन

13.8 मुल्यबृद्धिका निम्ति उत्तर

## 13.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- प्रतीक, बिम्ब र मिथकको अर्थ र परिभाषा
- प्रतीक, बिम्ब र मिथकको उद्भव
- प्रतीक, बिम्ब र मिथकमाझ भिन्नता
- प्रतीक, बिम्ब र मिथकको साहित्यमा महत्व
- प्रतीक, बिम्ब र मिथकमूलक भारतेली नेपाली कविता

- प्रमुक प्रतीक, बिम्ब र मिथकीय कविता सिर्जना गर्ने भारतेली नेपाली कवि

## 13.1 परिचय

'प्रति' धातुमा 'इक' प्रत्यय मिलेर बनिएको **प्रतीक** शब्दले विशेष आफूमा राख्नु, कुनै कुरोप्रति झुक्नु वा एकैसाथ केही कुरा फ्याक्नु आदिलाई बुझाउँछ । साधारण रूपमा चिन्ह वा सङ्केत भनी बुझिने वस्तु, भाव, विचार, क्रियाकलाप, देश, जाति, संस्कृति आदिलाई ध्योतन गर्ने सङ्केतक तत्त्वलाई प्रतीक भन्न सकिन्छ । ल्याटिन भाषाबाट उत्पत्ति भएको **प्रतीक**ले काव्य वा साहित्यको सन्दर्भमा कुनै वस्तु, चित्र, लिखित शब्द, ध्वनि आदिको विशिष्ट चिन्हलाई बुझिन्छ । यसको सम्बन्ध तथा सादृश्यता अन्य कुनै वस्तुलाई प्रतिनिधित्व गर्नु हुन्छ । यसैले काव्य वा साहित्यमा कुनै वस्तु, पदार्थ, बिषय आदिको भाव वा विचारको सङ्केतलाई नै प्रतीक भन्न सकिन्छ ।

बक्रोत्तिको रूपमा आभास हुने प्रतीकको सम्बन्ध मनुष्य वा पाठकको चिन्तनप्रणालीसित हुँदछ । स्रष्ट्राले मिल्दो – जुल्दो गुण वा बिशेषताको आधारमा मूर्त (बुझिने) कुरोलाई अमूर्त ( बुझ्न नसकिने ) रूपमा प्रस्तुत गर्नु तथा नदेखिने अर्को कुनै वस्तुको कल्पना गरी प्रयोग गरेका चिन्ह नै प्रतीक हुन् । नेपाली साहित्यको आधुनिक कालमा प्रतीकको भरमार प्रयोग साहित्यकारहरूद्वारा भएको पाइन्छ । कविताको क्षेत्रमा प्रयोगकालीन आधुनिक कविता लेखनदेखि प्रतीकको प्रयोग बिशेषरूपमा भएको मान्न सकिन्छ ।

Notes

प्रतीक जस्तै **बिम्ब** कुनै पदार्थको मानचित्र तथा छायाँ हो । काव्य – साहित्यको अध्ययन गर्दा भावक ( पाठक, दर्शक र श्रोता) - लाई कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छायाँलाई बिम्ब भन्न सकिन्छ । मूलरूपमा शब्दको माध्यमबाट पाठकको मस्तिष्कमा कुनै स्तिथि, स्थान, घटना वा पात्रको मनभावमा उत्पन्न हुने भाव नै बिम्ब हो । काव्य वा साहित्यको श्रेत्रमा बिम्ब शब्दले उपमा, रूपक, अलङ्कार आदिलाई जनाउँदछ । यसर्थ बिम्बलाई अलङ्कारवाद कै एउटा प्रतिरूप पनि मान्न सकिन्छ । बिम्बले साहित्यमा भाषाको लयात्मक संरचनामा जोड दिन्छ । कविता - साहित्य पढ्दा वा सुन्दा भावकले पाउने त्यसप्रकारको आनन्दको अनुभूतिलाई रसानुभूति भनिन्छ । वास्तवमा यही रसानुभूति नै साहित्यको बिम्ब हो । विशेष रूपमा कविले कल्पना र भावनाका माध्यम साहित्यमा बिम्बको निर्माण गरेका हुन्छन् । यो कविताको सजावट र आभूषण मात्र नभएर आवश्यक तत्व पनि हो । अतः पाठकले साहित्यको अध्ययन वा आस्वदान गर्दा उनीहरूका मस्तिष्कमा कुनै न कुनै रूपममा त्यसको चित्र उत्पन्न हुदँछ, यसकै विशालता र आकृतिको स्मरणलाई बिम्ब भन्न सकिन्छ ।

ग्रीसेली भाषाको ‘मिथोज’ शब्दबाट उत्पत्ति भएको **मिथक** शब्दको शाब्दिक अर्थ पुरानो वा प्राचीन कुरा हो । वास्तवमा प्राचीन वा पौराणिक विषयवस्तुलाई आधार बनाएर सत्यका साथ नवीन तथ्य तथा अर्थमा प्रयोग गर्नु नै मिथक हो । अतः प्राचीन पुराकथाहरूका तत्त्वलाई नवीन स्थितिहरूमा नयाँ अर्थमा प्रयोग गर्नुलाई नै मिथक भन्न सकिन्छ । यसबाहेक प्रचीन विषयवस्तुलाई नवीन परिप्रेक्ष्यमा सत्यको प्रतिष्ठा गर्नु नै मिथक हो । यसको मूल बिषय वेद, पुराण, उपनिषद् , महाभारत, रामायण आदि हुन्छन्

। अतः उपर्युक्त विषयहरूलाई आधार बनाएर त्यसमा नवीन मूल्य र मान्यता थपी, जोडी कथेको कथा नै मिथक हो । यसैले मिथक कहिले पनि असत्य हुँदैनन् । यसको प्रयोग साहित्य इतर काल्पनिक कथाहरूका निम्ति गरिए पनि यी कथाहरू पछि गएर सत्य साबीत हुँदछन् ।

## 13.2 प्रतीक, बिम्ब र मिथकको अर्थ र परिभाषा

'प्रति' धातुमा 'इक' प्रत्यय मिलेर बनिएको **प्रतीक** शब्दको अर्थ आफूमा राख्नु, झुक्नु वा एकैसाथ फ्याक्नु हो । यसलाई साधारणरूपमा चिन्ह वा सङ्केत भनिन्छ । प्रतीक सामान्यतः वस्तु, भाव, विचार, क्रियाकलाप, देश, जाति, संस्कृति आदिलाई ध्योतन गर्ने सङ्केतक तत्व हो ।

ल्याटिन भाषाको **स्यमबोलन** शब्दबाट उत्पत्ति भएको प्रतीक शब्द सर्वप्रथम ग्रीक कवि होमरको गीत ( ह्राइम ) - मा प्रयोग भएको मानिन्छ । पाश्चत्य साहित्यमा स्विस मनोविश्लेषक **कार्ल जंग**ले प्रतीकको प्रयोग र महत्वलाई बडाएर लगेको देखिन्छ । मूलतः प्रतीकलाई सङ्केत भने तापनि उनले प्रतीकलाई सङ्केत वा साइन मानेका छैनन् । जंगको बिचारमा सङ्केत (साइन) – को प्रयोग ज्ञात बस्तुहरूका निम्ति गरिन्छ भने प्रतीकको प्रयोग अज्ञात बस्तुहरूको निम्ति गरिन्छ भन्ने छ । तथापि काव्य वा साहित्यको सन्दर्भमा प्रतीक भन्नाले कुनै वस्तु, चित्र, लिखित शब्द, ध्वनि आदिको विशिष्ट चिन्हलाई बुझिन्छ, जसको सम्बन्ध तथा सादृश्यता अन्य कुनै वस्तुलाई प्रतिनिधित्व गर्नु हुन्छ । यसैले काव्य वा साहित्यमा कुनै वस्तु, पदार्थ, बिषय आदिको भाव वा विचारको सङ्केतलाई नै प्रतीक भन्न सकिन्छ । बिम्ब भनेको छायाँ वा नक्सा हो । कुनै पदार्थको मानचित्र तथा छायाँलाई

बिम्ब भनिन्छ । काव्य – साहित्यको अध्ययन गर्दा भावकलाई कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छायाँलाई बिम्ब भन्न सकिन्छ । मूलरूपमा शब्दको माध्यमबाट पाठकको मस्तिष्कमा कुनै स्तिथि, स्थान, घटना वा पात्रको मनभावमा उत्पन्न हुने भाव नै बिम्ब हो । काव्य वा साहित्यको श्रेत्रमा बिम्ब शब्दले उपमा, रूपक, अलङ्कार आदिलाई जनाउँदछ । यसर्थ बिम्बलाई अलङ्कारवाद कै एउटा प्रतिरूप पनि मान्न सकिन्छ । ग्रीक भाषाको इम्याज ( Image) शब्दवाट उत्पत्ति भएको यो शब्द अङ्ग्रेजीमा इम्याजिनिज्म् (Imaginism ) भइ नेपालीमा बिमबबादको रूपले चलेको पाइन्छ । यो इम्याज (Image) शब्दको प्रथम प्रयोग सन् 1९12 मा अङ्ग्रेजी विद्वान् एज्रा पाउण्डले गरेका थिए । उनले साहित्यमा देखा पर्ने वस्तुपरकता, स्पष्टता, यथार्थता र मूर्तताको रूपमा बिम्ब शब्दको अर्थ खोलेको मानिन्छ । मूलत: बिम्बले साहित्यमा भाषाको लयात्मक संरचनामा जोड दिन्छ ।

मिथक शब्द ग्रीसेली भाषाको 'मिथोज' शब्दबाट उत्पन्न भइ अङ्ग्रेजीमा 'मिथ' (Myth) भएको हो । ग्रीसेली भाषाको **मिथ** शब्दमा **अक्** प्रत्यय जोडिएर बनिएको **मिथक** शब्दको शाब्दिक अर्थ पुरानो वा प्राचीन कुरा हो । **मिथ**को अर्थ वाणी हो । वाणी भन्नाले आप्तवचन वा आप्तवाक्यलाई बुझिन्छ । यसर्थ प्राचीन वा पौराणिक विषयवस्तुलाई आधार बनाएर सत्यका साथ नवीन तथ्य तथा अर्थमा प्रयोग गर्नु नै मिथक हो । मूलत: प्राचीन पुराकथाहरूका तत्त्वलाई नवीन स्थितिहरूमा नयाँ अर्थमा प्रयोग गर्नुलाई नै मिथक भन्न सकिन्छ ।

विभिन्न विद्वान् र समीक्षकहरूले मिथकको परिभाषा आ-आफ्नै रूपमा दिएका छन् । पाश्चत्य विद्वान् **ई. ए. गार्डनर**ले प्रत्यक्ष र परोक्ष कथाको रूपमा रहने कल्पित नवीन तथ्यलाई मिथक मानेका छन् । उनले नीति कथा भन्दा

भिन्न तर आख्यानसित जोडिएको कथालाई मिथक मानेका छन् । **मैक्समुलर**ले मिथकलाई भाषाको एउटा रोग बताउँदै यसलाई विषयक परिवर्तनको तत्त्व मानेका छन् । **हेनरी जे. मरे**ले विलक्षण घटना र नाटकीय प्रतिवस्तुको नवीन रूपलाई मिथक मानेका छन् । **आचार्य हजारीप्रसाद द्विवेदी**अनुसार मिथक वस्तुतः सामुहिक मानवको भाव-निर्मात्री शक्तिको अभिव्यक्ति हो । **प. विद्यानिवास मिश्र**ले मिथक भन्नाले कुनै मिथ्या वा झुठो कुरासित सम्बन्ध राख्ने वस्तु होइन, यो कुनै पनि वास्तविकतालाई सत्यको साथ प्रस्तुत गर्ने माध्यम हो । यसरी विभिन्न विद्वानहरूले मिथकबारे आ-आफ्नै धारणा प्रस्तुत गरे तापनि मिथक भनेको केवल कल्पना मात्र होइन । यो कल्पना आडमा लेखिएको एउटा सामाजिक यथार्थ हो । वस्तुतः प्रचीन विषयवस्तुलाई नवीन परिप्रेक्ष्यमा सत्यको प्रतिष्ठा गर्नु नै मिथक हो ।

## 13.3 भारतेली नेपाली कवितामा प्रतीक, बिम्ब र मिथकको प्रयोग

प्रतीक भाव सत्तालाई अप्रस्तुत ढङ्गमा प्रकट गर्ने साहित्यको माध्यम हो । यसैले काव्यमा भावलाई आक्रषण बनाउनु नै प्रतीकको मूल उद्देश्य मानिन्छ । यो काव्य वा साहित्यमा सोझै रूपमा भावकलाई प्राप्त हुँदैन । बक्रोत्तिको रूपमा आभास हुने प्रतीकको सम्बन्ध मनुष्य वा पाठकको चिन्तनप्रणालीसित हुँदछ । स्रष्ट्राले मिल्दो – जुल्दो गुण वा बिशेषताको आधारमा मूर्त (बुझिने) कुरोलाई अमूर्त ( बुझ्न नसकिने ) रूपमा प्रस्तुत गर्नु तथा नदेखिने अर्को कुनै वस्तुको कल्पना गरी प्रयोग गरेका चिन्ह नै प्रतीक हुन् । अतः कुनै वस्तु वा घटनालाई सङ्केत गर्ने पदसमूहलाई प्रतीक मान्न सकिन्छ ।

नेपाली साहित्यको आधुनिक कालमा प्रतीकको भरमार प्रयोग साहित्यकारहरूद्वारा भएको पाइन्छ । कविताको क्षेत्रमा प्रयोगकालीन आधुनिक कविता लेखनदेखि प्रतीकको प्रयोग बिशेषरूपमा भएको मान्न सकिन्छ । आधुनिक स्रष्ट्राहरू लेखनाथ पौड्याल, मोहन कोइराला, गोपालप्रसाद रिमाल, भूपि शेरचन आदिका कविता ; रूपनारायण सिन्हा, विश्वेश्वरप्रसाद कोइरला, भवानी भिक्षु आदिका उपन्यास ; मोहनराज शर्मा, बासु शशि, मोहन - पुकार आदिका नाटकहरूमा प्रतीकको सुन्दर प्रयोग भएको पाइन्छन् । कवि शिरोमणि लेखनाथ पौड्यालको कवितायात्राको प्रारम्भ वि. सं. १९६१ सालमा प्रकाशित **कविता कल्पद्रुम** - मा सङ्ग्रहित उनका दुई कविताबाट भएको पाइन्छ । वि. सं. १९६९ मा प्रकाशित **लालित्य** - भित्र सङ्ग्रहित कविताले उनको प्रतिभालाई नेपाली समाजले अझ राम्ररी बुझ्ने र जान्ने मौका प्रदान गऱ्यो । यसपछि वि. सं. १९७० मा प्रकाशित उनको **शोक प्रवाह** शीर्षकको शोक काव्य, वि. सं. १९७३ मा प्रकाशित **ऋतु विचार** खण्डकाव्य र वि. सं. १९७३ मा नै प्रकाशित **बुद्धि विनोद** शीर्षकको अर्को खण्डकाव्यले नेपाली कविता साहित्यलाई नै युगान्तकारी मोड दिन पुग्यो । नेपाली समाजमा उनको ख्याति दिन प्रतिदिन बढ्दै जान थाल्यो । यस अतिरिक्त वि.सं. १९७६ सालमा नै उनको **सत्य - कलि सम्वाद** शीर्षकको अर्को कृति प्रकाशित भयो । यो कृतिले पनि नेपाली कविता साहित्यको क्षेत्रमा व्यापक चर्चा पायो। साहित्य सिर्जनामा नै उनी निमग्न हुनथाले । उनले अनेकौँ फुटकर कविताहरू रचना गरे , पुस्तकहरू लेखे । यसमध्ये 'पिजराको सुगा', 'कालमहिमा', 'सत्य - सन्देश', 'जीवन - चङ्गा', 'गौँथलीको चिरिबिरि' आदि कविता अविस्मरणीय बनेका छन् । त्यस्तै उनको प्रकाशित कृतिमध्ये **गीताञ्जली** (वि. सं. १९८६), **लक्ष्मीपूजा** (वि. सं. १९९४) नाटक, **त्याग**

**र उदयको युगल प्रकाशन** (वि. सं. 2002) स्तुतिकाव्य, **अमर ज्योतिको सत्य स्मृति** (वि. सं. 200८) शोक काव्य, **तरुण तपसी** (वि. सं. 2010) नव्य काव्य, **मेरो राम** (वि. सं. 2011) खण्डकाव्य, **अभिज्ञान शाकुन्तल (**वि. सं. 201७) नाटक, **भतर्हरि निर्वेद** (वि. सं. 2020) नाटक र **गङ्गा गौरी** महाकाव्य आदि अमर र अमूल्य कृति मानिन्छन् ।

उपर्युक्त कृतिहरू मध्ये कवि शिरोमणि लेखनाथ पौड्यालद्वारा लिखित **पिँजडाको सुगा** कविता उत्कृष्ठ प्रतीकात्मक कविता मान्न सकिन्छ । प्रस्तुत कवितानेपाली कविता साहित्यलाई माध्यमिक कालदेखि आधुनिक कालमा छुट्याउने एउटा मायलखुट्टी कविता हो । यसैले कवि लेखनाथलाई नेपाली कविता साहित्यको आधुनिक कालका प्रवर्तक मानिन्छ । मूलरूपमा तत्कालिन राणा शाषणप्रति घोर विरोध र भत्सर्ना गर्दै लिखिएको **पिँजडाको सुगा** कविता विद्रोहमूलक प्रवृत्तिमा लेखिएको क्रान्तिकारी प्रतीकात्मक कविता मानिन्छ ।

राणाकालीन युगमा नेपाल अस्तव्यस्त, खोरण्डो र लड्गडो थियो । साधारण निमुखा जनताहरू राणाहरूका आज्ञा पालन गर्नु सिवाय अर्को विकल्प थिएन । देश देश जस्तो थिएन । जनताहरू राणाहरूका पिँजडा सरह पञ्जामा जाकिएका थिए । कसैले खलेर राणा विरूद्धमा केही विरोध गर्न खोजे तथा अलिकति भान मात्र पाए, राणाले ती व्यक्ति वा जतनालाई कठोर सजाई दिन्थे । यहाँसम्म कि साहित्यकारहरू धरीले खुलेर साहित्य लेख्न पाइँदैनथ्यो । राम्रा सृजना पनि आगोमा झोस्नुपर्थ्यो वा त स्रष्टाले चिसो खोरमा सुत्न जानुपर्थ्यो । त्यसैले लेखनाथ पौड्यालले जति लेखे, धैरै लेखे । यसै प्रसङ्गमा उनी आफै भन्थे "मेरो समयमा त म एक्लो जस्तै थिएँ । त्यति

बेला लेख्नु त पापै सम्झिन्थ्यो । तर मैले त्यस्तो समयमा पनि लेखें नि !" यसरी राणाहरूको जगजगी शाषणमा पनि उनीहरूकै विरोध गर्दै पिँजडाको सुगा लेखेर कवि लेखनाथ नेपाली जाति तथा सोझा जनताको निम्ति परोपकारी कवि पनि बन्न गएका छन् ।

पिँजडाको जस्तो जीवन विताउँन विवश तत्कालिन नेपाली जतनाको गुणासो पनि हो प्रस्तुत **पिँजडाको सुगा** कविता । यस कवितालाई एउटा प्रतिकात्मक कविता पनि मान्न सकिन्छ । यहाँ पिँजडा भन्नाले नेपालका राणा र उनीहरूका कुर शाषण अनि सुगा भन्नाले निमुखा नेपाली जतनालाई बुझिन्छ । तत्कालिन नेपाली जतना कुन अवस्थामा रहेका थिए भन्ने कुराको उल्लेख कविताको यस पङ्क्तिबाट हुन्छ -

***वरिपरि बैरीहरू छन् सारा, छैन कतैतिर कोही सहारा,***

***के गरू, कसरी उम्की जाऊँ, को सित मनको दर्द विसाऊँ ।***

प्रस्तुत **पिँजडाको सुगा** कविताले तत्कालिन नेपाल राणा शाषणलाई मात्र इङ्गित नगरेर वर्तमान हाम्रो देश, राष्ट्र, राज्य र समाजको कोल्टे नितिलाई पनि ध्योतन गर्न चाहेका छन् । हामी भारतीय नेपालीहरू देश स्वाधिन भएको आज बहत्तर (७2) बर्ष भएर पनि आफ्नै देशमा अन्य राणा सरह व्यवस्था र नियमदेखि स्वाधिन भएका छैनौ । हाम्रो जातीय अस्तित्व, चिन्हारी र जाजीय मुक्ति अझै पनि शङ्कटकै धेरामा परिरहेका छ । हामी हाम्रै समाज, नीति र नियमको पिँजडामा जकडिएका छौँ । खै हाम्रो स्वातन्त्रता ?, खै हाम्रो उन्मुक्ति ? कहिलेसम्म अर्का कै अधिनमा बस्नु । यसैले यस्तो तुच्छ सुगा सरह अन्यको अधिनमा बस्नुपर्ने मानव चोला बारे धिक्कार गर्दै कवि भन्छन् -

*पृथ्वी तलमा एउटासम्म, मानिस बाँकी रहदासम्म,*

*तुच्छ सुगाको जन्म नदेऊ ।*

कवि रिमालका एउटा कविता सङ्ग्रह **आमाको सपना** (सन् 1९६1) , दुईवटा पूर्णाङ्की नाटक **मसान** ( सन् 1९4६) र **यो प्रेम** (सन् 1९५८) अनि एउटा एकाङ्की **माया** प्रकाशित छन् । नेपाली साहित्यमा प्रथम गध्य कविका प्रवर्तक मानिने तथा सर्वप्रथम छन्दमा लेख्ने कविताको परम्परालाई चोडेर गध्यमा कविता लेख्ने कवि गोपालप्रसाद रिमालको पहिलो कविता सन् 1९3५ को **शारदा** पत्रिकामा प्रकाशित **प्रति** हो । थोरै कविता लेखेर धेरै नाम कमाउने कवि रिमालका कविताहरूमा स्वच्छन्दताप्रवृत्ति, नारी चेतना, विद्रोह चेतना, क्रान्तिकारी भाव, प्रजातन्त्र चेत, व्यङ्ग्य चेतना आदि पाइन्छ ।

सन् 1९६1 मा प्रकाशित **आमाको सपना** कविता सङ्ग्रहमा जम्मा 2८ वटा कविताहरू सङ्ग्रहित छन् । ती मध्ये प्रस्तुत कविता सङ्ग्रहको शीर्षक कविता **आमाको सपना** कविता बिद्रोहको स्वरमा क्रान्तिलाई डाकिएको अत्यचारी राणा शासनप्रति उठाइएको ठाडो औंला हो । प्रस्तुत कवितामा प्रतीकको भरमार प्रयोग पाइन्छ । नेपालमा राजनैतिक परिवर्तनको उद्देश्य लिएर नयाँ बिहानीको अपेक्षा गर्दै लेखिएको **आमाको सपना** कवितामा कवि रिमालले ठाउँठाउँ कडा शब्दमा शाशन र व्यवस्थाप्रति बिरोध, अन्याय र अत्यचारप्रति बिद्रोह गरेका छन् । कवि रिमाल स्वभावले नै बिद्रोही थिए । यसको प्रमाण उनी कुनै पनि जागिरमा स्थायी रूपले लामो अवधिसम्म नरहेको घटनाबाट प्राप्त हुन्छ । विशेषगरेर कवि रिमालको समयमा नेपालमा जहानिया रामा शासन थियो । यस निरङ्कुश जहानियाँ राणा शासनमा जनताले पाएको यातना र भोगेको दुखहरूलाई उनले नजिकबाट अनुभव गरेका थिए ।

नेपालको 200७ सालको जनक्रान्ति र सन् 2003 अनि 200७ मा कवि स्वयंलाई राणाले 12 बर्षसम्म कठोर कारावासमा थुनेका थिए । यस अतिरिक्त बर्दियामा अमिनको जागीर छाडी भारत पकेको कवि रिमाल पण्डिचेरीको अरविन्द आश्रममा सत्य र गीताध्यन गरी नेपाल फर्किन्दा शहीद काण्ड घटिसकेको थियो । यसर्थ काठमाण्डौ फर्किएको एक वर्षपछि राणाहरूको कडा स्वरमा बिरोध गर्दै नेपालको उज्ज्वल भविष्यको लागि प्रजातन्त्रको स्थापनाको निम्ति लेखिएको कविता हो – **आमाको सपना** । यस कवितामा प्रतिकात्मक रूपमा राणाहरूप्रति बिरोध गर्दै भोलिको सुन्दर भविष्यप्रति कवि भन्छन् -

***आमा, त्यो आउँछ र***

***हो, बा त्यो आउँछ ।***

***त्यो बिहानको सूर्यझैं उज्यालो छर्दै आउँछ ।***

प्रस्तुत कवितामा प्रतीकात्मक रूपमा **त्यो** भन्नाले क्रान्ति, **बा** भन्नाले साधारण जनता, **आमा** भन्नाले नेपाल देश र **बिहानको सूर्य** भन्नाले भविष्यको सुखद दिनलाई बुझिन्छ । विशेषगरी प्रस्तुत कवितामा कवि रिमालले प्रतीकात्मकरूपमा नेपालको निस्सासिदो राजनैतिक र सामाजिक अवस्थालाई परिवर्तन गर्न चाहेका छन् । विश्वका विभिन्न देशहरूका क्रान्तिकारी लेखक रूसो, मार्टिन लुथर, पाब्ले नेरूदा, कन्फ्युसियल आदिका लेखनबाट देशमा नयाँ समाजको निर्माण भएको छ । यसर्थ प्रस्तुत **आमाको सपना** कवितामा कवि रिमालले नेपालमा 104 बर्षीय एकतन्त्रीय राणा

शासनबाट नेपाल आमा र नेपाली जनतालाई मुक्त गर्न चाहदै प्रतीकका माध्यम यसो भन्छन् –

*त्यो आउँछ कि आमा,*

*मधुर उषाले चराहरूको कण्ठलाई जस्तै*

*त्यो आउन आशाले मेरो ह्रदयलाई कुतकुत्याइसक्यो आमा !*

*"हो, त्यो आउँछ ।*

*त्यो बिहानको सूर्य झै उज्यालो छर्दै आउँछ ।*

*अब म उठे, गएँ । "*

कवि गोपालप्रसाद रिमालको **आमाको सपना** कवितामा **आमा** नेपाल राष्ट्रको प्रतीक, **सपना** सून्दर भबिष्यको प्रतीक, **त्यो** क्रान्तिको प्रतीक अनि **छोरा** शोषित जनताको प्रतीक हो ।

आधुनिक नेपाली कविताका स्वच्छन्दतावादी – प्रगतिवादी धाराका कविको रूपमा परिचित कवि भूपि शेरचनको जन्म सन् १९३५ मा नेपालको मुस्ताङ जिल्लास्थित टुकुचे भन्ने गाउँमा भएको थियो । उनका कविताहरूमा विशेष माक्सवादी दर्शन र चिन्तन पाइन्छ । कवि शेतचन भारतका कवि नभए तापनि उनको कविताहरूमा प्रतीक र बिम्बको भरमार प्रयोग पाइने हुनाले यहाँ उनीबारे अध्ययन गर्नु प्रासङ्गिक देखिन्छ । उनको कविता – कृतिहरूमा **नयाँ झ्याउरे** (सन् १९५4), **निर्झर** (सन् १९५८), **घुम्ने मेचमाथि अन्धो मान्छे** (सन् १९७९), **भूपि शेरचनका कविता** (सन् 2000) आदि प्रकाशित छन् । देशभक्ति, नारीको वेदना, लाहुरे जीवन, आध्यतमवाद आदि विविध विषयलाई समाएर कविता सिर्जाना गर्ने कवि भूपिका कविताहरूमा

प्रतीक र बिम्बको राम्रो प्रयोग भएको पाइन्छ । उनी **मर्दैछ हामीमा हामी बाँचेको युग** कवितामा प्रतीकको प्रयोग यसरी गर्छन् –

***बाँधका मुहान, खोला – नाला र तालका कुरहरू***

***डोका जाल पाले उभ्याएर***

***हरियो मरियो पृथ्वी ग्यासच्याम्बर ।***

कवि भूपिको मास्टर पिस कविता मानिने मैनबत्तीको शिखा कवितामा प्रतीकको भन्दा पनि बिम्बको सुन्दर प्रयोग भएको पाइन्छ । बिम्बात्मक कविताको रूपमा दरिने उक्त कवितामा कविले नारीका तीन रूपको वर्णन बिम्बका रूपमा गरेका छन् । उदाहरण –

***प्रथम रजस्वलापछि***

***स्नान गरेर शारदीय घाममा***

***आफ्नो कौमार्य छरेर***

***एकातिर धप्प धप्प बलिरहेछ अनुहार***

***अर्कोतिर तप्प तप्प ढलिरहेछ अश्रुधार ।***

साहित्यको क्षेत्रमा प्रतीक उन्नाइसौँ शताब्दीदेखि एउटा आन्दोलनको रूपमा चलेको देखिन्छ । साहित्यमा यस आन्दोलनलाई प्रतीकबाद ( Symbolism ) भनिन्छ । सन् १८८६ मा फ्रान्सबाट यो बाद प्रारम्भ भएको हो , जुन फ्रान्सिली पत्रिका **फिगारो**मा प्रकाशित घोषणाबाट भएको थियो । प्रतीकवादको अग्रणी खाम्बो पाश्चत्य कवि **एडगर एलेन पो**लाई मानिन्छ । उनीपछि

बोदलेयर, मर्लामो, भर्लाइन आदि कविहरूले यस बादलाई अधि बडाएका हुन् । मूलतः बीशौँ शताब्दीको प्रारम्भमा टी. एस. इलियट, डब्लू. बी. मोने आदिले यस प्रतीकबाद आन्दोलनलाई अझ अधि बडाएर लगेको मानिन्छ ।

प्रतीकवादको यस आन्दोलनलाई पछ्याउँदै तथा अनुसरण गर्दै भारतेली नेपाली कविहरूले आफ्ना कविताहरूमा प्रतीकको भरमार प्रयोग गरेका पाउँछौं । भारेतेली नेपाली कवितामा प्रतीकलाई प्रयोग गरेर विशेष कविता लेख्ने भारतेली कविहरूमा अगमसिंह गिरी, ओकिउयामा ग्वाइन, जस योञ्जन प्यासी, मनप्रसाद सुब्बा, उदय थुलुङ, मोहन ठकुरी, सुरेन्द्र थीङ आदि प्रमुख छन् । कवि अगमसिंह गिरी गध्य शैलीलाई मूलरूपमा अफ्नाएर कविता लेख्ने जातीय कवि हुन् । उनको कविता र काव्यहरूमा विशेषगरी स्वाच्छन्द भाव, प्रकृत्ति चित्रण, जातीय चेतनाको भावना, बिद्रोही स्वर, क्रान्तिकारी विचार, नेपाली जातिको दयनीय स्तिथि र दुर्दशाको उजागार साथै पीडा, वेदना र नैराश्य भाव पाइए तापनि कतिपय कविताहरू प्रतीकात्मक बनेका छन् । कवि गिरीको हालसम्म सन् १९५९ मा **आत्मव्यथा**, सन् १९६६ मा **जीवन – गीत**, सन् १९७८ मा **जलेको प्रतिबिम्ब : रोएको प्रतिध्वनि** आदि कविता सङ्ग्रह ; सन् १९५५ मा **याद**, सन् १९६६ मा **आँसु**, सन् १९७1 मा **युद्ध र योद्धा** आदि खण्डकाव्य प्रकाशित छन् ।

कवि गिरीको अन्य कविताहरू भन्दा **आत्मव्यथा** (सन् १९५९) कविता सङ्ग्रहमा सङ्ग्रहित **मोहब्बत – गल्ली** कवितामा प्रतीकको आधिक्य प्रयोग पाइन्छ । प्रस्तुत कविता दार्जिलिङको चोकबजारमा रहेको मोहब्बत गल्लीमा दिनभरी भारी बोकेर कुल्ली काम गर्ने एक तामाङ कुल्लीको कथा वर्णन छ । सुदुर पहाडबाट दाल – भात र ढुकुको समस्याले पिरोलिएर सुखद भविष्यको

निम्ति दार्जिलिङ आएको तामङ कुल्ली केवल जीवनभर मोहब्बत गल्लीमा कुल्ली काम गर्नुमा मात्र सीमित देखिन्छ । तर यहाँ तामङ कुल्ली भन्नाले हामी भारेतेली वा दार्जिलिङ्गे नेपालीहरू हौ । हामी आफ्नै किपट वा भूमिमा नोकर र अरूका दासी मात्र भएका छौ । यसैले कवि गिरी प्रतीकात्मक रूपमा **मोहब्बत – गल्ली** कवितामा यसो भन्छन् –

***मुखमा हाँसो छैन जुटेको मनको मौन पुकार***
***द्रवित आत्मा नेपालीको गर्छ यहाँ चित्कार***
***यही छ जर्जर नेपालीको पशुवत जीवन हेर***
***शोषितहरूको करूण कथा छ मोहब्बत – गल्ली नेर ।***

यसरी सामान्तवाद र पुन्जीवाद तथा मालिक, कमानका साहेब, ठेकादार, म्यानेजर, बाबु सम्प्रदाय र ठूला भनाउँदोहरूको चपेटमा परेर हामी भारतेली नेपालीहरूको जीवन पशुतुल्य बनिसकेको छ । सोझा, सिधा, निमुखा र बहादुर सम्झेर हामीलाई अरूले निर्बल र लङ्गडा बनाउँदैछन् । हामी बस्ने गाउँ – घर, कमान – बस्तीमा जता-ततै शोषण, अत्यचार र अन्याय भइरहेको छ । हत्य, लुट र बलात्कार दिन – दिनै बडदैछ । तर सुन्ने कसले ?, भन्ने कसलाई ? केवल ह्रदयभरी व्यथाको घाउ बोकेर अस्तित्वहीन र चिन्हारीहीन जीवन बिताउँन हामी भारतीय नेपाली आफ्नै देश भारतमा विवश छौं । यसैले प्रस्तुत **मोहब्बत – गल्ली** कवितामा कवि गिरी भन्छन् -

***भतभत पोल्ने चित्त बिथोलने आत्म – ग्लानिको घाउ***
***दोहन शोषण जलन छ गहिरो केवल हेर्दै जाऊ***
***कसरी उसले आज बताऔस् दरदी ह्रदय फारी***
***भन्न सजिलो छैन व्यथाको घाउ छ दिलमा भारी ।***

यहाँ **आत्मग्लानी** भन्नाले दार्जिलिङ्गे नेपालीहरूका व्याथा, पीडा, **उसले** भन्नाले नेपाली जाति र **दिलमा भारी** भन्नाले जीवनको बोझ वा दुः खलाई बुझिन्छ । मूलतः प्रस्तुत **मोहब्बत गल्ली** कवितामा एउटा प्रतीकको रूपलाई अर्को प्रतीकको रुपसित आरोप गरिएको हुनाले यसमा **आरोपमूलक प्रतीक**को प्रयोग भएको बुझिन्छ । जुन प्रतीकले भिन्न – भिन्न दुइवटा प्रतीकको वास्तविक रूपलाई जनाउदछ तथा अलग – अलग दुइ भिन्न प्रतीकलाई जोडेर नवीन प्रतीकको सृजना गर्दछ, त्यस प्रतीकलाई **आरोपमूलक प्रतीक** भनिन्छ । उदाहरणको निम्ति अगमसिंह गिरीको **मोहब्बत गल्ली** कविताको यस पङ्क्तिलाई लिन सक्छौं –

***टोपी तानी छाप लुकायो, भित्र छ गहिरो दाग***

***लुक्न नसक्ने राशी राशी जीवनको बैराग ।***

कवि ओकिउयामा ग्वाइन विशेष स्वच्छन्दतावादी भारतेली नेपाली कवि भए तापनि उनका धेरै कविताहरूमा प्रतीक र बिम्बको प्रयोग सुन्दर रूपमा भएको पाइन्छ । सन् १९20 मा हङ्गकङ्गमा जन्मेर सन् १९९3 मा देहान्त हुने कवि ग्वाइनका **चित्रलेखा**, **अनामिका**, **भाव – सम्भव** आदि कविता सङ्ग्रह प्रकाशित छन् । विश्वयुद्धको समाप्ति पछि सन् १९4६ मा कालेबुङमा आइ बसेका अनि पछि दार्जिलिङकै एक स्थायी बासिन्दाका रूपमा परिचित कवि ग्वाइनका सन् १९५0 – ५७ तिर भारती पत्रिकामा कविताहरू प्रकाशित हुन थालेपछि उनलाई कविको रूपमा चिनिएको हो ।

प्रकृतिका चित्रणमा बेजोढ प्रतिभा भएका कवि ओकिउयामा ग्वाइनले आफ्ना कविताहरूमा प्रकृतिका चित्रणको निम्ति नाना प्रतीको सन्निवेश र बिम्बको

प्रयोग गरेका छन् । उनी **अलस – प्रभात** कवितामा प्रकृतिको मनग्गे प्रतीक र बिम्बको प्रयोग यसरी गर्छन् –

***रहेछ निहुरी, नयन – लति, ललित परेलासित***

***दुबोको हरियो निहुरे जसरी मातीका चहकिलो बीच***

***छातीमा बेहेरेका केशका लहरा खेलाएर अलस औंलाले***

***हिजो रातिको उब्रेको सपना, थन्काएर राख्दैछिन् अब ।***

यसरी कवि ग्वाइनले उक्त कवितामा बिहानीको प्रभातलाई शीतको माती, केशका लहरा, उब्रेको सपना आदि प्रतीकसित दाजेका छन् । यसरी नै **हिमाल सौन्दर्य** कवितामा प्रकृतिलाई कलिला र कोमल सयपत्री फूलसित दाज्दै कवि यसो भन्छन् –

***दुई कलीका कुञ्जका हरीया हँसी***

***विक्षिप्त भएर लुकाएर राखेका***

***सयपत्री फूलका कलि ।***

कवि ग्वाइनले कतिपय आफ्नो कविताहरूमा प्रकृतिका अतिरिक्त नेपाली जातिलाई प्रतीक र बिम्बको प्रयोगद्वारा क्रान्तिकारी बन्ने प्रेरित पनि गरेका छन् । उनको **हामी, तिहारअघि** आदि कवितामा यस प्रभृतिका प्रतीक र बिम्बको धेरै प्रयोग भएको पाइन्छ । **हामी** कवितामा नेपाली जातीयताको बिद्रोही स्वर निकाल्दै स्पष्टसित प्रतीकको सफल प्रयोग यसरी गर्छन् –

***प्रगतिको प्रायश्चितमा मानवताको***

*प्रवेणी संगम बीच*

*हामी हौं के ?*

*आधुनिकताको नवजात शिशु*

*पौराणिकताको मुर्कट्टा ।*

यसरी विविध प्रतीक र बिम्बको प्रयोगले हेर्नु हो भने कवि ओकिउयामा ग्वाइन कवि मोहन कोइराला भन्दा पनि सफल भएको ठहर्दछ । उनका यही प्रतीक र बिम्बको प्रयोगका कारण कवि ग्वाइनका कविताहरू भारतेली नेपाली कविता क्षेत्रमा आधुनिकता सँगसँगै कालजयी र उत्कृष्ट पनि बन्न पुगेको प्रतीत हुन्छ ।

भारतेली नेपाली कवि जस योञ्जन प्यासी विभिन्न कविताहरूमा प्रतीकको राम्रो प्रयोग भएको पाइन्छ । उनको सन् १९८५ मा **एउटा देशको खोजमा**, सन् 2002 मा **शान्ति – सन्देह** कविता सङ्ग्रह प्रकाशित छन् । सन् १९४९ मा दार्जिलिङको चुङथुङ चियाकमानमा जन्मिएका कवि प्यासीका कविताहरूमा युगीन विसङ्गति र व्यवस्थाको विकृतिप्रति प्रतीकका माध्यम विद्रोहको आवाज पाइन्छ । वर्तमान पिँढीको अन्योलपूर्ण स्थितिको चित्रण गर्दै भावी सन्ततिप्रतिको चिन्ता पनि उनको कवितामा पाइन्छ । मान्छे – मान्छे विचमा बढिरहेको द्वेष, डाह, ईर्ष्याका कारणले विश्व अशान्त बनिरहेको वोध गर्ने कवि प्यासीका कवितामा विश्व – शान्तिका लागि स्वर ध्वनित भएको पाइन्छ । यस तथ्यलाई कवि **शान्ति – सन्देह** कविता सङ्ग्रहमा सङ्ग्रहित शीर्षक कवितामा प्रतीकको माध्यम यसो भन्छन् –

*उडे ती सेता – सेता परेवा आकाशमा*

*फिँजाएर सेता पखेटा बतासमा*

*तालीहरू बजे तलबाट*

*माथि पुगेका सेता परेवाहरूसँग रमाएर*

*तर पलमै बुन्नथाले जालहरू*

*छातीभित्र बाँचेका काला परेवाहरूसँगै थुनिएर ।*

यहाँ **सेतो परेवा** शान्ति, समन, सुन्दर, मनोरम आदिको अनि **कालो परेवा** अशान्ति, छल – कपट, धोका, घात - प्रतिघात आदिको प्रतीक हो । यसरी कवि प्यासीले आफ्ना कविताहरूमा भरमार प्रतीकको प्रयोग गरेर भारतेली नेपाली कविताको विकासमा अतुलनीय योगदान पुराएको छ भन्न सकिन्छ ।

यसरी नै दार्जिलिङका कवि बिरेन्द्रका कविताहरू पनि प्रतिकात्मक बनेका छन् । 12 दिस्मबर सन् १९२७ मा दार्जिलिङको सुखेपोखरीमा जन्मिएका कवि बिरेन्द्रको पुरा नाम बिरेन्द्र सुब्बा हो । उनको **एकान्त** (दानियल खालिङको संयुक्त लेखनमा लेखिएको), **कुसुम छोरी, मेधमाला, स्वर्णिमा** आदि कविता सङ्ग्रह प्रकाशित छन् । यस अतिरिक्त **फिस्टा** (सन् १८७८), **तस्वीर** (सन् १८७८) लधु नाटक, **मूल सडकतिर** (सन् १९६८) उपन्यास पनि प्रकाशित छन् । प्रगतिवादी चिन्तनलाई आत्मसाथ गर्दै कविता लेख्ने कवि बिरेन्द्रका कविताहरूमा रवीन्द्रनाथ ठाकुरको लेखन शैली र क्लिष्टता पाइन्छ । प्रतीक र बिम्बको भरमार प्रयोगका कारण उनका कविताहरू बौद्धिक पनि बनेका छन् । अत: कवि बिरेन्द्रका कविताहरू सरल छैनन् । बौद्धिक्ता र अस्पष्ट वैयक्तिकताको कारण उनका कविताहरू पाठकले पढ्दा हृदयले होइन मस्तिष्कले पढ्नु पर्दछ ।

विशेषतः कवि बिरेन्द्रले आफ्ना कविताहरूमा प्रतीकको माध्यम समाजमा भएको असमानताको पर्खाललाई तोड्न चाहेका छन् । शोषण, अत्यचार, षडयन्त्र र सन्त्रासले भरिएको नेपाली समाजमा उनले प्रतीक कै माध्यम बिद्रोहको आवाज उठाएका छन् । कवि **आगोको बहँदो नदी** कवितामा प्रतीकको प्रयोग गर्दै यसो भन्छन् –

***शोषणको विरोधमा मोचन***

***बाँडन हेतुले आधा विश्व थर्काएर फुटे***

***छताछुल्ल भएकाले जोडन, बाँझो मरूलाई गोडन,***

***विशाल फूटको पर्खाललाई तोडन***

***हे भाई, म ता आगोको हुँ बँहदो नदी ।***

यसरी नै कवि बिरेन्द्रले आफ्नो **बिहान** कवितामा प्रतीकको माध्यम सारा भारतेली नेपालीको जीवनमा नयाँ विहानी ल्याउन चाहेका छन् । कविको जीवनमा सदैव जसरी प्रत्योक बिहान दुलहाको जस्तो संसार र दुलहीको जस्तो अनुहार लिएर जगाउन बिहान आउँछन् , त्यसरी नै भारतेली नेपालीहरूका जीवनमा पनि बिहान आएको उनले हेर्न चाहेका छन् । यसैले कवि प्रस्तुत कवितामा यसो भन्छन् –

***चाँप र गुराँस जस्ता समाचार बोकी***

***नीला नीला आकाश माझ***

***कैला कैला गौथली छोडी***

*फेरि बिहान*

*मेरी बिहान*

*मलाई जगाउन आइपुगी ।*

यहाँ **बिहान** भविष्यको सुन्दर संसार, नयाँ दिन, नौलो सोच र नवीन कार्यको प्रतीकको रूपमा चित्रित भएको छ । मूलतः प्रतीकलाई आफ्नो रचनाको मूल तन्तु भारतेली नेपाली साहित्यकारहरूले कविता बाहेक अन्य विधाहरूमा पनि बनाएका छन् । उदाहरणको निम्ति रूपनारायण सिन्हाको **भ्रमर** उपन्यासमा नायक **शेखर** स्वच्छन्द विचार र भोग बिलासी भएको पुरूषको प्रतीक, नायीका **वीणा** सह्दयी स्वभावकी पतिब्रत नारीको प्रतीक, **माया** आधुनिक नारीको प्रतीक आदि हुन् । यसरी नै मोहनराज शर्माकृत **बैखुण्ड एक्सप्रेस** नाटकमा **बैखुण्ड** सुख – सुबिघा चाहने मानवीय गुणको प्रतीक र **एक्सप्रेस**लाई मानिसमा छिटै धनी हुने चाहनाको प्रतीक मान्न सकिन्छ ।

बिम्बको प्रस्तुतिद्वारा कुनै वस्तु वा पदार्थको चित्र पाठकको स्मृतिमा आउने तन्तु हो । कहिले काँही भावक तथा हामीले साहित्य आदि अध्ययन गर्दा, नाटक - चलचित्र हेर्दा आफु र आफ्ना वरिपरिको वस्तु - स्तिथिलाई भुलेर पूर्ण रूपले त्यसैमा तल्लीन भइ आनन्दीत हुनपुग्छौँ । कविता- साहित्य पढदा वा सुन्दा भावकले पाउने त्यसप्रकारको आनन्दको अनुभूतिलाई रसानुभूति भनिन्छ । वास्तवमा यही रसानुभूति नै साहित्यको बिम्ब हो । विशेष रूपमा कविले कल्पना र भावनाका माध्यम साहित्यमा बिम्बको निर्माण गरेका हुन्छन् । यो कविताको सजावट र आभूषण मात्र नभएर आवश्यक तत्व पनि हो । अतः पाठकले साहित्यको अध्ययन वा आस्वदान

गर्दा उनीहरूका मस्तिष्कमा कुनै न कुनै रूपममा त्यसको चित्र उत्पन्न हुदँछ, यसकै विशालता र आकृतिको स्मरणलाई बिम्ब भन्न सकिन्छ ।

नेपाली साहित्यमा कवि बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, मोहन कोइराला आदिका कविताहरू, लेनसिहं बाङ्गदेल, इन्द्र सुन्दास, लीलबहादुर छेत्री आदिका उपन्यासहरूमा बिम्बको भरमार प्रयोग पाइन्छन् । बिम्ब साहित्यमा साहित्यकारद्वारा कोरेको चित्रमयताको कारण पाठकको मनमा उत्पन्न भाव भएको हुनाले यो कल्पना निर्मित र भाव गर्भित हुन्छ ।

नेपाली आधुनिक कवितामा बिम्बको भरमार प्रयोग पाइन्छ । कवि मोहन कोइरालाको **घाइते युग** कवितामा मृत मानवको बिम्ब, **कार्टुनको सहर** कवितामा धमिलो पोस्टर टालिएको नगरको बिम्ब आदि पाइन्छ । गोपालप्रसाद रिमालको **आमाको सपना** कवितामा यसरी बिम्बको प्रयोग भएको छ –

**त्यो विहानको सूर्य झैं उज्यालो छर्दै आउँछ**

**त्यसको कम्मरमा झुण्डिएको शीत जस्तै टल्कदै ।**

मूलत : बिम्बको प्रयोगका कारण कविता वा साहित्य पाठकका निम्ति रोचकपूर्ण, आनन्दपूर्ण, आहलादकारी, रसात्मक हुन्छ । यसको मोहनीले पाठकको ह्रदयलाई छोएपछि काव्य वा साहित्य पढौ - पढौ लाग्ने हुन्छन् । यसर्थ भारतेली नेपाली कविहरू राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा, नोर्जाङ स्याङ्देन, जीवन नामदुङ्ग, जस योञ्जन प्यासी, रामलाल अधिकारी, उदय ठाकुर, अबीर खालिङ, प्रवीण राई जुमेली आदिका कवितामा बिम्बको भरमार प्रयोग पाइन्छ । यी भारतेली कविहरू क्रमैले मनप्रसाद सुब्बाको **ॠतु**

**क्यानभसका रेखाहरू** ( सन् 2001), **अक्षर अर्केष्ट्रा** (सन् 2004), जीवन नामदुङको **समारोहमा/समारोहहरूमा** (सन् 200८), असीत राईको **शताब्दी सम्बोधन** (सन् 2004), राजेन्द्र भण्डारीको **एउटा देशको खोजमा (**सन् १९८५), **शान्ति – सन्देह** (सन् 2002), **शब्दहरूको पुनर्वास** (सन् 2010), भविलाल लामिछानेको **असमाप्त पाइलाहरू** (सन् 2001), **शीर्षक हीन** (सन् 2003), मोहन ठकुरीको **अभिन्न अक्षर** (सन् 200७), रामलाल अधिकारीको **लिलाममा छन् मेरा कविता** (सन् 2001), **मा निषाद्** ( सन् 2003), अबीर खालिङको **अवीरानुभूति** (सन् 2002), प्रवीण राई जुमेलीको **घाउका आवर्तहरू** (सन् १९९५), **इम्पास्टो अक्षर** (सन् 200६), उपमान बस्नेतको **घुम्टोभित्र घुमौलो आकाश** (सन् 2004), बीरू बाङदेलको **आहट मानेभञ्जाङको** (सन् १९९५), **कसाईको बस्तीमा** (सन् 200५) आदि कविता सङ्ग्रहहरूमा बिम्बको आधिक्य प्रयोग पाइन्छन् ।

भारतेली नेपाली कविताका समसामयिक कवि राजेन्द्र भण्डारी मूलरूपमा बिम्बात्मक कविता सिर्जना गर्ने कवि हुन् । उनका कवितामा वर्तमान विश्वरो छाप स्पष्टसित चित्रित भएको पाइन्छ भने उत्तराधुनिक कविता लेखनमा पनि उत्तिकै ससक्त छन् । यिनका यस अवधिका कविताहरूमा विश्वको बद्लँदो परिवेशबाट सिर्जना भएका समस्याहरू, व्यङ्ग्यात्मक चेतनाको प्रचुरता तथा प्रतीक र विम्बको समन्वयता पाइन्छ । पश्चिम बङ्गालको कालेबुङमा जन्मिएर सिक्किमलाई कर्मभूमि स्वीकार गरेका कवि भण्डारीको यस अवधिमा **क्षर**(१९९८) **अक्षर/**, **एउटा देशको खोजमा (**सन् १९८५), **शान्ति – सन्देह** (सन् 2002), **शब्दहरूको पुनर्वास** (सन् 2010), आदि कविता सङ्ग्रहित छन् । उपर्युक्त कविता कृतिहरूमा सङ्ग्रहित प्रायः कविताहरू

बिम्बात्मक बनेका छन् । उनको दार्जिलिङ १९९१ कवितामा बिम्बको प्रयोग यसरी भएको छ –

*एउटा लङ्गडो शान्ति जतातत*
*वौशाखी ठोक्दै हिँड्छ ।*
*अनि चौरास्तामा पुगेर बिसाउँछ*
*तल चियाबारीबाट उठेर आउँछ*
*एउटा पराजित कुइरोको जमात ।*

भारतेली नेपाली कवितामा बिम्बमूलक कविताको लेखन आधुनिक कालका प्रयोगवादी धारामा धेरैरूपमा भएको पाइन्छ । प्रयोगवादी भारतेली कविहरूले आफ्ना कविताहरूमा प्रतीक,बिम्ब र मिथकको प्रयोगद्वारा समाजका विकृति र विसङ्गतीहरूलाई विरोघ गर्न चाहेका छन् । मूलत: प्रयोगवादी क्लिष्टताका कारण कविता र पाठकका बीचको सम्बन्ध प्रायः विच्छेद भएका अवस्थामा भारतेली नेपाली कविहरूले आफ्ना विभिन्न सरल र सुबोध कविता सिर्जना गर्न थाल्छन् । देश स्वाधिन भएपछि भारतेली नेपालीहरू जातीय स्तरदेखि नै चेतनशिल भएर सडकमा ओर्लिन थाले । भारत देशबाट ब्रिटिशहरू भए पनि शोषण र अत्यतार हटेको थिएन । यसर्थ भारतीयहरूमा विसङ्गति उत्पन्न भएर गयो । यही विसङ्गतिको परिणामस्वरूप कवितामा देश व्यवस्थाभित्रका अव्यवस्था विकृति - विसङ्गति, नेताहरूका दुष्वृतिको चित्रण, सशस्त्र सङ्घर्षको समर्थन - विरोध एवं शान्तिको कामना, गणतन्त्र प्रतिको आस्था, विश्वास - अविश्वास, खबरदारी, वर्तमान युगीन विविध क्षेत्रका यथार्थको प्रकटीकरण आदिको अभिव्यक्ति पाइन्छ । यस अतिरिक्त सामाजिक मूल्य र मान्यताको यथावत्

चित्रण, समाजमा रहेका कुप्रथा, सङ्कीर्ण रुढि तथा अन्धविश्वासको विरोघ आधुनिक भारतेली नेपाली कविहरूले आफ्ना विभिन्न कविताका माध्यम गरेका छन् । यसमा बिम्बमूलक कविताहरूको भूमिका पनि उत्तिकै सहारणीय छ ।

समसामयिक चरणका कवितात्मक प्रवृत्तिहरू कष्टपूर्ण जीवाको चित्रण, सामाजिक, साँस्कृतिक, नैतिक मूल्यको खोजी ,सामाजिम - प्रशासनिक व्यवस्थाप्रति तीव्र व्यङ्ग्य , तिक्ततापूर्ण वर्तमान जीवनको अभिव्यक्ति , अन्तर्राष्ट्रिय सन्दर्भहरूप्रति सचेतता, सरल र जटिल दुबै भाषाको प्रयोग, बक्रोत्तिपूर्ण शैलीको बाहुल्य– प्रतीक , बिम्बको भरमार प्रयोगको पाइन्छ । शैलीशिल्पमा क्लिष्टता दुरुहता तथा परम्परागत भाषिक योजना पदसंगति र भावसाहचर्यको क्रमभङ्ग भएको स्थितिमा समसामयिक कविता देखापरेको छ । यस चरणका कविहरूले" पंक्तिपंक्तिगत अर्थमा कविताको आश्य र भाव व्यक्त हुँदैन । बिम्बबिधान र प्रतीकयोजना सहाराले समष्टि प्रभावका रुपमा कविताको भावविधान रहेको हुन्छ' भन्ने विचार राखेको पाइन्छ । यस्तो बिचार कवि उदय थुलुङको बिम्बमूलक कविताहरूमा झन् अधिकरूपमा मुखरित भएको पाइन्छ । कवि **टिस्टा बगरमा रोडा कुट्ने तरूणीहरूका वैंश** कवितामा बिम्बको प्रयोग यसरी गर्छन् –

***भिरालो चट्टानमा उभेर***

***पहेलो वैशाखलाई***

***शिरमा सिउरिने सालको रूखसित***

***जल्छन् टिस्टा बगरमा रोडा कुट्ने तरूणीहरू ।***

कविले यहाँ ती तिस्ता खोलाको बगरमा सदैव रोडा, ढुङ्गा कुटेर जीवन धान्ने नेपाली नारीहरूको गरेको यथार्थ वर्णनमा हाम्रै आँखा अधि झलझली चित्र झै आउँदछ । मूलत: भारतेली नेपाली कविताको समसामयिक चरणका कतिपय भारतेली नेपाली कविहरूले आफ्ना कवितामा अन्तर्राष्ट्रिय परिवेशका रुपमा विग्यान र प्रविधिको द्रुततर विकासका कारणवाट मानवीय मूल्य र मान्यतामा आएको परिवर्तनलाई विष्यवस्तु बनाएका छन् । तर यी विषयहरूलाई उनीहरूले बिम्ब र प्रतीकहरुको सुन्दर प्रयोगका माध्यम सम्प्रेषणीय बनाउने चेष्टा गरेको प्रतीत हुन्छ ।

काव्य वा साहित्यको सन्दर्भमा वितेका तथा पुराना भइसकेका धार्मिक, पौराणिक, वैदिक वा रीति – थीकिमूलक कुराहरूलाई टिपेर नवीन रूपमा साहित्यमा प्रयोग गर्नुलाई **मिथक** भनिन्छ । मिथक प्राचीन भए तापनि यो प्राचीन भन्नाले सम्पूर्ण इतिहास र कल्पित कुरालाई मात्र बुझिन्दैन । वास्तवमा दन्त्य वा लोककथामा रही आएको तथ्य नै नवीनतापूर्वक काव्यमा अभिव्यक्त गर्नु मिथक हो । यसको मूल बिषय वेद, पुराण, उपनिषद् , महाभारत, रामायण आदि हुन्छन् । अतः उपर्युक्त विषयहरूलाई आधार बनाएर त्यसमा नवीन मूल्य र मान्यता थपी, जोडी कथेको कथा नै मिथक हो । यसैले मिथक कहिले पनि असत्य हुँदैनन् । यसको प्रयोग साहित्य इतर काल्पनिक कथाहरूका निम्ति गरिए पनि यी कथाहरू पछि गएर सत्य साबीत हुँदछन् ।

काव्य वा साहित्यमा मिथकको भूमिका अपरिहात्य मानिन्छ । यसको प्रयोगद्वारा मानव प्रकृतिसित शास्वतरूपमा जोडिन पुग्छन् भने जीवनबाट मुक्तिको मार्ग पनि अप्नाउँन सक्छन् । मूलरूपमा मिथकको उत्पत्ति पनि यसै

कारणले भएको मानिन्छ । जब पृथ्वीमा प्रकृतिसित मानवके सम्बन्ध विच्छेत भएको तथा प्रकृति र मानव बीच टाडापनको आभास मानिसलाई भयो, तबदेखि नै मिथकको जन्म भएको मान्न सकिन्छ । प्रकृतिसित मानव सदैव अभिन्न हुन चाहान्छन् । यो बिनाको मानव जीवन नीरस र खल्लो बन्दछ । प्रकृति र मानव बीचको यस्तो मोहलाई नेपालीमा **गृहातुर** भनिन्छ । अङ्ग्रेजीमा यसलाई नोस्टाल्जिया ( Nostalgia ) भनिने हुनाले यो नोस्टाल्जिया नै मिथक हो । अतः मिथक आदिम मानवको कल्पना सृष्ट्रि हो । यो उनीहरूका जीवनको यथार्थ पनि हो ।

मिथकलाई परिकल्पनामा आधारित हुन्छ । तर यो परिकल्पना मूल्य आधारति हुने हुनाले यसको उद्देश्य सामाजिक व्यवस्थालाई जोड्नु हुँदछ । मानव मूल्यसित सदैव सम्बन्धित रहने मिथकको उत्पत्ति काव्य वा साहित्यमा समाज व्यवस्था र सुधारको निम्ति भएको मानिन्छ । यसले मानवलाई प्रकृतिसित अभिन्न हुने नोस्टाल्जियाको भावना उत्पन्न गराउँनमा, स्मृति र मानव चिन्तनलाई क्रियाशिल बनाउँनमा ठूलो भूमिका खेल्दछ । मिथकको प्रयोगद्वारा साहित्यमा दुइ प्रयोजनको निम्ति भएको पाइन्छ । प्रथम, विश्वासलाई नयाँ सन्दर्भमा जोडेर नयाँ अर्थवत्ता प्रदान गर्दछ, द्वितीय, नवीन सन्दर्भ पाएर साहित्य अधिक सम्प्रेषण बन्दछ । बिषेशतः लोकविश्वासमा जीवन्तता रहने मिथक भारतीय नेपाली साहित्यमा आधुनिक कालदेखि प्रयोग भएको मान्न सकिन्छ । हिन्दी साहित्यमा त झन् **मिथक** शब्दको प्रयोग परम्पराको शुरूवात आधुनिक कालदेखि भएको मानिन्छ । मूलतः आधुनिक युगको अनास्था, संशय, द्वन्द्व, मर्यादाहीनता आदिको अभिव्यक्तिको निम्ति मिथकको सहारा साहित्यमा लिएको हो ।

नेपाली साहित्यमा आधुनिक कालको प्रारम्भदेखि मिथकको महत्त्वलाई प्रधानता दिइ साहित्यकारहरूले आफ्नो कृतिको सृजना गरेको देखिन्छ । प्रारम्भमा मिथकले केवल धार्मिक पक्ष, देवी - देवता, प्रकृतिक रहस्यता, किम्बदन्ती आदिलाई बुझाए तापनि पछि गएर यसले मनोवैज्ञानिक अभिप्राय र सांस्कृतिक पक्षहरूलाई पनि ध्योतन गरेको पाइन्छ । आधुनिक नेपाली साहित्यमा मिथकको प्रयोग आधिक्यरूपमा भएको पाइन्छ । लक्ष्मीप्रसाद देवकोटाको **मायावनी सर्सी**, **रावन - जटायु युद्ध**, **भक्त प्रह्लाद**, **सुलोचना** ; बालकृष्ण समको **प्रह्लाद**, **भीमसेनको अन्त्य**, अविनाश श्रेष्ठको **अश्वत्तामा हतोहत** आदि नाटक ; शरद छेत्रीको **कालाग्नि**, **चक्रव्यूह**, आदि कथा ; विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा**, मत्स्येन्द्र प्रधानको **नीलकण्ठ** आदि उपन्यासहरूलाई मिथकीय कृति मान्न सकिन्छ ।

भारतेली नेपाली कवितामा प्रारम्भिक कालदेखि नै मिथकको प्रयोग भएको मान्न  सकिन्छ । तथापि अत्याधिक रूपमा भने मिथकको प्रयोग तथा मिथकीय कविताको लेखन आधुनिक कालदेखि नै भएको हो । मिथकको भरमार प्रयोग गर्दै कविता लेख्ने भारतेली नेपाली कविहरूमा कवि तुलसीबहादुर छेत्री 'अपतन', तुलसीराम शर्मा कश्यप, लक्खीदेवी सुन्दास, जस योञ्जन प्यासी, मनप्रसाद सुब्बा, वीणा हाङखिम, दिलमान राई चोट, मिलन बान्तवा, मोहन सुवेदी, वेगवसन्त थापा आदि प्रमुख छन् ।

सन् 1९40 को दशकदेखि आफ्नो साहित्यिक जीवन सुरू गरेका कवि तुलसीबहादुर छेत्री वा तुलसी 'अपतन' को पहिलो कविता सन् 1९42 मा **उदय** पत्रिकामा प्रकाशित भएको थियो । उनको हालसम्म चारवटा कविता सङ्ग्रह **बापु – बन्दना** ( सन् 1९43 ), **सङ्कल्प** ( सन् 1९७4 ), **के होला ?** ( सन्

१९५९ ) र **नहेर आज मलाई** ( सन् १९७६ ) ; दुईवटा खण्डकाव्य **कर्ण - कुन्ती** ( सन् १९८८ ), **बुद्धि – बङ्गारो** ( सन् १९९3 ); तीनवटा एकाङ्की नाटक **कमल** ( सन् १९५3 ), **जमाना बदलियो** (सन् १९५4), **विजय** ( सन् १९५५ ) आदि कृतिहरू प्रकाशित छन् ।

यसमध्ये सन् १९८९ मा प्रकाशित खण्डकाव्य **कर्ण - कुन्ती**मा महाभारतको कथालाई मिथकको रूपमा प्रयोग गरेका छन् । साहित्य अकादमी पुरस्कारद्वारा सम्मानित भएका प्रस्तुत खण्डकाव्यमा कविले कर्ण र कुन्तीका जीवनगाथाबाट नेपाली समाजको ढुगढुकी छाम्न चाहेका छन् । कवि तुलसी 'अपतन' - का प्राय : कविताहरूमा सामाजिक चेतना, जातीय जागरण, समाज सुधार र परिवर्तनको भावना सञ्चारित भएको पाइन्छ । उनका कविताहरू सुरूमा छन्दोबद्ध शास्त्रीय परिपाटीमा रचिएको पाइए तापनि पछि गध्यमय सरल र सुबोध बन्न पुगेका छन् । मात्रिक र वार्णिक दुवै छन्दमा सफलतापूर्वक कविता लेख्ने कवि 'अपतन' का कविताहरूमा अन्त्यानुप्रास र चित्रात्मक भाषा शेलीको धेरै प्रयोग पाइन्छ । उनका कविताहरू नैतिक चेतनामूलक, प्रकृति प्रेमयुक्त, सौन्दर्य चेतनाप्रधान, सामाजिक युगबोध, व्यङ्ग्यप्रधान बनेका छन् । वास्तवमा यो नै कवि तुलसी 'अपतन' का कविताका विशेषता पनि हुन् । मूलत : उनको समयानुकुल चेतना, विचार र भाववोधका गध्यमय कविता लेखनले आधुनिक भारतीय नेपाली कविताको विकासमा विशेष योगदान पुगेको मान्न सकिन्छ ।

सन् १९34 मा कलकत्तामा जन्मिएर सन् 201९ मा सिलगढीमा देहान्त हुने कवयत्री लक्खीदेवी सुन्दासका कविताहरूमा पनि मिथकको भरमार प्रयोग पाइन्छन् । उनको सन् 2000 मा **सम्भावित अर्थ समर्पित एकान्त** कविता

सङ्ग्रह प्रकाशित छन् । 'उत्सर्ग', 'जन्मभूमि' आदि प्रसिद्ध कविताका रचयिता कवयत्री सुन्दासका **नमोः हे देवी** कवितामा भारत देशलाई भगवती, काली, दुर्गा आदि देवीसित दाज्दै मिथकको प्रयोग यसरी गरेकी छन्

*धप् – धप् सौनदर्यले बल्दी प्रकृति,*

*विविध सुर – सङ्गीतले सजिएकी,*

*सङ्गीत कला सौन्दर्यको संगम*

*नमोः हे देवी ! भरत – भूमि,*

*नमोः हे मेरी! मातृभूमि ।*

यसरी नै सन् १९४९ मा दार्जिलिङमा जन्मिएर वर्तमानमा पनि निरन्तर कलम चलाईरहने कवि जस योञ्जन प्यासीका कविताहरूमा प्रतीक, बिम्ब र मिथकको धेरै प्रयोग भएको पाइन्छ । उनको सन् १९८५ मा **एउटा देशको खोजमा** र सन् 2002 मा **शान्ति – सन्देह** कविता सङ्ग्रह प्रकाशित छन् । विशेषगरी आफ्ना कविताहरूमा कुण्ठा, आक्रोश र बिद्रोह व्यक्त गर्दै नवसमाजको गठन र परिवर्तन गर्ने चाहने कवि प्यासीका कविताहरूमा वर्तमान युगीत जीवनको सन्त्रास र विसङ्गतीको बिरोध पाइन्छ । यसर्थ वर्तामान समाज र भारतेली नेपालीहरूलाई जीवन सन्नटा र उजाड भएको कवि ठान्छन् । यहाँ आज चारैतिर विवशता र वाध्यता छ । यसैले कृष्णभित्र कंश कवितामा मिथकीय रूपमा भारतेली नेपालीहरूलाई यसरी सचेत गराएका छन् –

*आज यहाँ*

*मोहदंश छ*

*यसैले विध्वंशै विध्वंस छ*

*किनभने प्रत्येक कृष्णभित्र कंश छ ।*

महाभारतको दुष्ट र विश्वासघाती मामा कंश र परोपकारी र महापुरूष कृष्णको कथालाई मिथकको रूपमा लिएर कविले उक्त कवितामा वर्तमान संसारको यथार्थ चित्रण गरेका छन् । कवि प्यासीले झै कवयत्री वीणा हाङखिमले पनि आफ्ना कविताहरूमा मिथकको प्रयोग गर्दै वर्तमान भारतेली नेपाली समाजको यथार्थतालाई वर्णन गर्न चाहेकी छन् ।

14 फरवरी १९५२ मा सिङ्लामा जन्मिएको कवयत्री हाङखिमको सन् 2004 मा **भावानुभूति**, सन् 200८ मा **अन्तर समयान्तर** कविता सङ्ग्रह प्रकाशित छन् । उनले आफ्ना कविताहरूमा महाभारत, रामायण, गीत, पूराण, उपनिषद् आदि धार्मिक र पौराणिक विषयवस्तुलाई आधार बनाएर मिथकको प्रयोग सुन्दर ढङ्गमा गरेकी पाउँछौं । उनको कृष्ण, अर्जुर र समय कवितामा आजको संसार, समय र जमातले आज्ञाकारी अर्जुन र सत्यवादी सारथी कृष्णमाथि धेरै विश्वास र आस्था राखेको सोचेकी छन् । तर आज अर्जुर र कृष्ण पनि आफ्नै प्रियजन र मानिसका निम्ति हिंसाको रङ्ग चढेको र साधिएका लक्ष्यहरू डगमगाएका छन् । यसैले प्रस्तुत कवितामा कवयत्री यसो भन्छिन् –

*कुरूक्षेत्र मौन छ यसघरि*

*युद्वविभीषिकाले त्रस्त जिन्दगीहरू*

*लाम लागेर प्रतीक्षारत छन्*

*मात्र पाञ्चजन्य शङ्खनादको, प्रथम ध्वनि सुन्न*

*कर्णद्वय युद्धार्थीहरूका, कुशका त्रिशङ्कु झैं*

*आतुरित छन् ठाडाठाडा भएर ।*

यसरी भारतेली नेपाली कविहरूले आ – आफ्ना कविताहरूमा प्रतीक, बिम्ब र मिथकको प्रयोग गरेर भारतेली नेपाली कविता साहित्यको विकासमा अतुलनीय योगदान दिएका छन् । यस प्रवृत्तिका कविता लेखनले भारतेली नेपाली कवितालाई अन्य देश र भाषाका साहित्यको समकक्षमा पुराउनुमा महत भूमिका निर्वाह गरेको पनि मान्न सकिन्छ । अत: आधुनिक कालको प्रयोगवादी धारामा देखिएको प्रतीक, बिम्ब र मिथकीय कविता लेखनले भारतेली नेपाली कविता साहित्यलाई मात्र नभएर सम्पूर्ण नेपाली साहित्यलाई नै विशेष योगदान र नयाँ स्वाद चखाएको छ भन्नमा अतियुक्ति नहोला ।

## 13.4 उपसंहार

ल्याटिन भाषाबाट उत्पत्ति भएको **प्रतीक**ले काव्य वा साहित्यको सन्दर्भमा कुनै वस्तु, चित्र, लिखित शब्द, ध्वनि आदिको विशिष्ट चिन्हलाई बुझिन्छ । यसको सम्बन्ध तथा सादृश्यता अन्य कुनै वस्तुलाई प्रतिनिधित्व गर्नु हुन्छ । यसैले काव्य वा साहित्यमा कुनै वस्तु, पदार्थ, बिषय आदिको भाव वा विचारको सङ्केतलाई नै प्रतीक भन्न सकिन्छ ।

**बिम्ब** कुनै पदार्थको मानचित्र तथा छायाँ हो । काव्य – साहित्यको अध्ययन गर्दा भावक (पाठक, दर्शक र श्रोता) - लाई कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छायाँलाई बिम्ब भन्न सकिन्छ । मूलरूपमा शब्दको माध्यमबाट पाठकको मस्तिष्कमा कुनै स्तिथि, स्थान, घटना वा पात्रको मनभावमा उत्पन्न हुने भाव नै बिम्ब हो । काव्य वा साहित्यको श्रेत्रमा बिम्ब शब्दले उपमा, रूपक, अलङ्कार आदिलाई जनाउँदछ । **मिथक** शब्दको शाब्दिक अर्थ पुरानो वा प्राचीन कुरा हो । वास्तवमा प्राचीन वा पौराणिक विषयवस्तुलाई आधार बनाएर सत्यका साथ नवीन तथ्य तथा अर्थमा प्रयोग गर्नु नै मिथक हो ।

प्राचीन पुराकथाहरूका तत्त्वलाई नवीन स्थितिहरूमा नयाँ अर्थमा प्रयोग गर्नुलाई नै मिथक भन्न सकिन्छ । यसबाहेक प्रचीन विषयवस्तुलाई नवीन परिप्रेक्ष्यमा सत्यको प्रतिष्ठा गर्नु नै मिथक हो । यसको मूल बिषय वेद, पुराण, उपनिषद् , महाभारत, रामायण आदि हुन्छन् । अतः उपर्युक्त विषयहरूलाई आधार बनाएर त्यसमा नवीन मूल्य र मान्यता थपी, जोडी कथेको कथा नै मिथक हो ।

समाजमा व्याप्त विकृतिबाट समाजलाई मुक्त पार्ने अपेक्षा राख्नु, विसङ्गति, कुरीति, अन्धविश्वासप्रति तिखो व्यङ्ग्य गर्नु, शोषणरहित समाजको चाहना राख्नु, सामन्ती मनोवृत्तिको भन्डाफोर गर्नु, धनी वर्गको दुष्प्रवृत्तिप्रति घृणा व्यक्त गर्नु, अन्याय, अत्याचार आदिको यथार्थ चित्रण पनि आधुनिक भारेतेली नेपाली कवितामा भएका पाउँछौ ।

भारतेली नेपाली कवितामा बिम्बमूलक कविताको लेखन आधुनिक कालका प्रयोगवादी धारामा धेरैरूपमा भएको पाइन्छ । प्रयोगवादी भारतेली कविहरूले

आफ्ना कविताहरूमा प्रतीक, बिम्ब र मिथकको प्रयोगद्वारा समाजका विकृति र विसङ्गतीहरूलाई विरोघ गर्न चाहेका छन् । मूलतः प्रयोगवादी क्लिष्टताका कारण कविता र पाठकका बीचको सम्बन्ध प्रायः विच्छेद भएका अवस्थामा भारतेली नेपाली कविहरूले आफ्ना विभिन्न सरल र सुबोध कविता सिर्जना गर्न थाल्छन् । प्रयोगवाद परम्परा कविताढाँचा विरुद्ध - नवीन भावधारा र नवीन शैलीशिल्प तथा संरचनालाई अङ्गीकार गरी प्रारम्भ भएको काव्यधारा हो । यसमा अतियथार्थवादी तथा विसंगतिवादी जीवनदृष्टि र बिम्ववादी तथा प्रतीकवादी शैलीशिल्पको प्रयोग पाइन्छ । प्रयोगवादीहरुमा ईश्वरप्रति अनास्था ,सामाजिक मान्यता प्रतिको विरोध र मानवलाई जीवशास्त्रीय आधारमा हेर्ने प्रवृति पाइन्छ । यसैले प्रयोगवादीहरु जीवनको निसारता विद्रूपता शून्य:ता र बीभत्सताको चित्रण गर्दछन् । मानिसलाई यौनवासनाग्रस्त एक प्राणीको रुपमा चित्रण गर्ने प्रयोगवादीहरु जीवन जगतका विसंगति र शून्यताको वर्णनका साथै मानवीय अस्मिताको खोजीसमेत गर्दछन् । प्रयोगवादमा सहज - अनियन्त्रित अवचेतनको स्वस्फूर्त लेखनका ताथै अमूर्त कलाको पनि छाप परेको पाइन्छ ।

समाजमा व्याप्त विकृतिबाट समाजलाई मुक्त पार्ने अपेक्षा राख्नु, विसङ्गति, कुरीति, अन्धविश्वासप्रति तिखो व्यङ्ग्य गर्नु, शोषणरहित समाजको चाहना राख्नु, सामन्ती मनोवृत्तिको भन्डाफोर गर्नु, धनी वर्गको दुष्प्रवृत्तिप्रति घृणा व्यक्त गर्नु, अन्याय, अत्याचार आदिको यथार्थ चित्रण गरेदै प्रगतिवादी विचार पनि भारतीय नेपाली आधुनिककालीन कवितामा पोखेको पाइन्छन् । साहित्य रचनाको परम्परागत मूल्य र मान्यतालाई तोडेर नयाँ पद्धतिको अवलम्बन गर्नु प्रयोगवाद हो । यसले कथ्य र शिल्प दुबैमा नयाँ खोजी गर्छ

। भारतेली नेपाली साहित्यमा प्रयोगवादी कविताको लेखनले परमपरागत संरचना र रूपविन्यासलाई अस्वीकार , विषयवस्तु र शिल्पप्रयोगप्रति बढी सचेतता , अस्तित्ववादी, विसङ्गतिवादी र शून्यवादी मूल्यबाट निर्देशित कविताहरूका रचना ,जीवन निरर्थकताको चित्रण , नयाँ भाषिक योजना एवं प्रतीक र विम्बको अत्यधिक प्रयोग आदि भएको देखिन्छ ।

मूलत: भारतेली नेपाली कविताको समसामयिक चरणका कतिपय भारतेली नेपाली कविहरूले आफ्ना कवितामा अन्तर्राष्ट्रिय परिवेशका रुपमा विग्यान र प्रविधिको द्रुततर विकासका कारणवाट मानवीय मूल्य र मान्यतामा आएको परिवर्तनलाई विष्यवस्तु बनाएका छन् । तर यी विषयहरूलाई उनीहरूले बिम्ब र प्रतीकहरुको सुन्दर प्रयोगका माध्यम सम्प्रेषणीय बनाउने चेष्टा गरेको प्रतीत हुन्छ ।

## 13.5 सार

यस प्रखण्डमा **भारतेली नेपाली कवितामा प्रतीक, बिम्ब र मिथकको प्रयोग**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ल्याटिन भाषाबाट उत्पत्ति भएको **प्रतीक**ले काव्य वा साहित्यको सन्दर्भमा कुनै वस्तु, चित्र, लिखित शब्द, ध्वनि आदिको विशिष्ट चिन्हलाई बुझिन्छ । यसको सम्बन्ध तथा सादृश्यता अन्य कुनै वस्तुलाई प्रतिनिधित्व गर्नु हुन्छ । यसैले काव्य वा साहित्यमा कुनै वस्तु, पदार्थ, बिषय आदिको भाव वा विचारको सङ्केतलाई नै प्रतीक भन्न सकिन्छ ।

- **बिम्ब** कुनै पदार्थको मानचित्र तथा छायाँ हो । काव्य – साहित्यको अध्ययन गर्दा भावक  ( पाठक, दर्शक र श्रोता) - लाई कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छायाँलाई बिम्ब भन्न सकिन्छ ।
- मूलरूपमा शब्दको माध्यमबाट पाठकको मस्तिष्कमा कुनै स्तिथि, स्थान, घटना वा पात्रको मनभावमा उत्पन्न हुने भाव नै बिम्ब हो । काव्य वा साहित्यको श्रेत्रमा बिम्ब शब्दले उपमा, रूपक, अलङ्कार आदिलाई जनाउँदछ ।
- **मिथक** शब्दको शाब्दिक अर्थ पुरानो वा प्राचीन कुरा हो । वास्तवमा प्राचीन वा पौराणिक विषयवस्तुलाई आधार बनाएर सत्यका साथ नवीन तथ्य तथा अर्थमा प्रयोग गर्नु नै मिथक हो ।
- प्राचीन पुराकथाहरूका तत्त्वलाई नवीन स्थितिहरूमा नयाँ अर्थमा प्रयोग गर्नुलाई नै मिथक भन्न सकिन्छ । यसबाहेक प्रचीन विषयवस्तुलाई नवीन परिप्रेक्ष्यमा सत्यको प्रतिष्ठा गर्नु नै मिथक  हो । यसको मूल बिषय वेद, पुराण, उपनिषद् , महाभारत, रामायण आदि हुन्छन् । अत:  उपर्युक्त विषयहरूलाई आधार बनाएर त्यसमा नवीन मूल्य र मान्यता थपी, जोडी कथेको कथा नै मिथक हो ।
- मिथक कहिले पनि असत्य हुँदैनन् । यसको प्रयोग साहित्य इतर काल्पनिक कथाहरूका निम्ति गरिए पनि यी कथाहरू पछि गएर सत्य साबीत हुँदछन् ।
- भारतेली नेपाली कवितामा बिम्बमूलक कविताको लेखन आधुनिक कालका प्रयोगवादी   धारामा धेरैरूपमा भएको पाइन्छ । प्रयोगवादी भारतेली कविहरूले आफ्ना कविताहरूमा प्रतीक ,बिम्ब र मिथकको

प्रयोगद्वारा समाजका विकृति र विसङ्गतीहरूलाई विरोघ गर्न चाहेका छन् ।

- ❖ प्रयोगवाद परम्परा कविताढाँचा विरुद्ध - नवीन भावधारा र नवीन शैलीशिल्प तथा संरचनालाई अङ्गीकार गरी प्रारम्भ भएको काव्यधारा हो । यसमा अतियथार्थवादी तथा विसंगतिवादी जीवनदृष्टि र बिम्ववादी तथा प्रतीकवादी शैलीशिल्पको प्रयोग पाइन्छ ।
- ❖ भारतेली नेपाली कविहरूले आ – आफ्ना कविताहरूमा प्रतीक, बिम्ब र मिथकको प्रयोग गरेर भारतेली नेपाली कविता साहित्यको विकासमा अतुलनीय योगदान दिएका छन् । यस प्रवृत्तिका कविता लेखनले भारतेली नेपाली कवितालाई अन्य देश र भाषाका साहित्यको समकक्षमा पुराउनुमा महत भूमिका निर्वाह गरेको पनि मान्न सकिन्छ ।
- ❖ आधुनिक कालको प्रयोगवादी धारामा देखिएको प्रतीक, बिम्ब र मिथकीय कविता लेखनले भारतेली नेपाली कविता साहित्यलाई मात्र नभएर सम्पूर्ण नेपाली साहित्यलाई नै विशेष योगदान र नयाँ स्वाद चखाएको छ भन्नमा अतियुक्ति नहोला ।

यस प्रखण्डको अध्ययनले भारतेली नेपाली कवितामा प्रयुक्त प्रतीक, बिम्ब र मिथकबारे बुनियाँदी जानकारी प्राप्त भयो । मूलरूपमा प्रतीक, बिम्ब र मिथकलाई प्रयोग गरी लेखिएका भारतेली नेपाली कविताहरूको अध्ययन गर्दै भारतबाट लेखिएका वा प्रकाशित भएका यस प्रवृत्तिका नेपाली कविताका विभिद प्रवृत्ति, महत्व र विशेषता सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 13.6 अनुशीलनी

1 . प्रतीकको परिभाषा केलाउँदै नेपाली साहित्यमा यस प्रवृत्ति लेखनको सर्वेक्षण गर्नुहोस् ।

2. बिम्बको परिभाषा केलाउँदै नेपाली साहित्यमा यस प्रवृत्ति लेखनको सर्वेक्षण गर्नुहोस् ।

3. मिथकको परिभाषा केलाउँदै नेपाली साहित्यमा यस प्रवृत्ति लेखनको सर्वेक्षण गर्नुहोस् ।

4. भारतेली नेपाली कविता साहित्यमा प्रतीकको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

५. भारतेली नेपाली कविता साहित्यमा बिम्बको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

६. भारतेली नेपाली कविता साहित्यमा मिथकको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

७. नेपाली कविता साहित्यमा प्रतीक, बिम्ब र मिथकको मुख्य – मुख्य विशेषताहरूबारे विश्लेषण गर्नुहोस् ।

८. प्रतीक र बिम्बमूलक नेपाली कविताको साम्य र बैषम्यबारे विवेचना गर्नुहोस् ।

९. बिम्बमूलक र मिथकीय नेपाली कविताको साम्य र बैषम्यबारे विवेचना गर्नुहोस् ।

Notes

10. भारत र नेपालवाट प्रकाशित प्रतीक, बिम्ब र मिथकीय काव्य – कृतिहरूको अध्ययन गर्नुहोस् ।

11. हिन्दी साहित्य र नेपाली साहित्यका प्रतीकमूलक काव्य – कृतिहरूको तुलना गर्नुहोस् ।

12. हिन्दी साहित्य र नेपाली साहित्यका बिम्बमूलक काव्य – कृतिहरूको तुलना गर्नुहोस् ।

13. हिन्दी साहित्य र नेपाली साहित्यका मिथकीय काव्य – कृतिहरूको तुलना गर्नुहोस् ।

14. नेपाली प्रतीक, बिम्ब र मिथकीय काव्य – कृतिहरूको कविताका पृष्ठभूमिबारे एउटा गतिलो लेख तयार पार्नुहोस् ।

१५. भारतेली नेपाली प्रतीक, बिम्ब र मिथकीय काव्य – कृतिहरूको विकासमा पत्र – पत्रिकाको के कस्तो भुमिका रहेको छ ? विवेचना गर्नुहोस् ।

१६. नेपाली प्रतीक, बिम्ब र मिथकीय काव्य – कृतिहरूको विकासक्रमबारे व्याख्या गर्नुहोस् ।

१७. भारतेली नेपाली प्रतीक, बिम्ब र मिथकीय काव्य – कृतिहरूको वैशिष्ठबारे लेख लेख्नुहोस् ।

## 13.7 अतिरिक्त अध्ययन

1. जोशी, रत्नध्वज – **आधुनिक नेपाली साहित्यको झलक** ।

२. प्रधान, हृदयचन्द्रसिंह – **नेपाली काव्य र उसका प्रतिनिधि कवि**

।

३. त्रिपाठी, बासुदेव – **नेपाली कविताको सिंहावलेकन** ।

४. सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।

५. गिरी, कृष्ण र परियार, डी. कुमार – **दार्जिलिङका केही नेपाली साहित्यिक प्रतिभाहरू** ।

६. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास** ।

७. ठकुरी , मोहन - **नेपाली कविता यात्रा** ।

८. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

९. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति** ।

१०. उपाध्याय, केशवप्रसाद - **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति**।

११. आले, हरेन – **नव आधुनिक नेपाली कविता** ।

१२. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता** ।

१३. उप्रेती, सञ्जीव -– **सिद्धान्तका कुरा** ।

१४. सुन्दास, लक्खीदेवी – **विवेचना** ।

१५. श्रेष्ठ, रमेश – **नेपाली कविताको प्रवृत्ति** ।

१६. सुवेदी, अभि – **सिर्जना र मुल्याङ्कन** ।

१७. द्विवेदी, आचार्य हजारीप्रसाद - **आधुनिक हिन्दी आलोचना के बीज शब्द** ।

१८. मिश्र, प. विद्यानिवास - **भारतीय मिथक कोश** ।

१९. तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।

यस अतिरिक्त प्रतीक, बिम्ब र मिथकबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रकाहरूको पनि अध्ययन ।

## 13.8 मुल्यबृद्धिका निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. प्रतीक, बिम्ब र मिथकको सैद्धान्तिक परिचय ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 13.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. प्रतीक, बिम्ब र मिथकको उद्भव ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 13.3 को प्रतीक, बिम्ब र मिथको परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

३. भारतेली नेपाली प्रतीकमूलक र बिम्बममूलक कविता कृतिको साम्य – बैशम्य ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 13.4 को भारतेली नेपाली कवितामा प्रतीक, बिम्ब र मिथकको प्रयोगमा उत्तर खोज्न सक्नेछन् )**

४. भारतेली नेपाली बिम्बमूलक र मिथकीय कविता कृतिको साम्य – बैशम्य ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 13.4 को भारतेली नेपाली कवितामा प्रतीक, बिम्ब र मिथकको प्रयोगमा उत्तर खोज्न सक्नेछन् )**

५. भारतेली नेपाली प्रतीक, बिम्ब र मिथक प्रयोग गरी कविता – कृति लेख्ने मुख्य – मुख्य कविहरूका परिचय ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न ५ को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 13.4 को भारतेली नेपाली कवितामा प्रतीक, बिम्ब र मिथकको प्रयोगमा उत्तर खोज्न सक्नेछन्)**

# एकाइ – 14. क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा र वैश्वीकरणको सन्दर्भमा भारतेली नेपाली कविता

## संरचना

14.0 उद्देश्य

14.1 परिचय

14.2 क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा र वैश्वीकरणको

अर्थ र परिभाषा

14.3 क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा र वैश्वीकरणको सन्दर्भमा भारतेली नेपाली कविता

14.4 उपसंहार

14.5 सार

14.6 अनुशीलनी

14.7 अतिरिक्त अध्ययन

14.8 मुल्यबृद्धिका निम्ति उत्तर

## 14.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा र वैश्वीकरणको अर्थ र परिभाषा
- क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा र वैश्वीकरणको परिचय

- क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा र वैश्वीकरणमाझ प्रार्थक्य
- क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा र वैश्वीकरणको घटकहरू
- क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा र वैश्वीकरण सन्दर्भमा रचिएका भारतेली नेपाली कविता
- क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा र वैश्वीकरणको भारतेली नेपाली कवितामा प्रयोजन र उपयोगिता

## 14.1 परिचय

**क्षेत्रिय** शब्द क्षेत्रबाट बनिएको हो । यस क्षेत्रले कुनै बिशेष इलाका, ठाउँ, सीमा, भूमि, स्थान आदिलाई बुझाउँने हुनाले क्षेत्रियको अर्थ चारैतिरबाट घेरिएको क्षेत्र, कुनै बिशेष स्थान, वरिपरिको ठाउँ, सीमाभित्रको भू - खण्ड आदिलाई जनाउँदछ । यसअतिरिक्त कुनै आँधी - खोलाको तटीय गाउँ, क्षेत्र, निश्चित भूमि आदिलाई पनि क्षेत्रिय भन्न सक्छौं । यस क्षेत्र वा क्षेत्रियताभित्र परिवेश, ग्रह, सूर्यमण्डल, चन्द्रमण्डल, तारामण्डल आदि पनि पर्दछ । सन्दर्भ भन्नाले कुनै कुरोको बिषय, वस्तुका कुरा, निदृष्ट तथ्य आदिको बारे वा विषय भन्ने बुझिन्छ । यसर्थ क्षेत्रिय सन्दर्भ भनेको कुनै बिशेष इलाका, ठाउँ, क्षेत्र, सीमा, भूमि, स्थान आदिको बिषयको बारेमा गरिएको तथ्य वा कुरालाई बुझिन्छ ।

**राष्ट्रिय** शब्दले देश वा राष्ट्रले एउटा निर्दिष्ट क्षेत्र वा भूमिलाई बुझाउँछ । राष्ट्र भनेको मानसिक जीवन तथा अभिव्यक्तिका एकताप्रति पूर्ण सचेत रहने सांस्कृतिक समानताको एउटा सामाजिक समूह हो । यसलाई एक - आपसमा अनेर प्रकारका समानताहरूमा बाँधिएको जनसमूह पनि मान्न सकिन्छ ।

विद्वान् गिलक्राइस्टले राष्ट्रलाई आध्यात्मिक भावनासित जोड्दै एउटै मूल वंशका एउटै सदस्य, एउटै भूखण्डका जन समुदाय, एउटै घर्म पालन गर्ने, एउटै भाषा बोल्ने जनसमुगाय वा जनमानसलाई राष्ट्र भनेका छन् । लास्कीअनुसार एकताका भावनासित समाहित हुने तन्तु राष्ट्रियता हो । आर. मिनोगुको विचारअनुसार ऐतिहासिक आधारमा राष्ट्रीयता राज्यको सीमाङ्कन तय गर्नु , प्राचीन युरोपियनहरूको भूमि तय गर्नु तथा मानिसहरूका भाषा, शैली, आदर्श आदि राष्ट्रमा सम्मिलित गर्नु थियो भनेका छन् । अतः राष्ट्र वा देश भनेको एउटा सीमाबद्ध क्षेत्र अनि राष्ट्रियता भनेको त्यस सीमाबद्ध क्षेत्रभित्र सम्मिलित मानवमा उत्पन्न भावना हो । वास्तवमा **राष्ट्र** भन्नाले मानव जातिको संस्कृतिप्रान्तीय ,जातीय पृष्ठभूमि ,धर्म ,इतिहास ,भाषा , आर्थिक स्थिति तथा ,लक्षणसमुदाय आदिलाई बुझिन्छ । यही राष्ट्रद्वारा बनिएको राष्ट्रीय मूलधाराले कुनै पनि राष्ट्र, देश आदिको विशेष सन्दर्भमा गरिएको सर्वेपरी र हितार्थ तथ्य, कुरा, विषय आदिलाई बुझ्न सकिन्छ । राष्ट्रियता चाहिँ कुनै जनसमूहमा जातीयसांस्कृतिक तथा धा ,र्मिक एकताको आत्मीय भावना पाइनुलाई बुझिन्छ । राष्ट्र र राष्ट्रियताभन्दा राष्ट्रवाद भिन्नै एक अवधारणा हो । यो राष्ट्रिय भावनासित सम्बन्धित हुन्छ ।

**वैश्वीकरण** शब्दको शाब्दिक अर्थ स्थानीय वा क्षेत्रीय वस्तुहरू, घटनाहरू आदिलाई विश्व स्तरमा रूपान्तरण गरिने विशेष प्रक्रिया हो । यसलाई कुनै निर्दृष्ट प्रक्रियाको वर्णन गर्नेका निम्ति पनि प्रयुक्त गरिन सकिन्छ , यसद्वारा सम्पूर्ण विश्वका मानिस एउटै छत्रछाँया, एउटै बन्धनमा, एउटै सूत्रमा साथै एकै समाजमा बस्न सक्छन् । मानिस – मानिसबीचमा मानवताको नाता उत्पन्न भएर एकताको डोरीमा बाधिइ विश्व एकताको मन्त्र उच्चारण गर्नु नै

वास्तवमा वैश्वीकरण हो । यो प्रक्रिया आर्थिक, तकनीकि, सामाजिक तथा राजनीतिक शक्तिको एउटा संयोजन पनि हो । वैश्वीकरणका उपयोग विशेष आर्थिक वैश्वीकरण के सन्दर्भमा सम्पूर्ण विश्व वा पृथ्वीमा गरिने गरिन्छ । व्यापार, वाणिज्य, विदेशी प्रत्यक्ष निवेश, पूञ्जी प्रवाह, प्रवास तथा प्रौद्योगिकी आदिको प्रसारका माध्यमद्वारा राष्ट्रीय अर्थव्यवस्थालाई अन्तर्राष्ट्रीय अर्थव्यवस्थाहरूमा एकीकरण गर्नु पनि वैश्वीकरण मान्न सकिन्छ ।

यस वैश्वीकरण शब्दको प्रयोग अमेरिकी चार्ल्स तेज रसेलले सन् १८९७ मा **कॉर्पोरेट दिग्गजहरू** नामक पुस्तकमा गरेका थिए । विशेष अर्थ व्यवस्थाको क्षेत्रमा प्रयोग हुने वैश्वीकरणको प्रारम्भ भारतमा १७ औं शताब्दीमा **डच ईस्ट इण्डिया कम्पनी** को स्थापना भएपछि भएको मानिन्छ । तथापि वैश्वीकरणका प्रथम युग १९ औं शताब्दी नै हो ।

## 14.2 क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा वैश्वीकरणको अर्थ र परिभाषा

**क्षेत्रीय** शव्दको अभिप्राय मूलरूपमा कुनै देश, स्थान, भूमि, ठाउँ, स - साना क्षेत्र आदिसित सम्बन्धित हुन्छ । कुनै निर्दष्ट क्षेत्र वा भूगोलको विषयगत् त्यहाँका आर्थिक, सामाजिक, भौगलिक तथा राजनितिक तथ्यहरूका जानकारी राख्नुलाई क्षेत्रीय सन्दर्भ भन्न सकिन्छ । कुनै पनि देश, राष्ट्र आदिको एकता, अखण्डतालाई सर्वोपारी मानि त्यही देश वा राष्ट्रको सीमावद्धमा आकृष्ट भइ रहनु नै क्षेत्रीय सन्दर्भ हो । कुनै देश वा राष्ट्रको विभिन्न क्षेत्रमा विभिन्न प्रकारका जलवायु, उद्भिद् , वनस्पति, जाति, भाषा,

Notes

रहन – सहन, विभिन्न रीति - रिवाज, खानपान तथा संस्कृति पाइन्छ । यस्तै विभिन्नताको अखण्डतामा रहेको एउटा देश भारत पनि हो ।

क्षेत्रीय भिन्नता के कारण भारतको विभिन्न क्षेत्रहरूमा जनसङ्ख्याका घनत्व समान पाइन्न । भारतका विभिद क्षेत्रहरूमा भिन्न प्रकारका जाति र उनीहरूका विश्वास, रीति – थीति इत्यादि पाइने हुनाले यहाँ क्षेत्रीय भिन्नता छ । यही क्षेत्रीय विभिन्नताका कारण भारतीयहरूमा शारीरिक लक्षणमा पनि प्रभाव पारेको देखिन्छ । भारतका विभिन्न क्षेत्रहरूमा रहने मानिस वा जातिहरूका शरीरका बनावट, रङ्ग तथा आकारमा धरी भिन्नता पाइन्छ । यतिमात्र नभएर भारतीयहरूका सोच र विचारमा पनि एकै समान पाइन्न । यहाँ जातिवाद र राष्ट्रवाद प्रत्येक जाति, समुदाय र वर्गमा रहेको पाइन्छ । तर यी सबैलाई भूलेर भारत देशको हित, भलाई, प्रगति र विकासको भावना सोची सबै भारतीयहरू एउटै क्षेत्रको बन्धनमा बाँधिनु नै क्षेत्रीय सन्दर्भको सही अर्थ र मूल्य पनि हो । कारण यही क्षेत्रीय विभिन्नताले गर्दा वर्तमान भारतमा संस्कृति, भाषा, धर्म, प्रदेश, क्षेत्र आदि के विषयलाई लिएर भारतीयहरूमा वाद – विविद, दङ्गा – फसाद, झगडा, आन्दोलन आदि भइरहेको देखिन्छ , जसले देशको विभिन्न सामाजिक समस्याहरूसित सामना गर्नु परिरहेको छ ।

**राष्ट्रीय मूलधारा**ले कुनै पनि राष्ट्र, देश आदिको विशेष सन्दर्भमा गरिएको सर्वेपरी र हितार्थ तथ्य, कुरा, विषय आदिलाई बुझाउँने हुनाले यही राष्ट्र, देश आदिको परिप्रेक्ष्यमा रहेर तमाम मुद्दा, विषय, समस्या आदिलाई समाधान गरी त्यस देश वा राष्ट्रको भलाई, हित चहानु हो । कुनै पनि देश वा राष्ट्रका नागरिक भएपछि त्यस देश वा राष्ट्रप्रति सदैव समर्पित रहनु पर्दछ । आफ्नो

देशको विकास र उन्नतिका निम्ति विभिन्न समस्या, असामाजिक तत्त्व, देशदोह्री, आतङ्कवाद आदिसित लडनु सक्नुपर्छ । जन कल्याणको भावना उत्पन्न गराएर देशलाई सदैव विकाशिल मार्गतर्फ धकेल्नु पर्दछ । यी सबै राष्ट्रीय मूलधाराभित्र आउने यावत कुराहरू हुन् । यसैले भारतमा जनकल्याण मन्त्रालय, सन् 2004 मा राष्ट्रीय जनजातीय आयोग, अनुसूचित जाति मन्त्रालय आदिको गठन पनि भएको छ ।

भारतका हजारौं वर्ष पुरानो सभ्यता, त्यसको विविघता, संस्कृति, अनागत भाषाहरू, त्यस भाषाका विविध साहित्य आदिको अध्ययन विशेष क्षेत्रीय सन्दर्भ र राष्ट्रीय मूलधाराको परिप्रेक्ष्यमा नै गर्न सकिन्छ । यही क्षेत्रीय सन्दर्भ र राष्ट्रीय मूलधारा जस्तै **वैश्वीकरण**ले भारतलाई नै सम्पूर्ण विश्वसित एक सूत्रमा बाध्ने शक्ति प्रदान गर्दछ । यस वैश्वीकरणको परिभाषा दिदै अङ्ग्रेजी अर्थशास्त्री टम जी. पामरले यसो भनेका छन् - " सीमाहरूदेखि बाहिर विनिमयमा राज्य प्रतिबन्धको ह्रास, विलोपन तथा परिणामस्वरूप उत्पन्न हुने उत्पादन, विनिमयका तीव्र एकीकृत र जटिल विश्व स्तरीय तन्त्र नै वैश्वीकरण हो ।" यसरी नै विद्वान् थामस एल. फ्राइडमैनले वैश्वीकरणद्वारा विश्वका 'सपाट' हुने प्रभावलाई परिक्षण गर्दा, तर्क पेश गर्दै वैश्वीकृत व्यापार , बाहिरी खोज (आउटसोर्सिंग), आपूर्तिको श्रृंखलन तथा राजनीतिक शक्तिद्वारा संसारसित एकिय हुने बाटो निर्माण गर्दछ । वैश्वीकरणको विशेष प्रबाव आज अन्य कुरोमा भन्दा पनि संसारमा व्यापार संगठन तथा कार्यप्रणाली अधिक परेको देखिन्छ ।

नोअम चोमस्कीले सैद्धान्तिक रूपमा **वैश्वीकरण** शब्दका उपयोग आर्थिक वैश्वीकरण (Economic Globalization) को निम्ति नव उदारका रूपमा गरिने

गरिन्छ भनेका छन् । हर्मन ई. डेलीले कहिले काही अन्तर्राष्ट्रीयकरण र वैश्वीकरण शब्दका उपयोग एक – अर्काका स्थानमा गरिन्छ भनेको छन् । उनले यी दुई शब्दमाझ अन्तर रहेको ठान्दै " अंतर्राष्ट्रीयकरण " शब्दका उपयोग अन्तरराष्ट्रीय व्यापार, सम्बन्ध आदिका महत्वलाई प्रदर्शित गर्नु अनि "वैश्वीकर" - को अर्थ आर्थिक प्रयोजनका निम्ति राष्ट्रीय सीमाहरूका विलोपन; अन्तरराष्ट्रीय व्यापार, अन्तर क्षेत्रीय आदिलाई मानेका छन् ।

**वैश्वीकरण** शब्दको प्रयोग सर्वप्रथम अर्थ शास्त्रिहरूद्वारा सन् १९८० मा गरिएको पाइन्छ । तथापि सन् १९६० को दशकदेखि ने यस भव्दको प्रयोग सामाजिक विज्ञानमा गरेको पनि विद्वानहरूको भनाई छ । वैश्वीकरणको सबैभन्दा पुरानो सैद्धान्तिक अवधारणा एक अमेरिकी मन्त्री चार्ल्स तेज रसेल (Charles Taze Russell) द्वारा लेखिएको पुस्तकबाट भएको हो । रसेलले सन् १८९७ मा **कॉर्पोरेट दिग्गजहरू** नामक पुस्तकमा सर्वप्रथम वैश्वीकरण शब्दको प्रयोग गरेका थिए । यस वैश्विक विस्तार १६ औं र १७ औं शताब्दिमा विशेषरूपले विश्वभरी बडेर गएको मानिन्छ । यूरोपीय व्यापारहरूले प्रसारका माध्यम पुर्तगाली (Portuguese) , स्पैनिश साम्राज्य (Spanish Empire), अमेरिका (Americas), फ्रान्स तथा ब्रिटेनसम्म वैश्विक विस्तार स्वदेशी संस्कृतियको आढमा बजाएर लगेको मान्न सकिन्छ ।

वैश्वीकरणले अन्तर्राष्ट्रीय स्तरमा देशहरू बीच मुक्त व्यापारलाई प्रशय दिदंछ । यसका कारण केही देशहरू आफ्नो राष्ट्रीय बजारलाई बचाउने कोशिश पनि गर्छन् । गरीब देशहरू जस्तै - भारत, चिन, लिबिया, सिनेगल आदिका मुख्य निर्यात कृषि सम्बन्धी रहेको हुनाले यस वैश्वीकरणको श्रृणात्मक पक्ष पनि

देखिन्छ । यी देशहरीलाई संसारका शक्तिशाली र धनी देशहरू जस्तै – अमेरिका, जापान, फ्रान्स, रसिया आदिसित प्रतिस्पर्धा गर्न मुश्किल पनि हुदछ । वैश्वीकरण एउटा यस्तो प्रक्रिया हो, जसले करपरेट जगतका भलाईको निम्ति मात्र मध्यस्थ हुन्छ । यसले केवल वैकल्पिक वैश्विक संस्थाहरू र उनीहरूका नीतिलाई मात्र बढाव दिदंछ । यस्ता नीतिहरू पुरै संसारमा गरीब र श्रमिक वर्गका हितका निम्ति नैतिक दावा गर्ने गर्छन् । तर उल्टो त्यही संस्थानहरूकै हितार्थ भइरहेको हुन्छ । **केही प्रतिक्रियावादीहरू** (Reactionary) – ले यही वैश्वीकरणद्वारा राष्ट्रीय उद्योग र रोजगारलाई नष्ट गर्दछ भन्ने सोचाई पनि छन् ।

भारतमा १७ औं शताब्दीमा **डच ईस्ट इण्डिया कम्पनी** (Dutch East India Company) – को स्थापना भएपछि वैश्वीकरणको भाव भारतीयहरूमा वढेर गएको हो । यस कम्पनीलाई अंतरराष्ट्रीय व्यापारको क्षेत्रमा स्टॉक, शेयर आदिका माध्यम वैश्वीकरण तथा वैश्विक व्यापार विश्वभरी नै फैलाइने महत्वपूर्ण संचालक मानिन्छ । विश्वमा ब्रिटिश साम्राज्यलाई पूर्ण आकार र शक्तिका कारण वैश्वीकरण पबिलो सम्राज्य मानिने गरिन्छ । तथापि वैश्वीकरण का प्रथम युग १९ औं शताब्दी (19th Century) – लाई नै आज पनि मानिएको छ । द्वितीय विश्व युद्धपछि वैश्वीकरण मुख्य रूपले अर्थशास्त्रीहरू, व्यापारिक हित र राजनीतिक नियोजनका परिणाम बनिएर गयो । संरक्षणवाद (Protectionism) र अन्तर्राष्ट्रीय आर्थिक एकीकरणमा ह्रास आएपठि यसको मूल्यलाई विश्वले नै बुझ्न थाले । फलस्वरूप को विश्वमा **ब्रेटन वुड सम्मेलन** (Bretton Woods Conference) भयो । यसैअनुरूप स्थापित अन्तर्राष्ट्रीय सङ्ध – संस्थाहरूले वैश्वीकरणलाई नवीनीकृत प्रक्रियाले निरीक्षण गर्ने , यसलाई बढ़ावा देने साथै यसबाट

विपरीत प्रभावहरूलाई प्रबन्धन गर्ने उद्देश्य राखेर गयो । यी सङ्‌ध - संस्थाहरूको निर्माण र और विकासका लागि अन्तर्राष्ट्रीय ब्याङ्क (विश्व बैंक), अन्तरराष्ट्रीय मुद्रा कोष (International Monetary Fund) – को पनि गठन भएर गयो ।

मूलत: क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरण अन्तर्गत सूचनात्मक, सांस्कृतिक, पारिस्थितिकी, सामाजिक, परिवहन, अंतर्राष्ट्रीय सांस्कृतिक विनिमय, बहुसंस्कृतिवाद (multiculturalism), सांस्कृतिक विविधता (cultural diversity), आत्मसातीकरण (assimilation), पश्चिमीकरण (Westernization), सिनिसिजेशन (Sinisezation), अप्रवास (immigration) , गृहीत बाजार (captive market), सार्वभौमिक मूल्य (universal value), वैश्विक बुनियादी सरंचना (global telecommunications infrastructure), इंटरनेट (Internet) , संचार उपग्रहों (communication satellites), अन्तरराष्ट्रीय आपराधिक न्यायालय (international criminal court), अपराध आयात (Crime importation). मुक्त व्यापार (free trade), तुलनात्मक लाभ (comparative advantage) , उदारवादी (Libertarians), अहस्तक्षेप पूँजीवाद (laissez-faire capitalism), आर्थिक स्वतंत्रता (economic freedom) , लोकतन्त्र (democratic ), विश्व नागरिक (world citizen) आदि घटकहरू मुख्यरूपमा रहेको हुन्छ ।

## 14.3 क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा र वैश्वीकरणको सन्दर्भमा भारतेली नेपाली कविता

**कुनै पनि** बिशेष इलाका, ठाउँ, क्षेत्र, सीमा, भूमि, स्थान आदिको बिषयको बारेमा लेखिएको साहित्य नै क्षेत्रीय हित्य हो भन्न सक्छौं ।  यसरी नै कुनै देश, भूमि, राष्ट्र आदिका **मानसिक जीवन तथा अभिव्यक्तिका एकताप्रति पूर्ण सचेत रहने सांस्कृतिक समानताको साथ** स्थानीय वा क्षेत्रीय वस्तुहरू, घटनाहरू आदिलाई विश्व स्तरमा रूपान्तरण गरी लेकिएको साहित्यलाई राष्ट्रीय भावनामूलक साहित्य भनिन्छ । वैश्वकरणलाई आधार बनाइ रचिएको साहित्यसे सम्पूर्ण विश्वका मानिस एउटै छत्रछाँया, एउटै बन्धनमा, एउटै सूत्रमा साथै एकै समाजमा बाँध्ने कार्य गर्दछ । यसले मानिस – मानिसबीचमा मानवताको नाता उत्पन्न भएर एकताको सूत्रमा जोडदछ भने कुनै पनि देश, राष्ट्रलाई आर्थिक, तकनीकि, सामाजिक तथा राजनीतिक शक्तिको विकासमा पनि पुराउँदछ ।

यस्ता  क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा र वैश्वीकरणको सन्दर्भलाई आत्मसाथ गरेर भारतमा विविध साहित्य रचिएका पाउँछौं । यस श्रेणीमा नेपाली साहित्यलाई पनि दर्न सकिन्छ । नेपली साहित्यअन्तर्गत पनि नेपाली कवितामा उपर्युक्त तथ्य आधिक्यरूपमा मुखरित हुन सकेको पाइन्छ । भारतेली नेपाली कविहरूले क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा र वैश्वीकरणको सन्दर्भलाई लिएर धैरै कविताहरूका सिर्जना गरेका छन् । यस्ता भारतेली नेपाली कविहरूमा हरीभक्त कटुवाल, गोपीनारायण प्रधान, भबिलाल लामिछाने, लक्ष्मण श्रीमल, जीवन नामदुंग, मोबन ठकुरी, भीम 'सन्तोष', विचन्द्र, हरेन आले, दावा योञ्जन, अबीर खालिङ, इन्द्रबहादुर गुरूङ, कमल थुलुङ, खडकराज गिरी, मिलन बान्तवा, राजु प्रदान 'हिमांसु' आदि प्रमुख छन् ।

सन् २००८ को सर्वोअनुसार अमेरिका र चीनपछि विश्वमा सबैभन्दा विशाल पर्यावरणीय पदचिन्ह भएको देश भारत हो । यहाँ प्राकृतिक संसाधनदेखि लिएर हरेक कुरा पर्याप्त छ । तर त्यसको सही उपयोग र भारतीयहरूका गलत प्रयोगका कारण देश आज पतनको गोरेटोमा पुगिसकेको देखिन्छ । अन्य देशको तुलनामा भारतमा औद्योगिक, कल कारखाना आदिको स्थापना भएर पनि भने जस्तो विकास गर्न सक्दा हामी भारतीयहरू अविकसित नागरिक बनिरहेका छौं । यस्थ हामी सबै भारतेलीहरूमा राष्ट्रको हित, भलाई र विकासको सोच आउनुपर्छ । एक थुकी सुकी, हराज थुकी नदी भने झैं एकता र भाइचाराको नाताले देश निर्माणमा हामी भारतीयहरू अधि बढ्नु जरूरी रहेको कुरालाई कवि हरेन आलेले निर्माणको गीत कवितामा यसरी व्यक्त गरेका छन् –

*प्रत्येक गाउँ प्रत्येक शहरको विश्वास नै*

*यो देशको गौरव हुनसक्छ, त्यही देश हाम्रो हुनुपर्छ,*

*आउ खियाउ एकपल्ट यी हातका नङ्ग्राहरू*

*निर्माणको गीत गाऔं – एकपल्ट फेरि आउ ।*

सर्वप्रथम कुनै पनि मानिसलाई सबैभन्दा पहिले आफ्नो बिशेष इलाका, ठाउँ, सीमा, क्षेत्र, भूमि, स्थान आदि लगायत जन्मेको गाउँ, माटो, परिवार आदिको माया र प्रतिष्ठा हुन जरूरी छ । यी कुराहरूलाई भूलेर हामी मानव कहिले पनि टाढा जान सक्दैनौं । हामी जतिनै शिक्षित, सभ्य र विकसित भए पनि आफ्नै गाउँको माया, ठाउँको छाप्रोको माया हुनुपर्छ । तर आज यस्तो स्थिति

छैन । यसैले भारतेली नेपाली कवि कमल थुलुङ **आफ्नै गाउँको आँगनमा** कवितामा यसरी दुखेसो पोख्छन् –

*विरिक्तएर गाउँ – घर छोडी निस्के*

*छाप्रोलाई मैले तिरस्कारले पस्के*

*सभ्य र आधुनिक भएको ठाउँमा*

*गएको थिएँ बस्न त्यस चोकमा*

*सरलता र मानवता पाइने है त्यस चोकमा ।*

पर्यावरण एवम् वन मन्त्रालयको स्टेट ऑफ एनवायरनमेन्ट रिपोर्ट, सन् २००९ अनुसार भारतको खाद्य सुरक्षा भविष्यमा हुने वायु मण्डलीय परिवर्तनका कारण खतरामा पर्नुसक्छ । वैश्विक कार्बन उत्सर्जनमा अहिले भारतको अंश लगभग ८ प्रतिशत रहेको छ । देशमा दुर्त गतिमा बढीरहेको अर्थव्यवस्थाका कारण यो प्रतिशत पनि प्रत्येक वर्ष बढदै जादैछ । यसैले समयमा नै पर्यावरणप्रति हामी भारतेलीहरूको ध्यान नगए देश विकटको स्थितिमा पुग्नसक्छ । कारण पर्यावरण, परिवेश, वातावरण भन्ने कुरा नै स्वच्छ र सफा नभए नाना रोग, बिमार, महामारी आदि देश वा विश्वमा फैलिने सत्य छ । यसबारे भारतेली आधुनिक कालीन कवि नरेशचन्द्र खाती आफ्नो म **जन्मिएको माटोमा** कवितामा यसो भन्छन् –

*म जन्मिएको माटोमा*

*म हुर्किएको यो पहरा – पखेरोमा*

*मलाई जीवनमा तिम्रो प्रेम मात्र होइन*

*स्वाश फेर्नलाई यो देशको खुल्ला हावा चाहिन्छ ।*

भारतमा आधी भन्दा अधिक ऊर्जा कोइलाबाट प्राप्त हुन्छ । तर देशको कोयल इण्डियाअनुकार पहिलाको जस्तो योग्य कोयल भण्डार देसमा छैन । दिन – प्रतिदिन बढ्दो आवदी र बन – जङ्गलका विनाशका कारण कोइलाको उत्पादनमा ह्रास आएको छ । पिउँने पानीको बारह महिना सङ्कटले देशका विभिन्न क्षेत्र चपेटमा परिरहेको देखिन्छ । देशका ज्यादा इलाकाका सारा भागहरूका जमीनमा पानी निकाल्ने कार्यले पानीको मात्रा झन् घटेर जादैछ । भूमिगत जल भण्दार सुक्दा जादैछ भने जलवायु आएको परिवर्तनका कारण तापमान पनि बढेर दिनोदिन जादैछ । यसैले पूर्वाञ्चलका नेपाली कवि गोपीनारायण प्रधान आफ्ना **आकाशले पनि ठाउँ खोजिरहेछ** कवितामा यसो भन्छन् –

*यहाँ पानी पुगेन भनेर समुन्द्र*

*तिर्खाएको तिर्खाएकै छ*

*थलको जम्मै जल शोषिरहेछ ।*

सन् 200९ वर्षलाई अन्य वर्षको तुलनामा भारतमा ज्यादै शुखा भएको साल गरिन्छ । यस वर्ष मनसुनमा 20 प्रतिशत गिरावट आएको थियो भने पश्चिमी उत्तर प्रदेश, पञ्जाब आदि राज्यहरूका कृषि क्षेत्रमा ज्यादै असर परेको थियो । भारतीय कृषि अनुसन्धान परिषदअनुसार प्रत्येक कास प्रति हेक्टर 1६ टन भन्दा अधिक माटो खत्म हुँदै जादैछन् । सन् १९९0 देखि सन् 2000 का बीच देशमा पुनर्वृक्षारोपणको दर 0.५७ प्रतिशत थियो । सन् 2000 देखि सन् 200५ को वीच यो केवल 0.0५ प्रतिशत रहेको छ ।

भारतको घना जङ्गल पनि 12 प्रतिशत भन्दा कम भूभाग रहेको छ । सन् १९८० – ८1 पछि जति वन भूमिको सर – सफाई गरिएको थियो, त्योसको लगभग ५५ प्रतिशत सन् 2001 पछि भएको देखिन्छ । मूलत: वैश्वीकरणका कारण जङ्गलको कटाई र जमीनलाई अनुपजाऊ बनाउनुमा तेजीपन ल्याएको मान्न सकिन्छ । यसर्थ भारतेली कवि अबीर खालिङ **रूख** कवितामा यसरी गुनासो पाख्छन् –

***बिचरा रूखलाई थाह छैन***

***मान्छेहरू सबै***

***जुडास् भईसके***

***मान्छेहरू सबै पिशाच भईसके ।***

भारतमा दुनियाको सबैभन्दा ज्यादा जैव विविधता भएको इलाकाहरू मध्येमा एउटा देश हो । हाम्रो यहाँ 1,30,000 भन्दा अधिक पंक्षी, जन्तु प्रजातिय छन् । पर्यावरण एवम् वन मन्त्रालयको अनुसार भारत देशको कम्तीमा पनि 10 प्रतिशत पंक्षी तथा जन्तु प्रजातियहरू खतरामा परिरहेका छन् । भविष्यमा यदी वायु मण्डलीय परिवर्तनका कारण केवल 2 प्रतिशत तापमान पनि बढ्यो भने भारतको 1५ – 40 प्रतिशत जन्तु एवम् पंक्षी प्रजाति समाप्त भएर जानेछ । देशका जङ्गली इलाकाहरूमा जलाशय निर्माणबाट कोही सुन्दर र धना जङ्गल र जैव विविधता द्वारा निर्मित प्राकृतिक क्षेत्रहरूका पनि विनाश भएर जादैछ । भारतका लगभग ७0 प्रतिशत आबादी आफ्नो जीविका र रोजीरोटीका निम्ति भूमि वा जमीनसित जडित व्यवसाय, जङ्गल, जलाशय, समुन्द्र तथा स्यानिय प्राकृतिक क्षेत्रसित आश्रित छन् । पानी,

भोजन, ईंधन, घर, अन्न, औषधि सबै उनीहरूलाई यहीबाट प्राप्त हुन्थे । यहाँसम्म की देशभरीमा २७.५ करोड़ मानिस आफ्नो जीविकाका निम्ति अहिले पनि लघु वन उत्पादहरूमा निर्भर छन् । तर देशमा भइरहेको पर्यावरणीय विनाशले यी मानिसहरूका जीवन र जीविकामा सोझो प्रभाव पारेको देखिन्छ । यसर्थ भारतीय नेपाली कवि बिचन्द्र पर्यावरण दुषित भएको कारण संसारमा आज शुन्य र खडेरी परेको अनुभव गर्दै **शून्य शून्य शून्य** कवितामा यसो भन्छन् –

*अबो उप्रान्त*

*आकाशमा आकाश छैन*

*धरतीमा धरती छैन*

*खोलामा पानी छैन*

*यस्तो यस्तो आइपरे*

*तपाई के गर्नुहुन्छ ?*

वैश्वीकरणका कारण भारतमा विकास होइन उल्टा सङ्कट उत्पन्न भएको अनुभव हुन्छ । देसमा कोही तरहको खतरनाक र विषीलु मैला – कुचेला, कचरा आदिका आयातका कारण वैश्वीकरण झन् बडेर गएको देखिन्छ । सन् 2003 – 04 मा देशमा प्लास्टिक कचराका आयात 1,01,312 टन थियो, जो सन् 200८ – 0९ मा 4,६५,९21 टन पुगेको थियो । यस अतिरिक्त हजारौ टन धातु - कचरा आदिको आया पनि देशमा गरिन्छ । यसमा अफ्रीका तथा पश्चिमी एशिया देशहरूका युद्धबाट निक्लिएको धातु - कचरा पनि शामेल छन्

। यतिमात्र होइन कोही कोही समय विस्फोटक उपकरणहरूको पनि देसमा आयत गरिन्छ,  जो रीसाइक्लिङग कारखानाहरूमा पडकी, फुटी रहन्छन् । पर्यावरणलाई रक्षा गर्नका निम्ति कार्यरत संगठन कल्पवृक्षका अनुसार भारत सरकार सदैव तीन खनन, औद्योगिक  तथा अवरचनागत परियोजनाहरूको अनुमति दिइरहेको देखिन्छ । तरै पनि देशमा भने जस्तो पर्यावरणको सुरक्षा भएको देखिन्न । यसर्थ यसको निम्ति पहिला देशका सबै नागरिक एक भएर अधि आउनु जरूरी छ । यस तथ्यलाई भारतेली कवि लक्ष्मण श्रीमल **आजको पर्यावरण** कवितामा यस्तो गुनासो पाख्छन् –

***पर्यावरणको आस्ता बट्ल्न***

***कही विश्व शान्ति वार्ताहरू***

***कही विश्व शान्ति यज्ञहरू***

***कही सद्भावना भ्रमणहरू ।***

भारतमा सबैभन्दा वर्तमानको ठूलो समस्या गरीवी हो । यसलाई क्षेत्रीयता र राष्ट्रीय मूलधारामा हेरी अधि बढे देशको यो समस्या निराकरण गर्न सकिन्छ । वैश्वीकरणको गलत होइन साँचौ अर्थलाई जानेर हामी सबै भारतीय एक सूत्रमा बाँधिए गरीव, दीन, दु:खी भन्ने कुरोको नामोनिशान नै भारतबाट हटेर जान्छ । लन्दन स्थित न्यू इकॉनॉमिक्स फाउन्डेशन (एनईएफ) - ले प्रत्येक नागरिकको 0.६0 प्रतिशत कमाई वा डलर गरीवीका निम्ति जम्मा गर्दैछन् । विश्व ब्याङ्कको आँकडाका आधारमा यदी सन् १९९0 देखि सन् 2001 को बीच संसारका प्रति व्यक्तिको आयमा 100 प्रतिशतको केवल 0.५0 प्रतिशतको एक डॉलर प्रतिदिन गरीवहरूका निम्ति वचत गर्न सके गरीवी नै संसारबाट

हटेर जाने देखिन्छ । यस्तो भावना लिएर हामी भारतीयहरू पनि अधि आउनु आवश्यक देखिन्छ । तर भारतमा यस्तो कहाँ हुन्छ र । चातैतिर लुट, मार, शोषण, षडयन्त्र, अन्याय र अत्यचार मात्र छन् । यस्तो विकराल र त्रासपूर्ण भारतीयहरूको जीवनलाई लिएर कवि हरिभक्त कटुवाल **यो जिन्दगी खै के जिन्दगी !** कवितामा यसो भन्छन् –

***भित्र – भित्रै खोक्रिएर बाहिर – बाहिर बाँचेको***
***एट्मको त्रासले चुसेको***
***समस्याको भूतले सताएको***
***यो जिन्दगी खै के जिन्दगी !***

सर्वप्रथम सबै भारतेलीहरूमा आफ्नो ठाउँ, गाउँ, समाज, जाति, राष्ट्र, देशप्रतिको भावना उत्पन्न हुनु जरूरी छ । नत्र क्षेत्रीयता, राष्ट्रीय भावना, देशभक्ति, जातिप्रेम, विश्व वन्धुत्व, वैश्वीकरण भन्ने कुरा त्याज्य मात्र सावित हुन्छन् । देशमा सन् १९९१ मा आर्थिक सुधारको सिलसिला शुरू हुँदा मानव विकास सूचकांक (जसमा साक्षरता, जीवन प्रत्याशा, औसत उम्र तथा प्रति व्यक्ति आय शामिल थियो) – मा भारत संसारका विभिन्न देशहरूका सूचिमा 123 औं स्थानमा थियो । पछि सन् 200९ मा यो सुचि बडेर हाम्रो देश 134 औं स्थानमा पुगेको थियो । भारत सरकारद्वारा असंगठित क्षेत्रहरूका समस्याप्रति विचार – विमर्ष गर्नका निम्ति पनाइएको अर्जुन सेनगुप्ता कमेटीको अनुसार सन् 200७ भारतको ७७ प्रतिशत आबादी (अथवा 83.6 करोड़ भारतीय) – ले 20 रुपये प्रतिदिन भन्दा पनि कम आयमा जीवनयापन गरिरहेका छन् । यसबाट गरीवी अझै बडदै गएको अनि यसले देशमा भयानक विपन्नता सृष्टि गरिरहेको पनि प्रतीत हुन्छ । तर हाम्रो देशमा के चाहिँ हुँदैनन् र । कानुन र नियम धैरै छन् । तर सबैको निम्ति

कार्यावय हुँदैनन् । यहाँ कानुन बनाउने र भत्काउने दुवै थरीका मानिसहरू बस्छन् । यस कुरालाई भारतेली कवि जीवन नामदुंगले **एक हुल मान्छे** कवितामा यसरी वर्णन गरेका छन् –

***एक हुल मान्छो इतिहास बनाउँदै – बनाउँदै***
***अघि अघि जान्छन्***
***एक हुल मान्छे इतिहास बिगार्दै – बिगार्दै***
***पछि पछि आउँछन् ।***

देशमा गरीबीको अध्ययनका निम्ति बनाइएको तेन्डुलकर कमेटी, जसले सन् 200९ मा योजना आयोगलाई आफ्नो रिपोर्ट बुझाएको थियो । यस रिपोर्टअनुसार सन् 2004 – 0५ भारतमा गरीबोंहरूको अनुपात ग्रामीण इलाकामा 41.८ प्रतिशत र शहरमा २५.७ प्रतिशत मात्र थियो । यसबाट भारतका शहरी क्षेत्र भन्दा ग्रामिण क्षेत्रमा ज्यादा गरीवीको चपेटमा परेको बुझिन्छ ।

यहासम्म की संसार भरकै अल्पपोषित मानिसहरूमा सबैभन्दा बड़ी आबादी हिन्दुस्तानमा नै छन् । यो आबादी उप – सहारा, अफ्रीका आदिमा भन्दा अल्पपोषित मानिसहरूका कुल संख्यामा पनि ज्यादा देखिन्छ । ए. फए. ओ.ले सन् 2004 – 0६ वर्ष अवधि यो आबादी २५.1 करोड़ अर्थात् देशका कुल आबादी मध्ये एक चौथाई बताएको छ । यसको मुख्य कारण अन्य केही नभएर क्षेत्रीयता र राष्ट्रीयताको भावना हामी भारतीयहरूमा नभएर हो । लोभ, लालज, चाँडै अमिर बन्ने प्रवृत्ति आदिका कारण देशमा जतातत्तै कालो बादल छाएको देखिन्छ । सरकारी र गैर सरकारी निकायहरूबाट यसबारे विविध जनचेतनामूलक कार्यहरू भए तापनि सठीक रूपमा त्यो परिणत हुन

सकेका छैनन् । मेरो भन्ने भावनाका कारण मान्छेले मान्छेलाई मार्दैछन् । यसैले कवि बालकृष्ण सम आफ्नो कवितामा यसो भन्छन् –

**मै खाउँ, मै लगाउ, मरून अरू दुर्बलहरू**
**मै नाचुँ, मै हाँसौ, सुख – सयल मै मौज गरून ।**

हुन त देशमा जनङ्ख्या बृद्धि भए तापनि अन्न सकि गएको छैन । अहिले पनि भारतमा पर्याप्त भोजन छ, खाध्य विभाग (एफ. सी. आई.) - को गोदाममा अनाज बोराका बोरा सरकारले मानिसहरूलाई वितरण गर्न राखेको छ । महङ्गी भयो, गरीवले किनेर खान सक्दैनन् भनेर प्रति किलो केवल 2 रूपियाँ केजी चामुल पनि वितरण गरिन्छ । तरै पनि देशमा मानिसहरू प्रतिवर्ष भोकै मर्छन् । विश्वमा प्रति वर्ष 20 करोड़ भन्दा अधिक मनिस सदैव भोकै पेट सुत्छन् भने ५ करोड़ भन्दा अधिक मानिस भुखमरीको शिकार हुन्छन् । हाम्रो देश भारतको अवस्था पनि यस्तै छ । यहाँ वर्षौ हजारौं मानिसहरू भुखमरीमा मर्दछ । यस कुरालाई भारतेली कवि भविलाल लामिछानेले **मेरो देश** कवितामा यसरी चित्रण गरेका छन् –

***भोकाहरूका भोकमा***
***तीर्खातुरका तीर्खामा***
***पीडितहरूका पीडाभित्र***
***नांगा – भुतुंगा, धुल – धुसरित शिशुहरूबीच***
***तिम्रो यस पीडामय क्षणमा***
***मेरो देश ।***

भारत विभिन्न ‘विकास’ परियोजनाहरूका कारण विस्थापित हुँदै गइरहेको देखिन्छ । देशमा यस परियोजना प्रभावित मानिसहरूका संख्या सन् १९४७

देकि अहिलेसम्म लगभग ६ करोड़ रहेको छ । योजना आयोगद्वारा लगभग 2.1 करोड़ विस्थापितहरूमाथि गरिएको अध्ययन अनुसार ती प्रभावित भारतीयहरूमा 40 प्रतिशत भन्दा ज्यादा आदिवासीहरू रहेका छन् । तर भारतको कुल आबादीमा आदिवासीहरूको हिस्सा केवल 8 प्रतिशत मात्र छ । सन् 200८ – 0९ मा एन. एस. एस. ले गरेको सर्वेक्षण अनुसार भारतीय शहरहरूमा 4९,000 झोपडी, 42,000 बस्ती र 3,400 भन्दा अधिक चियाकमान छन् । सन् 2003 मा एक संयुक्त राष्ट्र अध्ययनले बताए अनुसार भारतका आधा भन्दा अधिक शहरी आबादी झोपडी र बस्तीहरूमा रहेको छ । सम्पूर्ण विश्वमा यस्ता मानिसहरूको संख्या एक तिहाई रहेको देखिन्छ ।

भारत एक कृषिप्रधान देश हो । तर भारतीय अर्थव्यवस्थाको औपचारिक (संगठित) क्षेत्रमा रोजगारको संख्या सन् १९९1 देखि सन् 200७ सम्म तकरीबन 2.७ करोड़को आसपास रहेको देखिन्छ । यो संख्या भारतका कुल श्रमशक्तिमा केवल ६ प्रतिशत भन्दा पनि कम छन् । वैश्वीकरणका कारण देशमा आज लाभ होइन, हानी भइरहेको देखिन्छ । यति मात्र होइन क्षेत्रीयता भन्ने कुरा भारतीयहरूले भुली सके । गाउँ, बस्ती, कमान पनि बिर्सिसके । हामी गाउँलाई नै लत्याएर शहरको विकास र उन्नतिमा लागि सकेका छौं । तर हाम्रो आवश्यक्ता शहरलाई होइन, आफ्नै जन्मेका ठाउँ, गाउँ, बस्ती र कमानलाई खाचो छ । यस यथार्थतलाई भारतेली कवि राजु प्रधान 'हिमांशु' -ले **म शहरमा बसेर गाउँकै कविता लेख्दैछु**मा यसरी वर्णन गरेका छन् –

***तिम्रो न्यानोपन गाउँलाई चाहिएको छ***
***तिम्रो आफ्नोपन गाउँलाई चाहिएको छ***
***शहरमा बसेर तिमीले लेखेको कविताले***
***अहँ, अन्न दिएन गाउँलाई भोक मेट्न ।***

Notes

मूलतः गाउँ, बस्ती, कमान आदि चोखो स्थानहरूको मूल्य र महत्वलाई हामीले भुल्ने हुँदा आज भारतमा पाश्चात्य संस्कृति र तथ्यहरूले हाम्रो मौलिक कुराहरूलाई मार्ने कार्य गर्दैछ । हामी पूर्णत शहरीया भइसक्यो । तर गाउँ र शहरमा अहिले पनि विभिन्नता छ , पार्थक्य छ । यस कुरालाई दार्जिलिङका कवि मिलन बान्तवा **गाउँ र शहर** कवितामा यसरी लेख्छन् –

***शहरका बालकहरूले***
***चराको बोली नबुझे जस्तै***
***गाउँका बालकहरू***
***माइकल ज्याक्सन, बब मार्ली र बब डिलनका***
***चिरविरहरू बुझ्दै बुझ्दैनन् ।***

राष्ट्रीय भावना होइन राष्ट्रबादको भावना मात्र हामी भारतीयहरूमा जाग्रत छ । देशका वीर सिपाहीहरू आज अपाहिज भएका छन् । यसैले भारतेली कवि इन्द्रबहादुर गुरूङ आफ्ना कविता **विवशता**मा यसरी सत्यता ओकल्छन् –

***सुनेको थिएँ***
***शत्रुसँग लड्ने सिपाहीहरू***
***अपाहिज भएर***
***तक्मा बन्दगी राखेर***
***आफैसँग लड्दै गरेको कुरा ।***

साँच्चै यस्तो स्थिति हो भने एक दिन देशनै सङ्कट र पतनको गोरेटोमा पुग्नु सक्छ । यसर्थ यसबारे आजदेखि नै हामी भारतीयहरू चेतनशील हुनु

जरूरी छ । यही तथ्यलाई भारतेली नेपाली कविहरूले आ - आफ्ना कविताहरूमा उजागार गरेका पाउँछौं ।

देशमा अप्रैल 200९ मा मोबाइल फोन प्रयोग गर्ने भारतेलीहरूको संख्या केवल 40.3 करोड़ थियो । यी मध्ये लगभग 4६ प्रतिशत तथा १८.७ करोड़ भारतीयहरू यस्ता थिए, जसकोमा कुनै व्याङ्क खाता धरी थिएनन् । अहिले सबैसित मोबाइल छ, सबैले यसको प्रयोग गर्छन् । बृद्धादेखि लिएर दुधे बालक धरी यसको पञ्जामा जकडिएका छन् । झन् व्यापारी र उध्योगपतिहरूको त कुरै छैनन् । आज पनि भारतको ६ लाख गाउँहरूमा केवल ५.2 प्रतिशत गाउँका मानिसहरूका मात्र व्याङ्कमा खाता छन् । यसबाट के बुझिन्छ भने भारतबाट अङ्ग्रेजहरू गएर पनि उपनिवेशिकरण हराएको छैन । ज्यादा खेतीपाती गर्ने किशान, कुल्ली र कृषकहरू आज पनि जमीनदार र सूदखोरहरूको चङ्गुलमा फसेको बुझिन्छ । विभिन्न श्रृण र बाँकीमा परेर सन् १९९७ – 200८ को माझ दुई लाख भारतीय किसानहरूले आत्महत्या गरिसकेका छन् । कुनै जाल, झेल र कपटदेखि टाढा रहेका यी किसानहरू संधै आफ्नो परिक्षमको मूल्य खाने गर्छन् , परिवार पाल्ने गर्छन् । यस्ता किसान, कृषकहरूका जीवनबारे कवि मोहन ठकुरी आफ्ना कविता **तिमीलाई म संधै देख्दछु**मा यसो भन्छन् –

*कुनै कृषकलाई म देख्दछु*

*पसिनाले नुहाएका, थकित*

*उसको अनुहार देख्दछु*

*परिश्रम फुलेको उसको खेतबारीमा*

*तिम्रो खुसी देख्दछु*

*तिम्रो आनन्द देख्दछु ।*

आकाँडालाई हेर्नु हो भने 10 वर्षको औसत लगभग प्रत्योक 30 मिनटमा एक किसानले भारतमा आत्महत्या गरेको पाइन्छ । यस्ता आत्माहत्या गर्ने किसानहरूमा ज्यादै आदिवासी किसानहरू रहेको मानिन्छ । देश बनाउने, देशलाई अन्न दिलाउने, भोट दिएर चुनावमा नेतालाई जिताउने सबै भारतीय नागरिकहरू सरह यी किसामहरू पनि समान छन् । तर भेदभाव भने गरिनै रहेको पाइन्छ । यसैले भारतेली नेपाली कवि भीम 'सन्तोष' **तिमी डायना भएर आउनु** कवितामा ती आदिवासीहरूप्रति यसो भन्छन् –

*ए मेरी आदिवासी केटी !*
*मलाई तिम्रो तामारङ्गको अनुहार*
*खटेर खाएको कसिलो*
*जिउ – डाल देखेर*
*भन्न मन लाग्छ*
*यो देश बनाउने तिमीहरू पनि हौं*
*यो देशलाई संकटकालमा बचाउने*
*तिमीहरू पनि हौं ।*

यस्तो छ हाम्रो देशको अवस्था । ठूलो माछाले सानो माछालाई खाने प्रवृत्ति भारतमा पहिला पनि थियो, आज पनि यथावत नै देखिन्छ । सामन्तीहरूले श्रमिकहरूलाई लुट्ने, मालिक पक्षले कुल्लीहरूलाई दबाउने, ठेकादारहरूले दैनिकी रोज गर्नेहरूलाई चुस्ने परम्परा चलिरहेको छ । आफ्नो पसिना, परिश्रम र इमानदारीको कमाई खाने कुल्ली, कृषक, किसान, भरिया आदिको

जीवन वास्तवमा कस्तो हुन्छ भन्नेबारे कवि बिचन्द्र **मेरो अनुहार** कवितामा यसो भन्छन् –

*हप्ताभरी श्रम गरेर*

*एक दिन, एक बेला*

*मीठो – मसिनो खाना खाँदा*

*रमाइलो मान्ने श्रमिकको जस्तो*

*मेरो पनि अनुहार उजेलो हुनुपर्थ्यो ।*

क्षेत्रीयता, राष्ट्रीयता र वैश्वीकरण केवल देखावटीको निम्ति मात्र देशमा भइरहेको छ । सत्य, साँचो र यथार्थमा यी कुराहरू देशमा नभएकोले आज संसारमा भारत अन्य देशको तुलनामा पछौटे हुँदै जादैछन् । भुटाङ वा भुटान जस्तो सानो देशले आज कति प्रगति गरिसक्यो । तर एशिया महादेशकै एक ठूलो देशको रूपमा गरिने भारत आज भुटाङको तुलनामा धैरै तल छन् भन्न सकिन्छ । यसैले भारतेली कवि दावा योञ्जन आफ्नो **विषालु थोपा** शीर्षक कवितामा यसो भन्छन् –

*ड्याम्म ढाकेको छ आकाश*

*भयानक बनिन्दै बादलको अनुहार...*

*अचानक खस्न थाल्छ विषालु थोपाहरू*

*अविरल झरी बनि*

*अनि भिजाउँछ निथ्रुक्क*

*ब्यस्त जमिन*

Notes

*डाँडा काँडा*

*अनि फाँटहरू ।*

तकरीबन ६0 प्रतिशत भारतीयहरूसित अहिले पनि समुचित स्वच्छता सुविधा छैनन् । देशले लागु गरेको प्रधानमन्त्री स्वस्थ्य बिमा योजना, भारतीय जीवन विमा योजना, जनसल्याण स्वस्थ्य योजना, स्वस्थ्य साथी, स्वस्थ्य मित्र, पश्चिम वङ्ग स्वास्थ्य योजना आदिबारे मानिसहरू अहिले पनि अनभिज्ञ छन् । युनीसेफ अनुसार विश्वमा चोखो पेयजल स्रोत केवल ८८ प्रतिशत आबादीका निम्ति मात्र उपलब्ध छ । संसारमा यस्तो अरवपति, करोड़पति व्यक्तिहरू पनि छन्, जसको कुल निवेश योग्य सम्पदा (निजी घर, जमीन तथा सम्पत्तिका अतिरिक्त ) कम्तिमा पनि 4५ करोड़ रुपियाँ होस् । तर हाम्रो देश भारतमा यस्ता व्यक्तिहरू पनि छन् । मेरिल लिंचको सर्वोक्षण अनुसार भारतमा सन् 2010 मा यस्ता अरवपति, करोडपतिहरूको संख्या 1,2६,७00 थियो । यसैमा देशका रतन टाटा, मुकेश अम्बानी आदि उध्योगपतिहरू पर्दछन् । यस्ता सम्पन्न व्यक्तिहरू भएको देश भारतमा तरैपनि किन मानिस भोकले मर्छन्, गरीवीका शिकार हुन्छन् । मुम्बाई जस्तो महानगरीमा किन धेरै झोपडीहरू छन्, भारतमा मात्र किन औधी भिखारी र साधु – सन्तहरू छन् । प्रश्न गरम्भीर भए पनि यसको उत्तर सबै भारतीयहरूलाई ज्यात छन् । तर दिन कसैले चाहदैनन् ।

देशभक्ति र क्षेत्रीयतावादको मुखुण्डो आडेर आज देशभित्रै उग्रवादीहरू जन्मन्दैछन् । वैश्वीकरणको को त कुरै छैन, मानवतावाद धरीलाई भुलेर आज भारतको घर – घरमा दाज्युले भाईको , छोराले बाबुको हत्य गरिरहेका छन्

। सम्पत्ति र घनको निम्ति आफ्नैमाझ काटामार र झगडा हुँदैछ । यसैले भारतेली नेपाली कवि खडकराज गिरी **अब त बाहिर निस्कनुपर्छ** कवितामा यसरी हुङ्कार गर्छन् –

*धूवै – धूवाले ढाकियो*
*आँखै पिरिए*
*धूवाबाहेक अरू केही नदेख्ने भयौं*
*हामी एकार्कालाई बाहेक*
*कसैलाई नचिन्ने भयौं ।*

यी सबैको मुख्य कारण हो त्यस कुराप्रतिको चेतना । तर चेतना आएर पनि अचेतनशील भएका छन् मानिसहरू । बुझेर पनि नबुझेको जस्तो स्वाङ रचेर मानिसले मानिसकै हत्या, शोषण गरिरहेका छन् । आफ्ना घर, जन्म स्थान, परिवार सबै मानिसले भुलिसके । गरीव गरीव नै छन् , धनी झन् धनी बन्दैछन् । नैशनल इलेक्शन वॉचद्वारा गरिएको सर्वेक्षण अनुसार सन् १९९९ को लोकसभाका सदस्यहरूमा कुल ५43 सदस्य मध्ये 300 सदस्य डॉलर मिलियनेयर्स (अर्थात् 4.५ करोड़ भन्दा अधिक सम्पत्ति भएका ) सदस्य तथा राजनेताहरू थिए । देशलाई विश्वको विकासमा पुराउने यस्ता महान् बनाउदो व्यक्तिहरू यसरी धनाडय बन्दैछन् । तर गरीव त्यहीको त्यही अवस्थामा छन् । आज देशको अर्थव्यवस्थाको दशा झन् नाजुक भएर गएको देखिन्छ । सन् 200८ – 12 को समय भारत की विकास (जीडीपी) मात्र ६.७ – ८.4 प्रतिशतको बीच झूलेको देखिन्छ । सन् 2012 को यूरो जोन सङ्कटका कारण तथा आंशिक रूपमा भारतीय अर्थव्यवस्था के भित्र देखिएको मैन्यूफेक्चरिंग, खेतीमा आएको ठप्पपन आदिले विकास दर अढ तल झरेर

गएको छ । 31 मार्च 2012 मा मैन्यूफेक्चरिंग क्षेत्रको विकास दर 0.3 प्रतिशत भएको थियो , जो सन् 2010 – 11 मा ७.3 प्रतिशत थियो । कृषि उपजको क्षेत्रमा पनि यस्तै गिरावट आएको देखिन्छ । यस कृषि उपजमा लागद गरिएको मध्ये केवल 1.७ प्रतिशतको फाइदा उठाएको थियो । कृषि मात्र होइन औध्यगिक क्षेत्रमा पनि भारतमा ह्रास आएको देखिन्छ । सन् १९९1 देखि अहिलेसम्म औद्योगिक उत्पादन तीन गुना भएको छ भने बिजली उत्पादन दुई गुणा माथि गएको छ । सञ्चार साधन तथा वायु , रेल एवम् सड़क यातायात आदिको गुणवत्तामा पनि भारी विस्तार आएको देखिन्छ । यसबाट देशमा केही सुधार भएको मान्न सकिन्छ ।

देशमा वैश्वीकरणलाई बढाउनका निम्ति सबैभन्दा पहिला देशको अर्थ व्यवस्थामा सुधार ल्याउनु जरूरी देखिन्छ । दिन - दिनै बहिर्मुखी हुँदै गएको अर्थव्यवस्थामा सुधार ल्याउनुको निम्ति देशलाई विदेशी श्रृण, कर्ज आदिबाट मुक्त गरेर विदेशी मुद्रा भण्डार भर्नु आश्यक्ता छ । हाम्रो देश भारतलाई सन् १९९1 मा विदेशी श्रृण ८3 अरब डॉलर थियो, यो सन् 200८ मा बडेर 224 अरब डॉलर भएको छ । यस कर्जलाई जी. डी. पी. को लगभग 20 प्रतिशत मानिन्छ । आज यो झन् बडेर 4५0 अरब डॉलर भन्दा पनि अधिक भएको अनुमान गर्न सकिन्छ । गत केही वर्षहरूमा भारतमा पूँजी निर्गमका कारण मुद्रा भण्डारमा गिरावट आएको देखिन्छ । भारतको व्यापार - वाणिज्यमा घाटा (आयात र निर्यातका भिन्नता ) नब्बेको दशकदेखि नै बढेर गएको देखिन्छ । सन् 2004 मा यो घाटा देशमा जीडीपीको 0.4 प्रतिशत थियो भने सन् 2011 – 12 मा बढेर 3.६ प्रतिशतसम्म पुगेको थियो ।

साल 2011 – 12 मा भारत सरकारले कुल बजट व्ययको 30 प्रतिशत खर्चा श्रृणको ब्याज चुकाउनुमा लगाएको थियो । यसका कारण देशको रक्षा क्षेत्रमा

८ प्रतिशत र स्वास्थ्य, शिक्षा आदिमा कुल मिलाकर केवल 2 प्रतिशत भन्दा पनि कम खर्चा देशले गरिरहेको थियो । यसरी अन्य देशको श्रृण, कर्जा, बाँकी आदिको चपेटमा परेर भारतले देशको बहुमूल्य क्षेत्रहरू रक्षा, स्वस्थ्य, शिक्षा आदिमा अनदेखा गरिरहेको भान हुन्छ । कुनै पनि देश अविकसित र लङगडो बन्ने मुख्य कुरो नै उपर्युक्त रक्षा, स्वस्थ्य, शिक्षा आदि क्षेत्रहरू हुन् । मानिसका शरीरको विभिन्न अङ्गहरू मध्ये आँखा बहुमूल्य भए झै देशको बहुमूल्य अङ्ग भनेको यी तीन क्षेत्र रक्षा, स्वस्थ्य र शिक्षा हुन् । यसको विकास, संरक्षण र उन्नति भएन भने कुनै पनि देश आफै पतन भएर जान्छ, दुशमनको आक्रमण गर्ने, देशवासी मासिने सोझै कारण बन्छन् । यसर्थ ती कुराहरूलाई मध्यनजर राखेर भारतेली नेपीली कविहरूले आफ्ना कविताहरूमा यसबारे विशेष रूपमा सबै भारतीयहरूमा चेतना फैलाउने कार्य गरेको देखिन्छ ।

## 14.4 उपसंहार

क्षेत्रले कुनै बिशेष इलाका, ठाउँ, सीमा, भूमि, स्थान आदिलाई बुझाउँने हुनाले क्षेत्रियको अर्थ चारैतिरबाट घेरिएको क्षेत्र, कुनै बिशेष स्थान, वरिपरिको ठाउँ, सीमाभित्रको भू - खण्ड आदिलाई बुझिन्छ । यस क्षेत्र वा क्षेत्रियताभित्र परिवेश, ग्रह, सूर्यमण्डल, चन्द्रमण्डल, तारामण्डल आदि पनि पर्दछ । सन्दर्भ भन्नाले कुनै कुरोको बिषय, वस्तुका कुरा, निद्दष्ट तथ्य आदिको बारे वा विषय भन्ने बुझिन्छ । यसर्थ **क्षेत्रिय सन्दर्भ** भनेको कुनै बिशेष इलाका, ठाउँ, क्षेत्र, सीमा, भूमि, स्थान आदिको बिषयको बारेमा गरिएको तथ्य वा कुरालाई बुझिन्छ । **राष्ट्रिय** शब्दले देश वा राष्ट्रले एउटा निर्दिष्ट क्षेत्र वा भूमिलाई बुझाउँछ । राष्ट्र भनेको मानसिक जीवन तथा अभिव्यक्तिका

एकताप्रति पूर्ण सचेत रहने सांस्कृतिक समानताको एउटा सामाजिक समूह हो । यसलाई एक - आपसमा अनेर प्रकारका समानताहरूमा बाँधिएको जनसमूह पनि मान्न सकिन्छ । राष्ट्र वा देश भनेको एउटा सीमाबद्ध क्षेत्र अनि राष्ट्रियता भनेको त्यस सीमाबद्ध क्षेत्रभित्र सम्मिलित मानवमा उत्पन्न भावना हो । वास्तवमा **राष्ट्र** भन्नाले मानव जातिको संस्कृति, धर्म, इतिहास, भाषा आदिसित सम्बन्धित प्रान्तीय लक्षण, आर्थिक स्थिति, जातीय पृष्ठभूमि, समुदाय आदिलाई बुझिन्छ । यही राष्ट्रद्वारा बनिएको राष्ट्रीय मूलधाराले कुनै पनि राष्ट्र, देश आदिको विशेष सन्दर्भमा गरिएको सर्वेपरी र हितार्थ तथ्य, कुरा, विषय आदिलाई बुझ्न सकिन्छ ।

**वैश्वीकरण** शब्दको प्रयोग अमेरिकी चार्ल्स तेज रसेलले सन् १८९७ मा **कॉर्पोरेट दिग्गजहरू** नामक पुस्तकमा गरेका थिए । विशेष अर्थ व्यवस्थाको क्षेत्रमा प्रयोग हुने वैश्वीकरणको प्रारम्भ भारतमा १७ औं शताब्दीमा **डच ईस्ट इण्डिया कम्पनी** को स्थापना भएपछि भएको मानिन्छ । तथापि वैश्वीकरणका प्रथम युग १९ औं शताब्दी नै हो । **वैश्वीकरण** शब्दको शाब्दिक अर्थ स्थानीय वा क्षेत्रीय वस्तुहरू, घटनाहरू आदिलाई विश्व स्तरमा रूपान्तरण गरिने विशेष प्रक्रिया हो । यसलाई कुनै निदृष्ट प्रक्रियाको वर्णन गर्नेका निम्ति पनि प्रयुक्त गरिन सकिन्छ , यसद्वारा सम्पूर्ण विश्वका मानिस एउटै छत्रछाँया, एउटै बन्धनमा, एउटै सूत्रमा साथै एकै समाजमा बस्न सक्छन् । मानिस – मानिसबीचमा मानवताको नाता उत्पन्न भएर एकताको डोरीमा बाधिइ विश्व एकताको मन्त्र उच्चारण गर्नु नै वास्तवमा वैश्वीकरण हो । यो प्रक्रिया आर्थिक, तकनीकि, सामाजिक तथा राजनीतिक शक्तिको एउटा संयोजन पनि हो । वैश्वीकरणका उपयोग विशेष आर्थिक वैश्वीकरण के

सन्दर्भमा सम्पूर्ण विश्व वा पृथ्वीमा गरिने गरिन्छ । व्यापार, वाणिज्य, विदेशी प्रत्यक्ष निवेश, पूञ्जी प्रवाह, प्रवास तथा प्रौद्योगिकी आदिको प्रसारका माध्यमद्वारा राष्ट्रीय अर्थव्यवस्थालाई अन्तर्राष्ट्रीय अर्थव्यवस्थाहरूमा एकीकरण गर्नु पनि वैश्वीकरण मान्न सकिन्छ ।

**वैश्वीकरणले मूलरूपमा** आदर्श उदारवादी (neoliberal) स्वरुपको विरोध गर्दैन । यसको प्रयोग देशमा संप्रभुताको प्रदर्शनका निम्ति र लोकतांत्रिक स्थापनाको निम्ति विशेष रूपमा गरिन्छ । कुनै पनि देशमा वैश्वीकरणप्रति मानिसमा विरोधी भावना पनि उत्पन्न हुनुसक्छ । मानिस, वस्तु तथा विचारधारा आदि क्षेत्रमा अन्तरराष्ट्रीय हस्तान्तरणप्रति रोक लगाइयो भने यो भावना मानिसमा बढेर जान सक्छ । विशेष रूपमा आई. एम. एफ. (IMF) वा विश्व व्यापार संगठन जस्ता सङ्गठनहरूद्वारा विश्वकरणको बिरोघमा सुनिश्चित गर्न सकिन्छ । क्यानाडाका पत्रकार नओमी क्लेन (Naomi Klein) – ले आफ्नो पुस्तक **कुनै स्थान छैनन् , कुनै चुनाव छैन , कुनै नोकरी छैन** ( No Logo: Taking Aim at the Brand Bullies ) – मा तर्क दिदै भनेका छन् - वैश्वीकरणको विरोध की त यो एक सामाजिक आन्दोलन (social movement) हो की त एक सामूहिक शब्द (umbrella term) । यसमा कुनै अलग सामाजिक आन्दोलन जस्तै राष्ट्रवादी, समाजवादी आदि शामेल हुन्छन् । आज भारतमा लोकतन्त्रको नाममा मानव अधिकार र समतावादको कुरो उठीरहेको छ । देशमा चारैतिर मानव अधिकार हरण भएको देखिन्दैछ । भारतमा मात्रै होइन सारा विश्वमा नै वर्तमानमा **विश्व न्याय आन्दोलन** (Global Justice Movement), **निगम - विरोधी वैश्वीकरण आन्दोलन**, **आन्दोलनहरूको पनि आन्दोलन** (इटलीमा यो एक लोकप्रिय शब्द

Notes

बनेको छ), **वैश्वीकरणमा परिवर्तन** (Alter - globalization) आन्दोलन (यो फ्रान्समा लोकप्रिय छ), **गणक - वैश्वीकरण** आन्दोलन आदि भइरहेको देखिन्छ । झन् क्षेत्रीयतावाद र राष्ट्रवादको नाममा त धेरै आन्दोलनहरू देश – विदेशमा भइसकेका छन् , अझै हुँदैछ । यस्तो स्थितिमा प्रत्येक देशको साहित्यले यी कुराहरूलाई चेतनागत् रूपमा जनता समक्ष पस्किनु सक्नुपर्छ । यसमा भारतेली नेपाली कविहरूले जुन देन दिएका छन्, त्यो स्तुत्य छन् । तरै पनि भने जस्तो चेतना देशवासीमा आउन सकेको देखिन्न ।

आज भारतेली नेपालीहरू जात – जात, धर्म – धर्ममा टुक्रिएका छन् । आफ्नो भाषा, संस्कृति र साहित्यलाई लत्याउँदै छन् । संस्कृति बाचे जाति बाँच्छ, जाति बाचे भाषा बाँच्छ भन्ने सत्यतालाई भारतेली नेपालीहरूले भूलि सकेका छन् भन्दा हुन्छ । मानिसलाई सबैभन्दा धेरै माया अन्य कुराहरूको भन्दा पनि आफ्नो भाषाको हुनुपर्छ । कारण भाषा नभएका भए मानिस आज पनि लाटो र गुङ्गा नै हुने थिए । कुनै एक विद्वानले भनेका छन् – कुनै जातिलाई मास्नका निम्ति उसको भाषालाई मारी देउ, त्यो जाति आफै मरेर जान्छ । यस कुरालाई भारतेली नेपाली विद्वान् डा. कुमार प्रधानले पनि स्वीकारेका छन् । तर आज भारतमा क्षेत्रीयता, राष्ट्रीयता र वैश्वीकरणको उल्टो अर्थ लाएर मानिसहरू आफ्नो भाषा, जाति, समाज, राष्ट्र र देश मास्ने काममा लागिरहेका छन् । यहाँ विश्व बन्धुत्व, मानवतावाद, भाइचारा, अहिंसा भन्ने कुरोहरूको गला निमोठिएको छ । तब जति नै भारतमा नेपाली कविहरूले मात्र होइन अन्य हिन्दी, गुजराती, वङ्गाली, मराठी, कन्नड, तमिल, तेलुगु, सिन्धी, पञ्जावी, भोजपुरी आदि कविहरूले आ – आफ्ना कविताहरू क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरणको परिप्रेक्ष्यमा सिर्जाना गरे पनि त्यसले देश र देशवासीमा भने जस्तो प्रभाव पार्छ भन्न

सकिन्न । मजबूत औद्योगिक शक्तिहरूद्वारा गरीब देशको सुरक्षामा पनि कमी आएको देखिन्छ । यसका परिणाम स्वरुप यी गरीब देशहरूमा सस्तो श्रमको रूपमा मानिसहरूलाई शोषण गरिने गरिन्छ । सुरक्षामा आएको कमीले गर्दा प्रबल औद्योगिक राष्ट्रहरूका कम्पनीहरूले श्रमिकहरूलाई असुरक्षित स्थितिमा लामो समयसम्म काम गर्नका निम्ति प्रलोभन देखाएर पर्याप्त वेतन दिने वाचा पनि गरेको पाइन्छ । तर यसले प्रतियोगी नियोक्ता बाजारमा श्रमिकहरूलाई अप्रत्यक्ष रूपमा "शोषण" गरेको मानिन्छ । यो वास्तवमा अन्य केही नभएर सस्तो श्रम नै हो । हुन त जहिले चाहयो तहिले नै कुनै पनि श्रमिक आफ्नो काम छोड्न सक्छन् । तर यसो गरे के उसको परिवार भुखमारीको शिकार हुन पुग्छन् । यसर्थ चाहेर पनि उनीहरू त्यस श्रमबाट टाढा भाग्न सक्दैनन् । कमोजोर श्रम सङ्ध, श्रमिकहरूका धनात्मक आय, मालिकपक्षको फाइदा, कम्पनीको विकास आदिका कारण संसारमा गरीब गरीब नै भइरहेका छन् भने धनी अझै धनाडय बन्दै जादैछन् । यसले अन्य केही नभएर कता – कता असन्तोष र बिद्रोहको भावलाई बढाउनमा उर्जा मात्र प्रदान गरिरहेको बुझिन्छ । साँच्चै विश्वमा धेरै यस्ता आन्दोलन र बिद्रोहहरू पनि भएको छ । यस्ता आन्दोलनहरूमा समूह, राष्ट्रीय मुक्ति समूह, किसान (peasant) बिद्रोह, संघ जीवी, बुद्धिजीवी, कलाकार, सुरक्षावादी, अराजकतावादी (anarchists) आदि शामेल छन् । यसर्थ विश्व ब्याङ्कका अर्थशास्त्री ब्रैंको मिलेनोविकले विश्वमा गरीबीको कारण वैश्विक असमानता बढेर गएको मानेका छन् ।

## 14.5 सार

यस प्रखण्डमा **क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरणको सन्दर्भमा भारतेली नेपाली कविता**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ **क्षेत्रिय** शब्द क्षेत्रबाट बनिएको हो । यस क्षेत्रले कुनै बिशेष इलाका, ठाउँ, सीमा, भूमि, स्थान आदिलाई बुझाउँने हुनाले क्षेत्रियको अर्थ चारैतिरबाट घेरिएको क्षेत्र, कुनै बिशेष स्थान, वरिपरिको ठाउँ, सीमाभित्रको भू - खण्ड आदिलाई जनाउँदछ ।
- ❖ क्षेत्रिय सन्दर्भ भनेको कुनै बिशेष इलाका, ठाउँ, क्षेत्र, सीमा, भूमि, स्थान आदिको बिषयको बारेमा गरिएको तथ्य वा कुरालाई बुझिन्छ ।
- ❖ **राष्ट्रिय** शब्दले देश वा राष्ट्रले एउटा निर्दिष्ट क्षेत्र वा भूमिलाई बुझाउँछ । राष्ट्र भनेको मानसिक जीवन तथा अभिव्यक्तिका एकताप्रति पूर्ण सचेत रहने सांस्कृतिक समानताको एउटा सामाजिक समूह हो ।
- ❖ राष्ट्रीय मूलधाराले कुनै पनि राष्ट्र, देश आदिको विशेष सन्दर्भमा गरिएको सर्वेपरी र हितार्थ तथ्य, कुरा, विषय आदिलाई बुझ्न सकिन्छ । राष्ट्रियता चाहिँ कुनै जनसमूहमा जातीयसांस्कृतिक तथा , धार्मिक एकताको आत्मीय भावना पाइनुलाई बुझिन्छ ।
- ❖ **वैश्वीकरण**ले अन्तर्राष्ट्रीय स्तरमा देशहरू बीच मुक्त व्यापारलाई प्रशय दिदंछ । यसका कारण केही देशहरू आफ्नो राष्ट्रीय बजारलाई बचाउने कोशिश पनि गर्छन् । गरीब देशहरू जस्तै - भारत, चिन, लिबिया, सिनेगल आदिका मुख्य निर्यात कृषि सम्बन्धी रहेको हुनाले यस वैश्वीकरणको श्रृणात्मक पक्ष पनि देखिन्छ । यी देशहरीलाई संसारका शक्तिशाली र धनी देशहरू जस्तै – अमेरिका, जापान, फ्रान्स, रसिया आदिसित प्रतिस्पर्धा गर्न मुश्किल पनि हुदछ ।

- वैश्वीकरण एउटा यस्तो प्रक्रिया हो, जसले करपरेट जगतका भलाईको निम्ति मात्र मध्यस्थ हुन्छ । यसले केवल वैकल्पिक वैश्विक संस्थाहरू र उनीहरूका नीतिलाई मात्र बढाव दिदंछ । यस्ता नीतिहरू पुरै संसारमा गरीब र श्रमिक वर्गका हितका निम्ति नैतिक दावा गर्ने गर्छन् । तर उल्टो त्यही संस्थानहरूकै हितार्थ भइरहेको हुन्छ । केही प्रतिक्रियावादीहरू (reactionary) – ले यही वैश्वीकरणद्वारा राष्ट्रीय उद्योग र रोजगारलाई नष्ट गर्दछ भन्ने सोचाई पनि छन् ।
- वैश्वीकरणका कारण देशमा आज लाभ होइन, हानी भइरहेको देखिन्छ । यति मात्र होइन क्षेत्रीयता भन्ने कुरा भारतीयहरूले भुली सके । राषट्रीय भावना होइन राष्ट्रबादको भावना मात्र हामी भारतीयहरूमा जाग्रत छ ।
- यस्तो स्थिति हो भने एक दिन देशनै सङ्कटको धेरा र पतनको गोरेटोमा पुग्नु सक्छ । यसर्थ यसबारे आजदेखि नै हामी भारतीयहरू चेतनशील हुनु जरूरी छ । यही तथ्यलाई भारतेली नेपाली कविहरूले आ - आफ्ना कविताहरूमा उजागार गरेका पाउँछौं ।
- **वैश्वीकरण** शब्दको प्रयोग अमेरिकी चार्ल्स तेज रसेलले सन् १८९७ मा **कॉर्पोरेट दिग्गजहरू** नामक पुस्तकमा गरेका थिए । विशेष अर्थ व्यवस्थाको क्षेत्रमा प्रयोग हुने वैश्वीकरणको प्रारम्भ भारतमा 1७ औं शताब्दीमा **डच ईस्ट इण्डिया कम्पनी** को स्थापना भएपछि भएको मानिन्छ । तथापि वैश्वीकरणका प्रथम युग १९ औं शताब्दी नै हो ।

- क्षेत्रीयता, राष्ट्रीयता र वैश्वीकरण केवल देखावटीको निम्ति मात्र देशमा भइरहेको छ । सत्य, साँचो र यथार्थमा यी कुराहरू देशमा नभएकोले आज संसारमा भारत अन्य देशको तुलनामा पछौटे हुँदै जादैछन् ।
- भुटाङ वा भुटान जस्तो सानो देशले आज कति प्रगति गरिसक्यो । तर एशिया महादेशकै एक ठूलो देशको रूपमा गरिने भारत आज भुटाङको तुलनामा धेरै तल छन् भन्न सकिन्छ ।
- देशभक्ति र क्षेत्रीयतावादको मुखुण्डो आडेर आज देशभित्रै उग्रवादीहरू जन्मन्दैछन् । वैश्वीकरणको को त कुरै छैन, मानवतावाद धरीलाई भुलेर आज भारतको घर – घरमा दाज्युले भाईको , छोराले बाबुको हत्य गरिरहेका छन् । सम्पत्ति र घनको निम्ति आफ्नैमाझ काटामार र झगडा हुँदैछ ।
- क्षेत्रीयतावाद र राष्ट्रवादको नाममा त धेरै आन्दोलनहरू देश – विदेशमा भइसकेका छन् , अझै हुँदैछ । यस्तो स्थितिमा प्रत्येक देशको साहित्यले यी कुराहरूलाई चेतनागत् रूपमा जनता समक्ष पस्किनु सक्नुपर्छ । यसमा भारतेली नेपाली कविहरूले जुन देन दिएका छन्, त्यो स्तुत्य छन् । तरै पनि भने जस्तो चेतना देशवासीमा आउन सकेको देखिन्न ।
- आज भारतेली नेपालीहरू जात – जात, धर्म – धर्ममा टुक्रिएका छन् । आफ्नो भाषा, संस्कृति र साहित्यलाई लत्याउँदै छन् । संस्कृति बाचे जाति बाँच्छ, जाति बाचे भाषा बाँच्छ भन्ने सत्यतालाई भारतेली नेपालीहरूले भूलि सकेका छन् भन्दा हुन्छ ।
- भारतमा क्षेत्रीयता, राष्ट्रीयता र वैश्वीकरणको उल्टो अर्थ लाएर मानिसहरू आफ्नो भाषा, जाति, समाज, राष्ट्र र देश मास्ने काममा

लागिरहेका छन् । यहाँ विश्व बन्धुत्व, मानवतावाद, भाइचारा, अहिंसा भन्ने कुरोहरूको गला निमोठिएको छ ।

- ❖ भारतमा नेपाली कविहरूले मात्र होइन अन्य हिन्दी, गुजराती, वङ्गाली, मराठी, कन्नड, तमिल, तेलुगु, सिन्धी, पञ्जावी, भोजपुरी आदि कविहरूले आ – आफ्ना कविताहरू क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरणको परिप्रेक्ष्यमा सिर्जाना गरे पनि त्यसले देश र देशवासीमा भने जस्तो प्रभाव पार्छ भन्न सकिन्न ।
- ❖ भारतेली नेपाली कविहरूले क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा र वैश्वीकरणको सन्दर्भलाई लिएर धेरै कविताहरूका सिर्जना गरेका छन् । यस्ता भारतेली नेपाली कविहरूमा हरीभक्त कटुवाल, गोपीनारायण प्रधान, भबिलाल लामिछाने, लक्ष्मण श्रीमल, जीवन नामदुंग, मोबन ठकुरी, भीम 'सन्तोष', विचन्द्र, हरेन आले, दावा योञ्जन, अबीर खालिङ, इन्द्रबहादुर गुरूङ, कमल थुलुङ, खडकराज गिरी, मिलन बान्तवा, राजु प्रदान 'हिमांसु' आदि प्रमुख छन् ।

यस प्रखण्डको अध्ययनले भारतेली नेपाली कवितामा प्रयुक्त क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरणबारे बुनियाँदी जानकारी प्राप्त भयो । मूलरूपमा क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरणको सन्दर्भमा रहेको भारतेली नेपाली कविताहरूको अध्ययन गर्दै भारतबाट लेखिएका वा प्रकाशित भएका यस प्रवृत्तिका नेपाली कविताका विभिद प्रवृत्ति, महत्व र विशेषता सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 14.6 अनुशीलनी

१ . क्षेत्रीयताको परिभाषा केलाउँदै नेपाली साहित्यमा यस प्रवृत्ति लेखनको सर्वेक्षण गर्नुहोस् ।

२. राष्ट्रीयताको परिभाषा केलाउँदै नेपाली साहित्यमा यस प्रवृत्ति लेखनको सर्वेक्षण गर्नुहोस् ।

३. वैश्वीकरणको परिभाषा केलाउँदै नेपाली साहित्यमा यस प्रवृत्ति लेखनको सर्वेक्षण गर्नुहोस् ।

४. भारतेली नेपाली कवितामा क्षेत्रीय सन्दर्भमा लेखिएका साहित्यको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

५. भारतेली नेपाली कवितामा राष्ट्रीय मूलधारामा लेखिएका साहित्यको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

६. भारतेली नेपाली कवितामा वैश्वीकरणको सन्दर्भमा लेखिएका साहित्यको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

७. भारतेली नेपाली साहित्यमा क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरण सन्दर्भमा लेखिएका साहित्यको मुख्य – मुख्य विशेषताहरूबारे विश्लेषण गर्नुहोस् ।

८. क्षेत्रीय सन्दर्भ र राष्ट्रीय मूलधारा लेखिएका कविताको साम्य र बैषम्यबारे विवेचना गर्नुहोस् ।

९. राष्ट्रीय मूलधारा र वैश्वीकरणको सन्दर्भमा लेखिएका कविताको साम्य र बैषम्यबारे विवेचना गर्नुहोस् ।

10. भारतबाट प्रकाशित क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरण सन्दर्भमा लेखिएका काव्य – कृतिहरूको अध्ययन गर्नुहोस् ।

11. हिन्दी साहित्य र नेपाली साहित्यका क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरण सन्दर्भमा लेखिएका काव्य – कृतिहरूमाथि तुलना गर्नुहोस् ।

12. हिन्दी साहित्य र नेपाली साहित्यका क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरण सन्दर्भमा लेखिएका काव्य – कृतिहरूका पृष्ठभूमिबारे एउटा गतिलो लेख तयार पार्नुहोस् ।

10. भारतेली नेपाली क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरण सन्दर्भमा लेखिएका काव्य – कृतिहरूका विकासमा पत्र – पत्रिकाको के कस्तो भुमिका रहेको छ ? विवेचना गर्नुहोस् ।

11. नेपाली क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरण सन्दर्भमा लेखिएका काव्य – कृतिहरूका विकासक्रमबारे व्याख्या गर्नुहोस् ।

12. भारतेली नेपाली क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरण सन्दर्भमा लेखिएका काव्य – कृतिहरूको वैशिष्ठबारे लेख लेख्नुहोस् ।

## 14.7 अतिरिक्त अध्ययन


१. सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।

२. प्रधान, कुमार – **पहिलो पहर** ।

३. प्रधान, कुमार – **अगमसिंह गिरीको कवितामा जातीय भावना** ।

४. धुर्ये, गोविन्द सदासिव – **जातिवाद और हिन्दी कविता** ।

५. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास** ।

६. नामदुङ, जीवन - **अगमसिंह गिरीका कविताको अध्ययन र आधार ।**

७. ठकुरी , मोहन - **नेपाली कविता यात्रा ।**

८. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास ।**

९. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति ।**

१०. उपाध्याय, केशवप्रसाद - **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति ।**

११. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि ।**

१२. आले, हरेन – **नव आधुनिक नेपाली कविता ।**

१३. ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता ।**

१४. जैसी, श्यामराज – **भारतीय नेपालीहरूको प्रारम्भिक राजनैतिक गतिविधि ।**

१५. जिम्बा, टेकध्वज आशा – **आधुनिक भारतीय कविता संचयन ।**

१६. बरास, कृष्णहरी र एटम, नेत्र – **भारतीय नेपाली साहित्य र संस्कृतिको झलक ।**


यस अतिरिक्त क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरण सन्दर्भमा लेखिएका कविता - काव्यबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रकाहरूको पनि अध्ययन ।

## 14.8 मुल्यबृद्धिका निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. क्षेत्रीय भावना र क्षेत्रबादमा भिन्नता ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 14.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. राष्ट्रबाद र राष्ट्रीय भावनमा विभेद ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 14.3 को क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरणको अर्थ र परिभाषामा उत्तर खोज्न सक्नेछन् )**

३. वैश्वीकरण र भूमण्डलीयकरणमा भिन्नता ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 14.3 को क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरणको अर्थ र परिभाषामा उत्तर खोज्न सक्नेछन् )**

४. भारतेली नेपाली क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरको सन्दर्भमा लेखिएका काव्य – कृतिहहरूको साम्य – बैशम्य ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 14.4 को क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरणको सन्दर्भमा भारतेली नेपाली कवितामा उत्तर खोज्न सक्नेछन् )**

५. भारतेली नेपाली साहित्यको विकासमा क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरण सन्दर्भमा लेखिएका काव्य – कृतिहरूको योगदान ।

......................................................................................................

......................................................................................................

......................................................................................................

**(प्रश्न ५ को मूल्यबृद्धिका निम्ति विद्यार्थीले 14.4 को क्षेत्रीय सन्दर्भ, राष्ट्रीय मूलधारा र वैश्वीकरणको सन्दर्भमा भारतेली नेपाली कवितामा उत्तर खोज्न सक्नेछन् )**